# जगतमर्दन थापाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र

सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको

एम्. ए. दोस्रो वर्षको दसौँ

पत्रको प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र

शोधार्थी

डम्बरबहादुर थापा

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर

२०६५

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग एम्.ए. (शैक्षिक वर्षः २०६२/०६४) दोस्रो वर्षका विद्यार्थी डम्बरबहादुर थापाले **जगतमर्दन थापाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । यो शोधपत्र उहाँले निकै परिश्रमपूर्वक तयार पार्नुभएको हो । यो शोधकार्य स्नातकोत्तर तहको स्तरअनुरूप भएकाले म यसबाट पूर्ण सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मितिः.२०६५/०९/०१

.........................

(डा.मोतीलाल पराजुली)

सह-प्राध्यापक

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिक शास्त्र सङ्काय,**
**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पसका छात्र डम्बरबहादुर थापाले त्रि.वि. स्नातकोत्तर (एम्.ए.) तहमा नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गर्नुभएको **जगतमर्दन थापाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. विभागीय प्रमुख, प्रा.राजेन्द्र सुवेदी ..................................

२. शोधनिर्देशक, सह-प्राध्यापक डा.मोतीलाल पराजुली ............................

३. बाह्य परीक्षक, प्रा.डा. हरिप्रसाद पराजुली ....................................

मिति: २०६५/०९/०९

**कृतज्ञताज्ञापन**

प्रस्तुत शोधपत्र मैले स्नातकोत्तर तहको दसौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरु डा.मोतीलाल पराजुलीको कुशल निर्देशनमा तयार पारेको हुँ । यो शोधपत्र तयार गर्ने सन्दर्भमा आइपरेका विभिन्न कठिनाइ र समस्याहरूसँग जुध्ने प्रेरणा दिँदै सही मार्गनिर्देश गराएर अघि बढ्न उत्प्रेरित गरी आफ्ना कतिपय व्यावहारिक कार्यलाई थाती राखेर कुशल र समुचित दिग्दर्शन गराउनुभएकोमा उहाँप्रति म हार्दिक कृतज्ञता एवम् श्रद्धा व्यक्त गर्दछु । प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा सामग्री सङ्कलन गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याउनु हुने काठमाडौँ लाजिम्पाट निवासी श्री जगतमर्दन थापा र उनका प्रिय पुत्र मोहितमर्दन थापाप्रति हार्दिक आभार प्रकट गर्दछु ।

शोधपत्र तयार गर्ने कार्यमा विविध कार्यव्यस्ततालाई पर्वाह नगरी आफ्नो अमूल्य समय निकालेर निर्देशन सुझाव तथा सल्लाह दिई उत्प्रेरित गर्नुहुने गुरुवर्ग तथा प्रस्तुत विषयमा शोधकार्य गर्ने अवसर प्रदान गर्ने नेपाली केन्द्रीय विभागप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र तयार पार्दा आवश्यक सामग्री उपलब्ध गराइदिने त्रि.वि. केन्द्रीय पुस्तकालय, काठमाडौंप्रति हार्दिक आभार प्रकट गर्दछु । यसरी नै आर्थिक र व्यावहारिक समस्यासँग सङ्घर्ष गर्दै आफ्नो अमूल्य श्रम र पसिना खर्चेर मेरो अध्ययनलाई यो अवस्थासम्म ल्याइपुऱ्याउने माता डिकमाया थापा, दाजु गणेश थापा, रत्नबहादुर थापा, नीरबहादुर थापाप्रति म आजीवन ऋणी छु । त्यसै गरी प्रस्तुत शोधकार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्ने देवेन्द्र कार्की, महेश ढकाल, अनिशा खड्का, सूर्य अधिकारीप्रति हार्दिक आभार प्रकट गर्दछु । सङ्कलित सामग्रीहरूलाई झर्को नमानीकन होसियारपूर्वक शुद्धसँग टङ्कन गरिदिने क्रिएटिभ कम्प्युटर सेन्टर, कीर्तिपुरप्रति आभार प्रकट गर्दछु ।

अन्तमा यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुरसमक्ष पेश गर्दछु ।

डम्बरबहादुर थापा

नेपाली केन्द्रीय विभाग

त्रि.वि.कीर्तिपुर

# विषयसूची

**पृष्ठ**

**परिच्छेद एक : शोधपरिचय**

१.१ विषयपरिचय १

१.२ समस्याकथन २

१.३ शोधकार्यको उद्देश्य ३

१.४ पूर्वकार्यको समीक्षा ३

१.५ शोधकार्यको औचित्य ६

१.६ शोधकार्यको सीमाङ्कन ६

१.७ शोधविधि ७

१.८ शोधपत्रको रूपरेखा ७

**दोस्रो परिच्छेद : जगतमर्दन थापाको जीवनी**

२.१ पुर्ख्यौली र पारिवारिक पृष्ठभूमि ८

२.२ जन्म र जन्मस्थान ९

२.३ बाल्यकाल र शिक्षादीक्षा १०

२.४ दाम्पत्य जीवन र पारिवारिक स्थिति ११

२.५ आर्थिक स्थिति र आजीविका १२

२.६ बसोबास र दिनचर्या १२

२.७ जागिरे जीवनको थालनी १४

२.८.मातापिता र पत्नीको देहावसान १५

२.९ भ्रमण १६

२.१० रुचि १६

२.११ तालिम तथा प्रशिक्षण १७

२.१२ सम्मान, पुरस्कार र पदक १७

२.१३ जीवनका अविस्मरणीय क्षणहरू १८

२.१४ लेखन प्रेरणा र आरम्भ १८

२.१५ साहित्यिक क्षेत्रमा प्रवेश १९

२.१६ प्रकाशित पुस्तकाकार कृतिहरू २०

२.१७ जीवनदर्शन २१

**तेस्रो परिच्छेद : जगतमर्दन थापाको व्यक्तित्व**

३.१ शरीरिक स्वभाव, बनौट र अभिरुचि २२

३.२ साहित्यिक व्यक्तित्व २३

३.२.१ कथाकार व्यक्तित्व २३

३.२.२ गीतकार व्यक्तित्व २५

३.२.३ एकाङ्कीकार व्यक्तित्व २६

३.२.४ बालसाहित्यकार र कवि व्यक्तित्व २६

३.३ जगतमर्दन थापाको साहित्येतर व्यक्तित्व २७

३.३.१ प्रशासनिक व्यक्तित्व २७

३.३.२ गायक व्यक्तित्व २८

३.३.३ सङ्गीतकार व्यक्तित्व २९

३.३.४ वाद्यबादक व्यक्तित्व ३०

३.३.५ अभिनेता व्यक्तित्व ३०

३.३.६ बहुभाषी व्यक्तित्व ३०

३.४. जीवनी, व्यक्तित्व र साहित्यिक लेखनका बीच अन्तर्सम्बन्ध ३१

३.५ निष्कर्ष ३२

**चौंथो परिच्छेद : जगतमर्दन थापाको कथाकारिताको अध्ययन**

४.१ कथाको सैद्धान्तिक परिचय ३३

४.२ कथाका आवश्यक तत्त्वहरू ३४

४.३ 'पलाँशको फूल' कथासङ्ग्रहको विश्लेषण ४५

४.३.१ समग्र कथासङ्ग्रहको परिचय ४५

४.३.२ कथासङ्ग्रहको शीर्षक ४६

४.३.३ कथासङ्ग्रहको संरचना ४७

४.३.४ रचनाविधानका आधारमा 'निराशा' कथाको विश्लेषण ४८

४.३.५ 'अभिलाषा' कथाको विश्लेषण ५५
४.३.६ 'पलाँशको फूल' कथाको विश्लेषण ६२
४.३.७ 'मृगतृष्णा' कथाको विश्लेषण ६९
४.३.८ 'परित्याग' कथाको विश्लेषण ७७
४.३.९ 'मिक्की माउसको अभिनय' कथाको विश्लेषण ८४
४.३.१० कथाकार जगतमर्दन थापाका कथागत प्रवृत्तिहरू ९१
४.३.११ नेपाली कथाको इतिहासमा जगतमर्दन थापाको स्थान ९१
४.३.१२ निष्कर्ष ९२

**पाँचौ परिच्छेद : जगतमर्दन थापाको गीत लेखन र गायनको अध्ययन**

५.१ गीतको सैद्धान्तिक परिचय ९४
५.२ गीतका आवश्यक तत्त्वहरू ९६
५.३ दिलको आवाज गीतसङ्ग्रहको विश्लेषण १०१
५.३.१. कृतिको सामान्य परिचय १०१
५.३.२. शीर्षक १०३
५.३.३. संरचना १०४
५.३.४. विषयवस्तु १०५
५.३.४.१ देशप्रेम र राष्ट्रियतासम्बन्धी विषयवस्तु १०६
५.३.४.२ प्रेमभावसम्बन्धी विषयवस्तु १०७
५.३.४.३ प्रकृतिसम्बन्धी विषयवस्तु १११
५.३.४.४ शृङ्गारिकता ११४
५.३.५. मानवतावाद ११४
५.३.६. सङ्गीतात्मकता ११५
५.३.७ लयविधान ११६
५.३.८ भावविधान ११७
५.३.९ बिम्ब तथा प्रतीक ११८
५.३.१० भाषाशैली १२०
५.४ ४० वर्षअघि ४० वर्षपछि गीतिएल्वमको अध्ययन १२१

५.४.१ परिचय १२१

५.४.२ शीर्षक १२३

५.४.३ विषयवस्तु १२४

५.४.४ सङ्गीतात्मकता १२५

५.४.५ लयविधान १२७

५.४.६. भावविधान १२८

५.४.७. बिम्ब तथा प्रतीकविधान १२९

५.४.८ भाषाशैली १३०

५.४.९ निष्कर्ष १३१

५ ४.१० गीतकार जगतमर्दन थापाका विशेषता १३२

**छैटौँ परिच्छेद : उपसंहार अर्थात् निष्कर्ष**

६.१ सारांश १३३

६.२ निष्कर्ष १३३

६.३ भावी अध्ययनका लागि सुझावहरू १४२

सन्दर्भग्रन्थसूची

परिशिष्ट

# पहिलो परिच्छेद

# शोधपरिचय

जगतमर्दन थापाको जीवनी, व्यक्तित्व र कृतित्व नामक शोधकार्यको शोधपरिचय परिच्छेदमा विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, शोधविधि, शोधपत्रको रूपरेखा र शोधनिष्कर्षको चर्चा गरिएको छ ।

## १.१ विषयपरिचय

वि.सं.१९९३ साल माघ २० गते सप्तरीको बयरवा गा.वि.स.को बरमझिया भन्ने गाउँमा पिता नरमर्दन थापा र माता भोजकुमारी थापाका गर्भबाट जगतमर्दन थापाको जन्म भएको हो । काठमाडौँको महाराजगञ्जमा आफ्नो पैतृक थलो बताउने थापा हाल काठमाडौँकै लाजिम्पाटस्थित रानीबारीमा बस्दै आएका छन् । नेपाली साहित्यमा बहुमुखी प्रतिभाका धनी भएर देखापरेका थापाले कथा, कविता, गीत, एकाङ्की, बालसाहित्य आदिजस्ता विविध विधामा कलम चलाई नेपाली साहित्यको विकासमा उल्लेखनीय योगदान दिएका छन् । साहित्य, सङ्गीत एवम् गायन क्षेत्रमा आफ्नो स्थान सुरक्षित राख्न सफल थापा लामो समयको सरकारी सेवाले गर्दा साहित्यिक फाँटबाट ओझेलमा परेका साहित्यिक प्रतिभा हुन् ।

बाल्यकालको आधा समय सप्तरीमा बिताएका थापाले आफ्नो औपचारिक शिक्षाको थालनी राजविराजको पद्मोदय मा. वि. बाट गरेका हुन् । कक्षा ६ को अध्ययन पूरा गरी वि.सं. २००८ सालमा पिता नरमर्दन थापाका साथ काठमाडौँ आएपछि जगतमर्दन थापा जुद्धोदय मा. वि. क्षेत्रपाटीमा कक्षा ७ मा भर्ना भई वि.सं. २०११ सालमा त्यही विद्यालयबाट एस्. एल्. सी. परीक्षा उत्तीर्ण गरेका हुन् । त्रिचन्द्र कलेजबाट प्रवीणता प्रमाण-पत्र तह वि.सं. २०१३ सालमा उत्तीर्ण गरेका थापाले वि.सं. २०१५ सालमा स्नातक तह उत्तीर्ण गरेका हुन् । वि.सं. २०२५ सालमा त्रि.वि. केन्द्रीय क्याम्पस, कीर्तिपुरबाट अर्थशास्त्र विषयमा स्नातकोत्तर गरेका थापाले कानुनतर्फ बी.एल्.समेत उत्तीर्ण गरी औपचारिक शिक्षा पूरा गरेका छन् । लेखक र गायकका रूपमा हाल परिचित हुन पुगेका थापा वि.सं. २०११ सालदेखि नेपाली साहित्यका कथा, कविता लेख्न प्रारम्भ गरेका र २०१३ सालमा रेडियो नेपालबाट प्रथमपटक कविता वाचन गरेर (कविताको शीर्षक अज्ञात) आफ्नो औपचारिक साहित्यिक यात्राको

आरम्भ गरेका हुन् । वि.सं. २०१६ सालदेखि छात्र कार्यक्रम, नारी कार्यक्रममार्फत जगतमर्दन थापाले कथा, एकाङ्की, गीतिकथा रेडियो नेपालबाट बारम्बार प्रसारण गरेका थिए । जीवनको पूर्वार्द्धमा एकाएक साहित्य र सङ्गीत क्षेत्रमा प्रवेश गरेका थापा आर्थिक अभावका कारण जीवनको लामो समयसम्म सरकारी सेवामा पदीय दायित्व निर्वाह गर्न पुगेका थिए । ३३ वर्षे जागिरे जीवनबाट अवकाश पाएपछि हाल साहित्य र सङ्गीतप्रति तल्लीन भएर लागेका छन् । यसरी उनकै जीवनीमा आधारित रहेर जीवनका सम्पूर्ण पक्षहरू जीवनका सुख-दुःख, आरोह-अवरोह, आँसु-हाँसो, उतार-चढावका साथै जीवन भोगाइको लामो अनुभव र नेपाली साहित्यमा उनले दिएको योगदानका विषयमा केन्द्रित रहेर अध्ययन विश्लेषणमा यो शोधपत्र तयार पारिएको छ ।

जगतमर्दन थापाका प्रकाशित कृतिहरू यसप्रकार रहेका छन्:-

**पलाँशको फूल** (कथासङ्ग्रह), अन्नपूर्ण प्रेस (वि.सं. २०२१)

**दिलको आवाज** (गीतसङ्ग्रह), अन्नपूर्ण प्रेस (२०२१)

**४० वर्षअघि ४० वर्षपछि** (गीतिक्यासेट), म्युजिक नेपाल (२०५८)

नेपाली साहित्यजगतका विशिष्ट साधकका रूपमा रहेका थापालाई सबैभन्दा मनपर्ने विधा कथा र गीत रहेका छन् । तुलनात्मक रूपमा कथाभन्दा गीत, सङ्गीत र गायनका क्षेत्रमा अलि बढी नै लगनशील देखिएका थापा हालसम्म पनि सङ्गीतप्रवीण नरराज ढकालका छोरा प्रभुराज ढकालसँग शास्त्रीय सङ्गीत सिकिरहेका छन् । यसरी जगतमर्दन थापाले साहित्यका विविध विधामा कलम चलाई साहित्यिक क्षेत्रमा आफ्नो स्थान सुरक्षित राखेका छन् ।

## १.२ समस्याकथन

वि.सं. १९९३ साल माघ २० गते सप्तरीको बरमझियामा जन्मिएका जगतमर्दन थापाको पैतृक थलो काठमाडौंको महाराजगञ्ज हो । हाल काठमाडौंकै लाजिम्पाटस्थित रानीबारीमा निजी निवासमा बस्दै आएका थापा हालसम्म पनि साहित्यमा साधनारत रहेका छन् । नेपाली साहित्यमा कथा, एकाङ्की, गीत, बालकथा लेखनमा कलम चलाएका थापा गायन र सङ्गीतमा पनि त्यत्तिकै पोख्त छन् । सङ्ख्यात्मक दृष्टिले भन्दा गुणात्मक दृष्टिले नेपाली साहित्यलाई उत्कर्षता प्रदान गर्न प्रयासरत थापा विशिष्ट साहित्यिक सर्जक हुन् । उनका विषयमा सामान्य चर्चा-परिचर्चा, अध्ययय-विश्लेषण, चिन्तन-मनन गर्ने छिटफुट प्रयास भए तापनि उनको समग्र जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा हालसम्म बिस्तृत

अध्ययन विश्लेषण हुन सकेको छैन । त्यसैले जगतमर्दन थापाका बारेमा निम्नलिखित बुँदाहरू मूल समस्या बनेर आएका छन्:-

क) जगतमर्दन थापाको जीवनी के कस्तो छ ?

ख) जगतमर्दन थापाको व्यक्तित्वका पाटाहरू के कस्ता छन् ?

ग) उनका हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरू के कति छन् ?

घ) जगतमर्दन थापाका कृतित्व के कस्ता छन् ?

माथि प्रस्तुत समस्यामा केन्द्रित रहेर यो शोधपत्र तयार पारिएको छ ।

## १.३ शोधकार्यको उद्देश्य

उपर्युक्त समस्यामा केन्द्रित भई साहित्यकार जगतमर्दन थापाको जीवनी र उनका जीवनमा घटेका विभिन्न घटनाहरू तथा ती घटनाबाट उनको जीवनमा परेको प्रभाव, उनको जीवनदृष्टि, साहित्य र सिर्जनातर्फ उन्मुख हुनमा उनलाई प्राप्त प्रेरणा आदि विविध पक्षहरूको निरूपण गर्नुका साथै उनको जीवनी, व्यक्तित्व र कृतित्वका स्वरूप पहिल्याउनु नै यस शोधपत्रको प्रमुख उद्देश्य रहेको छ । प्रस्तुत शोधपत्रका उद्देश्यलाई बुँदागत रूपमा निम्नानुसार उल्लेख गरिएको छः-

क) साहित्यकार जगतमर्दन थापाको जीवनी प्रस्तुत गर्नु ।

ख) जगतमर्दन थापाका व्यक्तित्वका विविध पाटाहरूको अध्ययन गर्नु ।

ग) उनका प्रकाशित कृतिहरू पत्ता लगाउनु ।

घ) उनका प्रकाशित कृतिहरूको अध्ययन विश्लेषण गर्नु ।

यिनै उद्देश्यमा केन्द्रित भएर प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.४ पूर्वकार्यको समीक्षा

कथाकार र गीतकारका रूपमा परिचित जगतमर्दन थापाले नेपाली साहित्यका विविध विधामा कलम चलाएका छन् । तत्कालीन श्री ५ को सरकारमा उपसचिव पदमा रहेर पदीय दायित्व निर्वाह गर्दै नेपाली साहित्यका स्रष्टा भएर देखापरेका थापाका सम्बन्धमा पत्रकार, भूमिका लेखक, समालोचक आदिले धेरथोर अध्ययन गरी उनलाई प्रकाशमा ल्याउने काम गरे तापनि विस्तृत रूपमा अध्ययन विश्लेषण र शोधकार्य हुन सकेको छैन । हालसम्म उनका बारेमा जे जति अध्ययन भएका छन्, ती केवल जानकारीमूलक मात्र छन् । यसै क्रममा जगतमर्दन थापाको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा भएका सामान्य चिनारी र अध्ययनका केही पूर्वकार्यको समीक्षा विवरण यसप्रकार रहेका छन्:-

वसन्तकुमार शर्मा 'नेपाल'ले **पलाँशको फूल** (२०२१) कथासङ्ग्रहको भूमिकामा जगतमर्दन थापालाई मोपाँसा, गोर्कीजस्तै एक यथार्थवादी कथाकारका रूपमा चिनाएका छन् ।

वसन्तकुमार शर्मा 'नेपाल'ले **दिलको आवाज** (२०२१) गीतसङ्ग्रहको भूमिका लेखनमा जगतमर्दन थापालाई मधुर गीतका गायक, मर्मस्पर्शी अनुभवका रेखात्मक अभिव्यञ्जनामा सफल गायकका स्थानमा राखेका छन् ।

घटराज भट्टराईले **नेपाली लेखककोश** (२०५६) मा जगतमर्दन थापाको परिचय दिई उनलाई कथाकार र गीतकारका रूपमा चिनाउँदै यी दुवै क्षेत्रमा यिनी चर्चा गर्न लायक भए पनि न उनी आफै चर्चित भए न कसैले चर्चामा ल्याए भन्ने विचार व्यक्त गरेका छन् ।

दयाराम पाण्डेयले 'पुनः जुर्मुराउँदैछन् जगतमर्दन थापा', **स्पेसटाइम दैनिक** (वर्ष १, अङ्क ९० (पृष्ठ थाहा नभएको), २०५७ माघ १७ गते मंगलबार) को लेखमा पुराना गायक जगतमर्दन थापा लामो समयको मौनतापछि फेरि साहित्यिक र साङ्गीतिक क्षेत्रमा जुर्मुराएको उल्लेख गर्दै थापाले रेकर्ड गराएको पहिलो गीतको बोलसमेत दिएका छन् ।

डब्बु क्षत्रीले 'बहुमुखी प्रतिभाका धनी जगतमर्दन थापा', **राजधानी दैनिक** (वर्ष १, अङ्क ८३, पृष्ठ २, २०५८ भाद्र ९ गते शनिबार) को लेखमा जगतमर्दन थापालाई कुशल गीतकार, मिठा स्वरका गायक, एउटा इमानदार तथा कर्तव्यनिष्ठ प्रशासक अनि कथाकार, गीतकार र नाटककारका रूपमा चिनाएका छन् ।

'जगतमर्दन थापाको गीति एल्वम विमोचित', **राजधानी दैनिक** (वर्ष १, अङ्क १३७, पृष्ठ ११, २०५८ कार्तिक २ गते बिहीबार)को लेखमा गीतकार, गायक एवम् सङ्गीतकार जगतमर्दन थापाको पहिलो गीति एल्वम **४० वर्षअघि ४० वर्षपछि** प्रमुख अतिथि नरराज ढकालले विमोचन गरेको चर्चा गरिएको छ ।

'थापा पुनः सक्रिय', **गोरखापत्र दैनिक** (वर्ष १०१, अङ्क १६५, पृष्ठ १२, २०५८ कार्तिक २ गते)को लेखमा म्युजिक नेपालद्वारा प्रस्तुत **४० वर्षअघि ४० वर्षपछि** गीति एल्वम नरराज ढकालद्वारा विमोचित र यस एल्वममा गायिकाद्वय लोचन भट्टराई र शर्मिला बर्देवाले साथ दिएको कुरा उल्लेख गरिएको छ ।

कृष्ण शाह 'यात्री'ले 'कलाको नसा दह्रो', **हिमाल** (२०५८ पौष १-१५ गते)को लेखमा चालीस वर्षे जागिरे जीवनपछि समयको सदुपयोग र पहिलेदेखिको लगावका कारण थापालाई सङ्गीतको नसाले तानेको विचार व्यक्त गरेका छन् ।

दीपक रौनियारसँगको कुराकानी 'जीवनको पूर्वार्द्धमा पनि विद्यार्थी उत्तरार्द्धमा पनि विद्यार्थी', **नेपाल समाचारपत्र** (वर्ष ६, अङ्क ३१८, पृष्ठ १०, २०५८ मंसिर १५ गते)को लेखमा जीवनको पूर्वार्द्धमा विद्यालयीय औपचारिक शिक्षातर्फको विद्यार्थी र जीवनको उत्तरार्द्धमा शास्त्रीय सङ्गीतको विद्यार्थीका रूपमा जगतमर्दन थापालाई चिनाएका छन् ।

'गीतहरूको स्तर घटदै गएको छ', गोरखापत्र दैनिक (वर्ष १०१, अङ्क ११३, पृष्ठ १३, २०५८ भाद्र ११)को प्रकाशित लेखमा लामो समयको अनुभव सँगालेका जगतमर्दन थापाले पहिले र अहिलेको सङ्गीतमा आएको परिवर्तनको मूल्याङ्कन गर्दै अहिले धेरै गीतको सिर्जना भएको तर ती गीतको स्तर भने घट्दै गएको विचार व्यक्त गरिएको छ ।

**कान्तिपुर दैनिक** (वर्ष ९, अङ्क २२६ पृष्ठ १६, २०५८ कार्तिक १६) मा जगतमर्दन थापाले पुनः सुरिलो आवाजमा गीत गाएर **४० वर्षअघि ४० वर्षपछि** गीति एल्वम निकालेका हुनाले उनको उत्तरोत्तर प्रगतिको कामना गर्दै सम्पूर्ण थापा परिवार तथा शुभचिन्तक सङ्गीतप्रेमी साथीहरूको शुभकामना सन्देश उल्लेख गरिएको छ ।

ध्रुव लम्सालले गरेको जम्काभेट 'सङ्गीत सिकेर सकिँदैन'**, राजधानी दैनिक** (वर्ष २, अङ्क १३८, पृष्ठ ८, २०५९ कार्तिक ९)को प्रकाशित लेखमा साहित्य, सङ्गीत र गायनसँग सम्बन्धित रहेर जगतमर्दन थापासँगको अन्तर्वार्ता प्रस्तुत गरिएको छ ।

दीपेन्द्र/दिवसले 'उमेरले छेकेन मनलाई' **स्पेसटाइम दैनिक** (वर्ष २, अङ्क ३४५, पृष्ठ ५, २०५९ कार्तिक ११ गते)मा प्रकाशित लेखमा उमेरको कारणले रक्तचापमा सुस्तता आए पनि सङ्गीतको झङ्कार अझ जगतमर्दन थापाको नसा नसामा बगिरहेको चर्चा गर्दै हाल सङ्गीतप्रवीण नरराज ढकालका छोरा प्रभुराज ढकालसँग पुस/माघको जाडाको महसुस नगरी शास्त्रीय सङ्गीत सिकिरहेको चर्चा गरेका छन् ।

कृष्णहरि बरालले **गीतःसिद्धान्त र इतिहास** (२०६०) पुस्तकमा जगतमर्दन थापालाई गीतकारका रूपमा चिनाउँदै उनले प्रेमका संयोग र वियोग भावका गीतका साथै राष्ट्रिय भाव झल्काउने खालका गीतहरू लेखेको कुरा केही गीतका पङ्क्तिसहित उल्लेख गरेका छन् ।

अशोक राई 'प्यासी' ले **अन्नपूर्ण पोष्ट दैनिक** (वर्ष ६ अङ्क ३३०, पृष्ठ ७, २०६४ चैत १६) को 'रसिलो बुढेसकाल' शीर्षकको लेखमा गीत गाउँदै गरेका जगतमर्दन थापाको तस्बिर दिई गीतसङ्गीतले बुढेसकाललाई रसिलो बनाउँदै लगेको विचार व्यक्त गरेका छन् ।

जगतमर्दन थापाका विषयमा आजसम्म गरिएका फाटफुट चर्चा-परिचर्चाहरू यिनै हुन् । यी छिटफुट चर्चाहरूले जगतमर्दन थापालाई केही मात्रामा साहित्यिक क्षेत्रमा स्थापित गराउन महत्त्वपूर्ण सहयोग गरेकै छन् । वि.सं. २०५७ सालपछि विभिन्न पत्रपत्रिकाले उनलाई चर्चामा ल्याए पनि त्यसभन्दा अघि उनका विषयमा सम्पूर्ण लेखक, समालोचक एवम् पत्रकारहरू मौन देखिन्छन् । यी सामग्रीहरूले शोधकार्यका लागि सकारात्मक सहयोग गरे तापनि हालसम्म उनको जीवनी, व्यक्तित्व र कृतित्वका सम्बन्धमा गहन र व्यवस्थित अध्ययन हुन सकेको छैन । उनका बारेमा हालसम्म जे जति अध्ययन भएका छन्, ती अपूर्ण र अधुराका साथै छिटफुट मात्र रहेका छन् । यसर्थ यहाँ यिनै अभावको पूर्तिका लागि प्रस्तुत शोधकार्य गर्न खोजिएकाले यस शोधपत्रमा जगतमर्दन थापाको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा अध्ययन गरिएको छ, साथै नेपाली साहित्यका क्षेत्रबाट छायामा परेका एक साहित्यकारलाई प्रकाशमा ल्याउने काम पनि गरिएको छ । अतः यस शोधपत्रमा साहित्यकार जगतमर्दन थापाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य

प्रस्तुत शोधपत्रको अध्ययनबाट साहित्यकार जगतमर्दन थापालाई नेपाली साहित्यजगतका माध्यमबाट सबै नेपालीका माझमा चिनाउने प्रयास गरिएको छ । नेपाली साहित्यको विकासका लागि जगतमर्दन थापाले पुऱ्याएको मुख्य योगदानलाई व्यवस्थित रूपले प्रस्तुत गर्दै उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित भई विश्लेषण एवम् मूल्याङ्कन गरिएको हुनाले आउने पिढींलाई थापाको जीवनीका बारेमा वस्तुगत जानकारी प्राप्त हुनेछ । यिनका बारेमा आजसम्म पूर्णतया अध्ययन विश्लेषण हुन नसकेको सन्दर्भमा यस अध्ययनको आफ्नै औचित्य रहको छ । यस शोधपत्रको अध्ययनबाट जगतमर्दन थापाका बारेमा जान्न चाहने जिज्ञासु एवम् अन्य सामान्य पाठकलाई समेत थोरै मात्रामा भए पनि खुराक मिल्नेछ । त्यसैले अनुसन्धानका क्षेत्रमा यस शोधकार्यको औचित्य स्वतः झल्किन्छ । यसप्रकार जगतमर्दन थापाको जीवनी, व्यक्तित्व र कृतित्व शीर्षकमा प्रस्तुत शोधपत्रले यिनका बारेमा अध्ययन गर्ने अध्येतालाई थप सहयोग पुऱ्याउने छ । तथा समस्याकथनमा प्रस्तुत गरिएका समस्याहरूको निराकरण गरिएको, उद्देश्यकथनमा प्रस्तुत उद्देश्यहरू पूरा गरिएको र जगतमर्दन थापाको व्यक्तित्व र कृतित्वका सबै पाटाहरूलाई उजागर गरिएकाले प्राज्ञिक क्षेत्रमा पनि यस अध्ययनको औचित्य स्वतः हुन्छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा जगतमर्दन थापाको जीवनी, व्यक्तित्व र कृतित्वका साथै उनका प्रकाशित साहित्यिक कृति गीतसङ्ग्रह, कथासङ्ग्रह र एकाङ्कीको सर्वेक्षण गरी परिचयात्मक जानकारी दिइएको छ । यिनको मातृभाषा नेपाली र यिनका कृतिहरू नेपाली भाषामा प्रकाशित भएकाले यिनै साहित्यिक कृतिको विश्लेषण गरिएको छ । यसरी नै यिनको जीवनी र व्यक्तित्वका विविध पक्षहरूलाई समेत यस शोधपत्रमा समेट्दै लामो समयसम्म साहित्यिक फाँटबाट अलप हुनाको कारण र नेपाली साहित्यिक फाँटबाट ओझेलमा पर्नुको रहस्य खोज्ने प्रयास गरिएको छ । मूलतः यस शोधपत्रमा जगतमर्दन थापाकै जीवनका आरोह-अवरोह, उतार-चढाव, एवम् जीवन भोगाइका अनुभवहरू प्रस्तुत गरी साहित्यिक योगदानको मूल्याङ्कन गरिएको छ ।

## १.७ शोधविधि

प्रस्तुत शोधपत्रका लागि साहित्यकार जगतमर्दन थापाको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा  विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । शोधनायकसँग सम्बन्धित र परिचित व्यक्तिहरू, उनका नातेदारहरूसँग सम्पर्क गरी अन्तर्वार्ता विधिद्वारा सामग्री सङ्कलन गरिएको  छ । पुस्तकालयीय अध्ययनबाट सामग्री सङ्कलन गर्दै यसमा उनको जीवनीको अध्ययनका क्रममा जीवनीपरक समालोचना प्रणालीलाई आधार मानिएको छ भने अर्कातिर विधापरक सैद्धान्तिक अध्ययन गरिएको छ । अध्ययनका लागि आवश्यक पर्ने ऐतिहासिक, विवरणत्मक एवम् तुलनात्मक विधि पनि अवलम्बन गरिएको छ । मूलतः यस शोधपत्रमा उनका विषयमा खासै सामग्री नभएकाले स्वयम् शोधनायकसँगको अन्तर्वार्ता विधि नै बढी उपयोग गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित एवम् व्यवस्थित गर्नका लागि विभिन्न परिच्छेदमा विभाजन गरी अध्ययन गरिएको छ । प्रस्तुत शोधपत्रको रूपरेखा यस प्रकार रहेको छः-

पहिलो परिच्छेद – शोधपरिचय

दोस्रो परिच्छेद – जगतमर्दन थापाको जीवनी

तेस्रो परिच्छेद – जगतमर्दन थापाको व्यक्तित्व

चौंथो परिच्छेद – जगतमर्दन थापाको कथाकारिताको अध्ययन

पाँचौ परिच्छेद – जगतमर्दन थापाको गीतलेखन तथा गायनको अध्ययन

छैठौ परिच्छेद – उपसंहार अर्थात् निष्कर्ष

सन्दर्भग्रन्थसूची

परिशिष्ट

उपर्युक्त परिच्छेदलाई आवश्यवकताअनुसार विभिन्न शीर्षक तथा उपशीर्षकमा वर्गीकरण गरी अध्ययन विश्लेषण गरिएको छ ।

# दोस्रो परिच्छेद

# जगतमर्दन थापाको जीवनी

## २.१ पुर्ख्यौली र पारिवारिक पृष्ठभूमि

काठमाडौँको महाराजगञ्जमा बसोवास गर्दै आएका हेमदल थापाका पुस्ताका रूपमा विकसित भएका जगतमर्दन थापाको पुर्ख्यौली थलो काठमाडौँ नै हो । उनका बाजे बराजुदेखि लिएर पाँच/छ पुस्ता अगाडिका आफ्ना पुर्खाहरू महाराजगञ्जमा नै बसोबास गर्दथे । थापाका विभिन्न थरहरूमध्ये आफूलाई गोदार थापा बताउने जगतमर्दन थापा क्षत्री जातमा पर्दछन् ।[१] दलमर्दन थापाका छोरा अर्थात् जगतमर्दन थापाका हजुरबा गजमर्दन थापा र हजुरआमा (नाम थाहा नभएको) काठमाडौँको महाराजगञ्जमा सामान्य गृहस्थी जीवन बिताएको जानकारी पाइन्छ । पिता नरमर्दन थापा भने सिभिल इन्जिनियर पदमा नोकरी गरेर केही समयको अन्तरालपछि महासेनानी पदमा आफूलई स्थापित गराउन पुगेका थिए । पिता नरमर्दन थापाले पूर्वपश्चिम महेन्द्र राजमार्गको निर्माण र चन्द्रनहरको निर्माणमा पनि महत्त्वपूर्ण योगदान दिएका थिए ।[२] पिता महासेनानी नरमर्दन थापाका तीनवटी श्रीमतीमध्ये माहिली श्रीमती भोजकुमारी थापाका गर्भबाट जन्मिएका जेठा सन्तान जगतमर्दन थापाका जम्मा १३ जना दाजुभाइ र दिदीबहिनीहरू छन् । तीमध्ये आठजना भाइ, एक जना दिदी र चार जना बहिनीहरू छन् । जेठी आमाका दुई छोरी मात्र, माहिली आमाका तीन छोरा र एक छोरी र कान्छी आमाका छ छोरा र एक छोरी रहेका छन् । माहिली आमा अर्थात् नरमर्दन थापाकी माहिली श्रीमती भोजकुमारी थापाका गर्भबाट जन्मिएका जगतमर्दन थापा दाजुभाइमध्येका जेठा छोरा हुन् भने उनका एक जना दिदी र अरू सबै बहिनी मात्र छन् । हाल जगतमर्दन थापाका भाइ र बहिनीहरू काठमाडौँ वरिवरि नै बसोवास गरिरहेका छन् ।[३] सगरमाथा अञ्चल सप्तरी जिल्लाको बयरवा गा.वि.स.मा पर्ने बरमझियामा वि.सं. १९९३ माघ २० गते पिता नरमर्दन थापा र माता भोजकुमारी थापाका जेठा छोराका रूपमा जगतमर्दन थापाको जन्म भएको हो । पिता जागिरको सिलसिलामा सप्तरी गएका बेला जगतमर्दन थापाको जन्म त्यहीँ भएको हो । यिनको न्वारनको नाम नै जगतमर्दन थापा भएकाले यही नामबाट यिनी साहित्यकारका रूपमा पछि आएर परिचित भए । सप्तरी जिल्लाबाट पिता नरमर्दन थापाको जागिर काठमाडौँमा सरुवा भयो । बाबुका

१. शोधनायकबाट प्राप्त जानकारीअनुसार ।
२. ऐजन ।
३. ऐजन ।

साथ जगतमर्दन थापा पनि काठमाडौँ आई जुद्धोदय उच्च मा.वि. मा भर्ना भए ।[४] स्नातक तह उत्तीर्ण गरी सरकारी सेवामा जागिरे जीवनयापन गर्न पुगेका थापाको वि.सं. २०२३ सालमा काठमाडौँ, लाजिम्पाटमा बसोवास गर्दै आएकी शान्तिदेवी के.सी.सँग शुभविवाह सम्पन्न भयो ।[५] कालान्तरमा शान्तिदेवीका कोखबाट ३ छोरी र १ छोराको जन्म भयो । तीन छोरीहरूमध्ये दुई जना बानेश्वरमा गृहस्थी जीवन बिताइरहका छन् भने एक छोरी लाजिम्पाटमै घरबार गरेर बसेकी छन् । त्यस्तै एक मात्र छोरा मोहितमर्दन थापा काठमाडौँको **मुन ड्रप्स** मेन पावरमा कार्यरत छन् । छोरा मोहितमर्दन थापाका पनि एक छोरा र एक छोरी रहेका छन् । हाल जगतमर्दन थापा छोरा मोहितमर्दन थापा र बुहारी दीपा थापासँग साना नातिनातिनीसहित बस्दै आएका छन् ।[६]

## २.२ जन्म र जन्मस्थान

सगरमाथा अञ्चल, सप्तरी जिल्लाको बयरवा गा.वि.स.मा पर्ने बरमझिया भन्ने गाउँमा वि.सं. १९९३ साल माघ २० गते जगतमर्दन थापाको जन्म भएको हो । पिता महासेनानी नरमर्दन थापा र माता भोजकुमारी थापाका जेठा सन्तानका रूपमा जन्मिएका जगतमर्दन थापाको आफ्नो नागरिकता र विद्यालयका प्रमाण पत्रमा भने सन् १९३८ जुलाई १ तारिक उल्लेख गरेका छन् । एस्.एल्.सी. परीक्षा दिँदा उमेर नपुगेकाले केही महिना थपेर आफ्नो जन्ममिति निश्चित गरेको थापा बताउँछन् ।[७] त्यसैले उनको खास जन्ममिति वि.सं. १९९३ साल माघ २० गते भए तापनि उनको सबै क्षेत्रमा चलेको र प्रसिद्ध जन्ममिति सन् १९३८ जुलाई १ तारिक नै हो । यिनै जगतमर्दन थापा आज आएर कथाकार र गीतकारका रूपमा परिचित भएका छन् । यिनको न्वारानको नाम जगतमर्दन थापा भएकाले यिनी सोही नामबाट अहिलेसम्म परिचित बनेका छन् ।[८]

जगतमर्दन थापा सप्तरी जिल्लामा जन्मिएका भए तापनि यिनको पुर्ख्यौली थलो काठमाडौँ भएकाले वि.सं. २००८ सालमा पिताको जागिर काठमाडौँमा सरुवा भयो र त्यस समयदेखि जगतमर्दन थापा काठमाडौँमै बसोवास गर्दै आएका छन् । हाल जगतमर्दन थापा महाराजगञ्जबाट आफ्ना दाजुभाइबाट भिन्न भएर लाजिम्पाटस्थित रानीबारीमा आफ्नै निजी निवासमा स्थायी रूपले बसोवास गरिरहेका छन् ।

४. ऐजन ।
५. ऐजन ।
६. बुहारी दीपा थापाका अनुसार ।
७. शोधनायकबाट प्राप्त जानकारीअनुसार ।
८. ऐजन ।

## २.३ बाल्यकाल र शिक्षादीक्षा

जगतमर्दन थापाको बाल्यकालको अधिकांश समय सप्तरी जिल्लामा नै बितेको पाइन्छ किनभने उनी सप्तरी जिल्लामा जन्मिएर त्यही जिल्लाको वातावरणमा हुर्किएका हुन् । बाबु नरमर्दन थापा र आमा भोजकुमारी थापाका साथ जगतमर्दन थापा पनि राजविराजमा रहेकाले बाल्यकालीन शिक्षादीक्षा राजविराजकै पद्मोदय मा.वि.बाट प्राथमिक औपचारिक शिक्षा प्रारम्भ गरेको पाइन्छ ।[९]

बाल्यकालदेखि नै पढाइमा चाख लिने जगतमर्दन थापाले पढाइका साथ साथै अतिरिक्त क्रियाकलापमा समेत विशेष रुचि लिने गरेको पाइन्छ । सबै खेलप्रति रुचि भए तापनि खास गरी ब्याडमिन्टन, चङ्गा उडाउने, भलिबलमा विशेष रुचि हुनाका साथै फुटबल खेल्ने, गीत गाउने, दोहोरी खेल्ने खेलमा पनि यिनको रुचि त्यत्तिकै मात्रामा प्रबल देखिन्छ ।[१०] सानै उमेरदेखि सङ्गीत, साहित्य र कलाप्रति विशेष चासो लिने हुनाले आफ्ना सहपाठी साथीहरूका माझ अग्रपङ्क्तिमा उभिएका थापा सबै साथी सङ्गिनीका लागि आँखाका नानी बनेका थिए ।

पिता नरमार्दन थापा सिभिल इन्जिनियर र महासेनानी भइसकेका शिक्षित र योग्य जनशक्ति भएकाले आफ्ना जेठा छोरा जगतमर्दन थापालाई सुशिक्षित र योग्य बनाउने ध्येयले विद्यालयीय शिक्षातर्फ आकर्षित गराएका थिए । यसै क्रममा जगतमर्दन थापाको औपचारिक शिक्षा पाँच वर्षको उमेरदेखि नै सप्तरी जिल्लाको सदरमुकाम राजविराजस्थित पद्मोदय मा.वि.बाट थालनी भयो । कक्षा ६ सम्मको अध्ययन पूरा गरेपछि पिता नरमर्दन थापाका साथ वि.सं. २००८ सालमा काठमाडौँ आएपछि जुद्धोदय मा.वि. मा भर्ना भए । कक्षा ७, ८, ९ र वि.सं. २०११ सालमा जुद्धोदय मा.वि.बाटै एस्.एल्.सी. परीक्षा उत्तीर्ण गरे । पढाइलाई उच्च प्राथमिकता दिँदै पढ्नमा इच्छुक, लगनशील, जेहेन्दार, मेहनती भएका कारण उच्च शिक्षा प्राप्तिको अभिलाषाका साथ पढाइलाई निरन्तरता दिन काठमाडौँकै त्रिचन्द्र कलेजमा प्रवीणता प्रमाण-पत्र तहमा भर्ना भए ।[११] वि.सं. २०१३ सालमा प्रवीणता

---

९. शोधनायकसँगको कुराकानीबाट प्राप्त जानकारीअनुसार ।

१०. ऐजन ।

११. दीपक रौनियारले जगतमर्दन थापासँग लिएको अन्तर्वार्ता '**जीवनको पूर्वार्द्धमा पनि विद्यार्थी उत्तरार्द्धमा पनि विद्यार्थी**' नेपाल समाचारपत्र, वर्ष ६ अङ्क ३१८ पृष्ठ १०, २०५८ मंसिर १५ ।

१२. शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

प्रमाण-पत्र तह उत्तीर्ण गरी स्नातक तह प्रवेश गरेका थापाले २०१५ सालमा स्नातक तह पनि उत्तीर्ण गरे । त्यसबेला नेपालमा त्रि.वि.को स्थापना नभएकाले स्नातकोत्तर तहको कक्षा सञ्चालनमा थिएन । त्यसैले जगतमर्दन थापा लाजिम्पाटस्थित **कलेज अफ एजुकेसन** मा एक वर्ष बी.एड्. भर्ना भए । एक वर्ष बी.एड्. पूरा गरी २०२० सालमा कर्मचारी सञ्चयकोशमा जागिरे हुन पुगेका थापालाई कार्यालयको कार्यव्यस्तताले पढाइमा बाधा पाऱ्यो । त्यस व्यस्ततामा पनि उनले वि.सं. २०२५ सालमा त्रि.वि.बाट अर्थशास्त्र विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरे । जागिरे जीवन र दाम्पत्य जीवनका साथै विद्यार्थी जीवनलाई समान गतिमा अगाडि बढाउने जगतमर्दन थापाले वि.सं. २०३१ सालमा कानुन विषयतर्फ बी.एल्. समेत उत्तीर्ण गरेपछि उनले औपचारिक शिक्षातर्फ पूर्णविराम लगाएका छन् ।[१२]

पढाइप्रति विशेष लगाव रहेकाले जस्तासुकै बाधा व्यावधान आइपरे पनि जगतमर्दन थापाले त्यसको सामना गर्दै आफूलाई गन्तव्य स्थानमा पुऱ्याएरै छाडे । खस्कँदो आर्थिक अवस्था, घर व्यावहारको बोझ, जागिरे जीवनको कार्यव्यस्तता, पारिवारिक दाम्पत्य जीवनको जिम्मेवारी बोध आदिका कारण पनि जगतमर्दन थापाले आफ्नो पढाइप्रतिको इच्छालाई पूरा गरेरै छाडे । यसरी उनको औपचारिक शिक्षा पूरा भयो ।

## २.४ दाम्पत्य जीवन र पारिवारिक स्थिति

जगतमर्दन थापाले स्नातकसम्मको अध्ययन पूरा गरेपछि वि.सं. २०२० सालमा कर्मचारी सञ्चयकोशमा जागिरे भएपश्चात् उनको दाम्पत्य जीवन सुरु भएको पाइन्छ । जगतमर्दन थापाको विवाह वि.सं. २०२३ साल जेठ महिनामा काठमाडौँ, लाजिम्पाट निवासी महासेनानी अमरबहादुर के.सी.की छोरी शान्तिदेवी के.सी.सँग २९ वर्षको उमेरमा भएको हो । सामान्य शिक्षादीक्षा प्राप्त तर माया ममताकी खानी, अत्यन्त सरल स्वभावकी शान्तिदेवीका गर्भबाट कालान्तरमा तीन छोरी र एक छोराको जन्म भयो । लामो समयको दाम्पत्य जीवनका उकाली-ओराली, आरोह-अवरोह, सुख-दुःख, आँसु-हाँसोमा साथ दिँदै आएकी शान्तिदेवी वि.सं. २०६३ साल पौष १७ गते यस संसारबाट बिदा भइन्, जसले गर्दा जगतमर्दन थापाको दाम्पत्य जीवन एक्लो, निरसका साथै अधुरोसमेत भयो ।[१३]

---

१३. ऐजन ।
१४. शोधनायकसँगको टेलिफोन सम्पर्कबाट प्राप्त जानकारीअनुसार ।

यसरी शान्तिदेवीको निधनपछि जगतमर्दन थापाको जीवनमा एकाएक कालो बादल मडारिन थाल्यो र जीवनलाई निरस र एक्लोसमेत बनायो । यस घटनाले जगतमर्दन थापालाई मर्माहत त अवश्य बनायो नै किनभने सबै साथीभाइ, इष्टमित्रहरू सन् २००७ जनवरी १ तारिकको अङ्ग्रेजी नववर्षको शुभकामना आदान-प्रदान गरिरहेका समयमा आफ्नो परिवार भने पत्नीवियोगको पीँडाले शोकाकुल भएको कुरा थापा स्वयम् बताउँछन् ।[१४] यसरी जीवनका हरेक आरोह-अवरोह, पिर-व्यथा, आँसु-हाँसो, शोक आदिको प्रत्यक्ष अनुभव गरेका जगतमर्दन थापा हाल आएर एक मात्र प्रिय पुत्र मोहितमर्दन थापा र बुहारी दीपा थापाका रेखदेखमा आफूलाई साहित्य र सङ्गीतप्रति समर्पित गर्दै जीवन गुजारिरहेका छन् ।

## २.५ आर्थिक स्थिति र आजीविका

मध्यम वर्गीय परिवारमा जन्मी हुर्केका जगतमर्दन थापाका बाबु नरमर्दन थापा पहिले सिभिल इन्जिनियर र पछि महासेनानीको पदसमेत ग्रहण गर्न सफल भएकाले उनको बाल्यकाल सुखसँग बितेको पाइन्छ । समयको गतिसँगै पिताको एकपछिको अर्को विवाहले गर्दा पारिवारिक आर्थिक स्थिति कमजोर बन्दै गएको देखिन्छ किनभने ९ भाइ छोरा र ५ बहिनी छोरीले नरमर्दन थापाको घर भरिभराउ भएको थियो ।[१५] दिनानुदिन खस्कँदो आर्थिक अवस्थाका कारण खर्चको अभावले जगतमर्दन थापालाई साहित्य र सङ्गीतमा लाग्नसमेत बाधा पुऱ्याएको देखिन्छ । त्यस समयमा एउटा पुस्तकको मूल्य ४ रूपैया र एउटा गीत रेकर्ड गराएबापत १० रूपैंया आम्दानी हुन्थ्यो । त्यसैले पुस्तक छपाएर वा गीत रेकर्ड गराएर बिहान बेलुकाको छाक टार्न मुस्किल पर्न थाल्यो । आर्थिक अवस्था दयनीय बन्दै गएपछि त्यस अवस्थालाई सुदृढ बनाउँदै लैजाने आंशिक जिम्मेवारी जगतमर्दन थापाका काँधमा आइपऱ्यो । त्यसपछि उनी केही महिना अस्थायी रूपमै भए पनि कर्मचारी सञ्चयकोशमा जागिरे हुन पुगे र पछि लोकसेवा आयोग लडेर शाखा अधिकृतको स्तरमा जागिरे हुन पुगे । आफ्नो आर्थिक स्थिति र आजीविकाका लागि ३३ वर्षे जागिरे जीवन बिताई हाल उमेरको हदले निवृत्तिभरणयुक्त अवकाशीय जीवन बिताइरहेका छन् ।[१६]

जीवनको बाल्यकाल सुखसयलमै बिते पनि जीवनको मध्यभाग आर्थिक अवस्थाले पिरोलिएको समय हो । वि.सं. २०२० सालदेखि लगातार जागिरे जीवन बिताएका जगतमर्दन थापाको दिन प्रतिदिन आर्थिक अवस्था त सुदृढ बन्दै गएको देखिन्छ । वि.सं.

---

१५. शोधनायकसँगको संवादबाट प्राप्त जानकारीअनुसार ।

१६. ऐजन ।

२०५८ सालदेखि पुनः साहित्य र सङ्गीतमा सक्रिय रही बुढेसकाललाई रसिलो बनाइरहेका छन् ।[१७]

## २.६ बसोवास र दिनचर्या

प्रत्येक मानिसका अनेक इच्छा, आकांक्षा र चाहनाहरूका साथै अनेक कल्पनाहरू हुन्छन् । अनेक विवशता र बाध्यताहरूसँग पैठेजोरी मार्दै जन्मेदेखि नमरुन्जेलसम्म सङ्घर्ष गरिरहेका तिनै मानिसहरू सुचारु रूपले आफ्नो जीवन सञ्चालनका लागि यत्र तत्र दौडिन्छन् । एक ठाउँबाट अर्को ठाउँमा सर्ने र त्यस ठाउँलाई पनि छाडेर अर्को ठाउमा सर्ने गर्दछन् । यस किसिमको विशेषताबाट जगतमर्दन थापाको जीवन पनि अछुतो रहेको पाइँदैन किनभने जगतमर्दन थापाका पिता नरमर्दन थापाको घर काठमाडौँमा भए पनि जागिरको सिलसिलामा उनी सप्तरी पुगेका थिए र जगतमर्दन थापाको जन्म पनि त्यही जिल्लाको एउटा दुर्गम गाउँमा भएको थियो । आफ्नो जन्म थलो सप्तरी भए पनि केही समयको अन्तरालपछि जगतमर्दन  थापा स्थायी रूपले बसोबास गर्न बाबुका साथ काठमाडौँ आए । काठमाडौँ आफ्नो पैतृक थलो मान्ने थापा महाराजगञ्जको लाजिम्पाटस्थित रानीबारीमा हालसम्म पनि बसोबास गरिरहेका छन् । जन्म थलो सप्तरीलाई बनाइसकेका थापाको कर्मथलो काठमाडौँ नै रहेको छ । जागिरको सिलसिलामा विभिन्न ठाउँ भौतारिए पनि हाल लाजिम्पाट, राजीबारीमा दाजुभाइबाट भिन्न भएर छोरा मोहितमर्दन र बुहारी दीपा थापासँग आफ्नै निजी निवासमा बसिरहेका छन् ।[१८] सानै उमेरदेखि साहित्य र सङ्गीतका क्षेत्रमा प्रवेश गरेका जगतमर्दन थापाको दिनचर्याको महत्त्वपूर्ण पक्ष नेपाली साहित्य र सङ्गीतको उत्थान गर्नमा केन्द्रित रहेको देखिन्छ । मुख्य रूपमा सरकारी प्रशासनिक क्षेत्रमा जागिरे भएपछि एउटा कुशल, दक्ष, इमानदार र पदीय दायित्व निर्वाह गर्न सफल प्रशासकका रूपमा दिनचर्या बिताए । बालकथा, कथा, एकाङ्की, गीत लेखन र गायन आदि क्षेत्रमा ख्याति प्राप्त थापा लोकसेवाको अधिकृत पदमा नियुक्त भएपछि साहित्यिक फाँटबाट एकाएक लोप हुन पुगे । सरकारी सेवामा प्रवेश गरेपछि कार्यालयको कार्यव्यस्तताले गर्दा साहित्यिक फाँटमा भनेजति समय दिन नसकेकोमा  थापा स्वयम् दुःखित छन् ।[१९] नेपाली साहित्यिक विधाका कथासङ्ग्रह र गीतसङ्ग्रहको समेत प्रकाशन गरी वि.सं. २०२१ सालतिरै आफूलाई कथाकार

---

१७. अशोक राई 'प्यासी' "रसिलो बुढेसकाल" **अन्नपूर्ण पोष्ट**, (वर्ष ६,अङ्क ३३०,२०६४ चैत १६), पृष्ठ ७ ।
१८. शोधनायकसँगको कुराकानीबाट ।
१९. डब्बु क्षत्री "बहुमुखी प्रतिभाका धनी जगतमर्दन थापा" **राजधानी दैनिक** (वर्ष १ अङ्क ८३ पृष्ठ २, २०५८ भदौ ९), पृ.२ ।

र गीतकारका रूपमा चिनाइसकेका थापाले नेपाली साहित्यमा सङ्ख्यात्मकभन्दा गुणात्मक कृतिहरू उपहारस्वरूप प्रदान गरेका छन् ।

साहित्यसँगै प्रशासनिक र गायन क्षेत्रमा संलग्न थापा २०२० सालमा कर्मचारी सञ्चयकोशमा जागिरे भएपछि विभिन्न संस्थाहरूमा कार्यरत रही दिनचर्या बिताए । कृषि तथा चुन उद्योग लि., अर्थमन्त्रालय, करकार्यालय, निर्माण तथा यातायात मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय आदि विभिन्न मन्त्रालयका विभिन्न पदमा रही कार्य गरेर आफ्नो आधा उमेर बिताएका थापा ३३ वर्षे जागिरे जीवनपछि उमेरको हदले निवृत्तिभरण पाएर हाल पुनः साहित्य र सङ्गीतप्रति समर्पित देखिन्छन् ।[२०] यसैको परिणामस्वरूप उनले वि.सं. २०५८ सालमा **'४० वर्षअघि ४० वर्षपछि'** नामक गीति क्यासेट निकाल्न सफल देखिन्छन् । बिहानै उठेर हातमुख धोई अलिकति खाजा च्यापेर पौष महिनाको जाडोमा पनि विगत पाँच वर्षदेखि सङ्गीतप्रवीण नरराज ढकालका छोरा प्रभुराज ढकालसँग शास्त्रीय सङ्गीत सिकिरहेका छन् । असल गायक बन्नलाई शास्त्रीय सङ्गीतको सामान्य ज्ञानको आवश्यक ठान्ने थापाको दिनचर्या शास्त्रीय सङ्गीतमा नै बितिरहेको छ ।

## २.७ जागिरे जीवनको थालनी

वि.सं. २०२० सालमा कर्मचारी सञ्चयकोशमा अस्थायी नियुक्ति पाएका जगतमर्दन थापा त्यसपछि लोकसेवा लडेर शाखा अधिकृतको स्तरमा रही कार्यभार संहाल्न पुग्छन् । समयको गतिसँगै क्रमशः विभिन्न पदमा रही कार्यरत रहेका थापा बाबुको तलबले परिवार धान्न नसकेपछि त्यसको जिम्मा उनले नै लिएका थिए । सोही जिम्मेवारी बोधका कारण जगतमर्दन थापालाई साहित्यिक र साङ्गीतिक क्षेत्रले भन्दा सरकारी जागिरबाट आर्थिक स्थिति सुधार्न सकिने महसुस भयो र उनी लोकसेवा लडेर सरकारी सेवामा लागे । त्यस समयमा एउटा पुस्तकको मूल्य चार रूपैंया मात्र थियो भने एउटा गीत रेकर्ड गराएबापत दस रूपैयाँ आम्दानी हुन्थ्यो । गीत रेकर्डका लागि अहिलेजस्तो आधुनिक सुविधा नभएकाले महिनौं हिँडेर कलकत्ता र मुम्बई धाउनुपर्ने स्थिति थियो । बाटामा बेखर्ची भएर दुःख पाएको घटना अझै बिर्सन नसकेको थापा बताउँछन् । यी सबै समस्याको समाधान गर्ने एउटा मात्र उपाय सरकारी जागिर जसरी भए पनि खानु नै थियो र यसको अर्को विकल्प थिएन ।[२१] यदि सरकारी जागिर खान सकिएमा मासिक चार सय आम्दानी हुन्थ्यो र त्यसले आर्थिक समस्या समाधानका लागि केही मात्रामा भए पनि सहायता हुन्थ्यो । नभन्दै सरकारी जागिर खाएपछि

२०. ऐजन ।
२१. "गीतहरूको स्तर घट्दै गइरहेको छ" **गोरखापत्र**, (वर्ष १०१ अङ्क ११३ पृष्ठ १२, २०५८ भदौ ११), पृ.२ ।

आर्थिक अवस्था त केही मात्रामा सुदृढ बन्दै गयो तर साहित्यिक र साङ्गीतिक क्षेत्र भने ओझेलमा पर्दै गयो, जसको कारण जगतमर्दन थापाको साहित्यिक व्यक्तित्वभन्दा प्रशासनिक व्यक्तित्व प्रबल बनेको देखिन्छ ।

कर्मचारी सञ्चयकोशमा शाखा अधिकृतदेखि लिएर कृषि चुन उद्योग, अर्थमन्त्रालय, निर्माण तथा यातायात मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय, गृहमन्त्रालयमा महाप्रबन्धक, सहायक सचिव, उपसचिव गरी विभिन्न पदमा रहेर ३३ वर्षसम्म सेवा गरी जगतमर्दन थापाले आफ्नो दिनचर्या बिताए, जसको परिणामस्वरूप आर्थिक अवस्था दरिलो भयो । यसरी जीवनको सम्पूर्ण समयलाई उनले जागिरे जीवनमा उपयोग गरे । जीवनको पूर्वार्द्धमा साहित्य र सङ्गीतप्रति अत्यन्त आकर्षित भएका थापाले त्यही समयमा आफूलाई एक कुशल गीतकार र कथाकारका रूपमा चिनाए । जीवनको मध्यभागमा थापा जागिरे जीवनको कार्यव्यस्तताले गर्दा साहित्य र सङ्गीतमा भनेजति समय दिन नसकेका कारण चर्चाको शिखरमा पुग्न सकेनन् ।[२२] यसै गरी उनले जीवनको उत्तरार्द्धमा भने कलाको नसा दह्रो ठानी साहित्य र सङ्गीतप्रति आकर्षित भएर पुनः सक्रिय भएको बताउँछन् । यसरी जगतमर्दन थापा अब जीवनपर्यन्त साहित्य र सङ्गीतमा लाग्ने प्रतिबद्धता व्यक्त गर्दछन् ।

## २.८. मातापिता र पत्नीको देहावसान

जगतमर्दन थापाका बाबु नरमर्दन थापा र आमा भोजकुमारी थापा हुन् । महासेनानीको पद ग्रहण गर्न सफल नरमर्दन थापा र कुशल गृहिणी भोजकुमारी थापाका चार सन्तानमध्ये जगतमर्दन थापा जेठा सन्तानका रूपमा जन्मिएका हुन् । जगतमर्दन थापालाई सुशिक्षित र योग्य व्यक्ति बनाउने ध्येयले सानै उमेरदेखि व्यावहारिक ज्ञान र शिक्षादीक्षा दिन थालेको पाइन्छ । आवश्यक अर्ती उपदेश दिएर आफ्ना छोराछोरीलाई सही मार्ग निर्देश गर्ने चाहना जुनसुकै आमाबाबुमा हुन्छ । यो असल बाबुआमाको कर्तव्य पनि हो । त्यसै इच्छा आकांक्षाबमोजिम जगतमर्दन थापा पनि एक कुशल गीतकार, कथाकार एवम् प्रशासक भएर नेपाली साहित्य, सङ्गीत र प्रशासनमा अमूल्य योगदान दिन सफल भएका छन् ।

दयालु, निष्कपट, निश्छल, सौन्दर्यका प्रतिमूर्ति एवम् सन्तानप्रति अथाह माया ममताको सागर उराल्ने यिनका पिता नरमर्दन थापाको निधन वि.सं. २०३२ सालमा ८८ वर्षको उमेरमा भयो भने अथाह ममतामयी, बात्सल्यमयी, प्रेरणामयी माता भोजकुमारी

२२. शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

थापाको मृत्यु वि.सं. २००९ सालमा ४५ वर्षको उमेरमा भयो । सानै उमेरमा आमाको मृत्युले मर्माहत बनेका थापा सानीआमाको रेखदेखमा हुर्किएका हुन् । यसरी हाल जगतमर्दन थापा आमाबाबु गुमाएर निरस जीवन बिताइरहेका छन् ।

वि.सं. २०२३ सालदेखि विवाह बन्धनमा बाँधिएर शान्तिदेवीलाई जीवनसाथीका रूपमा स्वीकार गरेका थापाको वैवाहिक जीवन सुखद नै रहेको पाइन्छ । जीवनका हरेक सुख-दुःख, आरोह-अवरोह, आँसु-हाँसो, उकाली-ओरालीमा साथ दिँदै अर्धाङ्गिनीका रूपमा उदाएकी शान्तिदेवीले तीन छोरी र एक छोराको जन्म दिई जगतमर्दन थापालाई उपहारस्वरूप प्रदान मात्र गरिनन्, तिनलाई पालनपोषण, स्याहारसुसार एवम सुशिक्षितसमेत बनाइन् ।[२३] सामान्य कुशल गृहिणीका रूपमा परिवारको अभिभारा लिएकी शान्तिदेवीले सबै छोराछोरीको विवाह, ब्रतवन्ध एवम् कर्मकाण्ड पूरा गरेर एउटी कर्तव्यनिष्ठ माता र पत्नीको भूमिका निर्वाह गर्न सफल भइन् । तर समयको प्रवाहसँगै शारीरिक रोगले ग्रस्त हुँदै गएपछि वि.सं. २०६३ साल पौष १७ गते अथवा सन् २००७ जनवरी १ तारिकका दिन शान्तिदेवीले यस संसारबाट सदाका लागि विदा लिइन् । ५९ वसन्त पार गरी यस धर्तीबाट उम्केकी शान्तिदेवीको मृत्युले जगतमर्दन थापाको परिवार शोकाकुल बन्न पुग्यो ।[२४] पत्नी वियोगको पीँडाले छटपटाएका थापा त्यसपछि पनि सङ्गीतलाई नै निरन्तरता दिइरहेका छन् ।

यसरी जगतमर्दन थापा पितृवियोग, मातृवियोग तथा पत्नीवियोगको पीँडालाई बिर्सन र फुर्सदको समय सदुपयोग गर्न शास्त्रीय सङ्गीत सिकिरहेका छन् । जन्मेपछि एकपटक अवश्य मृत्यु हुन्छ भन्ने स्वाभाविक प्रक्रियालाई बुझेर जगतमर्दन थापा यी सबै वेदनालाई सहेर जिइरहेका छन् ।

## २.९ भ्रमण

पिता नरमर्दन थापाको स्थायी घर काठमाडौँको महाराजगञ्ज भए पनि जागिरको सिलसिलामा सप्तरीमा बसोबास गरिरहेका समयमा जगतमर्दन थापाको जन्म भएको हो । सप्तरी जिल्लाको जन्म र काठमाडौँ जिल्लाको बसोबासले जगतमर्दन थापाको जीवन प्रभावित अवश्य भएको छ । यसै क्रममा थापाले स्वदेश तथा विदेशको भ्रमण गर्ने सुअवसर पनि प्रशस्तै पाएका छन् । यीमध्ये विभिन्न स्वदेश तथा विदेश भ्रमण गरिसकेका स्थानहरू यसप्रकार रहेका छन्:- स्वदेशका सप्तरी, विराटनगर, इलामका पशुपतिनगर, कन्याम,

---

२३. शोधनायकसँगको प्रश्नोत्तरबाट प्राप्त जानकारीअनुसार ।

फिक्कल, सुनसरीको धरान, सिराहा, उदयपुर, वीरगञ्ज, रौतहट, बारा, पर्सा, भरतपुर, बुटवल, भैरहवा, तौलीहवा, दाङ, नेपालगञ्ज, सुर्खेत, पोखरा, स्याङ्जा, काभ्रे, सिन्धुपाल्चोक आदि रहेका छन् भने विश्वका विभिन्न मुलुकहरूमध्ये भारत, थाइल्याण्डको बैंकक, हङ्कङ्ग, चीन, दक्षिण कोरियाको समेत सफल भ्रमण गरिसकेका छन् ।[२५] यसरी विभिन्न ठाउँको भ्रमणबाट प्रत्यक्ष अनुभव सँगालेका जगतमर्दन थापा हाल गीत, सङ्गीत र साहित्य लेखनमा लागिपरेका छन् ।

## २.१० रुचि

सादा जीवन उच्च विचारका धनी जगतमर्दन थापालाई तडकभडकप्रति पटक्कै रुचि छैन । उनी अधिकांश नेपालीले मन पराउने सादा खानेकुरा मन पराउँछन् । उनलाई दाल, भात, तरकारी, सामान्य माछामासु, गुन्द्रुक, आलु, मस्यौरा, रोटी र धनियाँ राखेर पिँधेको टमाटरको अचार साह्रै मनपर्छ । नेपाली पोशाक दौरासुरुवाल, साधारण सुट र पाइन्ट मन पराउने थापा नेपाली संस्कृति, नेपाली सभ्यता र राष्ट्रियताप्रति विश्वास गर्दछन् । फुटबल, ब्याडमिन्टन, भलिबल, चङ्गा उडाउने आदि खेललाई मन पराउने थापा स्वच्छ समाजको निर्माणमा सहयोग पुऱ्याउने जुनसुकै साहित्यकार भए पनि मन पराउँछन् । साहित्य र सङ्गीतप्रति सानैदेखि विशेष रुचि भएका जगतमर्दन थापा निलो र हल्का रातो रङ्ग मन पराउँछन् ।[२६]

## २.११ तालिम तथा प्रशिक्षण

जगतमर्दन थापाले औपचारिक शिक्षा मात्र आर्जन गरेनन्, त्यसका अतिरिक्त उनले विभिन्न सङ्घ-संस्था एवम् प्रशिक्षण केन्द्रबाट तालिम प्राप्त गरेर योग्य जनशक्तिका रूपमा आफूलाई चिनाएका छन् । उनले प्राप्त गरेका तालिम तथा प्रशिक्षणहरू यसप्रकार रहेका छन्ः-

क) रिजर्भ बैंक अफ इन्डिया बम्बईको सुपरिवेक्षणमा कोलम्बो योजनाअन्तर्गत बैंक अफ इन्डिया बम्बईमा बैंकसम्बन्धी ६ महिने प्रशिक्षण प्राप्त ।

ख) सामान्य प्रशासन मन्त्रालयको आयोजनामा सामान्य प्रशासनसम्बन्धी तालिम प्राप्त ।

ग) योजना सेवाकेन्द्र नेपाल र ए.पी.ओ. जापानको आयोजनामा काठमाडौंमा आयोजित व्यवस्थापनसम्बन्धी तालिम प्राप्त ।

---

२४. ऐजन ।
२५. ऐजन ।
२६. ऐजन ।

घ) स्टाफ कलेज नेपालद्वारा प्रशासन योजना तर्जुमा र अर्थसम्बन्धी तालिम प्राप्त ।

ङ) राजश्व विभाग तालिम केन्द्रबाट राष्ट्रिय आयका विभिन्न पक्षहरू जस्तैः- कर, भन्सार, अन्तःशुल्क, बजेट आदिसम्बन्धी तालिम प्राप्त ।[२७]

जगतमर्दन थापाले यसरी विभिन्न तालिम केन्द्रबाट आवश्यक तालिम प्राप्त गरी योग्य नागरिक भई देशको प्रशासनिक क्षेत्रमा सेवा पुऱ्याएका छन् ।

## २.१२ सम्मान, पुरस्कार र पदक

असल कार्य गरेबापत प्राप्त गरिने इनाम नै पुरस्कार हो, जसले हरेक मानिसलाई अझ अरु असल कार्य गर्न हौसला प्रदान गर्दछ । कुनै व्यक्तिलाई असल कार्यतर्फ उन्मुख गराउन तथा उसको मनोबल बढाउन सम्मान तथा पुरस्कारले अत्यन्त ठूलो सहयोग गर्दछ । निरन्तर लागि पर्ने बानीको विकास गराई लगनशील र मेहनतीका साथै इमानदार बनाउन पुरस्कारले सहयोग गर्छ । जगतमर्दन थापाले पनि सानै उमेरदेखि पुरस्कार पाउँदै आएका छन् र उनले आफ्नो कार्य सफलताको सिंढी चढ्दै आएका छन् । त्यही इनाम र पुरस्कारबाट हौसिएर साहित्यिक सिर्जनातर्फ आकृष्ट भएका थापाले प्रशासनिक क्षेत्रमा पदीय दायित्व निर्वाह गरेबापत विभिन्न पदक तथा सम्मान-पत्रहरू प्राप्त गरेका छन्, जुन यसप्रकार रहेका छन्ः-

क) प्रबल गो.द.वा. (चौंथा)

ख) त्रिशक्तिपट्ट,(चौंथा)

ग) शुभराज्याभिषेक पदक

घ) पन्ध्रवर्षे सेवा पदक

ङ) पच्चीसवर्षे सेवा पदक

च) श्री ५ महेन्द्र चिरस्मरणीय सम्मान-पत्र

छ) रेडियो नेपालद्वारा प्रतिष्ठित श्रेणीको सम्मान-पत्र (२०६५)[२८]

यसरी समय समयमा विभिन्न क्षेत्रबाट प्राप्त पुरस्कार, पदक एवम् सम्मान पत्रबाट उपकृत भएका जगतमर्दन थापा जति जति पुरस्कृत एवम् सम्मानित हुँदै जान्छन्, उति-उति जनताको भावनाअनुरूप आफ्नो जिम्मेवारी थपिँदै गएको अनुभव गर्दछन् ।

## २.१३ जीवनका अविस्मरणीय क्षणहरू

---

२७. ऐजन ।

२८. डब्बु क्षत्री, पूर्ववत्, पृष्ठ २ ।

वि.सं. २०१९ सालमा भारतको मुम्बईमा सर्वप्रथम बिनायोजना दुईवटा नेपाली गीत रेकर्ड गराएका जगतमर्दन थापाको यो एउटा अविस्मरणीय क्षण बनेको छ ।[२९] त्यसै गरी एकपटक दस बजे परीक्षा सुरु हुने समय तालिकाअनुसार परीक्षा दिन गएका थापालाई कुनै एक साथीले एघार बजे परीक्षा हुन्छ भन्यो । हो न हो साथीको भनाइलाई सही ठानी स्वयम् थापा र अन्य दुईजना साथीहरू रूखको फेदमा बसेर पढिरहेका थिए । केही समयपछि हेर्दा त अन्य साथीहरू सबै परीक्षा दिइरहेका रहेछन् । करिब बीस मिनेटपछि यो कुरा थाहा पाई थापा र उनीसँग भएका साथीहरू परीक्षा भवनमा प्रवेश गरेको घटना अविस्मरणीय रहेको थापा बताउँछन् ।[३०]

## २.१४ लेखन प्रेरणा र आरम्भ

जगतमर्दन थापालाई सुरुमा साहित्य लेखनमा प्रेरणा प्रदान गर्न घरायसी पारिवारिक वातावरणले ठूलो सहयोग गरेको त छँदैछ तर पनि विद्यालयको अध्ययनका क्रममा उनले पाएको साहित्यिक र साङ्गीतिक वातावरणले उल्लेखनीय भूमिका खेलेको छ । राजविराजको पद्मोदय मा.वि.को साहित्यिक र साङ्गीतिक वातावरणका साथै काठमाडौँको जुद्धोदय मा.वि.मा अध्ययन गर्दा साहित्यप्रेमी साथीहरू र गुरुवर्गको सम्पर्कबाट साहित्यमा लाग्ने प्रेरणा मिलेको पाइन्छ । यसै गरी काठमाडौँको महाराजगञ्जस्थित विश्वबन्धु पुस्तकालयले साहित्यिक र साङ्गीतिक क्षेत्रमा लाग्न जगतमर्दन थापालाई प्रेरित गरेको छ । 'यो भन्नमा अत्युक्ति नहोला कि यो सब महाराजगञ्ज विश्वबन्धु पुस्तकालयको साप्ताहिक साहित्यिक गोष्ठी, रेडियो नेपाल र साहित्यप्रेमी साथीहरूको प्रेरणाले नै जगतमर्दन थापा आज नेपाली साहित्यजगत्मा उदाएका हुन् ।'[३१] रेडियो नेपालकी सञ्चालिका शान्ता श्रेष्ठ र शकुन्तला शर्माका साथै मादल, तबला, ढोलक आदि बजाउने इन्द्रलालबाट पनि थापा प्रेरित भएको बताउँछन् । रत्नदास प्रकाश, नीरविक्रम प्यासी, कुमार बस्नेतजस्ता सङ्गीतसम्राटहरूको सम्पर्कले जगतमर्दन थापालाई गायक बनायो ।

वि.सं. २०२१ सालमै साहित्यिक क्षेत्रमा चर्चाको शिखर छोएका थापा सरकारी सेवामा कार्यरत भएपछि एकाएक साहित्यिक र साङ्गीतिक फाँटबाट ओरालो लागेको पाइन्छ । ३३ वर्षे सरकारी जागिरे जीवनपछि उमेरको हदले अवकाश पाएर आफ्नो

---

२९. "साङ्गीतिक जीवन" शीर्षकको अन्तर्वार्ताबाट ।
३०. शोधनायकबाट प्राप्त जानकारीअनुसार ।
३१. जगतमर्दन थापा '**पलाँशको फूल**' कथासङ्ग्रह, अन्नपूर्ण प्रेस, २०२१ ।

घरायसी पारिवारिक वातावरण, छोरा मोहितमर्दन थापा र उनका हितैषीहरूको प्रोत्साहन पाएर साहित्यिक र साङ्गीतिक क्षेत्रमा पुनः सक्रिय भएका जगतमर्दन थापा हाल सङ्गीतप्रवीण नरराज ढकालका छोरा प्रभुराज ढकालसँग शास्त्रीय सङ्गीत सिकिरहेका छन्, जसको परिणामस्वरूप उनले एउटा गीतिक्यासेट **४० वर्षअघि ४० वर्षपछि** समेत श्रोतामाझ ल्याएका छन् ।

## २.१५ साहित्यिक क्षेत्रमा प्रवेश

गीतकार, गायक एवम् कथाकारका रूपमा आजभन्दा साढे चारदशक अघि नै सुपरिचित भइसकेका जगतमर्दन थापा साङ्गीतिक क्षेत्रमा पनि त्यत्तिकै चर्चित भएका छन् । वि.सं. २०११ सालदेखि कविता लेख्दै आएका जगतमर्दन थापाले वि.सं. २०१३ सालमा प्रथमपटक रेडियो नेपालबाट कविता वाचन गरेका थिए, जसको शीर्षक अहिले थाहा नभएको थापा स्वयम् बताउँछन् । त्यो कविता पहिले नै हराइसकेको थियो । त्यस्तै वि.सं. २०१९ सालमा मुम्बईबाट आफ्ना दुईवटा गीत **हिज मास्टर्स भ्वाइस** मा रेकर्ड गराई साङ्गीतिक क्षेत्रमा पनि हात हाल्न पुगेका थापाले वि.सं. २०१६ सालदेखि २०२० सालसम्म लगातार छात्र कार्यक्रम, नारी कार्यक्रम र अन्य कार्यक्रममार्फत लेखक, गीतकार र गायकका रूपमा आफूलाई चिनाउँदै आएका छन् ।

नेपाली भाषामा कथा र गीत लेख्न खप्पिस थापाको अभिरुचि लोकसाहित्य र बालसाहित्यका साथै नाटक लेख्न र मञ्चन गर्नसमेत रहेको छ । प्रशासनिक क्षेत्रमा लामो समयसम्म जागिरे जीवन बिताए पनि साहित्य र सङ्गीतलाई असाध्य माया गर्ने थापा एक विशिष्ट साहित्य साधक हुन् ।

विद्यार्थी कालदेखि नै फाटफुट रूपमा साहित्यिक रचना लेख्दै आएका जगतमर्दन थापा राजविराजको पद्मोदय मा.वि.मा पढ्दा विद्यालयको वार्षिकोत्सव र सरस्वती पूजामा सांस्कृतिक कार्यक्रमको आयोजना गरी नाटक लेख्ने र मञ्चन गर्ने, गीत गाउने र नाच्ने गर्दथे ।[३२] वि.सं. २०११ सालदेखि औपचारिक रूपले कविता लेखनमा लागेका थापाले २०१३ सालमा रेडियो नेपालबाट सर्वप्रथम कविता वाचन गरेका थिए । वि.सं. २०१९ सालमा जगतमर्दन थापाले प्रेमदास प्रकाशको सङ्गीत निर्देशन र थापाको आफ्नै शब्दरचनामा यो गीत प्रथमपटक रेकर्ड गराएका थिए:-

*माया लुकाई लुक्दैन घुसघुसे बानीमा*

---

३२. दयाराम पाण्डेय, "पुनः जुर्मुराउँदैछन् जगतमर्दन थापा" **स्पेसटाइम दैनिक** (वर्ष१,अङ्क९०, २०५७ माघ १७), पृ. अज्ञात ।

*आखिर यो झल्किहाल्छ आँखाको नानीमा ।*[३३]

त्यसै गरी २०१९ सालमै कलकत्ताको **हिज मास्टर्स भ्वाइस** नामक संस्थाबाट जगतमर्दन थापाले यो गीत रेकर्ड गराएका थिए:-

*कोइलीले सम्झाइदियो बितेको त्यो दिन ।*
*सधैँ साथी तिम्रो याद आउँछ यो किन ॥*[३४]

यी दुई गीतलाई जगतमर्दन थापाले वि.सं.२०२१ सालमा प्रकाशित **दिलको आवाज** गीतसङ्ग्रहभित्र समावेश गरेका छन् भने २०५८ सालमा विमोचित गीतिक्यासेट **४० वर्षअघि ४० वर्षपछि** मासमेत समावेश गराएर श्रोतामाझ ल्याएका छन् । यसरी कविता वाचनबाट साहित्यिक यात्रा गरेका थापा क्रमशः गीतकार, कथाकार र गायकका रूपमा परिचित भएका छन् ।

## २.१६ प्रकाशित पुस्तकाकार कृतिहरू

नेपाली साहित्यका बहुमुखी प्रतिभाका धनी जगतमर्दन थापाले थोरै मात्रामा पुस्तकाकार कृतिहरू प्रकाशित गरेका छन् । आजभन्दा लगभग साढे चारदशक अघि दुईवटा पुस्तकाकार कृति प्रकाशित गरी गीतकार र कथाकारका रूपमा स्थापित गराउन सफल थापाले हालसम्म यी दुईटाबाहेक अन्य कुनै कृति प्रकाशनमा ल्याएका छैनन् । जब उनी जागिरे भए तब उनले साहित्यिक पाटोलाई चटक्क छाडे । कार्यालयको कार्यव्यस्तताले गर्दा साहित्यिक फाँटमा अवरोध भएको थापा बताउँछन् । तर वि.सं. २०५८ सालमा जागिरबाट अवकाश पाएपछि साहित्य र सङ्गीतप्रति पुनः आकर्षित भएका थापाले कुनै साहित्यिक कृति प्रकाशित गरेका छैनन् भने साङ्गीतिक क्षेत्रमा भने एउटा गीति एल्वम विमोचित गराई श्रोतामाझ ल्याएका छन् । उनका प्रकाशित पुस्तकाकार कृतिहरू यस प्रकार रहेका छन्:-

- **पलाँशको फूल** (कथासङ्ग्रह), अन्नपूर्ण प्रेस (२०२१)
- **दिलको आवाज** (गीतसङ्ग्रह), अन्नपूर्ण प्रेस (२०२१)
- **४० वर्षअघि ४० वर्षपछि** (गीति एल्वम), म्युजिक नेपाल (२०५८)[३५]

यसरी जगतमर्दन थापाले करिब एकदशकको साहित्य लेखनका क्रममा दुईवटा उल्लेखनीय कृतिहरू प्रकाशित गरी नेपाली साहित्यजगतमा आफूलाई चिनाउन सफल

---

३३. ऐजन ।
३४. ऐजन ।
३५. कृष्णहरि बराल, **गीतःसिद्धान्त र इतिहास,** काठमाडौं: विद्यार्थी पुस्तक भण्डार (२०६०), पृष्ठ १६७ ।

भए । सङ्ख्यात्मकभन्दा गुणात्मक कृतिहरू प्रकाशित गरी नेपाली साहित्यकाशमा सुनौला अक्षरले आफ्नो नाम लेखाउन थापा सफल देखिन्छन् ।

## २.१७ जीवनदर्शन

प्रत्येक मानिसको जीवनसम्बन्धी आ-आफ्नो धारणा हुन्छ । मान्छे त्यसै त छोटो आयु लिएर जन्मेको प्राणी हो । त्यसमाथि पनि सबैभन्दा चेतनशील र विचारशील भएकाले जन्मेपछि अवश्य मर्नुपर्छ भन्ने विचार उसमा निहित हुन्छ । मानव जीवन सङ्घर्षशील भएकाले उसले जीवनमा विभिन्न उतार-चढाव, आरोह-अवरोह, उकाली-ओराली, आँसु-हाँसोलाई पार गर्दै अगाडि बढ्नु पर्ने हुन्छ । यिनै जीवन भोगाइका क्रममा देखिएका आँसु-हाँसो, छटपटी र वेदनालाई साहित्यकारले आफ्ना कृतिमा चित्रण गरेका हुन्छन् ।

सादा जीवन उच्चविचारप्रति आस्थावान् नेपाली कला, संस्कृति, नेपाली मौलिकपन र राष्ट्रियतामा विश्वास राख्ने, दृढ, निष्ठावान् व्यक्तिका रूपमा चिनिएका थापा राष्ट्रसेवक, सच्चा देशभक्तिको भावनामा जीवनलाई समर्पित गर्दै छोटो समयमा मूल्यवान् कार्य गरी जीवनलाई सार्थक र उपलब्धिपूर्ण बनाउनुपर्ने विचार व्यक्त गर्दछन् ।[३६] जीवनलाई प्रकाशमान बनाउँदै दुःखसुख जीवनका स्वाभाविक प्रक्रिया भएकाले सुखमा नमात्तिने र दुःखमा नआत्तिने बानीको विकास गर्न सक्नुपर्छ भन्ने विचार जगतमर्दन थापाको रहेको छ । आफ्नो स्वाभिमानमा गर्व गर्ने र पारिवारिक आदर्श र परम्परालाई निरन्तरता दिन कटिबद्ध रहने थापा आफ्ना परिवारलाई सही मार्गमा हिँड्न प्रेरित गर्नुपर्छ भन्ने विचारमा दृढ देखिन्छन् ।

---

३६. शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

# तेस्रो परिच्छेद

# जगतमर्दन थापाको व्यक्तित्व

व्यक्तित्व निमार्णका लागि व्यक्तिविशेषका जीवन भोगाइका क्रममा आउने घात-प्रतिघात, क्रिया-प्रतिक्रिया, आरोह-अवरोह र उसले सँगालेका अनुभवका साथै उसको पारिवारिक, आर्थिक, सामाजिक, शैक्षिक, धार्मिक आस्था र विश्वास, उसको इच्छा, आकांक्षा, रहनसहन, परिवेश, सिङ्गो जीवन र जीवनप्रतिको निजी दृष्टिकोणले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । यस आधारमा जगतमर्दन थापाले आफ्नो सिङ्गो जीवन सरकारी सेवामा बिताए पनि मूलतः यिनी साहित्यकार हुन् । साहित्यिक र प्रशासनिक क्षेत्रमा आफ्नो महत्त्वपूर्ण जीवनलाई समर्पण गर्दै आएका जगतमर्दन थापाको व्यक्तित्वका विविध पाटाहरूलाई निम्नानुसार हेरिएको छः-

## ३.१ शरीरिक स्वभाव, बनौट र अभिरुचि

शारीरिक बाह्य संरचनाका दृष्टिले जगतमर्दन थापालाईं नियाल्दा उनी गहुँगोरो वर्णका करिब ५ फिट ३ इन्च उचाइ भएका, छोटो कद, मझौला हृष्टपुष्ट शरीर, हँसिलो अनुहार भएका र केश अधिकांश फुलेका, ७२ वसन्त पार गरिसकेका तर निरोगी, औसत नेपाली बनौटका छन् ।[1]

सादा जीवन उच्च विचारका धनी जगतमर्दन थापा सरल र मिजासिलो स्वभाव भएका सबै उमेर र वर्गका व्यक्तिहरूसँग सुमधुर सम्बन्ध राख्न सफल देखिन्छन् । अतिथिहरूको स्वागतमा रमाउने, फुर्सदको समयमा परिवारसँग छलफल र परामर्श गर्ने, घरायसी व्यावहारमा अत्यन्त सहयोगी र विभिन्न मनोरञ्जनात्मक दृश्यहरू हेर्न मन पराउने स्वभाव थापामा देखिन्छ । जस्तोसुकै आपत्-विपत् आइपरे पनि त्यसको सोचविचार गरेर मात्र उचित निष्कर्ष निकाल्ने थापा विभिन्न विकल्पहरूका माझबाट समस्याको समाधान खोज्दछन् । सानालाई माया र अर्ती-उपदेश दिन सफल थापा आफूभन्दा ठूलालाई दर्जाअनुसारको मान, मर्यादा, आदर, सत्कार गर्न पनि त्यत्तिकै खप्पिस छन् । व्यक्ति, समाज र परिवार सबैलाई असल बाटोमा लाग्न प्रेरित गर्ने थापा जीवनलाई स्तरीय बनाउन प्रयास गर्ने, स्वच्छ, शान्त, सौम्य, इमानदार स्वभावका व्यक्तित्व हुन् ।

१. छोरा मोहितमर्दन थापाबाट प्राप्त जानकारीअनुसार ।

दाल, भात, तरकारी, सामान्य माछामासु, गुन्द्रुक, मस्यौरा, धनियाँ मिसाएर पिँधेको टमाटरको अचार जगतमर्दन थापालाई मनपर्ने खानेकुरा हुन् भने नेपाली दौरासुरुवाल, सामान्य सुट, सर्ट र पाइन्ट उनलाई मनपर्ने पोशाक हुन् । फुटबल, भलिबल, ब्याडमिन्टन, चङ्गा उडाउनेजस्ता खेलमा रुचि लिने थापा नेपाली संस्कृति, परम्परा र राष्ट्रियताप्रति विशेष ध्यान दिन्छन् । विदेशी सभ्यता र संस्कृतिलाई पटक्कै मन नपराउने, भड्किलोपना र तडकभडकप्रति व्यङ्ग्य गर्ने थापा स्वच्छ समाज निर्माणमा सहयोग पुऱ्याउने जुनसुकै साहित्यकारलाई पनि मन पराउँछन् । सानैदेखि साहित्य र सङ्गीतमा विशेष रुचि भएका थापालाई निलो र हल्का रातो रङ् मनपर्छ ।[२]

## ३.२ साहित्यिक व्यक्तित्व

नेपाली साहित्यका विविध विधामा कलम चलाएका जगतमर्दन थापा बहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुन् । वि.सं. २०११ सालदेखि कविता, कथा, गीत लेख्न थालेका थापाले वि.सं. २०१३ सालमा प्रथमपटक रेडियो नेपालबाट कवितावाचन गरी आफ्नो औपचारिक साहित्यिक यात्राको थालनी गरेका हुन् । वि.सं. २०११ सालदेखि २०२१ सालसम्ममा नेपाली साहित्यका गीत, गजल, बालकथा, कथा, एकाङ्की, कविता आदिजस्ता विविध विधामा कलम चलाइसकेका थापालाई कथा र गीत विधामा बढी सफलता मिलेको पाइन्छ । जगतमर्दन थापाको साहित्यिक यात्राको उत्कर्षताको अवधि लगभग एकदशक मात्र रहेको छ तापनि उनी यही एकदशकमा कथाकार र गीतकारका रूपमा आफूलाई स्थापित गराउन पुगे । उनले नेपाली साहित्यमा जे जति योगदान दिए एकदशकको अवधिमा दिए । साहित्यका गद्य र पद्य दुवै विधामा कलम चलाएका थापा यी दुवै विधामा त्यत्तिकै सफल देखिन्छन् ।

७२ वसन्त पार गरिसकेका जगतमर्दन थापा बृद्धवयको जीवन बिताइरहे पनि उनमा साहित्यिक सिर्जनशीलता भने मरेको छैन । प्रौढ लेखनाभ्यासका कारण यिनको लेखन अझ संयमित र सन्तुलित बन्दै गएको देखिन्छ । यसरी नै उनको साहित्येतर र बाहिरी व्यक्तित्व पनि सरल, संयमित, मितव्ययी, मृदुभाषी बोलीवचनले युक्त बन्दै गएको छ । यसैले जगतमर्दन थापाको साहित्यिक व्यक्तित्वलाई पनि विविध पाटामा विभाजन गरी अध्ययन विश्लेषण गरिएको छः-

### ३.२.१ कथाकार व्यक्तित्व

२. शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

वि.सं. २०१६ सालदेखि २०२० सालसम्म निरन्तर रूपमा रेडियो नेपालबाट छात्र कार्यक्रम, नारी कार्यक्रम, बालकथा र गीतिकथाको प्रसारण गर्दै आएका जगतमर्दन थापालाई २०२१ सालमा प्रकाशित **पलाँशको फूल** कथासङ्ग्रहले उत्कृष्ट कथाकारको दर्जामा राख्न सफल भयो । **पलाँशको फूल** शीर्षकको कथा यस सङ्ग्रहकै प्रतिनिधि, उत्कृष्ट र लेखनका हिसाबले पहिलो कथा पनि हो । यसै शीर्षकको कथाका आधारमा समग्र कथासङ्ग्रहको नामकरण गरिएको छ । वि.सं. २०२१ सालमै महाराजगञ्ज पुस्तकालयबाट एक **रमाइलो झलक** कार्यक्रममा एकाङ्कीका नाममा मञ्चन गरिएको पलाँशको फूलकै कथावस्तुलाई लिएर थापाले पुनः कथा लेखेका हुन्, जसको शीर्षक पनि **पलाँशको फूल** नै रहेको छ । **पलाँशको फूल** कथासङ्ग्रहका ६ वटा कथाहरूमध्ये उत्कृष्ट कथाको रूपमा रहेको यस कथालाई एकाङ्कीका रूपमा मञ्चन गर्दा अभिनेत्री शकुन्तला शर्माले उत्कृष्ट बालपुरस्कारसमेत प्राप्त गरेकी थिइन् ।[३] स्वयम् जगतमर्दन थापाले यस एकाङ्कीमा नायकको भूमिकामा अभिनय गरेका थिए । तत्कालीन समयको सहरिया परिवेशका युवायुवतीको सस्तो प्रेमलाई यथार्थवादी शैलीमा प्रस्तुत गर्न सफल यो कथासङ्ग्रह उनको हालसम्मकै एक मात्र कथासङ्ग्रह हो, जसले जगतमर्दन थापालाई एउटा सफल कथाकारका रूपमा राख्न सफल भयो । यसै एकाङ्की रूपी कथामा सफलता पाएपछि नै उनले अन्य कथाहरू लेखेर सङ्गृहीत गर्ने प्रेरणा पाए ।

हालसम्म यिनै ६ वटा कथाहरूको सङ्ग्रह **पलाँशको फूल** बाहेक अन्य फुटकर कथा र कथासङ्ग्रहहरू प्रकाशित छैनन् । यिनका जे जति कथागत प्रवृत्तिहरू छन्, तिनलाई केलाउनका लागि **पलाँशको फूल** कथासङ्ग्रहलाई नै आधार बनाउनुपर्ने हुन्छ । त्यसैले यिनको कथाकार व्यक्तित्वलाई झल्काउनका लागि यस कथासङ्ग्रहले उल्लेखनीय भूमिका खेलेको छ । वि.सं. १९९१ सालदेखि नेपाली कथाले आधुनिक मोड लिएको मानिन्छ र त्यही आधुनिक कालको खुड्किलामा टेकेर जगतमर्दन थापाले कथाहरू लेखेका छन् । उनका कथामा यथार्थवाद र मनोविश्लेषणको संयोजन पाइन्छ । त्यही आधुनिकतालाई निरन्तरता दिने क्रममा जगतमर्दन थापाले २०१० सालदेखि २०२१ सालसम्म नेपाली सहरी समाजमा घटित घटनालाई कथाका माध्यमबाट देखाउने काम गरेका छन् । स्वच्छ प्रेमी जीवनको समर्थन गर्दै तत्कालीन सामाजिक विचलन र विकृतिप्रति चेतनायुक्त व्यङ्ग्य प्रहार गर्दै युगीन प्रतिबिम्बको चित्राङ्कन उनका कथामा

३. दयाराम पाण्डेय, पूर्ववत्,(पृष्ठ थाहा नभएको) ।

पाइन्छ । मानवीय मनका उतार चढावलाई यथावत् रूपले चित्रण गर्दै त्यसले समाजमा निम्त्याउने खतराको चित्रण गर्नु उनको कथागत वैशिष्ट्य हो । साहित्य एकातिर लोककल्याणका लागि लेखिन्छ भने अर्कातिर शिक्षा सन्देशका लागि लेखिन्छ । आधुनिक भौतिक सुखसुविधा सम्पन्न सहरिया परिवेशमा जन्मी हुर्की गरेका शिक्षित भनाउँदा युवायुवतीको यथार्थ जीवनको प्रतिबिम्ब जगतमर्दन थापाका कथामा पाइन्छ । पैतृक धनसम्पतिले भरिभराउ परिवार भए पनि आत्मिक प्रेमको अभावले मानव जीवन नै तहस नहस भएको रहस्योद्घाटन उनका कथाले गरेका छन् । विवाह बन्धनमा बाँधिएर पनि लोग्नेले स्वास्नीको इच्छा र चाहनालाई बुझ्न नसक्नु र स्वास्नीले पनि लोग्नेको मनोभावना बुझ्न नचाहनुले प्रत्येक कथाका घटनाहरू वियोगान्त बन्न पुगेका छन् । कुनै कथामा नायक नायिकाद्वारा पीडित छन् भने कुनै कथामा नायिका नायकद्वारा प्रताडित छन् । त्यसैले उनका कथामा आधुनिक शिक्षित सहरिया परिवेशका युवायुवतीको सस्तो प्रेम र त्यसले समाजमा फैलाउने खराब सन्देशप्रति व्यङ्ग्य गर्दै समाजसुधारको अपेक्षा पाइन्छ ।

## ३.२.२ गीतकार व्यक्तित्व

वि.सं. २०१९ सालमा रत्नदास प्रकाशका सुपुत्र प्रेमदास प्रकाशको सङ्गीत निर्देशन र जगतमर्दन थापाको शब्दरचनामा तलको गीत रेकर्ड भएको थियो र जगतमर्दन थापा गीतकारका रूपमा चिनिएका थिए ।

*माया लुकाई लुक्दैन घुसघुसे बानीमा ।*
*आखिर त्यो झल्किहाल्छ आँखाको नानीमा ॥*[४]

हुन त जगतमर्दन थापा आफूलाई गायक भनी चिनाउन खोज्दछन् तर उनले गायनका अतिरिक्त गीत पनि लेखेका छन् । आफूले पहिले लेखेको र रेकर्ड गराएको गीत कहाँ छ ? त्यो जगतमर्दन थापालाई पनि थाहा छैन । यसरी नै उनका धेरै गीतहरू हराए । थापाले वि.सं. २०१९ सालमा कलकत्ताको **हिज मास्टर्स भ्वाइस** (H.M.V.) मा रेकर्ड गराएका गीतहरू भने अझै सुरक्षित रहेका छन्: जस्तै-

*कोइलीले सम्झाइदियो बितेको त्यो दिन ।*
*सधैं साथी तिम्रो याद आउँछ यो किन ॥*[५]

कलकत्तामा रेकर्ड गरिएको यस गीतमा सङ्गीत महेन्द्र निकेतनको थियो भने स्वर र शब्द रचना जगतमर्दन थापाको रहेको थियो । त्यस समयमा नेपालमा गीत रेकर्डका लागि रेकर्डिङ् स्टुडियो नभएकाले गीत रेकर्ड गर्न चार दिन हिँडेर कलकत्ता र मुम्बई जानुपर्ने कुरा

---

४. दयाराम पाण्डेय, पूर्ववत, (पृष्ठ थाहा नभएको) ।
५. ऐजन ।

थापा बताउँछन् ।[६] थापालाई एक कुशल गीतकारका रूपमा चिनाउन सफल एक मात्र गीतसङ्ग्रह **दिलको आवाज** (२०२१) रहेको छ । जम्मा एक सयवटा गीतहरूको सङ्ग्रहका रूपमा प्रकाशित यस कृतिमा लोकगीत, आधुनिक गीत, तामाङ्सेलो, युगल गीत, आदि प्रकारका गीतहरू समावेश गरेका छन् । वि.सं. २०१४ सालदेखि वि.सं. २०२१ सालसम्म रचित गीतहरूको सङ्ग्रहका रूपमा देखापरेको यस कृतिमा धेरैजसो गीतहरू प्रेमभावले युक्त भएका छन् । प्रेमका संयोग र वियोग दुवै भावलाई व्यक्त गर्दै संयोग भाव भएका गीतमा मायालुलाई भेट्दा हृदय मस्किने, मायालुलाई हृदयमा भेट्ने, आँखाले नै प्रेमको परिभाषाको कार्य गर्ने, लुकेर हानेको तीर हृदयमा पिर बन्ने विचार व्यक्त गरेका छन् ।[७]

**दिलको आवाज** गीतसङ्ग्रहमा जगतमर्दन थापाले केही राष्ट्रिय गीतहरू पनि लेखेका छन्, जसमा नेपालीलाई प्रगतिको शिखरमा पुऱ्याउने विचार प्रकट गरिएको छ । त्यसबेला खुल्नै लागेको पूर्व-पश्चिम राजमार्गलाई उनले प्रगतिको ढोकाका रूपमा चित्रण गर्दै तत्कालीन राजा श्री ५ महेन्द्रद्वारा देशविकास हुनसक्ने विचार व्यक्त गरेका छन् ।[८] यिनका गीतहरूमा राष्ट्र, जनता, मानवतावादी सच्चा प्रेमका साथै माया पिरतीका भावहरू झल्केका छन् । चोखा भावनाहरूलाई तत्कालै हृदयमा मथेर आफ्ना गीतहरूको रसपान गराउन सक्ने थापाका सम्पूर्ण गीतहरू सङ्गीतबद्ध रहेका छन् ।

## ३.२.३ एकाङ्कीकार व्यक्तित्व

साहित्यकार जगतमर्दन थापाको कलम एकाङ्कीका क्षेत्रमा पनि त्यत्तिकै सफल रूपमा चलेको पाइन्छ । एकाङ्की सङ्ग्रहका रूपमा पुस्तकाकार कृति प्रकाशित गर्न नसके तापनि उनले **पलाँशको फूल** शीर्षकको एकाङ्की लेखेर मञ्चनसमेत गराएको जानकारी पाइन्छ । वि.सं. २०२१ सालतिर विश्वबन्धु पुस्तकालयबाट राष्ट्रिय नाचघरमा एक रमाइलो झलक कार्यक्रमअन्तर्गत यो एकाङ्की मञ्चन गरिएको थियो । सुरुमा एकाङ्कीका नामले मञ्चित र प्रदर्शित यो एकाङ्की पछि कथाका रूपमा परिणत भई कथासङ्ग्रहकै प्रतिनिधि कथा बनेर छापियो । सामाजिक विषयवस्तु, मञ्चनीयता, तत्कालीन सहरी समाजको सफल चित्रण गरिएको यस एकाङ्कीमा निराशावादी जीवन दृष्टि प्रस्तुत गरिएको छ । स्वयम् एकाङ्कीकार थापाले नायकको भूमिका र शकुन्तला शर्माले नायिकाको भूमिकामा अभिनय

६. ऐजन ।
७.कृष्णहरि बराल, पूर्ववत, पृष्ठ १६८ ।
८. ऐजन ।

गरेको यो एकाङ्कीले शकुन्तला शर्मालाई उत्कृष्ट बालपुरस्कार प्रदान गरेको थियो । यही एकाङ्कीले जगतमर्दन थापालाई एकाङ्कीकार व्यक्तित्वका रूपमा चिनाएको छ ।

### ३.२.४ बालसाहित्यकार र कवि व्यक्तित्व

जीवनमा कुनै पनि साहित्यकारले एकपटक कविता लेखेकै हुन्छ वा उसलाई कविताको भाव फुरेकै हुन्छ । त्यस्तै जगतमर्दन थापाले पनि सुरुमा कविता विधामा हात हाली साहित्यिक क्षेत्रमा अवतरण गरेका थिए । सानै उमेरदेखि फाटफुट रूपमा कविता कोर्दै आएका थापाले वि.सं. २०१३ सालमा प्रथमपटक रेडियो नेपालबाट कविता वाचन गरेर आफ्नो औपचारिक साहित्यिक यात्राको थालनी गरेको पाइन्छ । तर त्यो कविताको शीर्षक के थियो र त्यो कहाँ छ ? स्वयम् जगतमर्दन थापालाई नै थाहा छैन । यसरी नै उनका धेरै कविताहरू हराएकोमा यिनी दुःखी छन् । त्यस्तै बालसाहित्यका फाँटमा पनि उनले कलम चलाएको पाइन्छ । वि.सं. २०१६ सालदेखि २०२० सालसम्म लगातार छात्र कार्यक्रम, नारी कार्यक्रममार्फत बालोपयोगी लेखहरू रेडियो नेपालबाट प्रसारण गरेको जानकारी पाइन्छ । तर हाल ती लेखरचनाहरू पनि अप्राप्य नै रहेका छन् ।[९]

## ३.३ जगतमर्दन थापाको साहित्येतर व्यक्तित्व

साहित्यबाहेक अन्य क्षेत्रमा पनि जगतमर्दन थापाले आफ्नो व्यक्तित्व निर्माण गरेका छन् । ती व्यक्तित्वलाई पनि विभिन्न बुँदामा विभाजन गरी व्याख्या विश्लेषण गरिएको छ ।

### ३.३.१ प्रशासनिक व्यक्तित्व

बी.ए. सम्मको औपचारिक शिक्षा समाप्त गरेपछि जगतमर्दन थापा आफ्नो घरायसी पारिवारिक आर्थिक स्थिति खस्कँदै गएका कारण सरकारी सेवामा प्रवेश गरेका हुन् । पिताको तलबले परिवारको समस्या समाधान गर्न नसकेपछि त्यसको आंशिक जिम्मेवारी जेठा छोराको स्थानमा रहेका जगतमर्दन थापाको काँधमा आइपरेको देखिन्छ । गायन र लेखन क्षेत्रमा लागेर आफ्नो पेट पाल्न मुस्किल पर्ने त्यस समयमा एउटा पुस्तकको मूल्य चार रूपैयाँ थियो । त्यही आर्थिक सङ्कटलाई टार्नका लागि जगतमर्दन थापा वि.सं. २०२० सालमा कर्मचारी सञ्चयकोशमा जागिरे हुन पुगे । सरकारी सेवामा प्रवेशपछि उनको साहित्यिक व्यक्तित्व ओझेलमा पर्दै गयो र उनको प्रशासनिक व्यक्तित्व प्रबल बन्दै गयो । प्रशासनिक क्षेत्रका विभिन्न तहमा रहेर कार्य गर्न थालेका थापा कर्मचारी सञ्चयकोशबाट श्री ५ को सरकारको सेवामा अधिकृत पदमा नियुक्ति

---

९. शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

पाएपछि सङ्गीत र साहित्य लेखनतिर कार्यालयको व्यस्तताले भने जति समय दिन नसकेकोमा थापा दु:खी छन् ।[१०]

कर्मचारी सञ्चयकोशमा ६ वर्ष ६ महिना, उद्योग तथा वाणिज्य मन्त्रालयमा शाखा अधिकृत पदमा ४ वर्ष, वाणिज्य विभागमा १ वर्ष, प्रशासन व्यवस्थापन विभाग र मन्त्री परिषद् सचिवालयमा ३ वर्ष ६ महिना, कृषि चुन उद्योग लि.मा ८ वर्ष २ महिना, अर्थमन्त्रालय अधिकृत करकार्यालय राजविराजमा ३ वर्ष ८ महिना, निर्माण तथा यातायात मन्त्रालयमा उपसचिव ४ वर्ष, साामान्य प्रशासन मन्त्रालयमा उपसचिव ४ वर्ष गरी जम्मा ३३ वर्षे सरकारी जागिरे जीवनपछि गृहमन्त्रालयको नियमअनुसार उमेरको हदले हाल निवृत्तिभरणयुक्त स्वतन्त्र जीवन बिताइरहेका छन् । यसरी जीवनको महत्त्वपूर्ण समय प्रशासनिक क्षेत्रमा आफ्नो पदीय दायित्व पूरा गरी एक कुशल प्रशासक र इमानदार व्यक्तित्वको निर्माण गर्न थापा सफल देखिन्छन् ।

## ३.३.२ गायक व्यक्तित्व

साढे चारदशकअघि चर्चाको शिखरमा पुगेको **माया लुकाई लुक्दैन** बोलको गीत आजसम्म पनि त्यत्तिकै कर्णप्रिय र श्रुतिरम्य रहेको छ । एउटा युगले फड्को मारिसकेको यो गीत आज पनि श्रोता र गायकबीच सुन्ने सुनाउने एउटा सेतु बनेको छ । अतीतदेखि वर्तमानसम्म आफ्ना गीतहरूको खुराकी बाँड्दै हिँड्ने जगतमर्दन थापा मृदुकण्ठ प्रवाहकका रूपमा चिनिन्छन् ।[११] वि.सं. २०१९ सालमा कलकत्तास्थित **हिज मास्टर्स भ्वाइस** मा रेकर्ड भएको **माया लुकाई लुक्दैन** बोलको गीतले थापालाई गायकको रूपमा चिनाएको छ । त्यसैताका रेकर्ड गरिएको अर्को गीत **कोइलीले सम्झाइदियो बितेको त्यो दिन** बोलको गीतले थापालाई अझ राम्रा गायकको रूपमा स्थापित गरिदियो । वि.सं.२०१३ सालदेखि गीत रेकर्ड गराउँदै आएका थापाले अहिलेसम्म दसवटा जति गीत रेकर्ड गराइसकेका छन् । आधुनिक गीत गाउन र लेख्न मन पराउने थापा एकल र युगल गीत समेत गाउन सफल छन् । घनिष्ट साथीभाइहरू र विश्वबन्धु पुस्तकालयबाट साङ्गीतिक क्षेत्रमा लाग्ने प्रेरणा पाएका थापा राम्रो प्रशिक्षण केन्द्रको अभाव, राम्रा बाजागाजाको खाँचो र सङ्गीतको उत्थानमा सरकारले उचित सहयोग गर्न नसकेकोले विविध अभावको सामना गर्नु परेको बताउँछन् ।

---

१०. डब्बु क्षत्री, पूर्ववत पृष्ठ २ ।
११. ऐजन ।

बाल्यकालदेखि नै गीत गाउन मन पराउने थापालाई लोकगीत, आधुनिक गीत, हिन्दी गीत र गजलका साथै फिल्मी गीतप्रति विशेष चासो रहेको देखिन्छ । गीतसङ्गीतलाई तपस्याको रूपमा परिभाषित गर्ने थापा मेहनत, लगन, अध्ययन र रियाजद्वारा शब्दको गहिराइमा पुग्न सक्ने विचार व्यक्त गर्दछन् । शास्त्रीय सङ्गीतको सामान्य ज्ञान नभई कुनै पनि गायक आफ्नो गायन क्षेत्रमा सफल हुन नसक्ने कुरा थापा बताउँछन् । सङ्गीतलाई सोखको रूपमा लिने थापाले अन्य साङ्गीतिक समूहसँग मिलेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा कन्सर्ट दिइसकेका छन् ।[१२] प्राविधिक कारणले अहिलेको साङ्गीतिक क्षेत्र पहिलेको भन्दा गुणस्तरीय, व्यापक र प्रतिस्पर्धात्मक भए तापनि दर्शक र श्रोताको मन जित्ने क्रममा अहिलेका गीतहरू पहिलेका तुलनामा कमजोर बन्दै गएको थापा महसुस गर्दछन् । ४५ वर्षअघि नै गायकको क्षेत्रमा आफ्नो नाम दर्ता गराइसकेका थापा ३३ वर्ष सरकारी सेवामा कार्यरत भएपछि गायन क्षेत्रमा उचित समय दिन नसकेको बताउँछन् ।

सेवाबाट निवृत्त भएपछि अथवा वि.सं. २०५८ सालदेखि फुर्सदको समय सदुपयोग, छोरा मोहितमर्दन थापा र उनका हितैषी साथीहरूको अथक प्रयास र प्रेरणाबाट जगतमर्दन थापा पुनः गायन क्षेत्रमा फर्केका छन् । त्यही प्रयास र जोशको परिणामस्वरूप हालको अत्याधुनिक प्रविधिका साथ थोरै समय र थोरै रियाजमात्रै गरेर ४ वटा नयाँ र ४ वटा पुराना गीतहरूलाई सङ्कलन गरी ४० वर्षअघि ४० वर्षपछि नामक ८ वटा गीतहरूको गीति एल्वम विमोचित गराई श्रोतामाझ ल्याएका छन् । यस एल्वममा स्वर र शब्दरचना जगतमर्दन थापाको रहको छ भने गायिकाद्वय लोचन भट्टराई र शर्मिला बर्देवाले पनि साथ दिएका छन् ।[१३] यसरी जगतमर्दन थापालाई गायक व्यक्तित्वका रूपमा लिनु औचित्यपूर्ण देखिन्छ ।

## ३.३.३ सङ्गीतकार व्यक्तित्व

गायक हुन कमसे कम सङ्गीतको प्राथमिक ज्ञान हुन आवश्यक ठान्ने जगतमर्दन थापा शास्त्रीय सङ्गीतको ज्ञान र रियाजबाट मात्र सुर र तालको वास्तविक ज्ञान भई गला माधुर्य र कर्णप्रिय अर्थात् सौन्दर्यमा सुगन्ध थप्ने विचारमा दृढ देखिन्छन् । सुरुमा दुई वर्षजति आदरणीय गुरु रङ्गराव कादम्बरीसँग शास्त्रीय सङ्गीत सिकेका थापा लामो समयको विश्रामपछि हाल केही वर्ष यता सङ्गीतप्रवीण नरराज ढकालका छोरा प्रभुराज

---

१२. "गीतहरूको स्तर घट्दै गएको छ" **गोरखापत्र**, पूर्ववत, पृष्ठ १२ ।

१३. "जगतमर्दन थापाको गीति एल्वम विमोचित" **राजधानी दैनिक** (वर्ष१, अङ्क१३७, पृष्ठ ११, २०५८ कार्तिक २) पृ.११ ।

ढकालसँग ढकालकै निवासमा शास्त्रीय सङ्गीत सिकिरहेका छन् ।[१४] **प्रयाग सङ्गीत समिति** इलाहावादबाट सिनियर डिप्लोमा गरिसकेका थापा हाल बी म्युजिकमा अध्ययनरत छन् ।[१५]

जगतमर्दन थापा गीत रेकर्ड गराउनका लागि कलकत्ता पुगेर आफ्नै शब्दसङ्गीत र लिलीसिंहको स्वरमा **आशाको दियो बालेर**.........., बोलको गीत रेकर्ड गराएका थिए ।[१६] त्यस्तै कलकत्तामा नै उनले लिलीसिंहसँग मिलेर **आज मलाई इसाऱ्यो कल्ले**........., बोलको गीत रेकर्ड गराएका थिए, जसमा स्वर लोकबहादुर लामा र सङ्गीत स्वयम् जगतमर्दन थापाको रहेको थियो । उनले आफ्नै स्वर र सङ्गीतमा **शीतल छाया**........., **झरझर झरनाले मेरो मन कल्पायो**......... आदि बोलका गीतहरू रेकर्ड गराएका थिए । यसै गरी वि.सं. २०५८ साल कार्तिक १ गते सङ्गीतप्रवीण नरराज ढकालद्वारा काठमाडौँको सांग्रिला होटलमा विमोचित जगतमर्दन थापाको पहिलो गीति एल्वम **४० वर्षअघि ४० वर्षपछि** मा पनि प्रेमदास प्रकाश र महेन्द्र सङ्गीत निकेतनका साथै स्वयम् जगतमर्दन थापाले पनि सङ्गीत दिएका छन् ।[१७]

यसरी आफ्ना तथा अन्य साथीहरूका गीतमा सङ्गीत भर्दै आएका जगतमर्दन थापा गीत र सङ्गीतलाई एक सिक्काका दुई पाटा बराबर ठान्दछन् । आफ्ना धेरैजसो गीतमा स्वर र सङ्गीत दिएकाले जगतमर्दन थापा सङ्गीतकार व्यक्तित्व पनि हुन् ।

## ३.३.४ वाद्यबादक व्यक्तित्व

जगतमर्दन थापा कथाकार, गीतकार, गायक एवम् सङ्गीतकारका साथै वाद्यबादक व्यक्तित्व पनि हुन् । स्वर, सङ्गीत, गीतरचना यी तीनै क्षेत्रमा उत्तिकै सफल मानिने थापालाई साङ्गीतिक क्षेत्रका गहना मान्नुपर्छ । बाल्यकालदेखि नै साहित्य र सङ्गीतप्रति विशेष रुचि राख्ने थापा विद्यालयमा आयोजित विभिन्न सांस्कृतिक कार्यक्रम, सरस्वती पूजा, विद्यालयको वार्षिकोत्सव आदिमा साथीभाइको समूहमा गाउने र बजाउने कार्यमा सरिक भई बाँसुरी, मादल, गितार, हार्मोनियम, आदि बाजाहरू बजाउने र दुःखसुखका साथै माया पिरतीका गीत गाउने गरेको जानकारी पाइन्छ । बिहान बेलुका बाजागाजा बजाउन विशेष रुचि लिने थापा हाल शास्त्रीय सङ्गीत सिकिरहेकाले साथमा हार्मोनियम राखेर सुर र ताल मिलाउँदै आफ्नो मधुर स्वर गुञ्जाइरहेका हुन्छन् ।[१८] प्रायः फुर्सदको समयमा

१४.शोधनायकसँगको छलफलबाट प्राप्त जानकारीअनुसार ।
१५.ऐजन ।
१६. डब्बु क्षत्री, पूर्ववत,पृष्ठ २ ।
१७. ऐजन ।
१८. शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

हार्मोनियम लिएर बस्ने थापा हार्मोनियम बजाउन निपुण छन् । त्यसैले थापालाई वाद्यबादक व्यक्तित्वका स्थानमा राख्नु उचित देखिन्छ ।

## ३.३.५ अभिनेता व्यक्तित्व

विद्यार्थी जीवनदेखि नै विद्यालयमा आयोजित कार्यक्रममा नाटक, एकाङ्की लेख्ने, मञ्चन गर्ने र अभिनयसमेत गर्ने थापाले वि.सं. २०२१ सालमा **पलाँशको फूल** शीर्षकको एकाङ्की लेखी महाराजगञ्जस्थित विश्वबन्धु पुस्तकालयद्वारा आयोजित एक सांस्कृतिक कार्यक्रम रमाइलो झलकअन्तर्गत मञ्चनसमेत गराएका थिए । यो एकाङ्कीमा अभिनय गर्ने नायक एकाङ्की सुरु हुने समयसम्म पनि उपस्थित नभएपछि साथीहरूको अनुरोधमा स्वयम् थापाले नायकको भूमिकामा अभिनय गरेका थिए । त्यसबखत उनले राम्रै अभिनय गरेको कुरा दर्शकहरू प्रशंसित भएबाट प्रमाणित हुन्छ । यही नाटकमा अभिनय गरेबापत शकुन्तला शर्माले उत्कृष्ट बालपुरस्कार प्राप्त गरेकी थिइन् ।[१९] त्यसैले जगतमर्दन थापालाई सफल अभिनेता पनि मानिन्छ ।

## ३.३.६ बहुभाषी व्यक्तित्व

दुई वा दुईभन्दा बढी भाषाको प्रयोग गर्न सक्ने क्षमता भएका व्यक्तिलाई बहुभाषी व्यक्तित्व मानिन्छ । जगतमर्दन थापाको मातृभाषा नेपाली हो । उनले साहित्यिक भाषाका रूपमा नेपालीलाई नै प्रयोग गरेका भए पनि अंग्रेजी, हिन्दी, मैथिली भाषाको ज्ञान पनि उनमा रहेको पाइन्छ । बोलचालको भाषाका रूपमा अंग्रेजी, हिन्दी, मैथिली भाषाको समान प्रयोग गर्न सक्षम थापालाई आफ्नो जन्मथलो रहेको जिल्ला सप्तरी र स्थानीय साथीभाइहरूको सङ्गतबाट मैथिली भाषाको ज्ञान भएको हो ।[२०] त्यस्तै नेपाली भाषाको वर्णविन्याससम्बन्धी ज्ञान आर्जनमा वसन्तकुमार शर्मा 'नेपाल' र शिक्षक केशव अधिकारीबाट सहयोग मिलेको थापा बताउँछन् भने अंग्रेजी भाषाको भाषिक सीप विकासमा गङ्गाधर झा, यदुवंशलाल देव, भगवान दास र भरतराज भट्टराईको उल्लेखनीय योगदान रहेको छ । हिन्दी भाषाको ज्ञान दिनका लागि यदुवंशलाल देवले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थापा बताउँछन् ।[२१] नेपाली भाषाबाहेक अन्य भाषामा साहित्य सिर्जना नगरेका थापा परी आएको खण्डमा कलम चलाउन सक्ने कुरामा विश्वस्त छन् । त्यसैले जगतमर्दन थापा यी चारवटा भाषामा राम्रो दखल भएका व्यक्तित्व हुन् ।

---

१९. दयाराम पाण्डेय, पूर्ववत्,(पृष्ठ थाहा नभएको) ।
२०.शोधनायकसँगको कुराकानीबाट प्राप्त जानकारीअनुसार ।
२१. ऐजन ।

## ३.४. जीवनी, व्यक्तित्व र साहित्य लेखनका बीच अन्तःसम्बन्ध

हालसम्म ७२ वर्ष पार गरिसकेका जगतमर्दन थापाको लामो जीवन विभिन्न परिवेशका बीचमा गुज्रिएको पाइन्छ । यति लामो अवधिको जीवन भोगाइमा बाल्यकालदेखि हालसम्म विभिन्न उतार-चढावहरू पार गर्दै आएका छन् । आफूले भोगेका कठिन र सरल परिस्थितिहरू, कार्यालयमा जागिरे अवस्थामा बटुलेका अनुभवहरू, अन्य स्रोतबाट प्राप्त ज्ञान एवम् सीपबाट आफ्नो जीवन परिपक्व बनाउँदै लगेका छन् । जीवनका तीतामीठा अनुभव र साहित्यकारसँगको सम्पर्कले यिनको साहित्यिक व्यक्तित्व निर्माण भएको देखिन्छ । यसमा जीवनका सङ्घर्ष, मेहनत, निर्भीकता, अध्ययनशीलता र कडा परिश्रमले उनलाई सफलताको शिखरमा पुऱ्याउन मुख्य भूमिका खेलेका छन् । मूलतः कथाकार र गीतकारका रूपमा रहेर आफ्नो साहित्यिक व्यक्तित्व निर्माण गर्दै अघि बढेका थापाका साहित्यिक कृतिहरूमा जीवन भोगाइका कटुयथार्थ, सहरिया सामाजिक परिवेश, आधुनिक भनाउँदा शिक्षित युवायुवतीको भौतिक प्रेमले समाजमा निम्त्याउन सक्ने विकृतिहरूका साथै देशप्रेमको अथाह भाव उरालेको पाइन्छ । प्रायः सहरी परिवेशलाई जस्ताको तस्तै उतार्न सफल थापाको साहित्यिक जीवन उमेरको परिपक्वतासँगै परिष्कृत र परिमार्जित बन्दै गएको देखिन्छ । ३३ वर्षको लामो जीवन सरकारी जागिरमा खर्च गरेका हुनाले उनको साहित्यिक व्यक्तित्व ओझेलमा परेको देखिन्छ ।

**निष्कर्ष**

जगतमर्दन थापाको जीवनी र व्यक्तित्वलाई नियालेर हेर्दा जीवन भोगाइको लामो अनुभव, अनेक उतार-चढावहरू, विभिन्न सङ्घ-संस्थासँगको सम्पर्क, विशिष्ट व्यक्तिहरूसँगको निकटता र उनीहरूको हौसला र प्रेरणाले उनको साहित्य सिर्जनामा राम्रो संयोजन भएको देखिन्छ । उनी प्रारम्भिक साहित्यलेखनदेखि क्रमशः परिष्कृत हुँदै अगाडि बढी वि.सं. २०२१ सालतिरै उत्कर्षमा पुगेका देखिन्छन् । सरकारी सेवामा जागिरे हुन पुगेपछि उनको प्रशासनिक व्यक्तित्व प्रवल र साहित्यिक व्यक्तित्व दुर्बल बन्दै गएको देखिन्छ । वि.सं. २०५८ सालमा सेवाबाट उमेरको हदले अवकाश पाएपछि फुर्सदको समय सदुपयोग र आफ्ना घनिष्ट साथीहरूका साथै छोरा मोहितमर्दन थापाको प्रोत्साहनबाट पुनः साहित्य र सङ्गीतप्रति आकर्षित भएका छन् । उनको व्यावहारिक र सिर्जनशील जीवन निकै सफल र क्रियाशील देखिन्छ ।

# चौंथो परिच्छेद

# जगतमर्दन थापाको कथाकारिताको अध्ययन

## ४.१ कथाको सैद्धान्तिक परिचय

कथा संस्कृत तत्सम शब्द हो । व्युत्पत्तिअनुसार **'कथ्'** धातुमा **'आ'** टाप प्रत्यय लागेर कथा शब्द निर्मित हुन्छ । यसको अर्थ घटना वा आख्यान भएको रचना हुन्छ । पात्र, चरित्र र घटनामा आधारित छोटो गद्यात्मक साहित्यिक रचना भनी नेपाली बृहत् शब्दकोशमा कथाको अर्थ दिइएको छ ।

मानव सभ्यताको प्रारम्भदेखि नै कथा भन्ने र सुन्ने परम्परा मौखिक रूपमा चलिआएको कुरा पूर्वीय तथा पाश्चात्य विद्वान्हरूले स्वीकार गर्दै आएका छन् । पूर्वीय तथा पाश्चात्य साहित्यमा कथाको परम्परा अतिप्राचीन भए तापनि आधुनिक समीक्षाशास्त्रअनुसार यसको जुन रूपलाई विधागत मान्यता प्राप्त भएको छ, त्यो केवल पाश्चात्यजगतको देन हो । १९ औं शताब्दीदेखि प्रारम्भ भएको यस विधालााई कहानी, कथा, किस्सा, आख्यान तथा short story भनी चिनिन्छ । यसले युगसापेक्ष आफ्नो स्वरूप द्रुततर गतिले रूपायित गरेको हुनाले आज यो एक अतिप्रिय तथा प्रभावकारी साहित्यिक विधा भएर विश्वभर फैलिएको छ ।[१] आफ्नै परिवेशको विस्तृत सीमाभित्र स्वतन्त्र र उन्मुक्त रूपले हुर्केको यो एक लचिलो किंवा परिवर्त्य साहित्य-रूप हो । सम्भवतः अन्य मुख्य मुख्य विधाहरूभन्दा कनिष्ठ भएर होला, यसले ठूलो बठ्याइँका साथ ती अन्य विधाहरूका गुण र स्वभावलाई आफूभित्र समाहित गरेर मजबुतीलाई निर्वाह गर्न सकेको छ ।[२]

कथा छोटो आख्यान लिएर तीव्र गतिका साथ पाठकमा प्रभाव जमाउँदै अघि बढ्ने एक साहित्यिक गद्य विधा हो, जसको आरम्भ र अन्त्य आकर्षक तरिकाले हुनुपर्दछ । कथामा एउटा मुख्य कथानक हुन्छ र त्यसैको वरिपरि अन्य भिना मसिना घटनाहरू वा कार्यव्यापारहरू समावेश भएर आउँछन् । १९ औं शताब्दीका आधुनिक कथाकार **एडगर एलेन पो**ले कथालाई यसरी परिभाषित गरेका छन्:-

१. दयाराम श्रेष्ठ (सम्पा.), **नेपाली कथा भाग-४,** काठमाडौंः साझा प्रकाशन (दो.सं.), २०६०, पृष्ठ ६ ।
२. ऐजन ।

'कथा भनेको एउटा यस्तो कथात्मक कृति हो, जुन छोटो हुनाले एक बसाइमै पढेर सिध्याउन सकिन्छ । पाठकमा एउटा प्रभाव जमाउनका निम्ति यो लेखिन्छ र यसरी प्रभाव जमाउन बाधा गर्ने सबै कुरालाई यसमा रहन दिँइदैन । यो आफैंमा पूर्ण हुन्छ ।'[३]

यस परिभाषाअनुसार कथामा कथात्मकता हुनुपर्दछ, आकारमा पनि छोटो, पाठकमा प्रभाव पार्न सक्ने र आफैंमा पूर्ण हुने विशेषता रहनुपर्दछ ।

त्यस्तै अर्का पाश्चात्य कथाकार **ब्रेन्डर म्याथ्युज**ले कथाको परिभाषा यसरी दिएका छन्-

'कथाले अन्ततः एक मात्र चरित्र वा एउटै परिस्थितिबाट उद्भूत भई विभिन्न संवेगहरूको श्रृङ्खलासँग मात्र सरोकार राख्दछ । यस विधामा अङ्गगत समन्विति हुन्छ ।'

यसरी विभिन्न विद्वान्हरूले कथाको परिभाषा दिने क्रममा कसैले छोटो आयाममा जोड दिएका छन् भने कसैले प्रभावोत्पादनमा जोड दिएका छन् । त्यस्तै कसैले एउटा सानो आँखी झ्यालका रूपमा कथालाई परिभाषित गरेका छन् त कसैले घोडा दौडको एक दौडका रूपमा कथालाई चिनाएका छन् । यसरी कथा छोटो आयाममा आबद्ध छोटै आख्यानलाई बाकेर द्रुततर गतिका साथ अगाडि बढेको गद्यात्मक साहित्य हो । कथा एउटा रमणीय बगैंचा नभएर एउटा त्यस्तो गमला हो, जसमा एउटै मात्र बोटको माधुर्य समुन्नत रूपमा देखापरेको हुन्छ । त्यसैले कथामा संक्षिप्तता र प्रभावकारिता हुनु आवश्यक छ ।

मोटामोटी रूपमा कथाको स्वरूपलाई यसरी चिनाउने गरेको पाइन्छ-

– यो एक सशक्त आख्यानात्मक गद्य रचना हो ।

– यो एक निश्चित प्रकारको संक्षिप्त संरचनामा निबद्ध रहेर पनि आफैंमा पूर्ण हुन्छ ।

– यसको आफ्नै प्रकारको स्थापत्यगत कलामूल्य हुन्छ ।

– यसमा प्रभावान्विति नै मूल मेरुदण्डका रूपमा रहेको हुन्छ । [४]

जीवनजगत्को कुनै एक पाटोलाई लिएर त्यस विषयमा कुनै कथाकारले आफ्ना विचार तथा भावनालाई सञ्चरण गर्दछ र सानो आयातनमा सुन्दर तरिकाले सचित्र बयान गर्दछ भने त्यो छोटो कथा हुन्छ ।

## ४.२ कथाका आवश्यक तत्त्वहरू

३. ऐजन, पृष्ठ ७ ।
४. ऐजन, पृष्ठ ८ ।

कथा एक यौगिक रचना भएकाले यसको निर्माणका लागि विभिन्न सामग्रीको आवश्यकता पर्दछ । जस्तै एउटा घर निर्माणका लागि ढुङ्गा, माटो, ईँटा, काठ, फलामका छड आदि चाहिएजस्तै कथा रचनाका लागि पनि विभिन्न एकाइहरूको संयोजन गर्नुपर्ने हुन्छ । ती तत्त्व वा एकाइहरूका बीचमा अन्योन्याश्रित सम्बन्ध पनि रहेको हुन्छ । यसरी साना एकाइबाट ठूला एकाइहरूको निर्माण हुने क्रममा कथाको निर्माण भई एउटा निश्चित स्वरूप प्राप्त हुन्छ । कथाको रचनामा विभिन्न तत्त्वहरूको संयोजन हुन्छ, जसको समुचित प्रयोग र अन्तर्मिश्रणबाट नै कथाको स्पष्ट स्वरूप तयार हुन्छ । आधुनिक समालोचकहरूले यिनलाई तत्त्व नभनेर उपकरण पनि भनेका छन् । ती एकाइहरूका बीचमा अभिन्न सम्बन्ध हुने हुनाले यिनलाई अलग राखेर हेर्नु युक्तिपूर्ण हुँदैन तापनि साहित्यशास्त्रीहरूले सुविधाका लागि कथाका उपकरणहरू भनेर विभाजन गरेका छन् ।

परम्परागत तथा पुराना साहित्यशास्त्रीहरूले कथा रचनाका लागि निम्नलिखित उपकरणलाई स्वीकार गरेका छन्-

कथावस्तु

पात्र वा चरित्र

संवाद वा कथोपकथन

देश, काल र परिस्थिति

उद्देश्य

भाषाशैली

माथि उल्लेख गरिएका कथाका तत्त्वहरू बढी पुराना र परम्परावादी रहेका छन् । तर आधुनिक नयाँ समालोचनाशास्त्रअनुसार कथाको रचनाविधानलाई आधार मानेर भिन्न किसिमका तत्त्वहरू निर्धारण गरेका छन् । ती तत्त्वहरू यसप्रकार छन् :-[५]

**क) रुचिक्षेत्र**

रुचिक्षेत्र कथाको अनिवार्य तत्त्व हो, यसले विषयवस्तु र त्यसको चयनको क्षेत्रलाई जनाउँछ । कथाकारले एउटा पूर्ण कथा निर्माण गर्नुभन्दा पहिले उसको कुन क्षेत्रको विषयप्रति बढी रुचि छ, त्यस रुचिका आधारमा उसले विषयवस्तुको चयन गर्दछ । त्यो क्षेत्रको विषयवस्तु चयन गरिसकेपछि सोही विषयवस्तुसुहाउँदा पात्रको सिर्जना गरी उनीहरूको स्तरअनुसार कथामा घटनाहरूको संयोजन गर्दछन् । कुनै कथाकारले आफ्ना

५. ऐजन, पृष्ठ १९७ ।

कथामा सामाजिक विषयलाई रुचिक्षेत्र बनाएका हुन्छन् त कुनै कथाकारले पात्रको अन्तरकुन्तरमा पसेर उनीहरूको मनोविज्ञानलाई बाहिर प्रकट गर्ने रुचि लिएका हुन्छन् । सामाजिक विषयवस्तुलाई आफ्नो रुचिक्षेत्र बनाएर कथा लेख्ने कथाकारले सहरी तथा ग्रामीण समाजमा बसोबास गर्ने मानिसको रहनसहन, बानीव्यवहार, इच्छा, आकांक्षा र जीवनशैलीलाई जस्ताको तस्तै प्रस्तुत गर्दछन् भने मनोविज्ञानलाई आफ्नो रुचिक्षेत्र बनाउने कथाकारहरू पात्रको आन्तरिक पक्षको चित्रणमा केन्द्रित हुन्छन् । पात्रको आन्तरिक मनको चित्रण, चेतन र अचेतन मनका बीच द्वन्द्व, पात्रको मनका आवेग, संवेग तथा मनोवेगको चित्रण, पात्रको कल्पना र स्वप्नलोकको विचरणका साथै यौनकुण्ठालाई देखाउने काम गर्दछन् । ग्रामीण समाजका मानिसहरू कुन प्रकारको जीवनशैलीमा बाँचेका हुन्छन् र ती मानिसहरूको सामाजिक, आर्थिक तथा सांस्कृतिक पृष्ठभूमिका साथै उनीहरूका इच्छा र आकांक्षाहरू के कस्ता हुन्छन् भन्ने यथार्थमाथि प्रकाश पार्ने काम सामाजिक कथाहरूमा गरिएको हुन्छ । के गाउँ, के सहर, के राम्रो, के नराम्रो सबै पक्षलाई उत्तिकै महत्त्वका साथ हेर्ने काम सामाजिक विषयवस्तुको चयन गर्ने कथाकारले गरेका हुन्छन् । विषयवस्तु चयनको रुचिका आधारमा कथालाई विभिन्न भागमा विभाजन गर्न सकिन्छ । सामाजिक कथा, मनोवैज्ञानिक कथा, प्रगतिवादी कथा, अस्तित्ववादी कथा, ऐतिहासिक कथा, पौराणिक कथा, धार्मिक कथा आदि ।[६]

यसरी कथाकारले रोजेको विषयवस्तुको क्षेत्रलाई रुचिक्षेत्र भनिन्छ । आफ्नो रुचिक्षेत्रको चयनपछि कथाकारले सोहीअनुसारको कथावस्तु, पात्र, घटना, क्रियाव्यापार, द्वन्द्व, परिवेश आदिको सिर्जना गरी आफ्नो विचार, भाव वा दृष्टिकोणलाई कथाका माध्यमबाट प्रस्तुत गर्दछन् । त्यसैले कथाकारले इच्छा गरेको विषयवस्तु चयनको स्रोत नै रुचिक्षेत्र हो ।

**ख) रीतिक्षेत्र**

रीतिक्षेत्र भनेको कथाकारले विषयवस्तु चयनको क्षेत्र निर्धारण गरिसकेपछि त्यसलाई प्रस्तुत गर्ने तरिका हो । विषयवस्तुको प्रस्तुतीकरण गर्ने तरिकालाई नै रीति वा प्रणाली भनिन्छ । एउटै विषयको कथालाई विभिन्न रीति वा प्रणालीमा लेख्न सकिन्छ ।[७] यथार्थवादी रीतिअनुसार लेखिएका कथाहरूमा भावुकता, कल्पना, आदर्श, आत्मपरकताजस्ता विशेषता पाइँदैन । यस्ता कथाहरूमा वस्तुपरकता, तथ्यपरकता र सत्यताको मात्रा प्रबल रहेको हुन्छ । कथावस्तुमा घटित घटना र पात्रलाई विषयवस्तुअनुसार सुहाउँदो

६. ऐजन, पृष्ठ १४ ।
७. ऐजन, पृष्ठ १५ ।

गरी समाजबाट टपक्क टिपेर थपक्क राख्ने काम यथार्थवादी रीति अँगाल्ने कथाकारले गरेका हुन्छन् । तर यसको विपरीत स्वच्छन्दतावादी रीति अँगाल्ने कथाकारहरू आदर्शता, भावुकता, आत्मपरकता र उडन्ते कल्पनाको भवसागरमा डुबुल्की मार्न पछि पर्दैनन् । कल्पना र सपनाको संसारमा पाठकलाई विचरण गराउँदै भावुकतापूर्ण अभिव्यक्तिको स्वाद चखाउने लक्ष्य स्वच्छन्दतावादी रीतिअनुसार कथा लेख्ने कथाकारको हुन्छ । कथाको विषयवस्तुअनुसार प्रस्तुत रीति वा प्रणालीका आधारमा यथार्थवादी कथा, स्वच्छन्दतावादी कथा, प्रयोगवादी कथा, विचारप्रधान कथा, घटनाप्रधान कथा गरी विभिन्न वर्गमा विभाजन गर्न सकिन्छ ।[८]

यसरी रीति भनेको कथाको विषयवस्तुलाई प्रस्तुत गर्ने प्रणाली वा तरिका हो । कथाकारले आफ्ना कथामा कहिले यथार्थवादी रीतिको प्रयोग गर्दछन् त कहिले त्यही विषयवस्तुलाई स्वच्छन्दतावादी रीतिअनुसार व्यक्त गर्दछन् । रीतिक्षेत्रका आधारमा यथार्थवादी कथाकार, स्वच्छन्दतावादी कथाकार, प्रयोगवादी कथाकार भनी कथाकारलाई समेत विभिन्न वर्गमा राखेको पाइन्छ । त्यसैले रीति भनेको कथाको विषयवस्तुको प्रस्तुतीकरण गर्ने तरिका हो र यो कथा रचनाका लागि आवश्यक तत्त्व पनि हो ।

**ग) अर्थसापेक्ष**

कथाकारले आफ्नो कथाको सारवस्तुलाई पाठकसमक्ष सम्प्रेषण गर्नका लागि विभिन्न रणनीतिहरू अँगालेको हुन्छ । कुनै कथाकारले प्रतीकलाई आधार बनाएर त कुनै कथाकारले रूपक वा स्वैरकल्पनालाई आधार बनाएर आफ्नो विचार, भाव वा दृष्टिकोणलाई व्यक्त गर्ने गर्दछन् । यति भएर पनि सामान्यतया धेरैजसो कथाकारहरूले अभिधात्मक अर्थको तहलाई नै बढी प्रभावकारी ठानेर प्रयोग गर्ने गरेको हामी पाउँदछौं ।[९] आफ्नो भाव वा विचारलाई सरल, सहज र स्वाभाविक रूपमा जो कोहीले बुझ्ने गरी प्रस्तुत गरिने अर्थको सोझो तहलाई जब कथाकारले कथाका माध्यमबाट प्रक्षेपण गर्दछ, तब त्यस कथाले अभिधात्मक अर्थसापेक्षको रूप लिन्छ । शिक्षा, अर्ती, उपदेश तथा सन्देशमूलक कथाहरू बढी अभिधात्मक हुन्छन् । यस्ता कथामा प्रतीक, रूपक वा स्वैरकल्पनाको प्रयोग गरिएको हुँदैन । कथा सरसर्ती पढ्दै जाँदा पाठकले कुनै बौद्धिक कसरत नगरी कथाको भावबोध गर्न सक्ने कथाहरू अभिधात्मक हुन्छन् । शीर्षकदेखि लिएर कथाका पात्र र घटनाहरूलाई अभिधात्मक कथामा सरल तरिकाले प्रस्तुत गरिएको हुन्छ ।

८. ऐजन, पृष्ठ १६ ।
९. ऐजन, पृष्ठ २०३ ।

तर कुनै कथाकारले आफ्नो विचार, भाव वा दृष्टिकोणलाई सरल वा प्रत्यक्ष रूपले प्रस्तुत नगरी अप्रत्यक्ष वा घुमाउरो पाराले व्यक्त गर्ने गर्दछन् । कथाको शीर्षकदेखि लिएर कथानकका बीच बीचमा विभिन्न प्रतीकहरूको प्रयोग गरी अर्थको गाँठो फुकाउन पाठकलाई बौद्धिक कसरतको जरुरी पर्ने हुन्छ र पाठकले आफ्नो योग्यता र क्षमताअनुसारको अर्थ ग्रहण गर्नुपर्ने हुन्छ भने यस्ता कथाहरू प्रतीकात्मक अर्थसापेक्षमा आधारित हुन्छन् । कुनै पनि मूर्त वा अमूर्त वस्तु जब कथामा प्रतीक बनेर आउँछ, त्यसबेला त्यो प्रतीक आफैं सक्रिय बनी त्यसले सम्पूर्ण विषयवस्तुलाई प्रभावित गर्दछ ।[१०]

यसरी कथाको अर्थसापेक्षअन्तर्गत अर्थका अभिधात्मक र प्रतीकात्मक तह रहेका हुन्छन् । अभिधात्मक अर्थसापेक्षका आधारमा लेखिएका कथाहरू सरल, सहज, सरस एवम् सन्देशमूलक र सम्प्रेषणीय हुन्छन् भने प्रतीकात्मक अर्थसापेक्षमा आधारित कथाहरू बौद्धिक, दुरुह र अर्थको गाँठो फुकाउन कठिन हुन्छन् । सामान्य पाठकका लागि सहजै बोधगम्य नहुने कथाहरू प्रतीकात्मक कथा हुन् । कथाकारले कथाको रचना गर्दा अर्थको कुन तहबाट आफ्नो विचार प्रक्षेपण गर्ने भन्ने कुराको ख्याल गरी सोहीअनुसारको शीर्षक, विषयवस्तु, घटना तथा पात्रको चयन गर्ने हुनाले यो कथाको अनिवार्य अङ्ग बनेको छ ।

**घ) कथानक ढाँचा**

कथानक ढाँचा भनेको कथामा घटित घटनाहरूको संयोजन भन्ने हुन्छ । कथानक विकासको क्रमलाई नै कथानक ढाँचा भनिन्छ । कथाको सुरुदेखि अन्त्यसम्म घटित घटनाहरू कसरी घटेका छन् वा ती घटनाहरू एकपछि अर्को गर्दै क्रमशः व्यवस्थित र श्रृङ्खलाबद्ध भएका छन् कि छैनन्, यस आधारमा कथाको कथानक ढाँचा निर्माण गरिन्छ । कथाकारले कथा रचनाका क्रममा कथानकलाई कस्तो प्रकारले प्रस्तुत गर्ने हो सो कुराको ख्याल गर्नुपर्छ । यदि कथानकको विकासका क्रममा घटित घटनाहरू आदि, मध्य र अन्त्यको श्रृङ्खलामा आबद्ध छन् भने त्यस कथाको कथानक ढाँचा रैखिक हुन्छ । यस्तो प्रकारको कथाको कथानक ढाँचा प्रारम्भ, मध्य र अन्त्यको क्रममा सम्पूर्ण कथावस्तुको संरचना निर्माण भएको हुन्छ । यस्तो ढाँचालाई हेर्ने काम कथामा भएको वा गरिएको मुख्य समस्या र त्यस समस्याले खास खास पात्रहरूमा सृजना गरेको द्वन्द्वले नै गरेको हुन्छ ।[११] प्रायः परम्परागत शैलीमा लेखिएका कथाहरूको कथानक ढाँचा रैखिक हुन्छ । भिनो कथानक लिएर आदि, मध्य र अन्त्यको क्रमलाई भङ्ग गर्दै अगाडि बढेका कथाको कथानक ढाँचा

---

१०. ऐजन ।
११. ऐजन, पृष्ठ २०६ ।

वृत्ताकारीय हुन्छ । वृत्ताकारीय ढाँचामा अगाडि बढेको कथानकमा आदि, मध्य र अन्त्यको सुव्यवस्था हुँदैन । कथानकमा घटित घटनाहरू कहिले विगततिर फर्किएका हुन्छन् त कहिले सपना र कल्पनाका माध्यमबाट विचरित भएका हुन्छन् । पात्रहरूले जब विगततिर फर्किएर आफ्नो अतीतलाई स्मरण गर्न थाल्छन्, तब पूर्वदीप्ति शैलीको प्रयोग हुन्छ । विगत, वर्तमान र भविष्यको वृत्तमा जेलिएका कथाहरूको कथानक ढाँचा वृत्ताकारीय हुन्छ । कथानकको विकास समान गतिमा नभई कहीं द्रुततर गतिमा अघि बढ्छ भने कहीं कथानक नै हराउन पुग्छ । वृत्ताकारीय ढाँचामा लेखिएका कथाहरूमा पात्रको आवेग, संवेग, मनोवेग, सपना, कल्पना र अतृप्तिका साथै भावनाको तीव्र आवेग पाइन्छ । प्रायः मनोवैज्ञानिक कथाहरूको कथानक ढाँचा वृत्ताकारीय हुन्छ र यस्ता कथामा घटित घटनाहरू एकै ठाउँमा फनफनी घुमेका हुन्छन् ।

यसरी कथाकारले कथाको सिर्जना गर्दा कथामा घटित घटनालाई कसरी व्यवस्थित गर्ने हो त्यसको ख्याल गर्नुपर्ने हुन्छ । रैखिक ढाँचामा लेखिएका कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यमा आबद्ध हुन्छ भने वृत्ताकारीय ढाँचामा रचित कथाका घटनाहरू विगत, वर्तमान, भविष्य, भावुकता, कल्पना र सपनालाई कोट्याउँदै वृत्तजस्तो फनफनी घुमेका हुन्छन् ।

**ङ) दृष्टिबिन्दु**

कुनै एउटा विषयमा कथावस्तुको कल्पना गरिसकेपछि कथाकारसामु के प्रश्न उठ्छ भने कल्पित पात्रलाई कुन स्थानमा राखेर त्यस कथावस्तुलाई एउटा ठोस आकार वा संरचना प्रदान गर्ने ? यस प्रश्नको समाधान नै दृष्टिबिन्दुले गर्दछ ।[१२] कथामा प्रयुक्त भोक्ता, पात्र वा सहभागी भएर वस्तुका घात-प्रतिघात, परिवेशका चाप र पींडा तथा स्थितिको सङ्घात भोगिरहेको हुन्छ । लेखकले आफूले भागेका, अनुभव गरेका, भुक्तमान काटेका वस्तुस्थितिको भोक्ताका रूपमा पात्र निर्मित भएको हुन्छ । कथामा कथावस्तुलाई सम्प्रेषणीय र संवेद्य बनाई पाठकसामु उपस्थित गराउने हुनाले दृष्टिविन्दु प्रस्तुतीकरणसँग सम्बद्ध कथाको संरचनात्मक घटक हो । कथयिताले कथा वाचनका लागि उभिन वा बस्नलाई रोजेको ठाउँ नै दृष्टिबिन्दु हो । यसबाटै कथयिताले कसरी घटना एवम् चरित्रहरूको वर्णन तथा उपस्थापन गर्छ भन्ने कुराको निर्धारण गर्दछ । यसले कसले कथा भनेको छ र कसरी कथा भनिएको छ भन्ने कुरालाई बुझाउँछ ।[१३] दृष्टिबिन्दुको प्रयोग

---

१२. ऐजन, पृष्ठ १० ।
१३. कृष्णहरि बराल र नेत्र एटम **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** ललितपुरः साझा प्रकाशन (दो.सं.) पृष्ठ ३९ ।

गर्दा कथासामग्रीको प्रकृति र कथाकारको अभिप्रायलाई ध्यानमा राख्नु अनिवार्य देखिन्छ । कथाकार र पाठकबीचको सम्बन्ध सूत्रको काम गर्दै कथामा प्रयुक्त भावपरिमण्डल, कार्यपीठिका, चरित्रचित्रण आदिमा सजीवता ल्याउन दृष्टिबिन्दुले सहयोग गर्दछ । पात्रको निजी मानसिक, बौद्धिक अवस्थालाई ध्यानमा राखी कुनै क्षणविशेषमा त्यस पात्रले अनुभूत गरेका मनका प्रतिक्रिया, विचार क्षमताको सीमा आदि कथामा पात्रको माध्यमबाट व्यक्त गर्ने क्षमता कथाकारमा हुनुपर्छ । त्यसैले कथात्मक दृष्टिबिन्दु भनेको पात्रको मनभित्रको डुबुल्कीलगाइ हो ।[१४]

कथामा प्रयोग गरिने दृष्टिबिन्दु दुई प्रकारका हुन्छन् । एउटा आन्तरिक दृष्टिबिन्दु र अर्को बाह्य दृष्टिबिन्दु । आन्तरिक दृष्टिबिन्दु पनि केन्द्रीय र परिधीय गरी दुई प्रकारका हुन्छन् र बाह्य दृष्टिबिन्दुचाहिँ सर्वदर्शी, सीमित र वस्तुपरक गरी तीन प्रकारमा विभाजन गरिएको पाइन्छ ।

कथामा प्रथमपुरुष दृष्टिबिन्दुको प्रयोग हुँदा आन्तरिक दृष्टिबिन्दु हुन्छ । कथयिताले कथामा घटना र पात्रको वर्णन गर्दा आफूलाई पनि कथाभित्र समावेश गराउँछ, जसलाई प्रथमपुरुष दृष्टिबिन्दु पनि भनिन्छ । कथामा कथयिताले भन्न चाहेका कुराहरू आत्मकथामा जस्तै **म** पात्रका माध्यमद्वारा व्यक्त गर्दछन् । केन्द्रीय दृष्टिबिन्दुमा स्वयम् कथाकार वा अन्य कुनै पात्र **म** को रूपमा मुख्य पात्र रही कथा प्रस्तुत गर्दछ । मुख्य पात्रको आन्तरिक तथा मानसिक पक्षको चित्रण सूक्ष्मताका साथ प्रथमपुरुष केन्द्रीय दृष्टिबिन्दुमा गरिएको हुन्छ भने परिधीय आन्तरिक दृष्टिबिन्दुमा म पात्र त हुन्छ तर कथामा उसको स्थान गौण र छायामा परेको हुन्छ । कथामा उसले केन्द्रीय घटना र चरित्रभन्दा अलि पर बसेर कथाको बृत्तान्त बताइरहेको हुन्छ ।[१५] यसरी परिधीय दृष्टिबिन्दुमा म पात्रको प्रयोग भए पनि ऊ कथाको परिधिमा बसेर अर्को प्रमुख पात्र वा घटनाका बारेमा वर्णन गरिरहेको हुन्छ ।

कथामा दृष्टिबिन्दु पात्र तृतीय पुरुषमा रहँदा बाह्य दृष्टिबिन्दुको प्रयोग हुन्छ, जसलाई तृतीय पुरुष दृष्टिबिन्दु पनि भनिन्छ । यस्ता खाले कथामा कथयिता नै सम्पूर्ण कथाको ज्ञाता हुन्छ र उसले घटनास्थलभन्दा बाहिर बसेर अरू पात्र वा घटनाका बारेमा टीका टिप्पणी गर्दछ । सर्वदर्शी दृष्टिबिन्दुमा कथाकारले प्रायः सबै पात्रका भावना,

---

१४. दयाराम श्रेष्ठ, पूर्ववत, पृष्ठ ११ ।
१५. कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत, पृष्ठ ४० ।
१६. राजेन्द्र सुवेदी, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** काठमाडौं: साझा प्रकाशन (दो.सं.), २०६४, पृष्ठ १७ ।

विचार र प्रतिक्रियालाई समान तरिकाले वर्णन गर्दै उनीहरूका आन्तरिक जीवनको चिनारी दिन्छ । आफ्ना घटना वा पात्रका कुरालाई सर्वज्ञझैं बनेर कथयिताले नै वर्णन एवम् टिप्पणी गर्दै सबै कुरा कथयिताले नै नियन्त्रणमा राख्दछ । सीमित दृष्टिबिन्दुमा केवल एक मात्र पात्रको मानसिक संसारको विचरण गरिएको हुन्छ । कथयिताले कथावाचन गर्दा आफूलाई कुनै पात्र वा वर्गको अनुभव वा विचारमा लुप्त गराउँछ र सीमित पक्षबाट मात्र कुनै कुराको चर्चा गर्दछ । वस्तुपरक दृष्टिबिन्दुमा कुनै पनि पात्रको मानसिक संसारको चित्रण नगरी घटना एवम् वस्तुका बारेमा विस्तृत वर्णन गरिएको हुन्छ । यसरी समग्रमा हेर्दा भोगको भोक्ताको रूपमा लेखक स्वयम् उपस्थित हुने र लेखकले भोक्ताका रूपमा पात्रलाई नियोजित गरिने कार्यका आधारमा तयार हुने भोक्ताका रूपमा दृष्टिबिन्दुको पहिचान गरिन्छ ।[१६]

यसरी दृष्टिबिन्दुले कथाको उत्कृष्टतालाई मापन गर्न महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । पात्रको मनको अनुभूति, भाव, संवेग, चिन्तन मनन आदिलाई सहज रूपमा प्रकट गर्ने काम दृष्टिबिन्दुले गर्दछ साथै कथालाई पाठकका निम्ति सम्प्रेषणीय र संवेद्य बनाउँछ । त्यसैले दृष्टिबिन्दु कथा निर्माणका लागि अत्यावश्यक उपकरण हो ।

**च) सारवस्तु**

कुनै कथाकृति पढिसकेपछि समग्रमा हामी जुन भावार्थ वा अभिप्राय पाउँछौं, त्यही नै सारवस्तु हो । कथामा कुनै विचार वा भावको बीज-रूप प्रत्यक्ष वा प्रच्छन्न रूपमा रहेको हुन्छ, जसका आधारमा कथानकको संरचना तयार पारिएको हुन्छ । यस अङ्गलाई कथाकारले बिनाआग्रहीकरण कुशलतापूर्वक अभिधात्मक, अन्योक्तिमूलक वा प्रतीकात्मक कुनै पनि अर्थको तहबाट प्रदर्शन गर्न सक्दछ ।[१७] कथाको उद्भावको बीज, उद्देश्य वा परिणति नै कथाको सारवस्तु हो । यसले लेखकको जीवनदर्शनको भार बहन गरेको हुन्छ । सारवस्तुमा नै पात्रहरूले स्वतन्त्र रूपले पौडने र खेल्ने अवसर प्राप्त गर्नुका साथै लेखकले आफ्ना धारणालाई उचित किसिमले विन्यास र सम्प्रेषण गरेको हुन्छ । यसले भन्न खोजेको कुरालाई छोटो, छरितो, संक्षिप्त र सरल तरिकाले व्यक्त गर्न र पाठकलाई बोध गराउन नजानिँदो तरिकाले प्रभावकारी भूमिका खेलेको हुन्छ । सारवस्तुलाई सोझै वा सिधै उपदेशका रूपमा व्यक्त गरियो भने त्यसलाई विचार वाक्य भनिन्छ । सारवस्तु पनि स्थानीय र विश्वजनीन गरी दुई प्रकारका हुन्छन् । स्थानीय सारवस्तुले कुनै देशकालमा सीमित

---

१७. दयाराम श्रेष्ठ, पूर्ववत्, पृष्ठ १२ ।

रही सत्यको निरीक्षण गर्दछ भने विश्वजनीन सारवस्तुमा जीवनको शाश्वत सत्यको उद्घाटन वा खोजी गरिएको हुन्छ ।[१८] सारवस्तुकै माध्यमबाट कथाकारले सन्देश दिइरहेका हुन्छन् साथै व्यक्ति समाज र राष्ट्रको सुधारका लागि आफ्नो दृष्टिकोणसमेत प्रस्तुत गरेका हुन्छन् ।

कुनै कथाकारले सारवस्तुलाई प्रत्यक्ष रूपमा विचार वाक्यका साथ प्रस्तुत गरेका हुन्छन् भने कुनै कथाकरले परोक्ष रूपमा आफ्ना भाव वा विचारलाई प्रक्षेपण गरेका हुन्छन् र समग्र कथा पढिसकेपछि पाठकले नै त्यसको सारवस्तु बुझ्नु पर्ने हुन्छ । यस्ता कथामा पाठकले आफ्नो योग्यता र क्षमताअनुसार कथाको सारवस्तु ग्रहण गर्न सक्तछ । यसले मानव समाजका लागि विभिन्न भाव वा विचार प्रस्तुत गर्ने हुनाले यो मानव शरीरमा रक्तसञ्चार प्रणालीको जति आवश्यक छ, कथा रचनाका सन्दर्भमा सारवस्तुको आवश्यकता त्यति नै रहेको छ भन्न सकिन्छ । मानव मन र समाजमा आमूल परिवर्तन ल्याउन सक्ने सम्भावना पनि कथाको सारवस्तुमा रहेको हुन्छ । त्यसैले कथामा सारवस्तुले सन्देशवाहकको कार्य कथामा गरी कथाको संरचनात्मकस्वरूप-मा सौन्दर्य थप्ने कार्य गर्दछ ।

### छ) रूपविन्यास

कथावस्तुलाई एउटा निश्चित आकार प्रदान गरिसकेपछि कथाकारले त्यसलाई सुन्दर बनाउन प्रयोग गरिने युक्ति नै रूपविन्यास हो । यसभित्र कथाका सूक्ष्म तत्त्वहरू पर्दछन्: जस्तै- पदविन्यास, बिम्बविधान, प्रतीकविधान, व्यङ्ग्यविधान, शीर्षक आदि ।[१९] कथामा शैल्पिक चमत्कार देखाउन रूपको समुचित विन्यास हुनु आवश्यक पर्दछ । यसले पाठकलाई कथा पठनमा प्रभावित र आकर्षित गर्दछ । कथामा प्रयोग भएका कथावस्तु, सारवस्तु, दृष्टिबिन्दु, पात्र आदिबाहेक अन्य जे जति बाँकी रहन्छन्, ती सबै कथाका शिल्पसौन्दर्यगत तत्त्वहरू हुन् । रूपविन्यासले गर्दा नै कथाले विधागत मान्यता पाएको छ । संरचना साहित्यबाहेक अन्य गैरसाहित्यिक रचनामा पनि पाइएला तर तिनीहरूमा रूपविन्यासको अभाव हुन्छ । रूपविन्यास व्यक्तिपिच्छे फरक फरक हुनाले यसका पनि संवृत र विवृत गरी जम्मा दुई पाटाहरू रहेका छन् । संवृतमा कथाकार सरल अभिव्यक्तितर्फ उन्मुख हुन्छ र उसले आफ्ना कथामा संरचनाको पछि

---

१८. कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृष्ठ ४२ ।
१९. दयाराम श्रेष्ठ, पूर्ववत्, पृष्ठ १३ ।

रूपविन्यासलाई लगाइदिएको हुन्छ तर विवृतमा कथाकार बारम्बार विशिष्ट प्रकारको अभिव्यक्तितर्फ उन्मुख हुन्छ र कथामा संरचनाको हाराहारीमा वा समानन्तर रूपन्यिासलाई पनि उपस्थापित गरिदिएको हुन्छ ।[२०] रूपविन्यासअन्तर्गत कथामा बिम्ब र प्रतीकका साथै भाषाशैलीले उल्लेखनीय भूमिका खेलेका हुन्छन् । साहित्यमा प्रतीक मूर्त वस्तुका रूपमा देखाइन्छ र त्यस वस्तुले अमूर्त कुरालाई जनाउँछ । त्यसैले प्रतीक अमूर्तको मूर्तविधान हो । यसरी प्रयोग गरिने वस्तु वा घटना, जसले सामान्य अर्थ नबुझाएर त्यसभन्दा धेरै परको विशिष्ट अर्थ बुझाउँछ । प्रतीकले एकातिर अव्यक्त भाषालाई भिन्न ढाँचाले मूर्तता दिने कार्य गर्दछ भने अर्कातिर धेरै शब्द खर्च गरेर भन्नुपर्ने कुरालाई थोरै शब्दमा मीठो गरेर भन्न सहयोग पुऱ्याउँछ । प्रतीकले पाठकको सामान्य चेतनस्थितिलाई माथि उठाएर विशिष्टतातर्फ उन्मुख गराई अर्थको विराट अभिव्यञ्जना प्राप्त गर्न सहायता पुऱ्याउँछ । प्रतीकको विशिष्ट प्रयोग प्रायःजसो मनोवैज्ञानिक कथाहरूमा गरिएको हुन्छ । प्रतीकलाई वैयक्तिक र सार्वजनिक गरी दुई वर्गमा विभाजन गरिएको पाइन्छ ।[२१]

"प्राक्सन्दर्भ प्रतीक होइन, न अन्योक्ति नै प्रतीक हो । त्यसले मात्र अभिप्सित अर्थको मात्र प्रतिनिधित्व गर्दछ । त्यसैले यो एक मूक भाषा हो, जुन विश्वजनीन पनि हुन सक्दछ र राष्ट्रिय, सांस्कृतिक एवम् जातीय पनि हुन सक्दछ । यसले भाषामा सौन्दर्यको प्रवर्द्धन गर्दछ ।"[२२]

कथामा समुद्र, वन, उपवन, नदीनाला, फूल, वनस्पतिका साथै विभिन्न महापुरुष, प्राणीजगत र मानवनिर्मित वस्तुवाट प्रतीकहरू ल्याएर भाषाको तह र अर्थको तहलाई विशिष्टता प्रदान गरिएको पाइन्छ । प्रतीकको प्रयोगले पाठकको सोचनीय क्षमताको बृद्धि हुन्छ भने कथाकारले आफ्नो शैल्पिक चमत्कार देखाई कथालाई स्तरीय बनाउन सक्दछ । त्यसैले प्रतीक रूपविन्याससँग सम्बन्धित एउटा तत्त्व हो ।

बिम्ब शब्दको प्रयोग साहित्यमा **मानसिक तस्बिर** भन्ने अर्थमा प्रयुक्त हुन्छ । कुनै वस्तुको रूप, रङ्, गुण, वा आकारको इन्द्रियग्राह्य अनुभूतिको सञ्चरण पाठकमा गर्नु नै बिम्बको प्रमुख धर्म हो । बिम्ब भनेको मीठो भाषा हो र एउटा निश्चित रूपाकृतिभित्र दुरुस्त एवम् चित्रकलासदृश दृश्यलाई उभ्याइदिन्छ । कथामा बिम्ब अनिवार्य त हुँदैन तर

२०. ऐजन ।
२१. कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृष्ठ ४४ ।
२२. दयाराम श्रेष्ठ, पूर्ववत,पृष्ठ १३ ।

यसको उपस्थितिमा कथाको स्थापत्यमा आन्तरिक सौन्दर्य थपिन्छ ।[२३] शब्दका माध्यमबाट पाठकका मस्तिष्कमा कुनै स्थिति, स्थान, घटना वा पात्रको यथार्थसदृश छाया पारिदिने पद्धतिलाई बिम्बविधान भनिन्छ । बिम्बको भाषा संवेदनाको निकट हुन्छ, जसले गर्दा मान्छेको हृदयलाई छुने सामर्थ्य राख्दछ । विशेष गरी परिवेशको वर्णनमा बिम्बको चमत्कृति देखिन्छ, जसले गर्दा पाठकको आँखाअगाडि वर्णित दृश्य नाटकमा झैं नाच्न थाल्दछ । बिम्बको भाषा अभिव्यञ्जनात्मक हुने हुँदा यसले पाठकलाई कलात्मक आनन्द प्रदान गर्दछ । पात्रको मनस्थिति पनि बिम्बकै सहारामा व्यक्त हुने हुँदा वस्तुगतताबाट मानस रूपमा पुग्ने कलात्मक पुल पनि बिम्ब मात्र हुन सक्तछ ।[२४]

यसरी कथामा भाषिक बिम्ब तथा प्रतीकहरू भाषाको माध्यमबाट प्रकट भई कथाकारको शैलीशिल्पमा चमत्कृति देखाउने हुनाले कथाका आवश्यक तत्त्वहरूका रूपमा लिने गरिन्छ । बिम्ब तथा प्रतीकको प्रयोगले कथालाई संक्षिप्त, सरस र अर्थको गहिराइमा पाठकलाई प्रवेश गराउँदै उसको चेतन क्षमताको वृद्धि गर्न सहयोग पुऱ्याउँछ । कुनै परिवेश वा ठाउँको वर्णन कथामा गरिँदा त्यसको प्रतिबिम्ब पाठकको मस्तिष्कमा दृश्यात्मक किमिमले प्रस्तुत गर्ने काम बिम्ब तथा प्रतीकले गर्दछन् । प्रायःजसो मनोवैज्ञानिक कथा तथा व्यङ्ग्यात्मक कथाहरूमा बढी मात्रामा बिम्ब तथा प्रतीकको प्रयोग गरिन्छ ।

भाषा विचार विनिमय तथा भाव सम्प्रेषणको एउटा सरल माध्यम हो र शैली ती विचारलाई प्रस्तुत गर्ने एउटा तरिका हो । कथा भाषाद्वारा प्रकट हुने मूर्त साहित्यिक कला हो र यो भाषाकै रूपमा शक्तिशाली बन्दछ । कथाकारले आफ्नो भाव, विचार, अवधारणा साथै जीवन भोगाइका तीता-मीठा अनुभवलाई आफ्ना कथामा भाषाका माध्यमद्वारा प्रस्तुत गर्दछन् । यथार्थ जीवनजगतको चित्रण कथामा हुने हुनाले यसमा गद्यभाषाको प्रयोग गरिनुका साथै भाषाका कथ्य र लेख्य दुवै प्रकारका भेदहरूलाई आवश्यकताअनुसार प्रयोगमा ल्याइन्छ । कथाले जीवनको कुनै एक पक्षको छोटो आयामलाई गद्यात्मक भाषाका सहायताले समेट्ने गर्दछ । कथा एउटा पाठ्य वा श्रव्य विधा भएकाले कथ्य विषय वा कथावस्तुलाई पाठकसमक्ष प्रभावकारी ढङ्गले सम्प्रेषण गर्ने सामग्री भाषाबाहेक अरू केही हुँदैन ।

कथाका ठाउँ-ठाउँमा संवाद वा कथोपकथनको प्रयोग हुनाले संवादात्मक शैलीको प्रयोग गरिन्छ । कथामा भाषाको चयन गर्दा पात्रको स्तर, योग्यता र क्षमताअनुसारको भाषा

२३. ऐजन ।
२४. कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृष्ठ ४५ ।

प्रयोग गर्नुपर्छ । संवादलाई स्वाभाविक बनाउनका लागि यसमा कथ्यभाषा तथा स्थानीय भाषिकाको प्रयोगमा कथाकारले अपेक्षकृत ध्यान पुऱ्याउनुपर्छ । लेखककीय वर्णनको भाषाले समष्टिस्तरको प्रतिनिधित्व गर्दछ भने संवादको भाषाले व्यष्टिस्तरको प्रतिनिधित्व गर्दछ ।[२५] नेपाली समाजमा उच्च, निम्न, मध्यम वर्ग तथा शिक्षित, अशिक्षित र विभिन्न जातिको बसोवास भएकाले त्यही समाजअनुसारको भाषा कथामा प्रयुक्त हुनु आवश्यक छ, जसले स्थानीय रङ्को चित्रण गरेको हुन्छ ।

साहित्यिक भाषा विशिष्ट, रागात्मक एवम् काव्यात्मक तथा कलात्मक हुने हुनाले यसमा सामान्य भाषिक नियमको अतिक्रमण गरिएको हुन्छ । व्याकारणका नियमको नियन्त्रित तथा यन्त्रिक भाषाबाट मुक्त भई कथाकारले स्वतन्त्र रूपमा विचलनयुक्त भाषाको प्रयोग कथामा गरेको हुन्छ । कथाकारले समयको मागअनुसार भाषामा नवीनताको प्रयोग गर्दै युगसापेक्ष भाषाको प्रयोग आफ्ना कथामा गरेका हुन्छन् । कथा पनि एक छुट्टै साहित्यिक विधा भएकाले थेरथोर मात्रामा विचलनयुक्त भाषाको प्रयोग भए तापनि कविता वा महाकाव्यमा जस्तो भाषिक विचलन अत्यधिक मात्रामा हुँदैन । कथाको भाषा सहज, स्वाभाविक एवम् स्वतःस्फूर्तका साथै प्रभावोत्पादक हुन्छ । कथामा तत्सम, तद्भव, आगन्तुकका साथै औपचारिक र अनौपचारिक सबै प्रकारका भाषाको प्रयोग गरिएको हुन्छ ।

निष्कर्षमा एउटा सिङ्गो कथा रचनाका लागि आवश्यक पर्ने उपकरणलाई कथातत्त्व भनिन्छ । परम्परावादी मान्यताअनुसार कथानक, पात्र वा चरित्र, संवाद वा कथोपकथन, देशकाल र परिस्थिति, उद्देश्य, भाषाशैलीलाई कथाका आधारभूत अङ्ग मानिएको पाइन्छ । तर आधुनिक समालोचनाशास्त्रअनुसार कथाका उपकरणहरूलाई फरक ढङ्गले प्रस्तुत गरिएको पाइन्छ, जसअनुसार रुचिक्षेत्र, रीतिक्षेत्र, सारवस्तु, कथानक ढाँचा, अर्थसापेक्ष, दृष्टिबिन्दु र रूपविन्यास रहेका छन् । कथाकारले चयन गरेको विषयवस्तुको स्रोतलाई रुचिक्षेत्र भनिन्छ भने सो विषयलाई प्रस्तुत गर्ने प्रणालीलाई वा तरिकालाई रीतिक्षेत्र भनिन्छ । त्यस विषयवस्तुले व्यक्त गर्न खोजेको अर्थको तहलाई अर्थसापेक्ष र कथानकमा घटित घटनाहरूको विकासलाई कथानक ढाँचा भनिन्छ । कथाकारले व्यक्त गर्न खोजको सन्देश वा उद्देश्यलाई सारवस्तु र कथयिताले कथा वाचनका लागि रोजेको ठाउँ वा कथावस्तुलाई सम्प्रेषणीय र संवेद्य बनाई पाठकसमक्ष उपस्थित गराउने माध्यम दृष्टिबिन्दु

२५. ऐजन, पृष्ठ ४३ ।

हो । कथावस्तुलाई एउटा निश्चित आकार प्रदान गरिसकेपछि कथाकारले त्यसलाई सुन्दर बनाउनका लागि अपनाउने युक्तिलाई रूपविन्यास भनिन्छ । परम्परावादी र आधुनिक नाम दिएर निर्धारण गरिएका यी कथातत्त्वहरू एकआपसमा अन्तःसम्बन्धित नै छन् । माथि व्याख्या गरिएका कथातत्त्वहरू पूर्णतः दयाराम श्रेष्ठद्वारा सम्पादित **नेपाली कथा भाग-४** मा आधारित छन् । रचनाविधानका आधारमा कथाको विश्लेषण गर्दा माथि व्याख्या गरिएका कथातत्त्वलाई आधार बनाउनु पर्ने हुन्छ । यिनै तत्त्वहरूलाई आधार बनाई **'पलाँशको फूल'** कथासङ्ग्रहमा सङ्कलित ६ वटा कथाहरूको विश्लेषण क्रमशः तल गरिएको छः-

## ४.३ पलाँशको फूल कथासङ्ग्रहको विश्लेषण

### ४.३.१ समग्र कथासङ्ग्रहको परिचय

साहित्यकार जगतमर्दन थापाद्वारा लिखित **'पलाँशको फूल'** कथासङ्ग्रह वि.सं. २०२१ सालमा अन्नपूर्ण प्रेसद्वारा प्रकाशित उनको पहिलो कथासङ्ग्रह हो । जम्मा ६ वटा लामा-छोटा आयामका कथाहरू समावेश गरिएको यस सङ्ग्रहको भूमिका वसन्तकुमार शर्मा 'नेपाल' ले लेखेका छन् । वि.सं. २०१२ सालदेखि २०२० सालसम्म लेखिएका कथाहरू सङ्कलन गरी प्रकाशित यो कृतिमा सामाजिक एवम् मनोवैज्ञानिक कथाहरू रहेका छन् । **निराशा**, **अभिलाषा**, **पलाँशको फूल**, **मृगतृष्णा**, **परित्याग** र **मिक्की माउसको अभिनय** शीर्षकका ६ वटा कथाहरूले तत्कालीन सहरिया परिवेशका शिक्षित युवायुवतीको यथार्थ जीवन चरित्रलाई उतारेका छन् । "आधुनिक युवायुवतीका जीवनमा कुनै दर्दनाक घटना यदि घटेका छन् भने यी कहानीले चित्रण गरेकै छन् । वंहाकी **निराशा**की आशा या **स्टेज**की मिक्कीले आधुनिक यौन घटना परिवहन गरेका छन् । **परित्याग** र **मृगतृष्णा** ले आजको शिक्षा र सौन्दर्योपसकतालाई व्यङ्ग्यात्मक तथा उपहासास्पद जीवनको रेखा प्रदर्शन गरेको छ । **अभिलाषा** मनोवैज्ञानिक तथ्यताको ऐना हो अनि **पलाँशको फूल** आधुनिक ठिटाठिटीको जीवन हो भन्ने देखिन्छ । आखिर जे भए पनि यो सङ्ग्रह यहाँको प्रेम गर्न जानेको समाजको आजैको सामयिक फोटो हो ।" [२६] यस कथाका पात्रहरू बाहिरबाट हेर्दा पलाँशको फूलजस्तै सुन्दर र शोभनीय देखिन्छन् तर भित्र पलाँशको फूलले वासना दिन नसकेझैं उनीहरू मानसिक रोगले ग्रसित भएका छन् । शिक्षित तथा रूपसौन्दर्यले युक्त भए पनि सच्चा प्रेमको अभाव र व्यावहार कुशलताको कमीले उनीहरू दुर्गतिको खाडलमा

---

२६. वसन्तकुमार शर्मा 'नेपाल' **पलाँशको फूल**, **भूमिका खण्ड**, पृष्ठ च ।

जाकिएका छन् । क्षणिक आवेशका कारण भविष्यको फल विचार नगरी हतारमा निर्णय गरिहाल्ने स्वभाव र आफ्नो अहम्का कारण पात्रहरू पतनोन्मुख छन् । यस सङ्ग्रहमा सङ्कलित कथाहरू थोरै भए पनि चोटिला र मर्मस्पर्शी रहेका छन् र पाठकको मनमा गहिरो प्रभाव जमाउन सफल छन् । त्यसैले यस पुस्तकको भूमिकामा वसन्तकुमार शर्मा 'नेपाल' ले भनेका छन् "मेरो दृष्टिकोणमा यस सङ्ग्रहमा परेका कहानी बहुमुखी दृष्टान्तका एकलक्षिता कथा हुन् । यी लम्बा छन् हंसगामिनी जस्ता ! छोटा छन् हस्तिनीजस्ता ! चाँवला पनि नवयौवनाजस्ता र हंसिला छन् मिक्की माउसजस्ता ! यसैले आधुनिक वा प्राचीन कुनै परिभाषातिर जोर नदिई यथार्थ चित्रणतिर विशेष जोड दिएको देखिन्छ, साथै देख्दा ठूला-ठूला तर नैतिकता, इमान र सच्चरित्रतालाई अनौठा चरा मान्दै गोली सोभ्म्याउने खालका घर र परिवारको मात्र जसो प्रतिनिधित्व गरिरहेको छ, यसले यो त पक्कै ।"[२७]

यसरी जगतमर्दन थापाको यो पहिलो प्रयास भए तापनि यस सङ्ग्रहमा सङ्कलित कथाले नेपाली सहरिया परिवेशको चित्र राम्रैसँग उतारेको छ । भौतिक सुविधा सम्पन्न घरपरिवारका युवायुवती आत्मिक प्रेमको अभावका कारण जीवनलाई बर्बाद पारिरहेका हुन्छन् भन्ने सङ्केत उनका सम्पूर्ण कथाले दिएका छन् ।

## ४.३.२ कथासङ्ग्रहको शीर्षक

प्रस्तुत कथासङ्ग्रहको नाम **पलाँशको फूल** राखिएको छ, जसले प्रतीकात्मक अर्थको सङ्केत दिएको छ । पलाँश भनेको विभिन्न रङ्मा फुल्ने तर वासना नहुने एक प्रकारको फूल वा त्यसको रूख हो । सामान्य अर्थमा फूल विशेषलाई जनाए पनि यस कथामा पलाँशको वर्णन वा कथा कहीं कतै पाइँदैन । त्यसैले यो सङ्ग्रहको शीर्षक अभिधात्मक नभएर प्रतीकात्मक रहेको छ । आधुनिक युवायुवतीको जीवन झलक्क हेर्दा सुन्दर र उत्साहजनक देखिए तापनि भित्र मानसिक कुण्ठा एवम् रोगले खोक्रो भइसकेका हुन्छन् र आफ्नै दम्भका कारण समाज र परिवारबाट पलायन हुन पुग्छन् भन्ने सङ्केत कथासङ्ग्रहको शीर्षकले दिएको छ । **पलाँशको फूल** शीर्षकको कथा यस सङ्ग्रहको तेस्रो स्थानमा रहेको तर सबैभन्दा लामो र उत्कृष्ट कथा पनि हो । सुरुमा एकाङ्कीका रूपमा लेखिएको यस कथाले विश्वबन्धु पुस्तकालय महाराजगञ्जबाट 'रमाइलो झलक' नामक एक सांस्कृतिक कार्यक्रममा मञ्चनसमेत हुने अवसर पाएको थियो,

२७. ऐजन ।

जसमा स्वयम् जगतमर्दन थापाले नायकको भूमिका र शकुन्तला शर्माले नायिकाको भूमिकामा अभिनय गरेका थिए ।

वि.सं. २०२१ सालमा कथासङ्ग्रह प्रकाशित हुँदा यही नाटक वा एकाङ्कीले कथाको रूप धारण गर्न पुग्यो र यस कथासङ्ग्रहको उत्कृष्ट कथाको स्वरूप लिन पुग्यो । यस शीर्षकले कथामा आफ्नो छुट्टै पहिचान राखेको भए तापनि समग्र सङ्ग्रहकै प्रतिनिधित्व गरेको छ किन कि यस सङ्ग्रहका अन्य कथाहरूको विषयवस्तु, शैलीप्रयोग, पात्रको चरित्र चित्रणका आधारमा समान छन् । त्यसैले 'पलाँशको फूल' कथासङ्ग्रह र यसमा समावेश अन्य कथाहरूबीच सामञ्जस्य रहेकाले पलाँशको फूल शीर्षक सार्थक र युक्तिपूर्ण रहेको छ । झट्ट हेर्दा शीर्षकमा पलाँशको फूलको कथा होला भन्ने शङ्का भए पनि कथा पढ्दै जाँदा पलाँशको फूलको वासना कहीं कतै आउँदैन । यहाँ त आधुनिक ठिटाठिटीले आशा गरे विपरीत परिस्थिति सिर्जना भएकाले र खोक्रो आडम्बर र आदर्शले उनीहरूमा निराशा छाएको सङ्केत एकातिर छ भने अर्कातिर आफ्नो अभिलाषा पूरा गर्न ठूलाबडाको घरमा नोकर भएर वर्षौंसम्म काम गरेको तर अन्त्यमा गलहत्याएर घरबाट निकालिएको कुरा उल्लेख गरिएको छ । यस सङ्ग्रहका कथाका पात्रहरू निरस एवम् वासना छर्न सफल नभएकाले पलाँशको फूलजस्ता देखिएका छन् । त्यसैले शीर्षक, विषयवस्तु र पात्रका बीच अन्योन्याश्रित सम्बन्ध कायम गरी शीर्षक सार्थक र प्रतिनिधिमूलक रहेको देखिन्छ ।

### ४.३.३ कथासङ्ग्रहको संरचना

यो कथासङ्ग्रह बजार तथा पुस्तक पसलबाट लोप हुन लागेकाले यसको सक्कलप्रति प्राप्त गर्न कठिन छ साथै यो कृति स्वयम् लेखकसँग पनि सुरक्षित नभएकाले सर्वसुलभ उपलब्ध हुन सक्दैन । त्यसको अभावमा पनि स्वयम् लेखकबाट प्राप्त छायाप्रतिअनुसार यस सङ्ग्रहको बाहिरी संरचनालाई हेर्दा आवरण पृष्ठबाहेक जम्मा १२० पृष्ठ खर्च गरिएको छ । वसन्तकुमार शर्मा 'नेपाल' ले भूमिका खण्डका लागि ४ पृष्ठ खर्च गरिदिएका छन् भने स्वयम् लेखकले **'दुई शब्द'** का लागि ३ पृष्ठ खर्च गरेका छन् । कथाको संरचनात्मक स्वरूपलाई हेर्दा यस सङ्ग्रहमा सङ्कलित कथाहरू केही लामा आयामका देखिन्छन् । पलाँशको फूल शीर्षकको कथाले जम्मा ३१ पृष्ठ ओगटी यस सङ्ग्रहकै सबभन्दा लामो कथाको स्वरूप धारण गरेको छ भने मिक्की माउसको अभिनय शीर्षकको कथाले मात्र ६ पृष्ठ ओगटी यस सङ्ग्रहकै सबभन्दा छोटो कथाको रूप धारण गरेको छ । निराशा कथाले १९ पृष्ठ, अभिलाषा शीर्षकको कथाले १६ पृष्ठ, मृगतृष्णा

कथाले १५ पृष्ठ र परित्याग शीर्षकको कथाले १८ पृष्ठ ओगटी समग्र कथासङ्ग्रहको स्वरूप दिएका छन् । आन्तरिक संरचनाका कोणबाट हेर्दा यस सङ्ग्रहका प्रत्येक कथामा विशुद्ध गद्य भाषाको प्रयोग गरिएको छ भने छोटा-छोटा अनुच्छेदमा विभाजन गरी कथालाई कुतूहलपूर्ण बनाउँदै लगिएको देखिन्छ । ठाउँ-ठाउँमा खाली चिह्नको प्रयोग गरी पाठकलाई एकछिन सोच्न बाध्य पारिएको छ भने ठाउँ-ठाउँमा बिम्ब, प्रतीक र उपमा अलङ्कारको प्रयोग गरी गद्य भाषालाई सजाइएको छ । कथावस्तु, विषयवस्तु, पात्र एवम् परिवेशका बीच उचित संयोजन रहेकाले यस सङ्ग्रहको आन्तरिक संरचना पनि सबल नै देखिन्छ ।

## ४.३.४ रचनाविधानका आधारमा 'निराशा' कथाको विश्लेषण

**निराशा** कथा **पलाँशको फूल** कथासङ्ग्रहमा सङ्कलित पहिलो स्थानमा रहेको कथा हो । एक मनोवैज्ञानिक कथाको रूपमा रहेको यस कथामा सहरी समाजमा हुर्किएकी प्रमुख पात्र आशाको इच्छा, आकांक्षा र यौनचाहनालाई व्यक्त गरिएको छ । सहरी परिवेशलाई आधार बनाएर लेखिएको यस कथामा काठमाडौँ सहरको सामाजिक विषयलाई यथार्थ रूपले प्रस्तुत गरिएको छ । रचनाविधानका आधारमा निराशा कथाको विश्लेषण यसप्रकार रहेको छः-

**क) रुचिक्षेत्र**

सहरी सामाजिक यथार्थवादी विषयवस्तुमा सामान्य व्यक्तिको मनोविज्ञानको झल्को पाइने यस कथामा शिक्षित युवायुवतीको सस्तो प्रेम र त्यसले मानिसमा पार्ने मानसिक असरको चित्रण गरिएको छ । आधुनिक सभ्य भनाउँदा ठिटाठिटीले एउटासँग प्रेम गर्ने र विवाह अर्कोसँग गर्ने प्रवृत्ति सहरी क्षेत्रत्रमा बढी प्रचलनमा आएको पाइन्छ । बैंसमा आफ्नो रूप, रङ् र सौन्दर्यप्रति गर्व गर्ने नारीहरू उमेरको गतिसँगै खस्कँदो शारीरिक परिवर्तनले उदास र निराश बन्न पुग्छन् भन्ने यथार्थ तथ्यलाई कथाकारले औँल्याएका छन् । यस कथाकी प्रमुख पात्र आशा उमेरमा धनी कहलाइएका खोक्रो सभ्यताले युक्त नक्कली मयूरसरह ब्रेन्चकार र स्कुटर चढ्ने केटाहरूको पछि लागि उसको प्रेमी नीरलाई धोका दिन पुग्छे । तर कालान्तरमा ती केटाहरूले उसलाई लत्याएपछि नीरप्रति पुनः आकर्षित भएर उसकी पत्नी बिन्दुलाई अधिकार खोस्ने नारीका रूपमा हेर्न पुग्छे र आशामा ईर्ष्याको भावना

प्रवल भएको देखिन्छ । आशाकै रेखदेखमा अस्पतालमा नीरले आफ्नी पत्नी बिन्दुलाई छोडनु, सुत्केरी भएको दस दिनपछि बिन्दुको रहस्यमय मृत्यु हुनुमा आशाको हात रहेको पाइन्छ । उमेरमा ठूला-ठूला सपना देख्ने आशा विवशता र बाध्यताले एउटी सामान्य नर्स बन्न पुगेकी देखिन्छे । आधुनिक सहरी युवायुवतीहरू दिउँसै ठूल-ठूला सपना देख्ने तर त्यो यथार्थमा परिणत नहुँदा उनीहरूमा निराशा र पलायनमुखी प्रवृत्तिको विकास हुन पुग्दछ भन्ने विषयलाई कथाकारले आफ्नो रुचिक्षेत्र बनाएका छन् । आफूले लत्याइसकेको युवकसँग पुनः प्रेम गर्न थाल्नु, सुखी दाम्पत्य जीवनलाई दुःखी पार्नुका साथै अविवाहित नारीमा पनि मातृत्वको अंश लुकेर रहेको हुन्छ भन्ने कुरालाई आशाका माध्यमबाट व्यक्त गरेका छन् । जविन स्वभावैले आशामुखी हुन्छ तर त्यो आशा पूरा नभएपछि निराशा र मृत्युन्मुखी प्रवृत्तिको विकास हुन्छ भन्ने मनोवैज्ञनिक यथार्थलाई यस कथाले अँगालेको छ ।

यस कथामा आधुनिक सभ्यताले ओतप्रोत भएका सहरी शिक्षित युवायुवतीको सस्तो भौतिक प्रेम र त्यसले समाजमा निम्त्याउने विकृतिका साथै त्यसले ठिटाठिटीको मनमा पार्ने मानसिक प्रभावलाई यस कथामा कथाकारले आफ्नो रुचिक्षेत्र बनाएका छन् । ब्रेन्चकार र स्कुटरको प्रसङ्ग, सुत्केरी हुनुभन्दाअघि अस्पतालमा भर्ना हुने सन्दर्भ, नर्स र डक्टरको चर्चा, नीरजस्तो कलेज पढाउने शिक्षित युवक र नोकरचाकरले भरिपूर्ण पात्रको सन्दर्भले यस कथाको रुचिक्षेत्र सहरी सामाजिक परिवेश हो भन्ने स्पष्ट हुन्छ ।

**ख) रीतिक्षेत्र**

निराशा कथा सहरी परिवेशमा घटित घटनालई जस्ताको तस्तै यथार्थवादी शैलीमा प्रस्तुत गरिएको कथा हो । सहरी परिवेशमा घटित सानातिना घटनालाई गम्भीरताका साथ चित्रण गर्दै कथाकारले त्यस समाजमा रहेका मध्यम वर्गीय पात्रहरूको आफ्नै व्यक्तिगत, पारिवारिक र सामाजिक समस्या तथा परिवेशको पहिचान गराएका छन् । यथार्थवादी कथाकारहरूले गरिब, मगन्ते, दुःखी तथा समाजमा हेपिएर बसेका पात्रको बढी मात्रामा चित्रण गर्ने गर्दछन्, तापनि सहरी सभ्यता र संस्कृतिप्रति खोक्रो आडम्बर र रवाफको चित्रणलाई जस्ताको तस्तै उतार्नसमेत पछि पर्दैनन् । त्यसकारण यस कथाका आशा, नीरबहादुर, बिन्दु, डाक्टर, नर्स, दमन आदि सबै सहरी समाजका मध्यम वर्गीय पात्रहरू हुन् । यी पात्रहरू शिक्षित, पढे-लेखेका तथा पाश्चात्य सभ्यता र संस्कृतिलाई पछ्याउन इच्छुक र मानप्रतिष्ठा प्राप्त छन् । जीवनप्रति आशावादी बनेका यी पात्रहरू आफ्ना सपना पूरा नहुँदा एकाएक निराश हुन पुगेका छन् । ठूल-ठूला ओहदामा रहेर प्रतिष्ठित बन्न खोज्ने

आशा विवशता र बाध्यताले एउटी सामान्य नर्स बनी जीविकोपार्जन गरिरहेकी छ । आधुनिक भौतिक सुखसुविधामा रम्न चाहने पात्रहरू यथार्थमा त्यो इच्छा पूरा नहुँदा निराश बनेका देखिन्छन् ।

सहरी समाजका शिक्षित युवायुवतीले गर्ने भौतिक प्रेम र यौनचाहनालाई जस्ताको तस्तै प्रस्तुत गर्दै उनीहरूमा रहेको आत्मिक प्रेमको अभावलाई यथार्थवादी ढाँचा र ढर्रामा यो कथा प्रस्तुत गरिएको छ । समयमै उचित युवक तथा युवतीको चयन गर्न नसक्दा र आफ्नो अहम् र घमण्डका कारण पात्रहरूको मनमा पर्ने मनोवैज्ञानिक असरले जीवन मृत्युमा परिणत भएको तथ्यलाई यस कथाले पुष्टि गरेको छ । आशा, नीर, बिन्दु यसै नेपाली सहरी समाजका यथार्थ पात्रहरू हुन् र तिनीहरूकै यथार्थ जीवनशैलीलाई यस कथाले अँगालेको छ । विषयवस्तुको प्रस्तुतिका सन्दर्भमा यथार्थवादीहरू नगण्य विषयलाई पनि प्राथमिकताका साथ प्रस्तुत गर्दछन्, जसमा ब्रेन्चकार र स्कुटर चढ्ने सपना एकआपसमा आँखा छोप्ने प्रसङ्ग, आशाले बालकलाई अनाधिकार आवश्यकताभन्दा बढी माया गरेको प्रसङ्ग, बिन्दुको लाश बोकेर आर्यघाट लगी जलाएको प्रसङ्ग, पोस्टमार्टम गर्नु नीरको हृदय र कुलको सिद्धान्तको विपरीत भएको प्रसङ्ग आदि प्रमुख छन् । यस कथामा कथाकार कतै भावुकतामा आएर दार्शनिकजस्तो बनेका छन् । जस्तैः- 'मनुष्य हृदय शङ्काको घर हो, परिस्थितिअनुसार शङ्काको रूप हुन्छ . . . ।[३०] मसान ! जीवनको अन्तिम विश्राम हो । जीवनको दुःख-सुखको कथा टुङ्ग्याइदिने ठाउँ हो तर बाँच्नेको निम्ति यो जीवनको यथार्थ रहस्य खोल्ने मौन दर्शन हो . . .।[३१]

**ग) सारवस्तु**

आधुनिक सहरी परिवेशमा हुर्केका शिक्षित, भौतिक, सुविधा-सम्पन्न र पाश्चात्य सभ्यता तथा संस्कृतप्रति आकर्षित भएका युवायुवतीको मानसिकतामा परिवर्तन नआएको विचार यस कथाले व्यक्त गरेको छ । दिउँसै ठूला-ठुला सपना देख्ने, बेलायत र अमेरिकको कल्पना गर्ने, धनी केटाहरूसँग विवाह गरी आफ्नो यौनचाहना पूर्ति गर्ने आकांक्षा त्यस समाजका ठिटीहरूमा विद्यमान हुन्छन् । तर ती इच्छा पूरा नहुने सङ्केत देखिएपछि उनीहरूको मनमा नकारात्मक असर परी मृत्युसमेत हुने तथ्यलाई यस कथामा पुष्टि गरिएको छ । भौतिक तथा क्षणिक प्रेममा लीन हुने युवायुवतीमा आत्मिक प्रेमको अभाव रहने विचारलाई यस कथामा व्यक्त गरिएको छ । प्रेम गर्न चाहने तर त्यसलाई व्यावहारमा

---

३० पलाँशको फूल, पृष्ठ, १० ।
३१. ऐजन, पृष्ठ १४ ।

उतार्न नसक्ने ठिटाठिटीहरू उमेर छँदा सबैलाई प्रेम गर्दै हिँड्ने तर यथार्थ जीवन साथीका रूपमा कसैलाई स्वीकार गर्न नसक्ने र त्यसले दीर्घकालीन मानसिक असर पारी मानिसलाई निराश बनाउँछ भन्ने सारवस्तु यस कथको रहेको छ । मान्छे निराशाको चरम शिखरमा पुगेपछि मुत्यु चाहन्छ भन्ने निष्कर्ष पनि यस कथाबाट निकाल्न सकिन्छ । अविवाहित युवतीहरूमा पनि मातृत्वको अंश लुकेर रहेको हुन्छ भन्ने कुराको सङ्केत गर्दै एकले दोस्रोको मनोभावना बुझ्न नसकेका कारण कथा दुःखान्त बन्न पुगेको छ । आफूलाई प्रगतिशील ठान्ने तर परम्परा र रीतिरिवाजलाई नै बाधक ठान्ने र त्यसको विरोध गर्न नसक्ने युवायुवतीमा निराशा अवश्य छाउँछ र त्यसको दीर्घकालीन असरले उनीहरूको मृत्युसमेत हुने सम्भावना कथाकारले देखाएका छन् । रूपसौन्दर्यको बढी घमण्ड गर्नु हुँदैन, त्यसले सीमा नाघेपछि आफैंलाई सखाप पार्छ भन्ने विचार एकातिर प्रकट भएको छ भने अर्कातिर आफ्नो प्रेम असफल भएपछि अर्काको सुखी दाम्पत्य जीवनप्रति इर्ष्याभाव जागृत भई निराशाका कारण मृत्यु हुने विचार यस कथामा व्यक्त छ ।

**निराशा** कथामा कथाकारले सारवस्तुअनुकूल कथानकको योजना गरेका छन् । कथाको सारवस्तुलाई सार्थक पार्ने उद्देश्यले घटना र पात्रको अन्योन्य क्रियालाई सुनियोजित गरिएको छ । यस कथामा कथाकारले सारवस्तुलाई प्रत्यक्ष वा विचारवाक्यका रूपमा प्रस्तुत नगरी आशाको जीवन रहुञ्जेल नीरको जीवनमा पनि आशाको सङ्केत छाएको र आशाको मृत्युपछि नीरको जीवन नै निराश भएको देखाइएको छ । आशालाई रूपसौन्दर्यकी खानीका रूपमा चित्रण गर्नु, त्यसको अतिरिक्त नीरलाई बिन्दुसँग विवाह गरिदिनु, बिन्दुले आशाका अगाडि छोरा पाउनु र आशामा ईर्ष्या र मातृत्वको भावसँगसँगै जागृत हुनु, आशाकै हातबाट बिन्दुको मृत्यु हुनु, बिन्दुको मृत्युपछि आशा र नीरको विगतको प्रेम जागृत भएर आउनु तर नीरले त्यसको अविश्वास गरी रेखा नामकी अर्की केटीसँग विवाह गर्नु र आशाको असामयिक र रहस्यमय मृत्युले नीरको जीवनमा कहित्यै नहट्ने निराशा छाउनुजस्ता घटनालाई कथाकारले योजनाबद्ध तरिकाले मिलाई सारवस्तुलाई उग्र निराशाको फल मृत्युका रूपमा देखाएका छन् ।

**घ) अर्थसापेक्ष**

यस कथामा विभिन्न प्रतीक, रूपक तथा स्वैरकल्पनाको प्रयोग नगरी अभिधात्मक अर्थको तहलाई बढी प्रभावकारी ढङ्गले प्रस्तुत गरेका छन् । यो कथा सरसर्ती पढ्दै जाँदा पाठकले यसको रसास्वादन र भावबोधमा बौद्धिक कसरतको प्रयोग गर्नुपर्दैन । कथाको मूल

विषयवस्तुसँग निराशाको सम्बन्ध घटना र पात्रको मनोलोकसँग रहेको देखिन्छ । कथाको प्रारम्भमा आशालाई एउटी नर्सका रूपमा उपस्थित गराएर रूप सौन्दर्यकी खानीका रूपमा चित्रण गरेका छन् । उसमा रहेको आत्मरतिका कारण अहम् भावले प्रश्रय पाउँदै गयो र नीरजस्ता सच्चा प्रेमीलाई त्याग्न पुगी । जब उसलाई धनाढ्य केटाहरूले बनावटी माया देखाई लत्याउँदै गए, तब आशामा मनोवैज्ञानिक असर परी बिस्तारै निराशा छाउँदै गयो । नीरले बिन्दुसँग विवाह गरी आशाकै रेखदेखमा छोरा पाउनुले आशामा निराशाको मात्रा बढ्दै गएको देखिन्छ । नीर र बिन्दुको दाम्पत्य जीवनदेखि आहत बनेकी आशाको मनमा शङ्का, ज्वलन र इर्ष्याको भाव प्रबल मात्रामा देखिन्छ र बिन्दुको रहस्यमय मृत्युमा पनि आशाकै हात रहेको छ । बिन्दुको मृत्युपछि आशामा अलिकति अभिलाषा जागृत भएको देखिन्छ किनभने उसको नीरसँगको उठबसले निरन्तरता पाउन थालेको थियो तर नीरले रेखा भन्ने केटीसँग विवाह गरेपछि आशामा भएको निराशाले चरम रूप लिई मृत्युमा परिणत भएको छ । नीरले पनि आशालाई त्याग्दै स्वीकार्दै त्याग्दै गरेबाट पश्चात्ताप बोध गरी आशाको मृत्युमा निराश हुन पुगेको छ ।

यसरी मान्छेले उमेर छँदा ठूला-ठूला इच्छा, आकांक्षा र अभिलाषाका साथै सपना देखेका हुन्छन् । कुनै इच्छालाई आफ्नो अहम्ताले तोड्दै जान्छन् भने कुनै आकांक्षालाई अर्काले बेवास्ता गरी लत्याइदिन्छन्, जसका कारण मानिसमा निराशाको मात्रा बढ्दै जान्छ । आशा र निराशाको दोहोरो चक्रमा बाँचिरहेको मान्छेको जीवन निराशाको चरमचुलीमा पुगेपछि मृत्युन्मुख हुन्छ भन्ने विचार व्यक्त गरिएकाले यो कथा अभिधात्मक अर्थसापेक्षमा आधारित छ ।

**ङ) दृष्टिबिन्दु**

**निराशा** कथामा सहरी समाजको यथार्थतालाई प्रस्तुत गरी त्यस समाजका मानिसमा विद्यमान मनोकुण्ठालाई आशाका माध्यमबाट कथाकारले प्रस्तुत गरेका हुनाले यस कथामा तृतीय पुरुष बाह्यसीमित दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यस कथाकी प्रमुख पात्र आशा सर्वत्र दृष्टिबिन्दु पात्रका रूपमा रहेकीले उसकै संवेगात्मक स्थितिबाट कथानक अघि बढेको छ । आशाकै आवेग, संवेग, मनोवेग, इच्छा, आकांक्षा, इर्ष्या तथा प्रतिशोधका साथै निराशामा कथा केन्द्रित भएको हुनाले यस कथाको दृष्टिबिन्दु तृतीय पुरुष बाह्य सीमित रहेको छ भन्ने स्पष्ट हुन्छ । बाह्य संरचनाका दृष्टिले यस कथाका तीनै खण्डमा नछुटाई आशाको मनोभावनालाई व्यक्त गरिएको छ ।

प्रस्तुत कथामा आशा नर्स भएदेखि उसकै जीवनमा घटित विगत र वर्तमानका घटनाका साथै उसका मनमा अवस्थित आवेग, संवेग तथा मानसिक अवस्थाको चित्रण गरिएको छ । आशाकै दृष्टिबाट नीर, बिन्दु, तथा बालकलाई कथाकारले हेर्नुका साथै उसकै मृत्युपछि नीरमा निराशा छाएको देखाउँदै कथानकको अन्त्य भएकाले यस कथामा तृतीय पुरुष बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

**च) कथानक ढाँचा**

**निराशा** कथाको कथानक ढाँचा रैखिक नभई वृत्ताकारीय रहेको छ । आदि, मध्य र अन्त्यको उचित संयोजन भए तापनि बीच बीचमा घटनाहरू विगत, वर्तमान र भविष्यलाई कोट्याउँदै अघि बढेका छन् । ६ महिना अघि आशा अस्पतालमा नर्स भएको प्रसङ्गबाट अघि बढेको कथानक उसकै विगत र वर्तमानलाई केलाउँदै उसको मृत्युपछि अन्त्य भएको छ । ठाउँ-ठाउँमा पूर्वदीप्तिको प्रयोग गर्दा कथानक जेलिन पुगेको हुनाले यस कथाको कथानक ढाँचा वृत्ताकारीय रहेको देखिन्छ । आशा र नीरको अस्पतालमा भएको संवादबाट सुरु भएको कथानक त्यसपछि क्रमशः विगततिर मोडिएको छ । विगत ६ वर्षअघि आशा र नीरको प्रेम प्रसङ्ग, आशाले नीरलाई धोका दिई धनी केटाहरूको पछि लागेको प्रसङ्ग, आफ्नो रूपसौन्दर्यमा अहम् देखाउने सन्दर्भका साथै नीर र आशाको विगतको प्रेम प्रसङ्गले कथानकको धेरै भाग ओगटेको छ । वर्तमानलाई छुँदै र विगतलाई कोट्याउँदै वा विगत र वर्तमानको तुलना गर्दै अघि बढेको कथानक विगत र वर्तमानको दोहोरो चक्रमा जेलिएको छ । कथाकार कहीं मनोलोकभित्र चहारेर पूरै तथ्यलाई बाहिर ल्याउन पुग्छन् त कहिले बाह्यजगतको वर्णनमा लीन हुन पुग्छन् । कहीं कथाकार स्वयम् भावुक भएर मसानको वर्णन गर्न पुग्छन् त कहिले हृदयलाई शङ्काको घरका रूपमा आरोपित गर्न पुग्दछन् । कही अप्रत्यक्ष रूपले पात्रको अव्यक्त यौनचाहनालाई प्रकट गर्ने र कहीं अविवाहित नारीमा लुप्त रहेको मातृत्वको अंशलाई बाहिर प्रकट गर्ने काम कथाकारले गरेका छन् । कहीं संवाद, कहीं एकालाप त कहीं मनोलापको प्रयोग गरिएकाले यो कथा आशाको विगत र वर्तमानको जीवनशैलीलाई तुलना गर्न सक्षम देखिन्छ । वर्तमानबाट सुरु भएको कथानक विगतलाई वर्णन गर्दै फेरि वर्तमानमा आएर आशाको मृत्युपछि समाप्त भएको छ । खास गरी यस कथामा आशाको मनोविज्ञानलाई प्रस्तुत गरिएको छ । यस कथामा पात्रको मानसिक धरातललाई चिरफार गर्दै उसका मनमा उत्पन्न आशा, निराशा, ईर्ष्या, क्रोध र

यौनचाहना, कल्पना आदिलाई व्यक्त गर्दै कथानक समाप्त भएकाले यस कथाको कथानक ढाँचा रैखिक नभई वृत्ताकारीय रहेको छ ।

**छ) रूपविन्यास**

**निराशा** कथामा कथाकार सरल अभिव्यक्तितर्फ उन्मुख भएकाले यस कथाको रूपविन्यास संवृत किसिमको छ । यस कथामा अनेक इच्छा र चाहना हुँदा हुँदै पनि मानिस कसरी निराश बन्न पुग्छ भन्ने विचार कथाकारले व्यक्त गरेका छन् । मान्छे उमेरमा ठूला सपना बोकेर हिँडेको हुन्छ तर ती सपना पूरा नभएपछि अनायास दुःखी र निराश बन्दै जानुका साथै उसको मृत्युसमेत हुन्छ भन्ने यथार्थलाई कथाकारले औंल्याएका छन् । सहरी समाजमा हुर्केका ठिटाठिटीहरूका इच्छा, चाहना, सपना, कल्पना, मानसिक अवस्था र आकांक्षाहरूलाई विषयवस्तु सुहाउँदो संवृत शैलीमा सहरी क्षेत्रमा बहुधा प्रयोग गरिने पद, पदावली र वाक्यांशको प्रयोग कथाकारले गरेका छन् । भाषाशैलीमा चमत्कार ल्याउन खोजी भनाइलाई आलङ्कारिक बनाउने काम ठाउँ-ठाउँमा गर्दै सामान्य बोलचालको भाषालाई निकै सुन्दर र प्रभावकारी ढङ्गले प्रस्तुत गरेका छन् । कतै कतै भावुकतामा आएर कुनै वस्तु वा घटनाको वर्णन गरिए तापनि यस कथामा सरल र सुबोध गद्यशैलीको प्रयोग गरिएको छ ।

सहरी समाजमा बढी प्रचलनमा आउने कथ्य भाषाका साथै आधुनिक शिक्षित वर्गले दैनिक व्यावहारमा प्रयोग गर्ने अङ्ग्रेजी मिश्रित भाषाको प्रयोग निराशा कथामा गरिएको देखिन्छ । यस कथाका अधिकांश घटना अस्पतालमा घटित भएकाले बारम्बार अस्पतालमै प्रयोग गरिने शब्द परेका छन् । नर्स र बिरामीका बीच संवाद, लोग्ने र स्वास्नीका बीच संवाद र डक्टर र नर्सका बीचको संवादले भाषालाई संवादात्मक बनाएको छ । स्कुटर, ब्रेन्चकार, रोमियो, मजनु, डाक्टर, नर्स, डिउटी, अफिस, हस्पिटल, स्टाफ, पोस्टमार्टम, पिकनिक, नर्सिङ कमन रूम, ड्रेस, दिवाना, इसाराजस्ता आगन्तुक शब्दको प्रयोग यस कथामा अत्यधिक गरिएको छ । स्यानो, मुजूर, अइना, डाक्टर्नीजस्ता झर्रा शब्दको प्रयोगले भाषालाई स्वाभाविक बनाउनुका साथै पुतली, फूल, मुजूरजस्ता प्रतीकको प्रयोगले अर्थको तहलाई व्यापक बनाएका छन् । सरसर्ती, घ्वाइँ-घ्वाइँ, क्वारक्वार्ती, टिलपिल-टिलपिल, थुमथुमाउनु, झनझनाउनुजस्ता द्वित्वका साथै खिस्स, घुक्क, ट्वाल्ल आदिजस्ता अनुकरणात्मक शब्दको प्रयोगले भाषालाई स्तरीय बनाउने काम गरेका छन् । आहा ! ए ! अँ ! जस्ता विस्मय प्रकट गर्ने शब्दको पनि ठाउँ-ठाउँमा प्रयोग भएको देखिन्छ ।

वाक्यगठनका दृष्टिले यस कथामा सरल संयुक्त र मिश्र वाक्यको उचित प्रयोग गरिए तापनि अधिकांश वाक्यहरू सरल नै रहेका छन् । ठाउँ-ठाउँमा संवादात्मक वाक्य आएका छन् भने ठाउँ-ठाउँमा व्यक्तिका मनमा उत्पन्न आवेग, संवेग र उद्गारलाई प्रकट गर्ने भाषाको प्रयोग गरिएको छ । आदेशात्मक, अनुरोधात्मक वाक्यका साथै पात्रको स्तरअनुकूलको भाषा प्रयोगमा कथाकारले उचित ध्यान दिएका छन् । भाषालाई आलङ्कारिक बनाउने ध्येयले कथाकारले उपमा अलङ्कारको प्रयोग अत्यधिक मात्रामा गरेका छन् । जस्तैः- ओइलाएको फूलझैं आशा, निभ्न लागेको बत्तीझैं आशा, तर्केका पानीका थोपाझैं आशा, चुम्बकमा फलाम टाँसिएझैं, चन्द्रमाझैं आशा, वियोगीका आँसुका थोपाझैं, कलाकारको मूर्तिझैं आशा, औंसीको रातझैं आशा, बेसाहाराझैं, बहुलाहाझैं, केटाकेटीझैं आदि **झैं** जोडिएका वाक्यांशको प्रयोग कथामा सर्वत्र पाइन्छ । पूर्णविराम, अर्धविराम, प्रश्नवाचक, विस्मयादिबोधक आदि विराम चिह्नको उचित प्रयोगका साथै वाक्यमा खालि ठाउँको प्रयोग र अपूर्ण वाक्यको प्रयोग पनि निकै मात्रामा भेटिन्छ । यस कथामा विषयवस्तु र पात्र सुहाउँदो भाषा प्रयोग भए तापनि भाषालाई पूर्ण स्वाभाविक, परिष्कृत र परिमार्जित बनाउन कथाकार असफल देखिन्छन् । ठाउँ-ठाउँमा कथाकार दर्शन प्रदर्शनमा लम्किएकाले भाषा दुरुह बनेको देखिन्छ ।

## ४.३.५ अभिलाषा कथाको विश्लेषण

### क) रुचिक्षेत्र

**अभिलाषा** कथा व्यक्ति मनोविज्ञानमा आधारित कथा हो । यस कथामा व्यक्ति मनमा उत्पन्न आशा, अभिलाषा, आवेग, संवेग एवम् भावावेगलाई प्रस्तुत गरिएको छ । यस कथामा एउटा पहाडी ठिटो कप्तान बन्ने अभिलाषा लिएर काठमाडौँ आई एक हिराबहादुर नामको कप्तानका घरमा नोकर भएर बस्न पुग्छ । कप्तानी पोशाकबाट आकर्षित भएको माने यसै पोशाकले उसका मनमा कप्तान बन्ने तीव्र इच्छा र आकांक्षाका साथै अभिलाषा उत्पन्न गराउन पुग्छ । त्यही पोशाकले उसका मनमा मनोवैज्ञानिक छाप परेको देखिन्छ, जसका कारण ऊ बारम्बार सो पोशाक लगाउने र फुकाल्नुका साथै एकोहोरो भएर हेरिरहन्छ । मान्छे आफ्नो सोचाइमा लीन भएपछि ऊ आन्तरिक रूपमै रमाउने गर्छ र उसलाई बाह्य परिवेशको वास्ता हुँदैन भन्ने विचार मानबहादुरका माध्यमबाट व्यक्त भएको छ । चेतन मन र अचेतन मनका बीच द्वन्द्व हुँदा ऊ कहिले कल्पनाको भवसागरमा डुब्न पुग्छ त कहिले यथार्थको धरातलमा उत्रन आइपुग्छ । मनोवैज्ञानिक कथाकारहरूले पात्रका

मनमा अवस्थित आन्तरिक द्वन्द्वलाई प्राथमिकताका साथ हेर्छन । अभिलाषा कथामा मानबहादुर भन्ने पात्रको कप्तान बन्ने अभिलाषा र त्यसले उसका मनमा पारेको गहिरो प्रभावलाई देखाइएको छ । कप्तानी पोशाक लगाएर आफ्नो प्रतिबिम्ब ऐनामा हेर्नु र त्यो पोशाकले आफूलाई सुहाएको ठान्नुले मानेमा आत्मरतिको मात्रा पनि केही हदसम्म बढेको छ । कप्तान हिराबहादुरलाई भन्दा आफूलाई त्यो पोशाक ठीक भएकाले र आफूलाई कप्तान र कप्तानलाई ढाक्रे देख्नुले मानेमा अहम् भाव सिर्जना भएको देखिन्छ । यस कथामा पात्रको मनोविज्ञानलाई जस्ताको तस्तै उतार्ने काम भएकाले र उसका मनमा उत्पन्न अभिलाषालाई विषयवस्तु बनाएकाले यस कथाको रुचिक्षेत्र मनोविज्ञान हो भन्ने प्रष्ट हुन्छ ।

मान्छेमा अभिलाषा जागृत भएपछि ऊ त्यो अभिलाषा पूरा गर्ने आशामा नोकरसमेत बन्न पछि पर्दैन । त्यस अभिलाषाले उसमा बारम्बार द्वन्द्व चलाइरहन्छ । मालिक कप्तानले उसको मनोभावना नबुझेपछि त्यस घरबाट निस्कन बाध्य हुन्छ । तर आफ्नो साथी बलबहादुरको सम्पर्कबाट सेनामा भर्ती हुने आश्वासन पाएपछि माने आफ्नो अभिलाषा पूरा हुने ठान्दछ । यसरी व्यक्ति मनमा उत्पन्न अभिलाषालाई विषयवस्तु बनाई उसमा अवस्थित आन्तरिक द्वन्द्व, चेतन मन र अचेतन मनका बीच द्वन्द्व, अहम्, आत्मरति आदिको उद्घाटन गरिएकाले यो कथाको रुचिक्षेत्र मनोविज्ञान हो । यस कथाको सम्पूर्ण विषयवस्तु, घटना, परिघटना एवम् पात्रको मानसिक अवस्थाको चित्रणमा केन्द्रित भएकाले र त्यही पात्रको अभिलाषाले सिर्जित मानसिक उतार-चढावलाई यस कथाले देखाएको छ ।

**ख) रीतिक्षेत्र**

**अभिलाषा** कथा यथार्थवादी रीतिमा आधारित कथा हो । यथार्थवादीहरू झिनो कथानकलाई लिएर त्यसको विस्तृत वर्णनमा केन्द्रित रहन्छन् । समाजमा गरिब, निमुखा तथा तल्लो वर्गका पात्रलाई आफ्ना कथामा महत्त्व दिन्छन् । यस आधारमा अभिलाषा कथा एउटा गरिब नोकर  माने र उसको कप्तान बन्ने अभिलाषाले उसका मनमा पारेको गहिरो प्रभावलाई जस्ताको तस्तै यथार्थवादी शैलीमा प्रस्तुत गरिएको छ । यस कथाको प्रमुख पात्र मानबहादुर हो । ऊ एउटा गरिब र निरीह ठिटो भएकाले सानैदेखि कप्तान बन्ने अभिलाषाबाट उत्प्रेरित भएर काठमाडौं आई कप्तान हिराबहादुरको घरमा नोकर बस्न बाध्य भएको छ । कप्तानी पोशाकबाट आकर्षित भएको मानेको दिनचर्या सो पोशाक एकान्तमा बसेर लगाउने र फुकाल्ने, एकोहोरो भएर त्यही पोशाकमा टोलाइरहने र आफ्नो नोकरको दायित्व निर्वाह गर्दै बितेको पाइन्छ । व्यक्ति मनमा एउटा तीव्र अभिलाषा जागृत भएपछि

उसका मनमा कस्ता कस्ता कुराहरू खेल्छन्, उसका सपना र कल्पनाहरू के कस्ता हुन्छन् भन्ने विचार व्यक्त गर्दै उसको मनोभावना मालिक तथा मालिक्नीले बुझ्न नसकेको तर सामान्य एउटा साथीले बुझ्न सकेको कुरालाई यस कथाले प्रष्ट पारेको छ । मालिक, मालिक्नी र नोकरचाकरका बीच हुने औपचारिक संवादलाई जस्ताको तस्तै प्रस्तुत गरी मालिक मालिक्नीले नोकरलाई गर्ने व्यावहारको सफल चित्र यस कथामा उतारिएको छ । गाउँबाट अनेक इच्छा र अभिलाषा बोकेर सहर प्रवेश गरेका ठिटाहरूको दुर्दशालाई प्रस्तुत गर्दै पात्रको मनोभावनालाई यथार्थ रूप दिनका लागि मनोविज्ञानको प्रयोग गरिएको छ । हृष्टपुष्ट शरीर भएको मानबहादुरको अभिलाषा कप्तान बन्ने र साना ओहदाका कर्मचारीबाट सलाम लिने र फर्काउने मनोकांक्षाका साथै कल्पनाको तीव्र मनोवेगलाई देखाएको छ । कप्तानी पोशाकले मानबहादुरलाई सुहाएबाट उसको भौतिक पक्षको चित्रण केही मात्रमा भएको छ । मानबहादुरले सोचेका कुरालाई विश्रृङ्खलित रूपमा प्रस्तुत गर्दै छाउनी ब्यारेकमा खाना पुऱ्याउन जाँदा उसका मनमा उत्पन्न विचारहरूको तँछाडमछाडलाई कथाकारले यथार्थ रूपमा चित्रण गरेका छन् । जब ऊ कप्तान भएर घर फर्कला तब उसलाई कप्तान आयो भनी सलाम ठोक्लान् । हिन्दूस्थानबाट वीरबहादुर जमदारी पोशाक लगाएर आउँदा गाउँलले सलाम ठोकेका, गाउँमा केटी दिनेको धुइरो लागेको, सिपाहीलाई तारो हान्न सिकाएको, सोचमा मग्न भएपछि खानदान बोकी-बोकी लडेको, कप्तान हिराबहादुरलाई सलाम गर्न बिर्सेकोजस्ता मिहीन घटनालाई पनि प्राथमिकताका साथ यथार्थवादी ढाँचामा प्रस्तुत गरेका छन् । कथाकारले यस कथामा भोटाहिटी, छाउनी ब्यारेक, रानीपोखरी र असनजस्ता ठाउँको प्रयोग गरी स्थानीय रङ्को यथार्थ चित्र उतारेका छन् । यसरी यस कथामा मानबहादुर पात्रको भौतिक, मानसिक एवम् संवेगात्मक स्थितिको चित्रण गरिएकाले यस कथाको रीतिक्षेत्र मनोवैज्ञानिक यथार्थवाद हो ।

**ग) सारवस्तु**

हरेक मान्छेका आ-आफ्नै इच्छा, आकांक्षा र अभिलाषाहरू हुन्छन् । ती अभिलाषा पूरा गर्नका लागि ऊ विभिन्न ठाउँमा भौतारिरहन्छ र आफू बहुलट्ठी भएको थाहा पाउँदैन भन्ने कुरालाई यो कथाको प्रमुख पात्र मानबहादुरका माध्यमबाट व्यक्त गरिएको छ । मान्छेका मनमा अवस्थित अभिलाषा पूरा गर्नका लागि ऊ जस्तोसुकै कठोर परिश्रम गर्न पनि पछि पर्दैन र अन्त्यमा सफलता प्राप्त गरेरै छाड्छ भन्ने यस कथाको सारवस्तु हो ।

हृदयको स्पन्दनसँगै अभिलाषाको सिर्जना भएको हो, जुन अभिलाषामा मनुष्यजीवन नयाँ नयाँ कल्पना गर्दछ, दिनमै सपना देख्न थाल्दछ र त्यसको पूर्तिका लागि हरदम सङ्घर्ष गर्दछ । त्यो सङ्घर्षमा आशा र निराशा दुई चीज हुन्छन् भन्ने निष्कर्ष कथाकारले निकालेका छन् । यसै सारवस्तुलाई अन्तिम रूप दिनका लागि कथाकारले मानबहादुर पात्रको सिर्जना गरी उसैका माध्यमबाट आशा र निराशाको मनोवेग तीव्रताका साथ प्रवाहित भएको देखाएका छन् । मान्छे आफ्नो अभिलाषामा विचाराधीन भएपछि उसलाई बाह्यजगतको केही पर्वाह हुँदैन । यस कुराको पुष्टिका लागि मानबहादुर पात्रलाई गाडीले ठक्कर दिँदा पनि थाहा नपाउनु, सोचमग्न भई बाटामा हिँड्दा लडेको पत्तो नपाउनु, सिपाहीले कप्तानलाई सलाम गर्दा मानबहादुरले पनि सलाम फर्काउनु, मालिकले बोलाएको चाँडै नसुन्नु, एकोहोरो भएर कप्तानी पोशाक हेरिरहनु आदि क्रियाकलापलाई लिन सकिन्छ । कप्तान हिराबहादुरको घरमा नोकर भएपछि आफ्नो अभिलाषा पूरा हुने आशा पलाएको मानबहादुर मालिकले आफ्नो मनोभावना बुझ्न नसकी घरबाट निकालेपछि निराश बन्न पुग्दछ । तर आफ्नै गाउँले साथी बलबहादुरले सेनामा भर्ती गरिदिने आश्वासन पाएपछि पुनः आशा जागृत हुनुले उसको अभिलाषा पूरा हुने देखी जीवनप्रति आशावादी बनेको देखिन्छ । तल्लो वर्गका मानिसको इच्छा, आकांक्षा र चाहनालाई माथिल्ला तहका मानिसले बुझ्न सक्दैनन् भन्ने विचार यस कथाले व्यक्त गरेको छ ।

मान्छेका मनमा विविध अभिलाषाहरू जागृत हुन्छन् । तीमध्ये एउटा अभिलाषा जरा गाडेर बसेको हुन्छ । त्यो अभिलाषा पूरा गर्नका लागि मानिस हरदम प्रयासरत हुन्छ र ऊ जीवनभर आशा र निराशाको दोसाँधमा बाँचिरहेको हुन्छ । आफ्नो अभिलाषामा लीन भएको मान्छे जस्तोसुकै चोट, वेदना र गालीगलौजलाई सहन सक्ने र अन्त्यमा उसले अभिलाषा पूरा गरेरै छाड्ने निष्कर्ष यस कथाको छ । यही सारवस्तुको नाटकीकरण, सुहाउँदिला पात्रको चयन, सहरी परिवेशको चित्रण गरिएकाले यो कथा उत्कृष्ट बनेको छ ।

**घ) अर्थसापेक्ष**

कथाकारले आफ्ना कथामा प्रतीक, रूपक वा स्वैरकल्पनालाई आधार बनाई विचार, भाव वा दृष्टिकोण प्रस्तुत गर्दछन् तापनि धेरैजसो कथाकारले अभिधात्मक अर्थको तहलाई नै प्रभावकारी ढङ्गले प्रस्तुत गरेका हुन्छन् । जगतमर्दन थापाले अभिलाषा कथामा अभिधात्मक अर्थलाई नै प्राथमिकताका साथ प्रस्तुत गरेका छन् । सानैदेखि सिपाहीमा जागिर खाएर

कप्तान बन्ने अभिलाषा लिएको पश्चिम ४ नम्बर स्याङ्जाको मानबहादुर काठमाडौँ आई कप्तान हिराबहादुरको कप्तानी पोशाकबाट आकर्षित भएर उसकै घरमा नोकर बसेको छ । त्यही कप्तानी पोशाकले उसको कप्तान बन्ने अभिलाषाले तीव्र रूप लिएको छ । एकान्त समयमा उक्त पोशाक लगाउने, आफ्नो प्रतिबिम्ब ऐनामा हेर्ने, सो पोशाक फुकाउने, सुम्सुम्याउने, एकोहोरो भएर हेर्ने, त्यो पोशाकले कप्तान हिराबहादुरलाई ढाक्रे र आफूलाई कप्तानको कल्पना गर्नेजस्ता सोचाइले मानबहादुर कप्तान बन्ने अभिलाषामा चुर्लम्म डुबेको छ । त्यही अभिलाषा पूर्तिका लागि कप्तानका घरमा नोकर बसेको मानबहादुर आफ्नो उद्देश्य विपरीत सो घरबाट गलहत्तिन पुग्दछ । ठूला पदमा आसीन हुन पुगेका सहरी समाजका मानिसले एउटा गरिब, गाउँले नोकरको मनोभाव र अभिलाषा बुझ्न नसकेको तर एउटा सामान्य गाउँले साथीले मानेको कप्तान बन्ने अभिलाषा बुझेको देखाइएको छ ।

यसरी यस कथामा मानबहादुर पात्रको मनमा कप्तान बन्ने अभिलाषा जागृत भएको, त्यो अभिलाषा पूरा गर्ने आशाले कप्तान हिराबहादुरका घरमा नोकर बसेको, त्यस समयमा उसका मनमा हरेक किसिमका भावना तथा भावतरङ्गहरू पैदा भएका, कप्तान भएपछिको उसका कल्पनाहरू तथा उसको मानसिक अवस्थाको चित्रणमा यो कथा केन्द्रित छ । अभिलाषा पूरा गर्नका लागि मानेले जेजस्ता बाधा व्यावधान आइपरे पनि त्यसको सामना गर्दै साथी बलबहादुरको सहयोगबाट सिपाहीमा भर्ती हुने आश्वासनका साथ यो कथा टुङ्गिएको छ । यहाँ कुनै रूपक वा प्रतीकको प्रयोग नगरिएकाले साधारण पाठकले पनि यसको भावाबोध गर्न सक्छन् । कथाका प्रत्येक घटनाहरू मानबहादुर पात्रका वरिपरि घुम्नुका साथै उसकै अभिलाषामा केन्द्रित भई अभिलाषा पूरा भएको हुनाले यस कथाको अर्थ अभिधात्मक रहेको छ ।

### ङ) दृष्टिबिन्दु

**अभिलाषा** कथामा प्रमुख पात्र मानबहादुको बचपनदेखिकै कप्तान बन्ने अभिलाषा प्रस्तुत गरिएको छ । मानबहादुरको कप्तान बन्ने मनोकांक्षालाई प्रस्तुत गर्दै कप्तानी पोशाकले उसको मस्तिष्कमा पारेको अमीट छापको चित्रणमा आधारित यो कथा मानबहादुरकै जीवनशैलीसँग सम्बद्ध छ । कथाको सुरुदेखि अन्त्यसम्म कथाकारले मानबहादुर पात्रको मानसिक, भौतिक एवम् संवेगात्मक अवस्थाको वर्णन गरेका हुनाले यो कथा तृतीय पुरुष बाह्य सीमित दृष्टिबिन्दुमा केन्द्रित छ । कप्तानी पोशाकमा लट्ठ परेको मानबहादुरमा

कप्तान बन्ने मनोभावना जागृत भएको तर उसको मनोभावनालाई कप्तान हिराबहादुरले बुझ्न नसकी घरबाट निकालिदिएको, मानेको अभिलाषा साथी बलबहादुरले मात्र बुझ्न सकेको प्रसङ्गबाट यस कथामा सर्वत्र माने पात्र मात्र रहेको छ ।

जम्मा दुई खण्डमा विभाजित यो कथाका दुवै खण्डमा मानेकै भूमिका उल्लेखनीय रहेको छ । माने कप्तानी पोशाक खेलाउँदै कहिले कल्पनाको भवसागरमा डुबेको त कहिले यथार्थको धरातलमा उत्रिएको प्रसङ्गबाट यस कथामा सबैतिर माने मात्र व्याप्त छ । यसरी यस कथाका सम्पूर्ण घटना, परिघटना, चिन्तन मनन, इच्छा, आकांक्षा एवम् अभिलाषा मानेकै वरिपरि घुमेका र सम्पूर्ण कथा उसकै शारीरिक, मानसिक एवम् संवेगात्मक अवस्थाको चित्रणमा केन्द्रित रहेकाले यस कथाको दृष्टिबिन्दु तृतीय पुरुष बाह्य सीमित हो भन्ने प्रष्ट हुन्छ । अझ भन्नुपर्दा कप्तानी पोशाकदेखि लिएर कप्तान हिराबहादुर, कप्तान्नी राधा, वीरबहादुर, बलबहादुर र मानेका छिमेकीजस्ता सहायक पात्रका साथै यस कथामा घटित सम्पूर्ण घटनाहरूलाई मानेकै दृष्टिबाट हेरिएकाले यो कथा तृतीय पुरुष बाह्य सीमित दृष्टिबिन्दुमा रचित छ ।

**च) कथानक ढाँचा**

**अभिलाषा** कथा मनोवैज्ञानिक कथा भए तापनि यस कथामा घटित घटनाहरू श्रृङ्खलाबद्ध रहेका छन् । मानेले कप्तानी पोशाक सुम्सुम्याउँदै, खेलाउँदै, लगाउँदै, फुकाउँदै र ऐनामा आफ्नो प्रतिबिम्ब हेर्दै गरेको प्रसङ्गबाट कथाको प्रारम्भ भई त्यस पोशाकले उसको कप्तान बन्ने अभिलाषालाई गति दिएको छ । सानैदेखि कप्तान बन्ने सौख भएको माने पश्चिमबाट काठमाडौँ आई कप्तान हिराबहादुरका घरमा नोकर बसेको देखिन्छ । कप्तान बन्ने अभिलाषाका साथ मालिक र मालिक्नीको हकारपकार, गालीगलौजलाई सहेर भए पनि आफ्नो नोकरको दायित्व निर्वाह गर्न सफल मानेको एक मात्र प्रियवस्तु त्यही कप्तानी पोशाक रहेको देखिन्छ । कथाको आदि भाग नोकर माने र उसलाई कप्तानी पोशाकले पारेको प्रभावमा केन्द्रित छ । त्यही कप्तानी पोशाकले मानेको शुषुप्त अवस्थामा रहेको कप्तान बन्ने अभिलाषालाई अझ जागृत गराएको छ, जसले गर्दा माने बहुलट्ठी भई सोचविचारमै मग्न देखिन्छ । मालिक नुहाउँदा मानेले आफ्नो शरीर र मालिकको शरीरका बीच तुलना गरी आफूलाई हट्टाकट्टा कप्तान र कप्तान हिराबहादुरलाई ढाक्रे देख्नुले उसमा भएको अभिलाषाले केही गति लिन थालेको देखिन्छ ।

कथाको मध्य भागमा माने हिराबहादुरलाई खाना पुऱ्याउन छाउनी ब्यारेक जाने क्रममा उसले सोचेका विभिन्न कुराहरूका साथै त्यस यात्रामा उसले देखेका दृश्यले अभिलाषालाई उच्चता प्रदान गरेको छ, जसका कारण माने विगत, वर्तमान र भविष्यप्रति चिन्तित छ । ऊ कहिले कल्पनाको सागरमा डुब्छ भने कहिले यथार्थ धरातलमा उत्रन्छ । कहिले गाउँको स्मरण गर्न पुग्छ र वीरबहादुरलाई सम्फन्छ त कहिले बाटामा आउँदै गरेको एउटा कप्तानलाई सानो दर्जाका सिपाहीले सलाम गरेको देख्दा आफूले पनि सलाम फर्काउन पुग्छ । सोचमग्न भई बाटामा लड्नु, सिपाहीले कवाज खेलेको र तारो हानेको देख्नु, घर फर्कने क्रममा एउटा सामान्य प्रहरीले उसलाई हप्काउनु र मानेको अहम्मा चोट लाग्नुजस्ता घटनाले मानेको अभिलाषा चरम अवस्थामा पुगेको देखिन्छ ।

कथाको अन्तमा कप्तान हिराबहादुरले मानेको मनोभावना बुभ्न नसकी घरबाट निष्काशन गरेको र उसको सट्टा एउटी नोकर्नी केटी राखेको अनि मानेको मनमा निराशाको कालो बादल छाएको प्रसङ्गबाट कथानकले मोड लिएको छ । कप्तानको घरबाट निष्कासित भएपछि अब माने कहाँ जान्छ ? उसको कप्तान बन्ने अभिलाषा पूरा हुन्छ कि हुँदैन भन्ने कुतूहल सिर्जना गर्दै अघि बढेको कथानक मानेको साथी बलबहादुरलाई भेटेपछि र उसले सिपाहीमा भर्ती गराइदिने वचन दिएबाट मानेको अभिलाषा पूरा हुने सम्भावना देखाई कथानक अन्त्य भएको छ ।

अभिलाषा कथा व्यक्ति मनोविज्ञानमा आधारित कथा भए तापनि यस कथामा घटित घटनाहरू आदि, मध्य र अन्त्यको श्रृङ्खला मिलाइएको छ । एउटा सामान्य गरिब युवकको कप्तान बन्ने अभिलाषाका साथ अघि बढेको कथानक उसका मनमा उत्पन्न विचार, कल्पना, सोचाइ तथा आवेग, संवेगलाई छुँदै अन्तमा सो अभिलाषा पूरा भएको देखाइएको छ । त्यसैले यस कथामा एउटा युवकमा अभिलाषा जागृत भएको, त्यसको समाधानका लागि नोकर बसी गालीगलौजसमेत सहेको, अभिलाषा पूरा हुने र नहुने दोसाँधमा रहेको तथा अन्त्यमा अभिलाषा पूरा भएकाले यो कथा रैखिक ढाँचामा लेखिएको कथा हो भन्ने पुष्टि हुन्छ ।

**छ) रूपविन्यास**

**अभिलाषा** कथा व्यक्ति मनोविज्ञानमा आधारित यथार्थवादी शैलीमा लेखिएको कथा हो । त्यसैले यस कथामा संवृत रूपविन्यासको प्रयोग गरिएको छ । एउटा व्यक्तिका मनमा उत्पन्न अभिलाषालाई विषयवस्तु बनाई त्यसको पूर्तिका लागि गरिएका अनेक

प्रयासलाई यस कथामा प्रस्तुत गरिएको छ । सहरी समाजमा घटित घटना समावेश भएकाले सहरी समाजमा बहुधा प्रयोग गरिने पद, पदावलीका साथै अङ्ग्रेजी मिश्रित भाषाको प्रयोग गरिएको छ । भाषाशैलीमा चमत्कार देखाएर अभिव्यक्तिलाई आलङ्कारिक बनाउनुका साथै दैनिक प्रयोगमा आउने बोलचालको भाषालाई निकै सुन्दर ढङ्गले प्रयोग गरिएको छ । कतै-कतै भावुकतामा आएर कुनै वस्तु वा घटनाको वर्णन गरे तापनि यस कथामा सरल, सरस र विशुद्ध गद्यशैलीको प्रयोग गरिएको छ ।

सहरी समाजमा प्रचलित बोली भाषाको प्रयोग गर्ने क्रममा मुखारी लाउनु, मर्जी, सवारी, बाबुसाहेब, दुलहीसाहेब आदिजस्ता शब्दले प्राथमिकता पाएका छन् भने मालिक र नोकरका बीच संवाद भएकाले पात्रको स्तरअनुसारको भाषा चयन गरिएको छ । भाषामा स्वाभाविकता ल्याउनका लागि ट्याक्क, फनक्क, खिस्स, झसङ्ग, आदिजस्ता अनुकरणात्मक शब्दका साथै फनफनी, चमचमाउँदो, सुमसुम्याउनु, ड्याम-ड्याम, मुसु-मुसु, टक-टकजस्ता द्वित्व शब्दको प्रयोग गरिएको छ । अइना, स्यानोजस्ता झर्रा शब्दका साथै मिलिटरी, ड्रेस, बुर्सुट, मसल्ज, फरेन क्याप, अफिसर, आर्मी हेडक्वाटर, बचपन, महफिल, अदपजस्ता आगन्तुक शब्दको प्रयोगले भाषालाई स्तरीय बनाइएको छ । उफ्! आहा! हत्तेरिका! ओहोजस्ता आश्चर्य, विस्मय, दुःख, वेदना र छटपटीलाई प्रकट गर्ने शब्दका साथै सिपाहीसँग सम्बन्धित सामग्रीलाई प्रयोगमा ल्याइएको छ ।

वाक्यगठनका दृष्टिले यस कथामा सामान्यतया सरल वाक्यको प्रयोग भए तापनि ठाउँ-ठाउँमा संयुक्त र मिश्र वाक्यका साथै जटिल उपवाक्यको प्रयोग पनि गरिएको छ । आदेशात्मक, अनुरोधात्मक वाक्यका साथै यस कथामा संवादको प्रयोग भएकाले पात्रको योग्यता, क्षमता र स्तरअनुसारको भाषा प्रयोग गरिएको पाइन्छ । एउटा पात्रको मानसिक अवस्थाको चिरफारमा यो कथा केन्द्रित भएकाले उसका मनमा उत्पन्न आवेग, संवेग, आशा, निराशा एवम् अभिलाषाको उद्गार व्यक्त गर्ने भाषाको प्रयोगमा केन्द्रित छ । वाक्य निर्माणका क्रममा कहीं खालि ठाउँको प्रयोग गरिएको छ । भाषालाई आलङ्कारिक बनाउने ध्येयले खोलाको किनारमा उब्जिएको घाँसझैं तह नलगाइएको बैरागी जुँगा, तुच्छ वचन तीरझैं हृदयमा बिझ्नु, हृदय सल्लाघारीझैं सुसाउनु, बिजुलीझैं एकपटक फेरि आशाको बिजुली चम्कनुजस्ता उपमा अलङ्कारको प्रयोग गरिएको छ ।

**निष्कर्षः पलाँशको फूल** कथासङ्ग्रहभित्र दोस्रो कथाको स्थान पाएको **अभिलाषा** कथा एक मनोवैज्ञानिक कथा हो । यो कथाको रुचिक्षेत्र वा विषयवस्तु व्यक्ति मनोविज्ञानमा

आधारित रहेको छ । एउटा ठिटो कप्तान बन्ने अभिलाषा लिएर काठमाडौँ प्रवेश गरेको र एउटा हिराबहादुर नाम गरेको कप्तानको कप्तानी पोशाकबाट आकर्षित भएर त्यही घरमा नोकर बसेको घटनालाई यथार्थवादी रीतिअनुसार प्रस्तुत गरिएको छ । मानिस अभिलाषामा लीन भएपछि उसमा मनोवैज्ञानिक असर पर्दछ र ऊ हरबखत त्यो अभिलाषा पूर्ति गर्न चाहन्छ भन्ने सारवस्तु रहेको यो कथा मानेले हरेक हण्डर खाएर पनि आफ्नो अभिलाषा पूरा गरेर छाडेको छ भन्ने देखाउन सफल छ । तृतीय पुरुष बाह्य सीमित दृष्टिबिन्दुमा रचित यो कथा सहरी समाजका मालिक भनाउँदाले एउटा सामान्य नोकरको मनोभावना बुझ्न नसकेको घटनामा केन्द्रित छ । प्रायः रैखिक ढाँचामा लेखिएको यो कथा अलिकति विगततिर फर्किएको छ । कप्तानी पोशाक सुम्सुम्याउँदै गरेको प्रसङ्गबाट सुरु भएको कथानक माने सिपाहीमा भर्ती हुने सम्भावना देखिएपछि समाप्त भएको छ । आफ्नो अभिव्यक्तिलाई सरल बनाउने प्रयास भएकाले यो कथा संवृत रूपविन्यासमा आधारित छ ।

## ४.३.६ 'पलाशको फूल' कथाको विश्लेषण

### क) रुचिक्षेत्र

जगतमर्दन थापा सामाजिक यथार्थवादी र मनोवैज्ञानिक यथार्थवादी कथाकार भएका हुनाले उनका कथामा समाजको यथार्थ र व्यक्तिको मनोविज्ञान नै रुचिक्षेत्र भएर आएका छन् । नेपाली समाजका सहरी परिवेशमा जन्मी हुर्की गरेका युवायुवतीका बीच वैवाहिक जीवन सुरु भए पनि उनीहरूका आ-आफ्ना चारित्रिक कमजोरी र पथभ्रष्ट प्रवृत्तिको रहस्योद्घाटनपछि उनीहरूको जीवन तहस-नहस भई कथाले वियोगान्त रूप धारण गरेको छ । समाजका शिक्षित भनाउँदा ठिटाठिटीहरू आफ्नो जीवनबाट कसरी बर्बादीतर्फ उन्मुख भइरहेका हुन्छन् भन्ने यथार्थवादी विषयवस्तुलाई कथाकारले आफ्नो रुचिक्षेत्र बनाएका छन् । यस कथाको नायक पवन एकान्तप्रेमी भएर पाश्चात्य साहित्यमा आफूलाई लीन गराउने स्वभावको पात्र हो । उसले विवाह गर्ने पूर्वयोजना नहुँदा नहुँदै पनि मामा विनोदबाट देखाइएकी सुन्दरी केटी कुसुमको रूपसौन्दर्य र धनको लोभमा फँसेर विवाह गर्न तत्पर देखिएको छ । रूप, धन र शिक्षा मात्र सबै कुरा होइन, त्यसका साथै चरित्रवान हुनु पनि आवश्यक छ भन्ने विचारलाई आजका युवायुवतीले बुझ्न नसकेको कटुयथार्थलाई यस कथामा उद्घाटन गरिएको छ । आजका युगका केटाकेटीको सस्तो र भावुक प्रेमले समाजमा निम्त्याएको विकृतिलाई व्यङ्ग्यात्मक शैलीमा व्यक्त गर्दै समाज सुधारको अपेक्षा कथाकारले यस कथामा

गरेका छन् । पाश्चात्य संस्कृतिको हावाले छोइएका नेपाली सहरी वातावरणमा हुर्केका युवायुवतीले समाजमा यस्ता अनेकौं घटनाहरू घटाइरहेका हुन्छन् र घट्ने सम्भावना पनि अधिक भएकाले यस कथाको रुचिक्षेत्र नेपाली समाजको सहरी जनजीवन हो भन्न सकिन्छ । यस कथाकी नायिका कुसुमले प्रेम एउटासँग गर्नु र विवाह अर्कोसँग गर्नु, आफ्ना विगतका सम्पूर्ण दोषहरू लुकाई आदर्श पत्नीको अभिनय गर्नु, नायक पवन पनि आफूलाई आधुनिक र प्रगतिशील भनाउँदो भएर पनि रक्सीमा डुब्नु, एउटा बेनामी पत्र उसका हातमा पर्ने बित्तिकै त्यसको सत्य तथ्य नबुझ्री आवेशमा आई पारिवारिक दाम्पत्य जीवन नै उथलपुथल पार्नुजस्ता घटना समाजमा बारम्बार घट्ने हुनाले यो कथाको रुचिक्षेत्र सामाजिक यथार्थवाद र मनोवैज्ञानिक यथार्थवाद हो भन्ने प्रष्ट हुन्छ । त्यसैले यस कथामा सहरी समाजका बिम्बलाई जस्ताको तस्तै संवादात्मक शैलीमा उतार्ने काम भएको छ ।

**ख) रीतिक्षेत्र**

जगतमर्दन थापा यथार्थवादी र मनोवैज्ञानिक यथार्थवादी कथाकार भएकाले आफ्ना कथाको विषयवस्तुलाई बढीभन्दा बढी यथार्थवादी बनाउने प्रयास गरेका छन् । समाजभित्रको यथार्थ परिवेशलाई संयोजन गर्ने क्रममा थापाले **पलाँशको फूल** कथामा सहरी परिवेशको चित्रण यथार्थवादी ढाँचा र ढर्रामा गरेका छन् । यस कथामा पात्रका आन्तरिक र बाह्य दुवै प्रकारका द्वन्द्वलाई देखाउँदै बाह्यभन्दा आन्तरिक द्वन्द्व प्रबल रूपमा देखाइएको छ । शिक्षित र भौतिक सुबिधा सम्पन्न धनाढ्य परिवारमा जन्मी हुर्की गरेका युवायुवतीमा व्यावहार कुशलताको अभाव हुनु वास्तविक यथार्थ हो । त्यही सहरी परिवारमा जन्मेका नायक पवन र नायिका कुसुमका बीच विवाह सम्पन्न हुनु स्वाभाविक देखिन्छ किनभने उनीहरूको उमेर, चालचलन, परिवेश, शिक्षा र पारिवारिक पृष्ठभूमि समान रहेको देखिन्छ । एकछिनको देखादेखबाटै रूपसौन्दर्यमा मख्ख पर्नु आजको परिवेशमा कुनै नौलो कुरा होइन तर विवाहबन्धनमा बाँधिनुपूर्व उनीहरूका विगतका आचरणलाई र मनोभावलाई बुझ्न नसक्नु दुवै पात्रको कमजोरी देखिन्छ । यथार्थवादी कथाकारले समाजमा घटिरहेका राम्रा नराम्रा सबै घटनाको समान रूपले आफ्ना कथामा प्रस्तुत गर्दछन् साथै पात्रहरू पनि यथार्थ धरातलबाट लिने गर्दछन् । यस कथाका प्रमुख पात्र पवन र कुसुम पनि यही नेपाली काठमाडौं सहरी समाजबाट टपक्क टिपेर थपक्क राखिएका हुन् । उनीहरूले सहरी समाजका युवायुवतीको प्रतिनिधित्व गरेका छन् । दिनभर आरामदायी

कोठामा बसेर मनोरञ्जनमूलक पुस्तक पढ्नु, बेलुका सिनेमा हल र पार्कतिर धाउनु, आधुनिक शिक्षाका विषयमा बहस गर्नु, मेचमा बसेर आरामसाथ टोस्ट र चियाको चुस्की लिनुजस्ता दैनिक क्रियाकलाप सहरी क्षेत्रमा मात्र सम्भव हुन्छ । त्यसैले यस कथाका नायक र नायिकाको दिनचर्या यसरी नै बितिरहेको यथार्थ विवरण यहाँ प्रस्तुत गरिएको छ । सहरी वातावरणमा हुर्केका प्रमुख पात्र पवन र कुसुमका बीच विवाह सम्पन्न भए पनि उनीहरू विगतका गलत चारित्रिक कमजोरीको रहस्योद्घाटनपछि अथवा बेनामी कुसुमको भूतपूर्व प्रेमी भनाउँदोको पत्र पवनको हातमा परेपछि दुवैको जीवन बेहोशी र पागलजस्तो भई अन्धकारमय हुन पुगेको छ र कथा वियोगान्तमा टुङ्गिएको छ । प्रेम एउटालाई गर्ने र विवाह अर्कोसँग गर्ने सहरी समाजका युवायुवतीमा कायमै छ ।

कुलीन धनाढ्य परिवारले बोल्ने भाषा, उनीहरूको रहनसहन, रीतिरिवाज एवम् चालचलनका साथै बानीव्यावहारलाई उनीहरूकै भाषाका माध्यमबाट टपक्क टिपिएको पाइन्छ । ठाउँ-ठाउँमा मानव मनबाट उत्पन्न उद्गारलाई जस्ताको तस्तै राखिएको छ भने अङ्ग्रेजी शब्दको प्रयोगमा बहुलता पाइन्छ । संवादात्मक शैली र ठाउँ-ठाउँमा पत्रात्मक शैलीको प्रयोग गर्दै सहरी समाजको यथार्थ जीवनशैलीलाई जगतमर्दन थापाले यस कथामा जस्ताको तस्तै उतारेका छन् ।

**ग) सारवस्तु**

यस कथाको सारवस्तुलाई विचार-वाक्यमा प्रस्तुत नगरी सम्पूर्ण कथा पढिसकेपछि मात्र सारवस्तु खिच्न सकिन्छ । **पलाँशको फूल** कथा सुरुदेखि अन्त्यसम्म पढ्दै जाँदा पवन र कुसुमको पारिवारिक दाम्पत्य जीवन सुखबाट एकाएक दुखमय बन्दै गएको देखिन्छ । यसको प्रमुख कारण उनीहरूको आफ्नो चारित्रिक कमजोरी हो । आधुनिक युवायुवतीमा विभिन्न चारित्रिक दोषहरू कायम रहेका छन् र ती दोषका कारण समाजको संयन्त्र नै खराब बन्दै जान्छ अनि साह्रा युवायुवतीहरू पवन र कुसुमजस्तै पतीत र घृणित बन्दै पलायनतर्फ उन्मुख हुन्छन् । आफ्ना खराब प्रवृत्तिलाई जतिसुकै ढाकछोप गरेर असल प्रवृत्तिको अभिनय गर्न खोजे पनि अन्त्यमा सत्य तथ्य पत्ता लागेरै छाड्छ र त्यसको परिणाम भयङ्कर र दुःखदायी हुन्छ भन्ने सारवस्तु यस कथाबाट निकाल्न सकिन्छ । आजका शिक्षित सुविधासम्पन्न धनाढ्य सहरी परिवेशका युवायुवतीको जीवनशैली हेर्दा जतिसुकै सुन्दर, आकर्षक र मनमोहक भए पनि वास्तवमा उनीहरूको जीवन पलाँशको फूलजस्तै वासनाविहीन छ, हेर्दा आकर्षक तर भित्रभित्रै धमिरा लागेर खोक्रो भएको छ

भन्ने सारवस्तु यस कथाबाट निकालिएको छ । बाहिर आर्दश दम्पतिको भाषण गर्ने तर भित्री रूपले आफ्नो आदर्शमा गम्भीर चोट लागेको नदेख्ने, सुन्दर भएर पनि पलाँशको फूलमा सुगन्ध नभएझैं सहरी परिवेशमा जन्मी हुर्केका युवायुवतीको रूप सुन्दर भए पनि चरित्रदोषले गर्दा पलायनमुखी छ भन्ने विचार यस कथाले व्यक्त गरेको छ ।

**घ) अर्थसापेक्ष**

कथाकारले आफ्नो कथाको सारवस्तुलाई पाठकसमक्ष सम्प्रेषण गर्नका लागि विभिन्न रणनीति अपनाएका हुन्छन् । अर्थका अभिधामूलक, अन्योक्तिमूलक र प्रतीकात्मक गरी तीन तह हुन्छन् । जगतमर्दन थापाद्वारा लिखित **पलाँशको फूल** कथा अभिधात्मक नभई प्रतीकात्मक रहेको छ । कथाको मुख्य भावलाई बुझ्न पाठकले केही बौद्धिक कसरत गर्नैपर्ने देखिन्छ । विभिन्न बिम्ब र प्रतीकको सहारा लिँदै तिनीहरूलाई नेपाली सहरिया समाजको संस्कृतिसँग अन्योन्याश्रित सम्बन्ध देखाइएको छ । कथाको शीर्षक हेर्दा पलाँशको फूल भनिएको छ तर विषयवस्तुको गहिराइमा पुग्दा पलाँशको फूलको वर्णनको गन्ध कहीं पाइँदैन । त्यसैले शीर्षक र विषयवस्तुबीचको सम्बन्ध सोझो नभई घुमाउरो देखिन्छ किनभने एकातिर पलाँशको फूल भनिएको छ तर अर्कातिर प्रमुख पात्र पवन र कुसुमको वैवाहिक जीवन, उनीहरूको आर्दशवादी दाम्पत्य प्रेम, उनीहरूका चारित्रिक कमजोरी, मानसिक संवेग आदिसँग कथाको विषयवस्तु र घटनाहरू सम्बन्धित भई अघि बढेका छन् । कुसुम र पवनको जीवनलाई पलाँशको फूलसँग तुलना गर्दै उनीहरूको जीवन हेर्दा जतिसुकै सुन्दर र आकर्षक भए पनि पलाँशको फूलजस्तै वासनाहीन छ भन्ने अर्थ लगाउनुपर्ने हुन्छ । पलाँशको फूलका बारेमा आवश्यक जानकारी नभएको पाठकले यस कथाको अर्थ सजिलै ग्रहण गर्न सक्दैनन् । यस कथाकी नायिकाको नाम कुसुम छ, जुन सुन्दरताको प्रतीक हो । तर यहाँ रूपसौन्दर्य मात्र सबै कुरा होइन, असल चरित्र नै सम्पूर्णता हो भन्ने सङ्केत दिइएको छ । त्यस्तै नायक पवनले पनि हावाजस्तै शीतलता प्रदान गर्नुपर्ने तर सही घटनाको पहिचान गरी सत्य तथ्य पत्ता लगाउनको सट्टा कसैको बेनामी पत्रको भरमा क्रोध र घृणाले आक्रोशित भई परिवारलाई तहसनहस पार्न पछि परेको छैन । त्यसैले यस कथाको पात्र र शीर्षकले नै प्रतीकात्मक अर्थको द्योतन गरी विपरीत अर्थ वहन गरेका छन् ।

**ङ) दृष्टिबिन्दु**

कथावस्तुलाई पाठकवर्गका निम्ति संवेद्य एवम् सम्प्रेषणीय बनाउने भूमिका कथात्मक दृष्टिबिन्दुले खेलेको हुन्छ । **पलाँशको फूल** कथामा बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग गरिएको छ । कथा लेखनका लागि प्रथमपुरुष र तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग गरिन्छ । झट्ट हेर्दा संवादात्मक शैलीमा लेखिएको यो कथा एकाङ्कीका रूपमा मञ्चनसमेत भइसकेकाले यस कथाको दृष्टिबिन्दु द्वितीय पुरुषजस्तो देखिन्छ । तर गहिरिएर विचार गर्दा यस कथाको प्रारम्भदेखि नै नायिका कुसुमलाई इम्ली जोलाको थेरेसा उपन्यासकी नायिकासँग तुलना गर्दै उसकै रूपसौन्दर्य, शैक्षिक योग्यता एवम् कुलघरानलाई कथानकले बिस्तारका साथ अघि बढाएको देखिन्छ । यस कथाका प्रमुख पात्र पवन र कुसुमलाई कथाकारले आफ्नो नियन्त्रणमा राखी सोहीअनुसारको भूमिका दिएकाले यो कथा तृतीय पुरुष बाह्य सीमित दृष्टिबिन्दुमा लेखिएको छ । जम्मा चार खण्डमा विभाजित यो कथाका चारै खण्डमा कथाकारले पवन र कुसुमलाई उत्तिकै महत्त्वका साथ उल्लेखनीय भूमिका दिए पनि कथामा घटित घटनाको मोड परिवर्तन वा कथानकलाई गतिदिने काम पवनले गरेको छ । उसकै मानसिक उतार-चढाव, आवेग, संवेगलाई कथाकारले उचित ध्यान दिएका छन् । कथाको प्रारम्भ पवनको परिचय र उसको बानीव्यावहारबाट भएको छ भने अन्त्य उसकै संवेगात्मक अवस्थाबाट सिर्जित दुर्दशालाई देखाई पवन कोठाबाट जुत्ता बजाउँदै बाहिर निस्केको प्रसङ्गबाट भएको छ । कथाको बीच-बीचमा उही पवनको चरित्रलाई कथाकारले वर्णन गरेका छन् । त्यसैले यो कथा तृतीय पुरुष दृष्टिबिन्दुमा आधारित छ ।

**च) कथानक ढाँचा**

**पलाँशको फूल** कथा समाजिक कथा भएर पनि प्रतीकात्मक बनेको छ । यस कथाको कथानक रैखिक ढाँचामा नभई वृत्ताकारीय ढाँचामा अघि बढेको छ । कथालाई विभिन्न परिच्छेदमा विभाजन गरिए पनि आदि, मध्य र अन्त्यको सुव्यवस्था भने यसमा मिलाइएको छैन ।

कोठाको चारैतिरको झ्याल खोलेर इम्लीजोलाको **थेरेसा** उपन्यास पढिरहेको पवन र एक कप चिया र टोस्ट लिएर आएकी कुसुमको तीन महिनाअघिको विवाह प्रसङ्गबाट सुरु भएको कथानक विकास हुने क्रममा कहिले विगततिर फर्किएको छ त कहिले सुदूर भविष्यतिर लम्किएको छ । वैवाहिक जीवनपछिको पत्नीको प्रेममा अघि बढेको कथानक फेरि पवनको विवाहपूर्वको प्रसङ्गलाई टिप्दै कुसुमको रूपसौन्दर्य, शैक्षिक योग्यता एवम् कुल

घरानमा पवन आकृष्ट भएको बयान गरिएको छ । पवन र कुसुम सिनेमा हल गएको प्रसङ्ग त कहिले पवनको रक्सी खाने लत बसेको प्रसङ्ग, कहिले कमलकी पत्नी कमललाई नसोधी अपरिचित युवकसँग सिनेमा हेर्न गएको प्रसङ्गलाई अङ्कन गर्दै कथावस्तु अघि बढेको देखिन्छ । कथा केही मात्रामा लामो भएकाले यो तिनै दुई पात्रको सेरोफेरोमा फनफनी घुमेको छ । कहीं पूर्वदीप्ति शैली प्रयोग गरी कुसुमको अतीतलाई केलाउन कथाकार पुगेका छन् त कहीं पत्रात्मक ढाँचाको प्रयोग गरेका छन् । पवनका बाबु तारकबहादुसहित आमा, नोकर माने र बाहुन घरमा पवन र कुसुमलाई छोडी केही महिना तराई जाने निर्णय गर्नु, कमलको साथी प्रभाकरले कमलको वैवाहिक जीवन बर्बाद भएको प्रसङ्ग ल्याउनुले कतै पवनको जीवन पनि बर्बाद हुने त होइन भन्ने कुतूहल सिर्जना गर्दै कथानक अघि बढेको देखिन्छ । प्रेम गरेपछि प्रेम निभाउन नसक्ने आजकलका युवायुवतीले किन प्रेम गर्नु ? आफूलाई सच्चा प्रेमी प्रेमिकाको रूपमा घोषित गर्ने गरेको प्रसङ्ग र भवँराले एउटा फूललाई चटक्क छोडेर अर्को फूलमा प्रवेश गरेको दृश्यले कतै कुसुमलाई छाडेर पवन अर्को केटीको खोजीमा त हिँड्दैन भन्ने आशङ्का कुसुमका मनमा परेको छ । यसरी कथानकले पात्रका मनमा उत्पन्न आशङ्कालाई पनि बोकेको देखिन्छ । कथानकको सबभन्दा महत्त्वपूर्ण पक्ष कहाँ छ भने पवनलाई अपरिचित तर कुसुमको भूतपूर्व प्रेमी भनाउँदो बेनामीले पठाएको पत्रले कथानक ढाँचालाई पूर्ण रूपले अतीततर्फ मोडी पूर्वदीप्ति शैलीमा कुसुमको जीवनमा घटेका विगतका घटनाको रहस्योद्घाटन गरिएको छ । एक वर्षअघि कुसुमले एउटा युवकलाई प्रेम गरी गर्भसमेत बोकेको तर त्यो गर्भपतन गराएर उसलाई धोका दिई पवनसँग विवाह गरेको घटनाले कथावस्तुलाई नै उलट-पुलट गरिदिएको छ र कथानक अन्तैतिर मोडिएको छ । आदर्श पत्नीका रूपमा कुसुमलाई स्वीकार्ने पवनमा क्रोध र घृणा उत्पन्न गरी घरै छोड्ने बनाएको छ भने आफूलाई आदर्श पत्नीका रूपमा परिभाषित गराउन खोज्ने कुसुमको सेखी झरेर त्यही पत्रले बेहोशी बनाएको छ र कथानकको अन्त्य भएको छ ।

यसरी पलाँशको फूल कथाको कथानक ढाँचा रैखिक नभई विश्रृङ्खलित रूपमा वृत्ताकारीय ढाँचाका साथ चरित्र वा पात्रको मनोलोकलाई चहार्दै विगत, वर्तमान र भविष्यको चारैतर्फ फन्का मारेर अन्त्य भएको छ । त्यसैले यस कथाको कथानक ढाँचामा पूर्वदीप्ति शैली, पत्रात्मक शैली, वर्णनात्मक शैली र संवादात्मक शैलीले उल्लेखनीय भूमिका खेली कथानकलाई वृत्ताकारीय बनाएका छन् ।

**छ) रूपविन्यास**

कथावस्तुलाई एउटा निश्चित आकार प्रदान गरिसकेपछि कथाकारले त्यसलाई सुन्दर बनाउन प्रयोग गरिने युक्ति नै रूपविन्यास हो । पदविन्यास, बिम्बविधान, व्यङ्ग्यविधान, प्रतीकविधान, भाषाशैली र शीर्षक आदि कथाका सूक्ष्म तत्त्वहरू यसभित्र पर्दछन् ।

सामाजिक विषयवस्तुलाई यथार्थवादी शैलीमा लेखिएको यो कथामा विवृत रूपविन्यासको प्रयोग गरिएको छ । पात्रका माध्यमबाट कहिले विगतको घटनालाई स्मरण गराइन्छ त कहिले भविष्यका बारेमा सोच्न बाध्य पारिन्छ साथै वर्तमानतिर फर्काएर कथावस्तुलाई विस्तृत बनाइएको छ । पात्रका विगत, वर्तमान र भविष्य सबैतिर कथाकारले दृष्टि दिई पूर्वदीप्ति एवम् पत्रात्मक शैलीले रूपविन्यासलाई विवृत बनाएका छन् । यस कथामा विषयवस्तु सुहाउँदो सहरी क्षेत्रमा बहुधा प्रयोग हुने पद पदावलीका साथै बोलीचालीका अन्य शब्दहरू सुन्दर ढङ्गले प्रयोग भएको पाइन्छ । भाषाशैली ठाउँ-ठाउँमा चमत्कार देखाउन खोजे पनि त्यति चमत्कारिक हुन सकेको छैन । ठाउँ-ठाउँमा बिम्ब तथा प्रतीकको प्रयोग भए तापनि सामान्यतया सरल सुबोध गद्यशैलीको प्रयोग भएको पाइन्छ । सहरी सामाजिक परिवेशको चित्रणमा केन्द्रित यस कथामा उच्च आदरार्थी, मध्यम आदरार्थीका साथै निम्नादरको प्रयोग ठाउँ-ठाउँमा गरिएको छ । पात्रका संवेगात्मक अवस्थाअनुसार मायामोह उब्जाउने भाषाका साथै रिस, क्रोध आदिका अवस्थामा प्रयोग हुने भिन्न भाषाको प्रयोग गरिएको छ । विभिन्न ठाउँमा विस्मयादिबोधक शब्दहरू, अहो ! उफ् ! हाय, च्व च्व, हँ, होइन ! जस्ता शब्दको प्रयोग पाइन्छ भने ठाउँ-ठाउँमा ज्यूनार, बक्सियोस्, गइबक्स्यो, खाइबक्स्यो, मुमा आदिजस्ता उच्च आदरार्थी शब्दको प्रयोग गरिएको छ । फूल, भ्रमर, पुतली, पलाँश, चन्द्रमा आदिजस्ता बिम्ब तथा प्रतीकको प्रयोग भए तापनि ती सरल, सुबोध र सरस नै रहेका छन् । कथाकारमा अङ्ग्रेजी, हिन्दी र मैथिली भाषाको ज्ञान भएकाले त्यसको प्रभाव यस कथामा पनि परेको छ । यस कथामा सहरी समाजले बारम्बार प्रयोग गर्ने भाषाका साथै अङ्ग्रेजी शब्दको प्रयोगमा बहुलता पाइन्छ, जस्तै– टोस्ट, आउटबुक, बुकवार्म, बी.ए., अप टु डेट, ड्राइभर, सिभिक्स सेन्स, पब्लिक, डकुमेन्ट्री, सिनेमा, टोन, थेरेसा, कप, युनिभर्सिटी, सेकेण्ड डिभिजन आदि ।

वाक्यगठनका दृष्टिले यस कथामा सामान्यतया सरल वाक्यकै प्रयोग भए तापनि ठाउँ-ठाउँमा संयुक्त र मिश्र वाक्यहरूको प्रयोग गरिएको पाइन्छ । यस कथामा संवादको प्रयोग भएको हुँदा पात्रको सामाजिक र बौद्धिक स्तरअनुसार बोलचालको मीठो भाषा प्रयोग

भएको छ । साथै आख्यानात्मक कृतिका लागि जुन प्रकारको अनुच्छेद योजनाको आवश्यकता पर्छ वा अपेक्षा गरिन्छ, सोहीअनुसारको अनुच्छेद योजना यस कथामा गरिएको छ । ठाउँ-ठाउँमा शब्दालङ्कारका साथै अर्थालङ्कारको उचित प्रयोग गरिएको यस कथामा तासको घरभैंँ, संयोगान्त नाटकभैंँ, इन्द्रेणीको प्रतिबिम्बभैंँ, आकाशको चन्द्रमाभैंँ, पहरामा ठक्कर खाएर प्रतिध्वनित भएको स्वरभैंँ, आदि भैंँ जोडिएका उपमा अलङ्कारको प्रयोग गरिएको छ । जुरुक्क, थचक्क, झनक्क, ट्वाक्क, हट्टाकट्टा, रङ्गीचङ्गी, कच्याककुचुक, टिमटिम, चिच्याइ-चिच्याइ आदिजस्ता अनुकरणात्मक र द्वित्वको प्रयोग पनि ठाउँ-ठाउँमा गरिएको छ । अल्पविराम, पूर्णविराम, प्रश्नवाचक, विस्मयादिबोधक चिह्नका साथै वाक्यमा प्रशस्त खालि ठाउँको प्रयोग गरिएको छ ।

यसरी **पलाँशको फूल** कथाको रूपविन्यासलाई नियाल्दा यस कथाको भाषाशैली त्यति परिष्कृत, परिमार्जित र स्वाभाविक बन्न सकेको छैन । अझ अङ्ग्रेजी शब्दको प्रयोगले ग्रामीण भेगका पाठकमा समस्या उत्पन्न गराएको पाइन्छ । त्यसैले उनको भाषामा केही कृत्रिमता अझ बाँकी देखिन्छ ।

निष्कर्षमा आधुनिक नेपाली यथार्थवादी कथा परम्परा र मनोवैज्ञानिक यथार्थवादी कथा परम्पराको दोसाँधमा देखापरेका जगतमर्दन थापाले सोही सामाजिक यथार्थवाद र मनोवैज्ञानिक यथार्थवादलाई आत्मासात् गर्दै कथा रचना गरेका छन् । उनले पलाँशको फूल कथामा तत्कालीन नेपाली सहरिया शिक्षित युवायुवतीका बीचमा हुने आपसी प्रेम, मिलन र विछोडका साथै उत्तरदायित्वबाट बञ्चित जीवनको सार, बोक्रेपना, आडम्बर र आदर्शको अभिनयलाई प्रस्तुत गरेका छन् । सहरी जीवन झट्ट हेर्दा सुखी, सुन्दर, आनन्ददायक एवम् वासनायुक्तजस्तो लाग्दछ । तर वास्तवमा यस्तो जीवन आन्तरिक रूपले खोक्रो र पलायनमुखी हुन्छ, भित्रभित्रै चरित्रहीनताको विकास भइरहेको हुन्छ, मानसिक रोगले आक्रान्त हुन्छ भन्ने निष्कर्ष यस कथाबाट निकाल्न सकिन्छ । कथावस्तु, पात्र, सारवस्तु, दृष्टिबिन्दु एवम् रूपविन्यासको उचित संयोजन गर्दै भाव, भाषा एवम् शैली सरल, सरस र सम्प्रेषणीय नै देखिन्छ । अङ्ग्रेजी बहुल शब्द प्रयोगले कमजोर पाठकमा समस्या उत्पन्न गरे पनि सहरी परिवेशका पाठकका लागि भने बोधगम्य नै रहेको छ । शीर्षकले प्रतीकात्मक अर्थलाई वहन गर्दै तृतीयपुरुष बाह्य सीमित दृष्टिबिन्दुमा यो कथा रचना गरिएको र रूपविन्यासको उचित प्रयोगले रचनाविधानका आधारमा उत्कृष्ट नै देखिन्छ ।

### ४.३.७ 'मृगतृष्णा' कथाको विश्लेषण

जगतमर्दन थापाद्वारा लिखित **पलाँशको फूल** कथासङ्ग्रहमा सङ्कलित **मृगतृष्णा** कथा एक मनोवैज्ञानिक कथा हो । जम्मा १५ पृष्ठमा समाप्त भएको यस कथामा २५ वसन्त पार गरिसकेकी गङ्गाको विवाह हुन नसकेको प्रसङ्ग र त्यसले उसका मनमा पारेको मनोवैज्ञानिक असरलाई प्राथमिकता दिइएको छ ।

**क) रुचिक्षेत्र**

सहरी परिवेशमा घटित घटनालाई आधार बनाई लेखिएको यो कथा मनोवैज्ञानिक कथा हो । मनोवैज्ञानिक कथाकारहरू पात्रको आन्तरिक पक्षको चित्रणमा केन्द्रित भई उसका मनमा उत्पन्न आवेग, संवेग, इच्छा, आकांक्षा, चाहना तथा मानसिक अवस्थाको चित्रणमा विशेष ध्यान दिन्छन् । यस्ता कथाकारहरू सहरी परिवेशमा रम्ने र त्यही समाजका मानिसहरूको आनीबानी, रहनसहन तथा त्यस समाजको सफल चित्रणमा केन्द्रित हुन्छन् । यस कथामा सहरी समाजमा जन्मी हुर्की गरेकी, अनुहारमा बिफरको दागले कुरूप भएकी र विवाह हुन नसकेकी गङ्गाको मानसिक अवस्थाको चित्रण गरिएको छ । रूप नै कुरूप भएकाले विवाह हुन नसकेको निष्कर्ष निकाल्ने गङ्गाको आशा, निराशा, आवेग, संवेग र अतृप्त यौनचाहनालाई यस कथाले आफ्नो रुचिक्षेत्र बनाएको छ । गङ्गालाई हेर्ने वाहनामा धेरै केटाहरू आएका तर तिनीहरूले क्षणिक प्रभाव पारी विवाह गर्न इन्कार गरेको प्रसङ्गबाट अघि बढेको कथानक गङ्गाको विभिन्न अवस्थाका मनोलोकको यथार्थ चित्रणमा केन्द्रित देखिन्छ । गङ्गाका मनमा अवस्थित चेतन र अचेतन मनका बीच द्वन्द्व देखाई कहिले कल्पनाको आकाशमा उड्ने, कहिले यथार्थको धरातलमा खस्ने त कहिले स्वप्न लोकमा विचरण गर्ने क्रियाकलापलाई कथाकारले देखाएका छन् । यस कथामा गङ्गाका मनमा उत्पन्न आन्तरिक द्वन्द्वलाई प्रस्तुत गर्दै उसमा रहेको यौनचाहनाको दमित रूप र त्यसबाट उत्पन्न समस्यालाई प्रस्तुत गरिएको छ । शारीरिक रूपमै कुरूप भएपछि हरेक प्रकारका लिपिस्टिक, पाउडर, क्रिम, गाजल लगाएर सुन्दर बनाउन खोजे पनि त्यो सफल हुँदैन, साथै मनमा आफू नराम्री छु भन्ने मनोवैज्ञानिक प्रभाव परिसकेपछि उसले आफूलाई हरबखत नराम्री मात्र देख्छे भन्ने प्रसङ्गलाई कथाकारले रोचकताका साथ प्रस्तुत गरेका छन् । गङ्गालाई विवाह गर्नका लागि हेर्न आउने केटाहरूको प्रसङ्ग, त्यसले उसका मनमा उत्पन्न जिज्ञासालाई प्रस्तुत गर्दै गङ्गाले उसको मनमा बनाएकी पुरुषको बिम्बसँग मेल खाला कि नखाला भन्ने सन्दर्भलाई कथाकारले प्राथमिकता दिएका छन् । गङ्गाको मानसपटलमा अवस्थित पुरुषको बिम्बसँग कैलाशको बिम्बले मेल खाएकाले पहिलो भेटमै उसले हरदम

कैलाशलाई चाहेकी हुन्छे । गङ्गाले सोचेजस्तै कैलाश सुन्दर, हट्टाकट्टा, हृष्टपुष्ट, नम्र, मिजासिलो भएकाले पहिले भेटमै कैलाशप्रति आकर्षित भई एकोहोरो प्रेम गर्न पुग्छे । कैलाशसँग विवाह गरी अतृप्त यौनचाहना पूरा गर्ने मनसाय लिएकी गङ्गा अन्तमा कैलाश स्वयम् गङ्गा र उसकी आमा देवीलाई विवाहको निम्तो दिन आएको प्रसङ्गबाट गङ्गाको मनोकांक्षा यथार्थमा पूरा नहुने देखी सपनामै भए पनि आफूलाई स्वर्गकी अप्सराझैं राम्री दुलही र कैलाशलाई दुलाहा बनेको देखेर आफ्नो इच्छा पूर्ति गर्दछे । तर जब उसलाई वास्तविकताको ज्ञात हुन्छ, तब अर्धबेहोशीझैं आफूलाई कुरूप र आफ्नो प्रतिबिम्ब देखाउने ऐनालाई नै दोषी ठानी टुक्रा टुक्रा पार्दछे ।

यसरी **मृगतृष्णा** कथामा सहरी समाजमा घटित घटनालाई विषयवस्तु बनाई गङ्गाको मनमा उत्पन्न आशा, निराशा, चेतन र अचेतन मनका बीचको द्वन्द्व, स्वप्नलोकको विचरण, दमित यौनचाहनाको परिपूर्तिको प्रयास, आफ्नै कुरूपताले गङ्गामा सिर्जित हीनताबोध र मनोवैज्ञानिक प्रभाव प्रस्तुत गरिएकाले यो कथाको रुचिक्षेत्र मनोविज्ञान हो भन्ने प्रष्ट हुन्छ ।

**ख) रीतिक्षेत्र**

**मृगतृष्णा** कथाको रीतिक्षेत्र मनोवैज्ञानिक यथार्थवाद हो । यस कथाले सहरी समाजमा जन्मी हुर्की २५ वसन्त पार गरिसकेकी तर बिफरको दागले अनुहार कुरूप र छ्याकटी भई विवाह हुन नसकेकी गङ्गाको एउटा सुन्दर, हृष्टपुष्ट, भद्र, मिजासिलो केटासँग विवाह गर्ने मनोकांक्षालाई यथार्थवादी शैलीमा रोचक ढङ्गले प्रस्तुत गरिएको छ । गङ्गालाई हेर्ने वाहनामा धेरै युवकहरू आएका तर उनीहरूले गङ्गाको मनोभावना र चाहनालाई बुझ्न नसकी विवाह गर्न इन्कार गरेकाले गङ्गाका मनमा उत्पन्न मानसिक उतार-चढावलाई कथाकारले जस्ताको तस्तै उतारेका छन् । प्रत्येक मानिसका आ-आफ्नै चाहनाहरू हुन्छन् । ती चाहना विपनामा पूरा नहुने सम्भावना देखिएपछि सपनामै भए पनि त्यसलाई मानिसले पूरा गरेर आनन्द प्राप्त गर्दछ । मान्छेमा चेतन र अचेतन मनका बीच बारम्बार द्वन्द्व चलिरहन्छ भन्ने विचारलाई गङ्गाका माध्यमबाट व्यक्त गरिएको छ । बाह्य परिवेश र घटनाको माध्यमभन्दा आन्तरिकजगतलाई यथार्थिक ढङ्गले उतार्ने काम भएको हुनाले यस कथाको रीतिक्षेत्र मनोवैज्ञानिक यथार्थवाद हो ।

झिनो कथानक लिएर त्यसलाई व्यापकता दिने काम यथार्थवादी कथाकारले गर्ने हुँदा यस कथामा बिफरको दागबाट कुरूप भई त्यसले पारेको नकारात्मक असरलाई समग्र कथामा प्रस्तुत गरिएको छ । प्रत्येक युवायुवतीले आफ्नो मनमा

एउटा सुन्दर, मिजासिलो, हृष्टपुष्ट, भद्र, ठिटाठिटीको परिकल्पना गर्नु स्वाभाविक हो । त्यसमा पनि आधुनिक पाश्चात्य सभ्यता र संस्कृतिमा रमाउन चाहनेहरूका लागि झन सामान्य कुरा हो । तर २५ वसन्त पार गरिसक्दा पनि त्यो कल्पना यथार्थमा परिणत नहुँदा र आफ्नो यौनचाहनालाई पूरा गर्न नसक्दा उनीहरूमा मनोवैज्ञानिक असर पर्नु स्वाभाविक नै हो । यस कथामा गङ्गाको चाहना मृगतृष्णाझैं क्षणिक भएको घटनालाई राम्रा केटाहरू हेर्ने निहुले आउने र जाने क्रममा उत्पन्न शान्ति र अशान्तिको तीव्र भावावेगले पुष्टि गरेको छ । गङ्गाका मनमा उठेका भावतरङ्गलाई मिहीन तरिकाले विश्लेषण गर्ने सन्दर्भ, आफू नराम्री, छ्याकटी र कुरूप छु भन्ने मानसिकताले ग्रस्त गङ्गाको मानसिक उतार-चढाव, उसको मस्तिष्कमा प्रतिबिम्बित हट्टाकट्टा युवकको चाहना र त्यसको पूर्तिका लागि हरदम प्रयासरत हुनुलाई यस कथामा कथाकारले जस्ताको तस्तै उतारेका हुनाले यस कथाको रीतिक्षेत्र मनोवैज्ञानिक यथार्थवाद हो ।

**ग) सारवस्तु**

**मृगतृष्णा** कथा सहरी परिवेशमा जन्मी हुर्की गरेका युवायुवतीको दिनचर्या र उनीहरूको मानसिक धरातलको चिरफारमा केन्द्रित कथा हो । मानिसको उमेरसँगै उसका इच्छा, आकांक्षाका साथै शारीरिक एवम् मानसिक परिवर्तन हुँदै जान्छ । यसको पुष्टिका लागि कथाकी प्रमुख पात्र गङ्गा २५ वर्ष पार गरिसक्दा पनि उसको विवाह हुन नसक्नु तर ऊ असल, भलाद्मी, भद्र, अनुशासित, मिजासिलो, हृष्टपुष्ट केटाहरूको प्रतीक्षामा बस्नुजस्ता घटनालाई लिन सकिन्छ । मरुभूमिमा मृगले तिर्खा मेट्नका लागि पानीको खोजीमा हिँड्दा उसले बालुवाको टल्काइलाई पानी ठानेर भ्रम परेको यथार्थ विषयलाई साथ लिएर कथाकारले यस कथामा पनि गङ्गाले हृष्टपुष्ट केटासँग विवाह गरी आफ्नो यौनचाहना वा यौन तिर्खा मेट्ने मनोकांक्षा लिएकी तर ती केटाहरू एकपछि अर्को पन्छिएकाले ऊ आफ्नो अनुहारलाई दोषी ठान्न पुग्छे । गङ्गाको मानसिकतामा प्रतिबिम्बित युवकहरू क्रमशः आएका तर मृगतृष्णाझैं क्षणिक प्रभाव सिर्जना गरेर सदाका लागि अलप भएको प्रसङ्गले गङ्गाको असल लोग्ने प्राप्तिको चाहना मृगतृष्णाजस्तो भएको देखिन्छ । सावित्रीको दाइ, कैलाशजस्ता केटाहरूले गङ्गाको मनमा प्रभाव सिर्जना गरेर मृगतृष्णाको आभास मात्र दिए तर गङ्गालाई स्वीकार गरेनन्, जसका कारण गङ्गामा मनोविकृतिहरू बढ्दै गएको देखिन्छ । जसको प्रतीक्षामा बसिरहेकी गङ्गा उसैको हातबाट विवाहको निमन्त्रणा-पत्र प्राप्त गर्न पुग्दा सपनामै भए पनि कैलाशलाई दुलाहा र आफूलाई अप्सराजस्ती दुलहीका

रूपमा स्वीकार गर्न सफल हुन्छे । तर वास्तविकताको ज्ञान भएपछि भावविह्वल भएर ऐनालाई दोषी ठानी टुक्रा-टुक्रा पार्दछे र आफ्नो प्रेम केवल मृगतृष्णाजस्तो भएको महसुस गर्दछे ।

यस कथाको सारवस्तुलाई कथाकारले विचार-वाक्यका रूपमा प्रस्तुत नगरी समग्र कथाका माध्यमबाट प्रस्तुत गरेका छन् । सहरी भौतिक सुख-सुविधा सम्पन्न समाजमा हुर्किएका युवायुवतीहरू शिक्षित र धनाढ्य भए पनि मानसिक तनावमुक्त भने छैनन् । अनुहारमा रहेको बिफरको दागले गङ्गालाई दीर्घकालीन असर पारी उसको विवाह हुन नसकेको प्रसङ्गबाट सानातिना खोटले पनि उनीहरूमा नकारात्मक असर पार्छ भन्ने विचार यस कथाले व्यक्त गरेको छ । जीवनमा आफूले चाहेका कुराको पूर्ति हुन नसकेपछि उनीहरूका मनमा विभिन्न किसिमका भ्रमहरू सिर्जना हुन्छन् र ती भ्रमले जीवनलाई निरस र पलायनमुखी बनाउँछन् भन्ने विचार एकातिर व्यक्त भएको छ भने अर्कातिर सहरी समाजका युवायुवतीहरू भौतिक प्रेममा मात्र सीमित हुन्छन् र उनीहरूमा हार्दिक तथा आत्मिक प्रेमको अभाव हुन्छ भन्ने विचार यो कथामा व्यक्त भएको छ । बालुवामा पानीको भ्रम भएझैं मान्छेका मनमा पनि अनेक किसिमका भ्रमहरू हुन्छन् । ती भ्रमले क्षणिक सुखको अनुभूति त गराउलान् तर त्यो भ्रम यथार्थमा परिणत नहुँदा दीर्घकालीन नकारात्मक प्रभाव पर्छ भन्ने सारवस्तु यस कथाबाट निकालिएको छ ।

**घ) अर्थसापेक्ष**

**मृगतृष्णा** कथामा कथाकारले रूपकका माध्यमबाट आफ्नो विचार र भावलाई प्रस्तुत गरेका छन् । कथाको मूल विषयवस्तु र शीर्षकका बीच घुमाउरो अर्थ रहेको छ । यस कथामा कथाकारले गङ्गाको मनोकांक्षा र यौनचाहनालाई मृगतष्णाको रूपमा आरोपित गरेका छन् । शीर्षकलाई सार्थक बनाउनका लागि कथाकारले गङ्गाका मनमा अवस्थित आन्तरिक द्वन्द्व, कल्पनाको तीव्र भावावेग, स्वप्नलोकको विचरण, शान्ति र अशान्तिको दोहोरो चक्र, यौनचाहनाको तृप्तिको खोजी आदिको भ्रम सिर्जना गरी गङ्गालाई यथार्थजगतबाट टाढा पुऱ्याएका छन् । गङ्गाको मानसिकतामा अवस्थित भ्रमलाई मृगतृष्णासँग तुलना गरिएको छ । यस कथाकी प्रमुख पात्र गङ्गा उमेरको परिवर्तनसँगै एउटा असल, भद्र र मिजासिलो पतिको अँगालोमा बाँधिने मनसायले प्रतीक्षारत देखिन्छे । एकपछि अर्का युवकहरू मृगतृष्णाको स्वरूप लिएर आउने र जाने क्रम रहेको देखिन्छ, जसले गङ्गालाई क्षणिक शान्ति दिन सफल हुन्छन् । सावित्रीको दाजु, सिनेमा हलमा गङ्गालाई हेर्न आएको केटा र

कैलाशले गङ्गाको एउटा असल लोग्ने प्राप्तिको तिर्खा मेट्न सक्ने आभास मात्र दिए तर उनीहरूले गङ्गालाई विवाह नगरी अरू नै केटीलाई वरण गर्न पुगे । उनीहरू गङ्गाका लागि केवल मृगतृष्णाजस्ता मात्र बन्न पुगे ।

मान्छेका मनका भावनाहरू मृगतृष्णाजस्ता क्षणिक हुन्छन् । ती भाव लहरहरू आशा र निराशा, चेतन र अचेतनका बीच द्वन्द्व सिर्जना गर्दै अगाडि बढिरहेका हुन्छन्  र भ्रमबाटै भए पनि सुखानुभूति प्रदान गरिरहेका हुन्छन् भन्ने अर्थ यस कथाबाट निकालिएको छ । वास्तविक जीवनमा पूरा नहुने मनोकांक्षाहरू सपनाको माध्यमबाट भए पनि पूरा गर्न मानिस हरदम प्रयासरत हुन्छ भन्ने विचारलाई रूपकात्मक किसिमले व्यक्त गरिएको छ । अनुहारमा बिफरको दागले गङ्गामा हीनताबोध सिर्जना भई आफूलाई कुरूप, छ्याकटी देख्न थाल्छे । जब कैलाश स्वयम् विवाहको निम्तो दिन आउँछ, तब उसमा वास्तविकताको ज्ञात भई विगतका सम्पूर्ण घटनाहरू मृगतृष्णाजस्ता क्षणिक भएको तथ्य स्पष्ट हुन्छ । यस कथामा कथाकारले गङ्गाका मनमा उत्पन्न विचारलाई मृगतृष्णाको स्वरूप दिएर उसकै मन मस्तिष्कमा सिर्जित यौनचाहनाको तृप्तिका लागि असल, हृष्टपुष्ट र हट्टाकट्टा पतिको खोजी गरेको तर २५ वर्ष पार गरिसक्दा पनि उसको चाहना पूरा नभएकाले भावविभोर हुन पुगेकी गङ्गाको क्षणिक भावावेगलाई कथाकारले रूपकात्मक अर्थको तहबाट व्यक्त गरेका छन् ।

**ङ) दृष्टिबिन्दु**

मृगतृष्णा कथा व्यक्ति मनोविज्ञानमा आधारित एक मनोवैज्ञानिक कथा भएको हुनाले कथाकारले यस कथाकी प्रमुख पात्र गङ्गाको मानसिक अवस्थाको चिरफार गरेका छन् । यो कथामा एक मात्र पात्र गङ्गाका दृष्टिबाट स्वयम् आफूलाई हेर्ने, हृष्टपुष्ट र भलाद्मी केटाहरूलाई हेर्ने, उसकी साथी उमा र पतिको क्रियाकलापलाई हेर्ने काम भएकाले यो कथा तृतीय पुरुष बाह्य सीमित दृष्टिबिन्दुमा आधारित छ । यो कथाको प्रारम्भदेखि नै कथाकारले गङ्गाप्रति सहानुभूति देखाएका छन् । गङ्गाको ओठमा छाएको मधुर मुस्कान र त्यो फेरि दबेको प्रसङ्गबाट कथाकारले गङ्गाको मनमा उत्पन्न विचारहरूको खेललाई मृगतृष्णाको संज्ञा दिएका छन् । असल पतिको खोजीमा मन भौतारिइरहेको तर त्यो प्राप्ति केवल मृगतृष्णाजस्तो भ्रम मात्र भएको विचारलाई गङ्गाकै माध्यमबाट प्रस्तुत गरिएको छ ।

जम्मा चार खण्डमा विभाजित यो कथाका प्रत्येक खण्डमा गङ्गालाई प्राथमिकता दिई कथाकारले उसकै मानसिक तनावलाई प्रस्तुत गरेका छन् । यस कथाका सम्पूर्ण घटनाहरू गङ्गाकै सेराफेरोमा घुमेका हुनाले र उसकै जीवनशैली चिन्तन

मनन तथा उसकै मानसिक चिरफारमा आधारित भएकाले यो कथा तृतीय पुरुष बाह्य सीमित दृष्टिबिन्दुमा रचना गरिएको छ । गङ्गाकै दृष्टिबाट यस कथाका घटना, पात्र तथा विषयवस्तुलाई हेरिनुका साथै उसकै सपना, कल्पना, इच्छा, आकांक्षा, मानसिक तनाव, अतृप्त यौनचाहना, विचार वा भावतरङ्गलाई कथाकारले व्यक्त गरेका छन् । चेतन र अचेतन मनका बीच द्वन्द्व देखाउने र ती विचारहरूलाई मृगतृष्णाको स्वरूप दिने काम कथाकारले यस कथामा गङ्गाका माध्यमबाट गरेका हुनाले यस कथाको दृष्टिबिन्दु तृतीय पुरुष रहेको छ ।

**च) कथानक ढाँचा**

**मृगतृष्णा** कथा २५ वर्ष पार गरिसकेकी र बिफरको दागले अनुहार कुरूप भएर विवाह हुन नसकेकी युवतीको मनोभावनाको विश्लेषणमा केन्द्रित मनोवैज्ञानिक कथा हो । यो कथा रैखिक ढाँचामा लेखिएको भए तापनि यस कथामा घटित घटनाहरू श्रृङ्खलित रूपले पूरै रैखिक भने छैनन् । पात्रको आवेग, संवेग एवम् मनोवेगको विश्लेषणका क्रममा घटित घटनाहरू कहिले विगततिर फर्किएका छन् भने कहिले भविष्यतर्फ लम्किएका छन् । कुनै घटनाहरू वर्तमानमा घटित छन् त कुनै घटनाहरू सपना, कल्पना र वास्तविकतातिर उन्मुख छन् । कुनै घटना कथानकमा घटाएर त्यसले पात्रका मनमा पार्ने गहिरो प्रभावलाई कथाकारले प्रस्तुत गरेका छन् । तर पनि यस कथामा घटित घटनाहरू आदि, मध्य र अन्त्यको व्यवस्थामा आबद्ध रहेका छन् । कथानकको आरम्भ वर्तमानबाट भई बीच बीचमा विगतलाई कोट्याउँदै फेरि वर्तमानमा आएर अन्त्य भएको छ ।

कथानकको आरम्भ गङ्गाको सोचमग्न स्थितिबाट भई उसका मनमा उत्पन्न भावावेगबाटै अघि बढेको छ । यौनचाहनाको तीव्र आकांक्षाका कारण गङ्गा हट्टाकट्टा, हृष्टपुष्ट, मिजासिलो केटाको खोजी गरेकी र उसलाई हेर्न आउने केटो कस्तो होलाको जिज्ञासाबाट अघि बढेको कथानक गङ्गाको विगततर्फको यात्रालाई केलाउँदै मध्य भागमा प्रवेश गर्दछ । गङ्गा, कमला, लक्ष्मी र सुशीलाले प्रदर्शनी हेर्न जाने निर्णय गर्नु, प्रदर्शनीमा गङ्गाको धेरै केटाहरूलाई आकर्षित गर्ने चाहना हुनु, गङ्गाले प्रदर्शनीमा आफ्नो अनुहारमा खाल्डाखुल्डी परेको देख्नु, गङ्गाको घरमा कैलाश प्रवेश गर्नु, कैलाशको रूपसौन्दर्यले गङ्गा मख्ख पर्नु र उसैप्रति आकर्षित हुनुका साथै कैलाशलाई पतिको रूपमा वरण गरी यौनचाहना मेट्ने मानसिकता बनाउनुजस्ता घटनाहरू यस कथाको मध्य भागमा पर्दछन् । कथाको अन्त्य भागमा कैलाश गङ्गाको घरमा पुनः प्रवेश गर्नु, विवाहको निर्णय सुन्न आतुर देखिएकी गङ्गा

विवाहको निमन्त्रणा पत्र पाउँदा अचम्म मान्न पुग्नु, विपनामा कैलाशलाई प्राप्त गर्ने सम्भावना नदेखेपछि सपनामै भए पनि आफूलाई दुलही र कैलाशलाई दुलाहा बनेको देखेर आफ्नो इच्छा पूरा भएको ठान्नु, तर निद्राबाट ब्युँभ्केपछि उसले आफ्नो अनुहार ऐनामा हेरी ऐनालाई नै दोषी देखेर टुक्रा-टुक्रा बनाउनु, ऐनाको टुक्राजस्तै आफ्नो चाहना पनि टुक्रिएर मृगतृष्णाजस्तै भ्रम हुनुले कथानकको अन्त्य भएको छ ।

यस कथाकी मुख्य पात्र गङ्गाको मनोकांक्षा, अतृप्त यौनचाहना, कुरुपता र हीनताबोधका साथै उसको चाहनालाई अरूले बुभ्न नसकेको प्रसङ्ग, गङ्गालाई कैलाशले विवाह गर्छ भन्ने भ्रम, गङ्गाकै विगत, वर्तमान, सपना र कल्पना आदिको सेरोफेरोमा कथानक केन्द्रित भएकाले यस कथाको कथानक ढाँचा मध्यम रैखिक रहेको छ ।

**छ) रूपविन्यास**

**मृगतृष्णा** कथा सहरी समाजमा आधारित कथा हो । यस कथामा कथाकारले पात्रको मनोविश्लेषतर्फ केन्द्रित भएका हुनाले अभिव्यक्तिलाई सरल बनाउन लागि परेका छन् । त्यसैले यस कथाको रूपविन्यास संवृत रहेको छ । आफ्नो अनुहारमा भएको बिफरको दागले गर्दा केटाहरूले मन नपराई २५ वर्ष पार गरिसक्दा पनि विवाह हुन नसकेको महसुस गर्ने गङ्गाको जीवन नै मृगतृष्णाजस्तो बनेको छ । अतृप्त कामवासनाको परिपूर्तिका लागि कहिले सावित्रीको दाजुलाई सम्भ्कन पुग्छे त कहिले सिनेमा हलमा आफूलाई हेर्न आएको केटालाई स्मरण गर्न पुग्छे । कहिले कैलाशलाई आत्मैदेखि मन पराई एकतर्फी प्रेम गर्न पुग्छे त कहिले यथार्थको धरातलमा आएर बज्रिन पुग्छे । यसरी यस कथामा गङ्गाकै मनोभावनालाई खुलस्त पार्ने सहरी समाजमा बारम्बार प्रचलनमा आउने भाषाको प्रयोग गरिएको छ । सहरी वातावरणमा हुर्केका ठिटीहरू रूपसौन्दर्यको खोजीमा हुन्छन् र आफ्नै कुरूपताप्रति हीनताबोधमा खिन्न हुन्छन् भन्ने विचार सहज भाषाका माध्यमबाट व्यक्त गर्दै नारी सौन्दर्यका सामग्री बुभ्काउने शब्दको प्रयोग गरिएको छ, जस्तै- फा, गाजल, पाउडर, लिपिस्टिक आदि । अल्लारे केटाहरूलाई आफूतिर आकर्षित गर्ने चाहना प्रत्येक केटीहरूमा हुन्छ भन्ने कुरालाई सहरी क्षेत्रमा बारम्बार प्रचलनमा आउने पद, पदावलीको प्रयोग गरी विषयवस्तु सुहाउँदो गद्यभाषाको प्रयोग यस कथामा गरिएको छ ।

भाषाशैलीमा चमत्कार ल्याएर भनाइलाई आलङ्कारिक बनाउने काम गर्दै पात्रको भावुकतापूर्ण स्थितिको चित्रण गरिए तापनि यस कथामा सरल, सुबोध गद्यशैली अँगाली रूपविन्यासलाई संवृत बनाइएको छ । सहरी बोलचालको कथ्यभाषा र संवादात्मक शैलीको

प्रयोगका साथै आधुनिक शिक्षित वर्गले प्रयोग गर्ने भाषालाई प्राथमिकता दिँदै सहरी नारीले दैनिक प्रयोगमा ल्याउने सामग्रीलाई प्रसङ्गवश प्रयोगमा ल्याएका छन् । लिपिस्टिक, पाउडर, क्रिम, गाजल, फा, ट्रेनिङ, कप, अमलेटजस्ता अङ्ग्रेजी शब्दको प्रयोग, टुक्रा टुक्रा, छामछाम-छुमछुम, क्वारक्वार्तीजस्ता द्वित्वका साथै गर्ल्याम्म, झर्ल्याम्मजस्ता अनुकरणात्मक शब्दको प्रयोगले भाषालाई स्वाभाविक बनाउने काम कथाकारले गरेका छन् । मयालु, अइना, स्यानोजस्ता झर्रा शब्दका साथै ल, नि, पो, त जस्ता निपात र ओहो, उफ् ! आदिजस्ता विस्मयादिबोधकको प्रयोगले पात्रको मनोद्‌गारमा निख्खरता ल्याउने काम गरेका छन् । ठाउँ-ठाउँमा छाया माया बनेर, पीर तीर बनेर जस्ता वाक्यांशको प्रयोग गरी तत्सम, तद्‌भव र आगन्तुक शब्दको उचित संयोजनले भाषा स्तरीय र काव्यात्मक बनेको छ ।

वाक्यगठनका दृष्टिले यस कथामा सरल, संयुक्त र मिश्र वाक्यको प्रयोग गरिनुका साथै अपूर्ण वाक्यको प्रयोग पनि अधिक मात्रामा पाइन्छ । वाक्यका बीच-बीचमा खालि ठाउँ छोडी पाठकलाई सोचमग्न बनाउन कथाकार सफल भएका छन् । वाक्यमा पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विस्मयादिबोधक आदि विराम चिह्नको प्रयोगले कथामा गति र लय प्रदान गरेका छन् । उपमा अलङ्कारको प्रयोग गरी भाषालाई आलङ्कारिक बनाउने प्रयास ठाउँ ठाउँमा भएको छ, जस्तैः- विवशतामा दबेका आशाझैं, हावामा हुत्तेको बादलको टुक्राझैं, वसन्तहीन कोइलीझैं, स्वर्गकी अप्सराझैं आदि । विभिन्न अलङ्कारको प्रयोगले भाषालाई स्वाभाविक नबनाई कृत्रिमजस्तो बनाएका छन् ।

**निष्कर्ष**ः मृगतृष्णा कथा एक मनोवैज्ञानिक कथा हो । मनोविज्ञानलाई रुचिक्षेत्र बनाएको यो कथाले सहरी समाजको चित्रण गरेको छ । अनुहारमा बिफरको सानो दागले कुरूप भएकी गङ्गा यस कथाकी प्रमुख पात्र हो । २५ वर्ष पार गरिसक्दा पनि विवाह हुन नसकी गङ्गाको एउटा हृष्टपुष्ट, बलियो, हट्टाकट्टा, मिजासिलो केटालाई पतिको रूपमा वरण गरी आफ्नो यौनचाहना पूरा गर्ने मनोकांक्षा मृगतृष्णाजस्तो क्षणिक भएको सारवस्तु यस कथाले निकालेको छ । गङ्गाको मनमा अवस्थित केटाहरू एकपछि अर्को गर्दै आएका तर तिनीहरूले गङ्गाको मनमा क्षणिक प्रभाव छोडी सदाका लागि अलप भएकाले यस कथाका सम्पूर्ण घटनाहरूलाई गङ्गाकै दृष्टिबाट हेरिएको छ । त्यसैले यो कथा तृतीय पुरुष बाह्य सीमित दृष्टिबिन्दुमा आधारित छ । रैखिक ढाँचामा अघि बढेको कथानक कैलाशले गङ्गालाई स्वीकार नगरी अर्कै केटीलाई वरण गरेकाले आहत बनेकी गङ्गाको मनोदशामा

पुगेर समाप्त भएको छ । अङ्ग्रेजी मिश्रित भाषाको प्रयोग गरे तापनि आफ्नो भनाइलाई सरलताका साथ प्रस्तुत गरेका हुनाले यो कथा संवृत रूपविन्यासमा लेखिएको छ ।

## ४.३.८ 'परित्याग' कथाको विश्लेषण

**परित्याग** कथा पलाँशको फूल कथासङ्ग्रहमा सङ्कलित पाँचो स्थानमा रहेको कथा हो । जम्मा १८ पृष्ठ ओगटेको यस कथाले काठमाडौं सहरको सामाजिक पक्षको चित्रण गर्दै त्यस समाजका मानिसको जीवनशैली, रहनसहन र इच्छा-आकांक्षालाई विषयवस्तु बनाइएको छ ।

**क) रुचिक्षेत्र**

यस कथाको परिवेश काठमाडौं भएकाले यो कथाको रुचिक्षेत्र सहरी समाज र त्यस समाजमा रहेका युवायुवतीको जीवनशैली र दिनचर्या नै हो । सहरी शिक्षित परिवारमा आफ्नो जीवनयापन गरिरहेका केटाकेटीको चिन्तन-मनन, सोचाइ, भावना, आवेग, संवेग आदिलाई यस कथाले आफ्नो रुचिक्षेत्र बनाएको छ । निर्मलादेवी एम्.बी.बी.एस्. पास गरी महिला अस्पतालमा जागिरे हुनु, विमल इन्जिनियर भएर जीविकोपार्जन गर्नु, विद्यालयीय उमेरदेखि नै निर्मला र विमलका बीच प्रेम बस्नु र अन्त्यमा प्रेम विवाह गर्नु, विमलका घरमा बूढी धाई, नोकर, बाहुन आदि हुनु, उनीहरूको जीवन यन्त्रवत् सञ्चालित हुनु, काठमाडौंका नयाँसडक, रत्नपार्क आदिजस्ता ठाउँको वर्णन गर्नु, नोकरचाकरले भरिपूर्ण आधुनिक ढाँचाको सुविधा सम्पन्न घरको प्रसङ्ग आदिले यस कथाको रुचिक्षेत्र काठमाडौं सहरी समाज हो भन्ने स्पष्ट हुन्छ । सहरी समाजका मानिसहरू भौतिक सुविधासम्पन्न, शिक्षित एवम् उच्च पदमा जागिरे भए पनि एकले अर्काको मनोभावनालाई बुझ्न सक्दैनन् भन्ने कुराको रहस्योद्घाटन विमल र निर्मलादेवी पात्रका माध्यमबाट गरेका छन् । यस कथाका प्रमुख पात्र विमल र निर्मलादेवीको विद्यार्थी जीवन सुखद र प्रेमपूर्ण रहेको देखिन्छ । तर वैवाहिक बन्धनमा बाँधिएको केही महिनापछि एकले अर्काको मनोभावना, इच्छा, आकांक्षा तथा यौनचाहनालाई बुझ्न नसकी फाटो सिर्जना हुन्छ । यसैकारणबाट उनीहरूमा दिन-प्रतिदिन मनोविकृति र यौनकुण्ठा बढ्दै गई सानातिना विषयमा पनि वादविवाद पर्न थाल्दछ र विमलले नोकर्नी चमेलीलाई गर्भवती बनाउन पुग्छ । यसरी यस कथामा एकले अर्कालाई सदाका लागि अप्रत्यक्ष रूपले परित्याग गर्न पुग्छन् ।

यस कथामा प्रेम गर्न जानेका तर त्यसको उपभोग गर्न नजानेका आधुनिक शिक्षित भनाउँदा युवायुवतीको जीवनशैलीलाई प्रस्तुत गरिएको छ । सहरिया जीवन यन्त्रिक हुन्छ । यहाँ एकले अर्काको मनोभावना, इच्छा, चाहना र यौनको तीव्र आवेगलाई बुझ्ने फुर्सद हुँदैन । स्वयम् पति र पत्नीका बीचमा कुराकानी, उठ्बस, हिँड्डुल र विचारको आदानप्रदान गर्ने समयको अभावमा सुखी दाम्पत्य जीवन पनि एकाएक दुःखी बनेको देखिन्छ । सहरका मानिसहरू सबै आ-आफ्नो कार्यव्यस्ततामा लीन भएका हुन्छन् तर तिनीहरूमा यौनतृप्तिको चाहना भने तीव्र वा प्रवल हुन्छ भन्ने तथ्य विमलले नोकर्नी चमेलीलाई गर्भवती बनाएबाट प्रष्ट हुन्छ । आफ्नो कर्तव्य र उत्तरदायित्व निर्वाह गरेर पनि पतिको तीव्र यौनावेगलाई बुझ्न नसकेका कारण निर्मलाको वैवाहिक जीवन नै बर्बाद हुन पुग्यो । परित्याग कथा सहरी समाजको यथार्थ चित्रणका साथै पात्रको मनोविश्लेषणमा केन्द्रित कथा हो । यस कथामा सहरी समाजमा घटित कथानक, त्यहाँका मानिसको जीवनशैली, रहनसहन, प्रेम र त्याग आदिको प्रयोग गरिएकाले यस कथाको रुचिक्षेत्र सहरी सामाजिक परिवेश हो ।

**ख) रीतिक्षेत्र**

यो कथा सहरी समाजको यथार्थ चित्रण र त्यही समाजमा बसोबास गर्ने मानिसको जीवनशैलीको वर्णनमा आधारित भएकाले यस कथाको रीतिक्षेत्र मनोवैज्ञानिक यथार्थवाद हो, जसमा सामाजिक यथार्थवादको मिश्रण भएको छ । धनी, सम्पन्न, सुशिक्षित र कुलघरानका युवायुवतीका बीच हुने प्रेम, विवाह र परित्यागसम्मको घटनालाई संयोजन गरी तयार पारिएको यो कथा पतिले पत्नीलाई र पत्नीले पतिलाई बुझ्न नसकेका कारण उनीहरूमको जीवन बर्बाद भएको देखाइएको छ । आफ्नी पत्नीबाट यौनचाहना पूर्ति हुने सम्भावना नदेखिएपछि नोकर्नीबाट यौनसन्तुष्टि प्राप्त गर्ने प्रवृत्ति सहरी समाजमा हालसम्म पनि विद्यमान छ । यसै समाजको छत्र छायामा हुर्केको विमलले निर्मलादेवीबाट आफ्नो चाहना पूरा नहुने देखी नोकर्नी चमेलीतिर लहसिन पुगेको छ, जसका कारण उसले चमेलीलाई गर्भवतीसमेत बनाएको छ । जीवनको अधिकांश समय व्यस्ततामै बित्ने हुँदा लोग्ने स्वास्नीले एकै ठाउँ बसेर मीठा-मीठा दुःख-सुखका कुरा गर्ने अवसरको कमीले उनीहरूमा एकअर्काप्रतिको विकर्षण बढ्दै गएको देखिन्छ । सहरी समाजमा हुर्केका केटाकेटीका आकांक्षा र सपना ठूल-ठूला हुन्छन् । मेहनत र परिश्रम गरी सो चाहनालाई पूरा पनि गर्छन तर उनीहरू मानसिक रूपले कुण्ठित हुने हुँदा जीवनको बीच बाटोमै पलायन हुन पुग्छन् भन्ने निष्कर्ष यो कथाले निकालेको छ । विमलबहादुर, निर्मलादेवी, बूढी धाई,

नोकर रामे, बाहुन आदि सबै सहरी समाजका यथार्थ पात्रहरू हुन् । त्यही समाजका पात्रहरूलाई उनीहरूको स्तरसुहाउँदो भूमिका दिएर कथामा थपक्क राखिएको छ ।

यस कथाका मुख्य पात्र विमल र निर्मला शिक्षित, मध्यमवर्गीय, योग्यजनशक्तिका साथै मानप्रतिष्ठा प्राप्त सहरी समाजका पात्रहरू हुन् । विमल एक कुशल इन्जिनियर हो भने निर्मला कुशल महिला डक्टर हो । यस्ता पात्रहरू केवल सहरी समाजमा मात्र उपलब्ध हुन्छन् । निर्मला आफ्नो कर्तव्य र उत्तरदायित्व बोध गर्ने पात्र हो र मध्यरातमा पनि बिरामीको हेरविचार गर्न सफल देखिन्छे । बाध्यता र विवशताका कारण विमललाई समय दिन नसकी पतिलाई नै परित्याग गर्न पुग्छे । विमल इन्जिनियर भएर पनि उसमा यौनावेगको ज्वलन तीव्र रहेको छ । उसमा रहेको कामुक प्रवृत्तिका कारण नोकर्नी चमेलीसमेत गर्भवती बन्न पुगी । कार्यालयमा कार्यव्यस्त हुनु सहरी समाजको यथार्थ जीवन हो । भौतिक सुख-सुविधा सम्पन्न सहरी समाजका मानिसमा हार्दिक प्रेम कम र मानसिक रोगले ग्रसित हुने समस्या प्रायः पाइन्छ । यसै विचारलाई मध्यनजर गरी पात्र र विषयवस्तुको प्रस्तुतीकरण यथार्थवादी रीतिअनुसार गरिएको छ । मनोवैज्ञानिक कथाकारहरू पात्रको अन्तरकुन्तरमा पसी उनीहरूको मानसिक तथा आन्तरिक धरातललाई यथार्थवादी ढाँचामा प्रस्तुत गर्न सफल हुन्छन् । यसै परिप्रेक्ष्यमा यो कथामा पनि कथाकारले विमल र निर्मलाजस्ता सुशिक्षित, सभ्य र मानप्रतिष्ठा प्राप्त पात्रको चयन गरी उनीहरूको मनोविचरण गरेका छन् । यथार्थवादी कथाकारहरू ग्रामीण परिवेशमा मात्र सीमित नभई सहरी समाज र त्यस समाजका राम्रा नराम्रा दुवै पक्षको चित्रणमा ध्यान दिन्छन् । यस कथामा सहरी शिक्षित पात्रले बोल्ने संवादलाई थपक्क राखिएको छ । यथार्थवादभित्र मनोविज्ञानको मिश्रण भएकाले यो कथा कहीं पात्रको भावुकता र कल्पनाको तीव्र उडानमा केन्द्रित छ । त्यसैले यस कथाको रीतिक्षेत्र मनोवैज्ञानिक यथार्थवाद हो भन्ने प्रष्ट हुन्छ ।

**ग) सारवस्तु**

कथाकारले यो कथाको सारवस्तुलाई विचार वाक्यका रूपमा प्रस्तुत नगरी समग्र कथा पढिसकेपछि त्यसको सारवस्तु ग्रहण गर्न पाठकलाई खुला छोडिदिएका छन् । पाठकले नै आफ्नो योग्यता र क्षमताअनुसार यस कथाको सारवस्तु ग्रहण गर्दछ । यो कथा सहरी शिक्षित, उच्च पदमा आसीन, मानप्रतिष्ठाले भरिपूर्ण तथा भौतिक सुविधाले युक्त ठिटाठिटीहरूमा हार्दिक तथा आत्मिक प्रेमको अभाव हुन्छ । एकले अर्काको मनोभावना बुझ्ने फुर्सद हुँदैन, जसका कारण उनीहरूमा मानसिक कुण्ठा उत्पन्न हुन्छ र सुखी दाम्पत्य

जीवनमा पनि फाटो सिर्जना हुन्छ भन्ने विचार यस कथाले व्यक्त गरेको छ । वैवाहिक बन्धनमा बाँधिएपछि कर्तव्य र उत्तरदायित्वलाई ध्यान दिँदै आफ्नो परिवार तथा पतिको मनोभावनालाई पनि बुझ्न सक्नुपर्छ । मान्छेमा रहेको अतृप्तिका कारण अशान्ति पैदा हुन्छ र त्यही अशान्तिले ज्ञानलाई मार्दै जान्छ र राक्षसी प्रवृत्तिको विकास हुन्छ भन्ने कुरा यस कथाले स्पष्ट पारेको छ । यस कथामा निर्मलाले भोक, निद्रा, तथा थकाइ र पतिको चाहनालाई बेवास्ता गरी हरक्षण एउटी कुशल महिला डक्टरको भूमिका निर्वाह त गरी तर पतिको यौनचाहनालाई पनि बेवास्ता गर्नाले उनीहरूको दाम्पत्य जीवन नै एकाएक दुखद बन्यो र कथा नै वियोगान्त बन्न पुग्यो । अशान्तिको मूल कारण नै अतृप्ति हो । अतृप्तिको सिर्जनाका साथ साथै ज्ञान मर्दै जान्छ । त्यसबेला एकातिर राक्षसी प्रवृत्ति देखापर्छ भने अर्कातिर अहङ्कार देखापर्दछ, जसले आन्तरिक द्वन्द्वको सिर्जना हुन्छ र बाह्य रूपमै कलह भई एकले अर्कालाई परित्याग गर्न पुग्दछन् भन्ने विचार यस कथाले व्यक्त गरेको छ । गाँस, बास, कपास, शिक्षा, स्वास्थ्यका साथै यौनचाहनाको पूर्ति पनि मानवीय आवश्यकता हो, जसको अतृप्तिका कारण मानिसमा मनोविकृतिहरू बढ्दै जान्छन् भन्ने कुरालाई विमलका माध्यमबाट कथाकारले व्यक्त गरेका छन् ।

यो कथाको प्रमुख उद्देश्य नै आजका सहरी समाजमा हुर्केका युवायुवतीको जीवनशैली, प्रेमविवाह, तीव्र यौनेच्छा, त्यसको अतृप्तिका कारण उत्पन्न कलह र एकले अर्कालाई परित्याग गर्नुपर्ने स्थितिका बारेमा स्पष्ट पार्नु रहेको छ । त्यस्तै उनीहरूको सोचनीय क्षमताको अभावका कारण र आफ्नो अहम्‌का साथै क्षणिक आवेशले जीवनलाई बर्बाद पारिरहेको हुन्छ भन्ने निष्कर्ष यसबाट निकालिएको छ ।

**घ) अर्थसापेक्ष**

**परित्याग** कथामा कुनै प्रतीक, रूपक वा स्वैरकल्पनालाई आधार नबनाई कथाकारले सिधा वा सोझो हिसाबले आफ्नो विचार, भाव वा दृष्टिकोणलाई प्रस्तुत गरेका छन् । त्यसैले यो कथा अभिधात्मक अर्थसापेक्षमा आधारित छ । अभिधात्मक अर्थको तहलाई प्रभावकारी ढङ्गले प्रस्तुत गर्दै कथाको शीर्षकसँग विषयवस्तुको सम्बन्ध सोझो रहेको छ । परित्याग कथाको शीर्षकलाई कथासँग आबद्ध गरेर हेर्ने हो भने कथाको मूल विषयवस्तुसँग पात्रको मानसिक अवस्था र कथामा घटित घटनाहरूबीच आपसी सम्बन्ध रहेको छ । कथा सरसर्ती पढ्दै जाँदा यस कथाको अर्थ पाठकलाई स्वतः खुल्दै जान्छ अथवा पागकले कथाको भावबोधमा कुनै बौद्धिक गर्नुपर्दैन । सामान्य घटनाबाट अघि बढ्दै गएको कथानक

पात्रको अहम् र एकले अर्काको मनोभावना बुझ्न नसकेका कारण बाँचुञ्जेल पति र पत्नीले एक आपसमा परित्याग गर्न बाध्य भएका छन् । सुखी दाम्पत्य जीवन कसरी एकाएक दुःखद र वियोगान्त बन्न पुग्यो भन्ने अर्थलाई कथाले स्पष्ट पारेको छ । अतृप्ति नै अशान्तिको मूल कारण हो । अतृप्तिले नै ज्ञानी मानिसलाई अज्ञानी, क्रोधी, राक्षसी एवम् अन्धो बनाउँछ र मान्छे बारम्बार तृप्तिको खोजीमा भौतारिइरहेको हुन्छ भन्ने अर्थ यो कथाले वहन गरेको छ । मान्छेमा यौनेच्छाको तीव्र रूपका कारण चेतनशक्तिले काम गर्न छोड्छ, जसका कारण अचेतनको मात्रा बढ्छ भन्ने विचारलाई विमलका माध्यमबाट व्यक्त गरिएको छ । सहरी परिवेशको सामाजिक यथार्थलाई प्रस्तुत गर्दै त्यस समाजका युवायुवतीको जीवनशैली कस्तो प्रकारको छ भन्ने कुराको चित्रण यस कथामा गरिएको छ । परित्यागको मूलकारण अतृप्ति नै हो भन्ने अर्थलाई बुझाउन कथाकारले विमल र निर्मला पात्रको सिर्जना गरी विमलमा अतृप्तिको मात्रा बढी भएकाले नोकर्नी चमेलीलाई गर्भवती बनाई तृप्ति प्राप्त गरेको छ ।

यो कथा सहरी समाजका युवायुवतीहरू भौतिक, सुविधा सम्पन्न सुशिक्षित एवम् मानप्रतिष्ठा प्राप्त भए पनि मानसिक रोगले ग्रसित हुन्छन् । आ-आफ्नो कार्यव्यस्तताले गर्दा पति र पत्नीको समेत मनोभावना बुझ्ने फुर्सद हुँदैन र उनीहरूमा अतृप्तिको मात्रा बढ्दै गई राक्षसी प्रवृत्ति देखापर्दछ भन्ने अर्थलाई वहन गर्न सफल यो कथा अभिधात्मक अर्थसापेक्षमा आधारित छ ।

**ङ) दृष्टिबिन्दु**

यस कथामा कथाकारले प्रमुख पात्र विमल र निर्मलाको जीवनशैलीलाई प्रस्तुत गर्दै उनीहरूकै माध्यमाट एकले अर्कालाई हेर्ने काम गरेका छन् । यस कथामा कथकारले निर्मलाभन्दा विमलको चरित्र र मानसिक स्थितिलाई बढी महत्त्व दिएका छन् । विमलको चरित्रलाई मध्यनजर गरी उसकै इच्छा, आकांक्षा, योग्यता र क्षमताका साथै अतृप्त यौनचाहनाको विश्लेषण गरेका हुनाले यो कथा तृतीय पुरुष बाह्य सीमित दृष्टिबिन्दुमा आधारित छ । यस कथामा विमल एक शिक्षित, सभ्य, सहरिया, मानसम्मान प्राप्त एक इन्जिनियरका रूपमा चिनिने एक युवक हो । ऊ एक सचेत नागरिक भएर प्रेमविवाहलाई स्वीकार गर्ने पात्रका रूपमा देखापर्छ तापनि अहम् र यौनचाहनाको मात्रा तीव्र देखिन्छ । महिला डाक्टरका रूपमा सम्मानित केटीसँग प्रेम विवाह गरेर पनि ऊ सन्तुष्ट देखिँदैन र आफ्नै नोकर्नी चमेलीसँग लसपस गरी गर्भवतीसमेत बनाउन पछि पर्दैन । त्यसैले यस कथाको प्रमुख पात्र विमलमा तीव्र यौनेच्छा छ, जसको अतृप्तिका कारण

निर्मलालाई परित्याग गर्न पुग्छ । विमल एक ईर्ष्यालु पात्र पनि हो, उसले आफ्नो परिवार र छिमेकी परिवारका बीच तुलना गरी छिमेकीको दाँजामा आफ्नो दाम्पत्य जीवन जिउँदो लाशसरह भएको ठान्दछ । यसरी यस कथामा कथाकारले प्रमुख पात्र विमलको मानसिक, संवेगात्मक र भौतिक अवस्थाको चिरफार गर्दै उसकै इच्छा, आकांक्षा एवम् यौनचाहनाका साथै उसले परित्याग गरेको दाम्पत्य जीवनलाई तृतीय पुरुष बाह्य सीमित दृष्टिबिन्दुमा प्रस्तुत गरिएको छ ।

जम्मा चार खण्डमा विभाजित यस कथाका प्रत्येक खण्डमा विमलको चरित्रलाई महत्त्वपूर्ण स्थान दिइएको छ । जीवनमा प्रेम, सन्तोष, सहानुभूति र सम्पर्कको चाहना राख्ने विमल यी नभएको जीवन जीवन नभई मरुभूमि हो भन्न पुग्दछ । यो कथाका सबै खण्डमा विमल मात्र सर्वत्र छ । विमलकै माध्यमबाट निर्मला, चमेली, नोकर, बूढी धाई, छिमेकी परिवारको प्रेमपूर्ण दाम्पत्य जीवनका साथै आफ्नै विगत, वर्तमान र भविष्यलाई हेर्ने काम भएको छ । सुख, शान्ति, सन्तोष र यौनेच्छाको भुक्तभोगी रहेको विमल तिनीहरूको अभावमा छटपटाएको देखिन्छ । उसकै कारणबाट दाम्पत्य जीवनमा एकले अर्कालाई परित्याग गरिएकाले यो कथा वियोगान्त बनेको छ । समग्र कथामा विमलको इच्छा, आकांक्षा, आवेग, संवेग तथा तीव्र यौनचाहना व्यक्त भएकाले यो कथा तृतीय पुरुष बाह्य सीमित दृष्टिबिन्दुमा रचिएको छ ।

**च) कथानक ढाँचा**

परित्याग कथा रैखिक ढाँचामा लेखिएको कथा हो । यो कथामा सामाजिक यथार्थवाद र मनोवैज्ञानिक यथार्थवादको समिश्रण भएको छ । यस कथामा घटित घटनाहरूको विकास क्रम आदि, मध्य र अन्त्यमा सुव्यवस्थित नभए तापनि पात्रका मनमा उत्पन्न भावावेगलाई परिस्थितिअनुसार व्यवस्थित बनाउने काम कथाकारले गरेका छन् । विमल र निर्मलाको प्रेम विवाहबाट सुरु भएको कथानक उनीहरूले परित्याग गरेको दाम्पत्य जीवनमा अन्त्य भएको छ । यस कथाको बीच-बीचमा कथाकारले स्मरण शैलीको प्रयोग गरेका छन् । वर्तमानबाट एकाएक कथानक विगततिर मोडिएको छ । यो कथाको कथानक वर्तमानबाट सुरु भई विगतलाई कोट्याउँदै भविष्यतर्फ उन्मुख भएको छ । पात्रका मनमा उत्पन्न भावनालाई विश्रृङ्खलित रूपले कहिले विमलको विगतलाई कोट्याउँन सफल हुन्छ त कहिले निर्मलाको वर्तमानलाई छुन कथाकार पुग्छन् । विवाह हुनुभन्दा पहिलेको प्रेमलाई कथाकारले पूर्वदीप्तिको प्रयोगमार्फ व्यक्त गरेका छन् । प्रेमविवाह हुनुभन्दा पहिले

प्रेम मात्र हुन्छ र यस कथामा विवाह भइसकेपछि पनि विवाह हुनुभन्दा अघिको प्रेमप्रसङ्गलाई विमलका माध्यमबाट स्मरण गराइएको छ ।

वैवाहिक दाम्पत्य जीवनबाट सुरु भएको कथानक बिस्तारै दाम्पत्य जीवनको परित्यागतर्फ उन्मुख भएको छ । निर्मलाले महिला डक्टरमा जागिर नखाँदासम्म उनीहरूको दाम्पत्य जीवन प्रेमपूर्ण नै रहेको देखिन्छ तर जागिरे भइसकेपछि निर्मलाको जीवन यन्त्रवत् भएकाले विमललाई उचित समय दिन नसक्नु, विमलमा अतृप्तिको मात्रा बढ्दै जानु, घरव्यावहारमा निर्मलाको अभाव खट्किनु, विमलकी बूढी धाईले विमललाई विवाह गर्न अनुरोध गर्नु, छिमेकी युगल जोडीको प्रेमपूर्ण व्यावहारले विमलमा ईर्ष्याभाव जागृत हुनु, त्यसको विकल्पको खोजीमा विमल प्रयासरत हुनु, घरमा नयाँ नोकर्नीका रूपमा चमेलीलाई ल्याउनु, चमेली र विमलको सम्पर्क नजिकिँदै जानु, र अन्तमा नोकर्नी चमेली गर्भवती भएको कुरा निर्मलाले थाहा पाउनु अनि निर्मला सदाका लागि विमललाई परित्याग गरेर माइत जानुजस्ता घटनाहरू क्रमशः घटेका छन् । विमल र निर्मला दुवैको मानसिक अवस्थालाई बेला बेलामा छुन पुग्ने कथाकार कहिले उनीहरूको मनोलोकमा पूरै विचरण गर्न पुग्छन् त कहिले चटक्क छाडेर आफ्नो दर्शन छाँट्न सफल हुन्छन् ।

यो कथा विमल र निर्मलाको विवाह हुनुभन्दा पहिलेको प्रेमप्रसङ्गलाई कोट्याउँदै अघि बढेको हुनाले यसमा पूर्वदीप्ति शैलीको प्रयोग ठाउँ-ठाउँमा गरी कथानकलाई सरल गतिमा अघि बढ्न बाधा भएकाले यस कथाको कथानक ढाँचा मध्यम रैखिक रहेको छ ।

**छ) रूपविन्यास**

**परित्याग** कथा सहरी समाजको चित्रणमा केन्द्रित भई त्यहाँका मानिसको जीवनशैलीलाई विषयवस्तु बनाई लेखिएको कथा हो । दाम्पत्य जीवनको परित्याग गरी एकबाट अर्को प्रताडित भएको तथ्यलाई प्रस्तुत गर्दै कथाकारले सहरी समाजले दैनिक प्रयोगमा ल्याउने भाषालाई प्राथमिकता दिएका छन् । डक्टर, इन्जिनियरजस्ता पात्रको प्रयोग गरी पात्रको मनोविश्लेषण र समाजको यथार्थ चित्रण गरेका हुनाले यस कथामा संवृत रूपविन्यासको प्रयोग गरिएको छ । आफ्नो अभिव्यक्तिलाई सरल, सहज र सरस बनाई पात्रको स्तरअनुसारको भाषा प्रयोग यस कथामा गरिएको छ । विमलको तीव्र यौनचाहना र सुख, शान्ति र सहज जीवन बचाइको परिकल्पनालाई प्राथमिकता दिँदै अतृप्तिको मात्रा बढ्दै गएपछि त्यसले निम्त्याउने दुष्परिणामलाई यस कथाले व्यक्त गरेको छ ।

सहरी समाजमा बारम्बार प्रचलनमा आउने पद, पदावलीको प्रयोग गरी विषयवस्तु सुहाउँदो विशुद्ध गद्य भाषाको प्रयोग यस कथामा गरिएको छ । भाषाशैलीमा चमत्कृति ल्याएर भनाइलाई आलङ्कारिक बनाउन खोजे पनि पात्रको भावुकतापूर्ण स्थितिको चित्रणले अस्वाभाविक बनाएको छ । अङ्ग्रेजी शब्द तथा वाक्यांशको बहुल प्रयोगले ग्रामीण समाजमा हुर्केका पाठकको मन भने छुन नसक्ने देखिन्छ । एम्.बी.बी.एस्., एक्सक्युज मि डार्लिङ्, सर्भिस, लिजर टाइम, इमरजेन्सी केस, इन्जिनियरिङ्ग कोर्स, आदि अङ्ग्रेजी शब्दको प्रयोगका साथै मस्की-मस्की, भल्याँस्स, चिच्याइ-चिच्याइ, भल्भल्ती, कल्पी-कल्पी जस्ता अनुकरणात्मक तथा द्वित्वको प्रयोगले भाषालाई स्वाभाविक बनाउने काम गरेका छन् । मिसिन, इलाजजस्ता बोली भाषाका साथै उफ्, ओहो ! जस्ता विस्मयादिबोधकको प्रयोग पनि सरलताका साथ गरिएको छ । यस कथामा तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोगमा समानता पाइन्छ ।

वाक्यगठनका दृष्टिले यस कथामा सरल, संयुक्त र मिश्र वाक्यहरूको प्रयोगका साथै अपूर्ण वाक्य र लामा लामा वाक्यको प्रयोग पनि पाइन्छ । भनाइलाई आलङ्कारिक बनाउन कथाकारले उपमा अलङ्कारको प्रयोग प्रशस्त गरेका छन्, जस्तै- भरखर फुलेको फूलभैं विमल, सहरिया जीवन एउटा मिसिनभैं, मसानमा जलेको लाशभैं भावना, अर्धबलेकी पुतलीभैं मन, गोली लागेको चराभैं मन, साथी नभएको सफरभैं विमलको यात्रा, आदि । यसरी कथाकारले यस कथामा सहरी क्षेत्रमा बहुल प्रयोग गरिने भाषाको प्रयोगलाई सरलताका साथ प्रस्तुत गरेका हुनाले यो कथाको रूपविन्यास संवृत किसिमको छ ।

निष्कर्षमा **परित्याग** कथा सहरी समाजका शिक्षित युवायुवतीको जीवनशैलीलाई विषयवस्तु बनाई लेखिएको कथा हो । यो कथा सहरी व्यस्त समाज र त्यस समाजका मानिसको इच्छा, आकांक्षा र यौनचाहनाको अतृप्तिलाई चित्रण गर्दै पति र पत्नीले एकअर्कालाई त्याग्न पुगेको स्थितिलाई देखाइएको छ । सामाजिक र मनोवैज्ञानिक विषयवस्तु लिई तयार पारिएको यो कथा मनोवैज्ञानिक यथार्थवादी रीतिमा आधारित छ । सीमित बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको यो कथा अभिधात्मक अर्थ सापेक्षमा आधारित छ । अतृप्तिकै कारण पति र पत्नीबीच परित्याग भएको सारवस्तु निकाल्ने यस कथाको कथानक ढाँचा मध्यम रैखिक किसिमको छ । अङ्ग्रेजी मिश्रित शब्दको प्रयोग गरिएको भए तापनि यस कथाको रूपविन्यास संवृत छ । त्यसैले कथाकारले यस कथामा

आफ्नो अभिव्यक्तिलाई सरलतातर्फ उन्मुख गराउँदै ठाउँ-ठाउँमा आलङ्कारिक भाषाको प्रयोग गरेका छन् । यो कथा सहरी समाजका मानिसको जीवनशैलीलाई जस्ताको तस्तै उतार्न सफल छ । आधुनिक सुविधा सम्पन्न, शिक्षित, ठूला पदमा आसीन सहरी समाजका ठिटाठिटीहरूको भौतिक प्रेम र त्यसले समाजमा निम्त्याउने विकृतिलाई देखाउन यो कथा सफल रहेको छ ।

## ४.३.९ 'मिक्की माउसको अभिनय' कथाको विश्लेषण

**पलाँशको फूल** कथासङ्ग्रहमा सङ्कलित सबैभन्दा अन्तिम र छोटो कथाको स्वरूप धारण गरेको यो कथाले जम्मा ६ पृष्ठ ओगटेको छ । यो कथा सहरी समाजका नारीपुरुषको जीवनशैलीमा आधारित छ ।

**क) रुचिक्षेत्र**

मिक्की माउसको अभिनय कथा सहरी परिवेशमा आधारित विषयवस्तुलाई लिएर लेखिएको कथा हो । यस कथामा खास गरी सहरी क्षेत्रलाई पृष्ठभूमि बनाई त्यो समाजको मूल्य मान्यता र मानिसको जीवनशैलीलाई प्रस्तुत गरिएको छ । कथाकारले सहरी समाजका मानिसको जीवनशैली, सामाजिक पृष्ठभूमि, इच्छा, आकांक्षा, रहनसहन र उनीहरूका चाहना के कस्ता हुन्छन् भन्ने कुरालाई प्रष्ट्याउन खोजेका छन् । यस यथार्थ विषयलाई प्रकाश पार्नका निम्ति कथाकारले एउटा काल्पनिक झिनो कथानकलाई आधार बनाई मिक्की र माउसजस्ता पात्रको सिर्जना गरेका छन् । मिक्की, माउस र जिराफजस्ता पात्रको माध्यमबाट सहरी समाजका ठिटाठिटीको इच्छा, आकांक्षा र यौनचाहनालाई व्यक्त गरिएकाले यो कथामा सहरी समाजको विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ ।

सामान्यतया सहरका मानिसहरू राम्रा राम्रा कपडाका साथै लिपिस्टिक, पाउडर लगाई चोक बजारमा हल्ला गर्दै हिँडेका कैयौं दृश्यहरू आज पनि हामी पाउँदछौं । केटाहरू केटी जिस्क्याउँदै, केटीहरूले केटा जम्मा गर्दै जानु, उनीहरूले एकअर्काको तस्बिर सङ्कलन गर्दै एल्बम भर्नु, नयाँसडक, गाडीको आवत-जावत, युवा र युवतीहरूको ओहोर-दोहोर, मायालु इसारा र मुस्कानको आदानप्रदान, थरी-थरीका पसलहरू खुलेको प्रसङ्ग, आदर्श, कर्तव्य, नैतिकता, इमानदारिता, मानवता तथा यौवन र जीवनको क्रय-विक्रय आदिजस्ता घटना प्रायःजसो सहरी समाजमा घट्ने गर्दछन् । त्यसैले यो कथाको रुचिक्षेत्र सहरी सामाजिक यथार्थ हो भन्ने स्पष्ट हुन्छ । गरिबमा धेरै गरिब र

धनीमा धेरै धनी मानिसहरूको प्रसङ्ग, होटल र रेस्टुरेन्टमा बोतल डान्स र ट्वाँट नृत्यको प्रसङ्ग, सङ्गीत, साहित्य, खेलकुदमा रुचि भएझैं सहरी युवतीहरूलाई अल्लारे केटाहरूको दिल सङ्कलन गर्ने सौखको प्रसङ्गले पक्कै पनि यो कथाको रुचिक्षेत्र सहरी परिवेशका युवायुवतीको जीवनशैली र यौनचाहना हो भन्ने प्रष्ट हुन्छ । यसरी यस कथामा सहरी समाज र त्यस समाजका युवायुवतीको जीवनशैली र उनीहरूका इच्छा, आकांक्षालाई मिक्की माउसको अभिनयद्वारा व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गरिएकाले यस कथाको रुचिक्षेत्र सहरी सामाजिक यथार्थ परिवेश हो ।

**ख) रीतिक्षेत्र**

यस कथाको रीतिक्षेत्र यथार्थवाद हो । यथार्थवादी रीति वा प्रणालीलाई अँगालेर लेखिएको यस कथामा सहरी समाजको यथार्थलाई उचित संयोजन गरी विषयवस्तुको चयन गरिएको छ । कथाकारले यस कथामा सहरी समाजका निम्न तथा उच्च दुवै वर्गका मानिसको जीवनशैलीलाई प्रस्तुत गर्दै तिनीहरूको व्यक्तिगत, पारिवारिक एवम् सामाजिक समस्या राखेर तिनको पहिचान गराएका छन् । यथार्थवादी कथाकारहरू नाङ्गो आँखाले देख्न सक्ने जुनसुकै दृश्यलाई पनि रोचकताका साथ प्रस्तुत गर्न सिपालु हुन्छन् । के गाउँ के सहर, के राम्रो के नराम्रो, को धनी को गरिब, सबै पक्षलाई उचित महत्त्व दिई तिनीहरूलाई आफ्ना कथामा ढाल्ने काम गर्दछन् । यसअनुरूप मिक्की माउसको अभिनय कथामा पनि कथाकारले आफू बाँचेको सहरी समाजको यथार्थलाई प्रस्तुत गरेका छन् । फुटपाथमा विभिन्न किसिमका अभिनय गर्दै हिँड्ने युवतीलाई मिक्की र युवालाई माउसको नामकरण गरी उनीहरूको क्रियाकलापलाई जस्ताको तस्तै उतार्ने काम यस कथामा गरिएको छ । बिरालोले मुसालाई खेलाएझैं केटीहरूले केटा खेलाउने क्रम तथा आज एउटा केटालाई स्वीकार गर्ने फेरि भोलि अर्को केटालाई लिएर हिँड्ने प्रवृत्तिलाई यस कथाले चिरफार गरेको छ । आधुनिक पाश्चात्य सभ्यता र संस्कृतिको नक्कल गर्ने युवायुवतीको इच्छा, आकांक्षा र चाहनालाई मिक्की माउसको अभिनयका माध्यमबाट प्रस्तुत गरिएको यस कथामा मिक्कीले आज एउटा माउसलाई लिएर हिँड्ने त भोलि अर्को माउसलाई अँगालेर हिँड्ने प्रवृत्तिले सहरी क्षेत्रका युवतीको यौनचाहना र त्यसको परिपूर्तिको खोजीलाई देखाइएको छ । सहरी समाजमा नेपाली सभ्यता, संस्कृति, आदर्श र परम्पराहरू दिनानुदिन लोप भइरहेका छन् । पाश्चात्य सभ्यताको प्रभावका कारण केटीहरू नयाँ नयाँ फेसनमा रमेका छन् । इमानदारिता, आदर्श, नैतिकता हराउँदै गइरहेका छन् भन्ने

विचार यो कथाले व्यक्त गरेको छ । जीवन र यौवनलाई खेलौनाझैं ठानेर पसलमा क्रय-विक्रय भइरहेको अनि अवसरवादको हावी भएको यथार्थ विषयलाई जस्ताको तस्तै यथार्थवादी ढाँचा र ढर्रामा उतार्ने काम कथाकारले यस कथामा गरेका छन् । पात्र र विषयवस्तुको उचित संयोजन गरी तयार पारिएको यो कथा दृश्यात्मक किसिमको छ ।

**ग) सारवस्तु**

यो कथाको सारवस्तुलाई कथाकारले विचार वाक्यका रूपमा प्रस्तुत नगरी समग्र कथाबाट पाठकलाई आफ्नो योग्यता र क्षमताअनुसारको सारवस्तु ग्रहण गर्न स्वतन्त्र छोडिदिएका छन् । त्यसैले यस कथाबाट पाठकले आफ्नो स्तरअनुसारको सार ग्रहण गर्न सक्छन् । सहरी समाजका युवायुवतीको जीवनशैलीलाई प्रस्तुत गर्नु यो कथाको प्रमुख लक्ष्य हो । आधुनिक सभ्यताको हावाले छोइएका युवायुवती दिनभर भौतारिएर हिँड्ने, आफूलाई राम्रो देखाउन विविध प्रकारका फेसन लगाउने, शिक्षा स्वास्थ्यजस्ता अत्यावश्यक कुराको ख्याल नगर्ने, प्रेम पत्र र तस्बिरको खात सङ्कलन गर्ने, असङ्ख्य युवायुवतीको दिल समेट्ने सौख भएका, धनी केटाहरूलाई अघिपछि लगाई हिँड्ने केटीहरूको चर्चा यस कथामा गरिएको छ । सहरी परिवेशमा इमानदारिता, सहृदयता, आदर्श, धर्म, कर्तव्य, नैतिकता, सच्चरित्रता र अनुशासनजस्ता विशेषता हराउँदै गएका तर यौवन र जीवनलाई खेलौना ठानी पसलमा क्रय-विक्रय गर्ने प्रवृत्ति बढेर गएको प्रसङ्गलाई यस कथामा प्राथमिकता दिइएको छ । कोही मानिसहरूका ओड्ने ओछ्याउनेसमेत पैसाका खातबाट बनेका हुन्छन् भने कोही पैसा नभई लुगाको सट्टा कागज बेरेर हिँड्दछन् । केटीहरू मिक्कीजस्ता देखिन्छन् त केटाहरू माउस र जिराफजस्ता देखिन्छन् भन्दै कथाकारले आजका प्रेम गर्न जानेका केटाकेटीको स्वभावलाई व्यङ्ग्यात्मक पाराले चित्रण गरेका छन् । यसरी यस कथामा सहरी समाजमा रहेका पाश्चात्य सभ्यता र संस्कृतिको नक्कल गर्ने युवायुवतीको जीवनशैली, इच्छा, आकांक्षा र उनीहरूको तीव्र यौनचाहनालाई प्रस्तुत गरिएको छ ।

**घ) अर्थसापेक्ष**

**मिक्की माउसको अभिनय** कथा एक व्यङ्ग्यात्मक कथा हो । यस कथामा सहरी क्षेत्रमा बढ्दो विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्दै त्यसप्रति सचेत हुन कथाकारले आग्रह गरेका छन् । सहरी समाजमा पाश्चात्य सभ्यता र संस्कृतिको चर्को प्रभावले नैतिकता, इमानदारिता, कर्तव्य, मानवता आदिको ह्रास हुँदै गएको तर जीवन र यौवनको किनबेच

फस्टाउँदै गएको विचारलाई कथाकारले प्रस्तुत गरेका छन् । मिक्की र माउसका क्रियाकलापलाई दृश्यात्मक शैलीका माध्यमबाट प्रस्तुत गर्दै आधुनिक युवायुवतीको इच्छा र चाहनालाई रूपकात्मक पाराले खुलस्त पारेका छन् । धन सम्पति र यौनचाहनाले लिप्त भएका युवतीहरू आज एउटा युवकलाई वरण गर्न पुग्छन् त भोलि त्यसलाई पनि छाडेर अर्कोलाई वरण गर्न पुग्छन् । धनीहरू धेरै धनी भई नोटकै लुगा लगाउन सक्ने अवस्था एकातिर छ भने अर्कातिर गरिबमा अति गरिब भई कागजको लुगा लगाएर हिँड्नुपर्ने अवस्था सहरी समाजमा स्थापित भइसकेको यथार्थ रहस्यलाई यस कथाले उद्घाटन गरेको छ । त्यस समाजका युवायुवतीहरू मिक्की र माउसको जस्तो अभिनय गर्न सिपालु हुन्छन् । शरीरलाई अस्वाभाविक देखाउने फेसन लगाएर चोक बजारमा हल्लाखल्ला मच्चाउँदै हिँड्छन् र दिल तथा तस्बिर कलेक्सन गर्ने उनीहरूको उच्च चाहना हुन्छ भन्ने कुरालाई रूपकात्मक अर्थको तहबाट प्रस्तुत गरेका छन् ।

यस कथामा कथाकारले सहरी समाजको विकृति र विसङ्गतिलाई व्यङ्ग्यात्मक र रूपकात्मक पाराले प्रस्तुत गरेका छन् । त्यस समाजका युवतीलाई मिक्कीका रूपमा आरोपित गरिएको छ भने जिराफ र माउसका रूपमा युवाहरूको चरित्रलाई चित्रण गरिएको छ । यसरी मिक्की र माउसको माध्यमबाट सहरी समाजका केटाकेटीको जीवनशैली, लवाइखवाइ, बानीव्यावहारको चित्रण गरिएकाले यो कथा रूपकात्मक अर्थसापेक्षमा आधारित छ ।

**ङ) दृष्टिबिन्दु**

झिनो कथानकलाई विषयवस्तु बनाई लेखिएको यो कथा प्रथमपुरुष परिधीय दृष्टिबिन्दुमा आधारित छ । छोटो कथाको स्वरूप प्राप्त गर्न सफल यो कथा मिक्की र माउसका क्रियाकलापलाई कथाकार स्वयम्ले हेरिरहेका र उनले हेरेको घटनालाई दृश्यात्मक तरिकाले प्रस्तुत गरिएको छ । मिक्की र माउसका माध्यमबाट सहरी समाजमा बढ्दै गएको विकृति र विसङ्गति तथा यौनेच्छालाई प्रस्तुत गरेका छन् । कथाकारले यस कथामा मिक्की र माउस तथा जिराफजस्ता पात्रको प्रयोग गरी **म हेरिरहेको छु, मिक्की माउसको टेलर** भन्ने वाक्यांशबाट कथा सुरु गरी सम्पूर्ण कथामा कथाकारले मिक्की र माउसका माध्यमबाट सहरी समाजका युवायुवतीको जीवनशैली, इच्छा, आकांक्षा र यौनचाहनालाई व्यक्त गरेका हुनाले यो कथा प्रथमपुरुष आन्तरिक परिधीय दृष्टिबिन्दुमा आधारित छ । यस कथाकी प्रमुख पात्र मिक्की हो । उसले सहरी समाजका नारीहरूको

प्रतिनिधित्व गरेकी छ । उसकै मानसिक, सामाजिक एवम् नैतिक तथा यौनचाहनामा आधारित घटनालाई विषयवस्तु बनाइएको यो कथामा कथाकारले स्वयम् कथयिता भएर वा दर्शक भएर कथा वाचन गरेका छन् । मिक्की, माउस, जिराफजस्ता पात्रका साथै कथाकार पनि यस कथाको परिधिमा रहेका छन् । मिक्कीकै माध्यमबाट सहरी समाज कसरी पतनोन्मुख हुँदैछ भन्ने विचार कथाकारले व्यक्त गरेका छन् ।

जम्मा तीन छोटा खण्डमा विभाजित यस कथाका प्रत्येक खण्डमा मिक्कीको भूमिका उल्लेखनीय रहेको छ । मिक्कीको सफल अभिनयबाट उसले धेरै केटाहरूको दिल सङ्कलन गर्न सकेकी छ । उसकै माध्यमबाट सहरी ठिटीहरूको जीवनशैलीलाई व्यङ्ग्यात्मक पाराले प्रस्तुत गरिएको छ । यस कथामा कथाकारले मिक्कीका क्रियाकलापलाई प्राथमिकताका साथ हेरेका छन् । उसैका माध्यमबाट कथाकारले सहरी समाजको विकृति र विसङ्गतिलाई चित्रण गर्दै समाजसुधारको अपेक्षा गरेका हुनाले यो कथा आन्तरिक परिधीय दृष्टिबिन्दुमा आधारित छ । यसरी यस कथामा सहरी परिवेशमा अवस्थित युवायुवतीको जीवनशैली, उनीहरूको मानसिक अवस्थाको चित्रण, मिक्कीको तीव्र यौनेच्छा, धनसम्पतिको पछि लाग्ने सहरी समाज, इमानदारिता, नैतिकता र सहृदयताको ह्रास भइरहेको कुरालाई मिक्कीका माध्यमबाट प्रस्तुत गर्दै कथाकार स्वयम्का दृष्टिबाट माउस, जिराफ तथा सहरी समाजको सम्पूर्ण जीवन शैलीलाई हेर्ने काम भएकाले यस कथामा प्रथम पुरुष परिद्धीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

**च) कथानक ढाँचा**

झिनो कथानकलाई विषयवस्तु बनाएको यो कथाको कथानक ढाँचा रैखिक किसिमको छ । दृश्यात्मक पाराले बीचबाट सुरु भएको कथानक मिक्कीको अभिनय समाप्त भएपछि कथा पनि समाप्त भएको छ । यस कथामा कथाकारले झिनो कथानकका माध्यमबाट मिक्की र माउसको सिङ्गो जीवनलाई उतारेका छन् । मिक्की र माउसका माध्यमबाट काठमाडौँ सहरको सिङ्गो जनजीवन र सामाजिक यथार्थलाई दृश्यात्मक शैलीमा प्रस्तुत गरिएको छ । **'म हेरिरहेको छु मिक्की माउसको टेलर'** बाट सुरु भएको कथानक जिराफ र माउसको झगडापछि समाप्त भएको छ । कथाकारले मिक्की र माउसको रूप, रङ, लवाइखवाइका साथै उनीहरूको शारीरिक बनावटको चर्चा गरेका छन् । कथाको आदि भागमा कथाकार स्वयम् मिक्की माउसको अभिनय फुटपाथमा हेरिरहेका र मिक्की अनि माउसको क्रियाकलापलाई वर्णन गरिरहेका छन् । त्यसपछि मिक्कीको दिल कलेक्सन र

फोटो कलेक्सनको चाहनालाई हाँस्यास्पद पाराले प्रस्तुत गरेका छन् । बीच भागमा सहरको कोलाहल वातावरण, युवायुवतीको आवत-जावत, इमानदारिता, कर्तव्य र मानवता ह्रास हुँदै गई जीवन र यौवनको क्रय-विक्रय, धनी र गरिबका बीचको तुलना गर्दै कथाकारले मिक्की र माउसलाई पनि त्यही संसारमा पुऱ्याएका छन् । रक्सी पसलको चर्चा गर्दै त्यस पसलमा ह्विस्की, ब्रान्डी, वियर, नभई मौवाको ठर्रा, अमलेट, पोच, करी, नभई प्याज, लसुन, मुला, भटमास साँधेको चर्चा र त्यस पसलमा एक हातमा बोटल र अर्को हातमा प्याला लिएर नाच्दै गरेको माउसको चर्चा गरिएको छ । अन्त्य भागमा मिक्कीले पुरानो माउसलाई त्यागेर नयाँ तर धनी माउसलाई स्वीकार गर्नाले कथानकले मोड लिएको छ । सम्पतिवाल तथा असर्फीजडित माउसको इसारामा मिक्की मख्ख परी उसैप्रति आकर्षित भएकी र आफूलाई रोमियो सम्झने पुरानो जिराफमा घृणा, क्रोध, आक्रोश, पश्चात्ताप देखापरेको प्रसङ्ग उल्लेख गरिएको छ । जिराफ र माउसको मिक्कीप्रतिको आकर्षण अन्तमा झगडामा परिणत हुन गई माउसले आफ्नो प्राण रक्षाका लागि रूप परिवर्तन गर्दै घोडा, खच्चर, टट्टु, र गधा बनेको चर्चा गरी प्राण बचाएको घटनालाई उल्लेख गरिएको छ ।

यसरी यस कथामा मिक्की र माउसको अभिनयलाई कथाभरि उल्लेख गरिएको छ । समग्र कथामा उनीहरूकै क्रियाकलाप, जीवनशैली, इच्छा, आकांक्षा, अभिलाषा र यौनचाहनालाई दृश्यात्मक शैलीका माध्यमबाट क्रमबद्ध गरिएकाले यो कथाको कथानक ढाँचा रैखिक किसिमको छ ।

**छ) रूपविन्यास**

यो कथामा कथाकारले आफ्नो अभिव्यक्तिलाई सरलतातर्फ उन्मुख गरेका हुनाले यस कथाको रूपविन्यास संवृत किसिमको छ । सहरी समाजको यथार्थ चित्रण र वर्णनलाई व्यङ्ग्यात्मक रूपले प्रस्तुत गर्दै त्यस समाजका युवायुवतीको चाहना र जीवनशैलीलाई वर्णन गरिएकाले यस कथामा सहरी समाजमा प्रयोग गरिने भाषाको प्रयोग गरिएको छ । व्यङ्ग्यात्मक शैलीलाई प्रस्तुत गर्दै त्यस समाजमा रहेका युवायुवतीको प्रेम मिक्की र माउसको अभिनय वा खेलजस्तो रहेको छ भन्ने विचार यो कथाले व्यक्त गरेको छ ।

यस कथामा सहरी समाजमा बहुधा प्रयोग गरिने पद, पदावली तथा वाक्यांशको प्रयोग विशुद्ध गद्यशैलीका साथ गरिएको छ । घटनालाई दृश्यात्मक तरिकाले वर्णन गरिएको यस कथामा महिला सौन्दर्यका सामग्री कुर्ता, सलवार, सुरुवाल, लिपिस्टिक, पाउडर, क्रिमका साथै पुरुषका टाइट पाइन्ट, कमिज र टाईको प्रयोग गरिएको छ । अङ्ग्रेजी शब्दको

बहुल प्रयोग गरिएको यस कथामा कथाकारले आफ्नै निजी शब्दको निर्माण गरी प्रयोगमा ल्याएका छन् । यो कथामा कथाकारले जस्तो देखे त्यस्तै किसिमले रोमाञ्चक शैलीमा प्रस्तुत गरेका छन् । रोमियो, मजनु, फरहाद, इसारा, टिकट, मिक्की, माउस, अमलेट, करी, पोच, टेलर, स्टेज, टुइस्ट, बोटल डान्स, कलेक्सन, फुटपाथ, ब्राण्डी, बियर, ब्याग, कमन डार्लिङ, पेट्रोल, डिजेलजस्ता आगन्तुक शब्दको प्रयोगमा बहुलता पाइन्छ । गोरे, काले, मोटे, दुब्ले, अग्ले, पुड्केजस्ता विशेषणका साथै ट्वाङ्ग, ह्वाङ्ग, टट्टुजस्ता अनुकरणात्मक शब्दको प्रयोगले भाषालाई स्वाभाविक बनाएका छन् । आश्चर्य, हर्ष, विस्मत आदि बुझाउने विस्मयादिबोधकको प्रयोग अत्यधिक गरिएको छ भने खालि ठाउँको प्रयोग पनि प्रचुर मात्रामा गरिएको छ । 'ट्वाँट नृत्य', 'बोटल डान्स', 'चा चा चा' जस्ता शब्द कथाकार स्वयम्ले निर्माण गरी प्रयोगमा ल्याएका छन् भने 'मिक्की' र माउसजस्ता प्रतीकको प्रयोग गरी सहरी युवायुवतीको चरित्रलाई प्रस्तुत गरिएको छ । यस कथामा कथाकारले विशुद्ध गद्य भाषाको प्रयोग गरी कथालाई सरल सहज, स्वाभाविक र सरस बनाउँदै अभिव्यक्तिलाई सरलतातर्फ उन्मुख गरेकाले यो कथा संवृत रूपविन्यासमा आधारित छ ।

निष्कर्षमा **मिक्की माउसको अभिनय** कथा सहरी समाजका युवायुवतीको जीवनशैलीमा आधारित कथा हो । सहरी समाजलाई रुचिक्षेत्र बनाएको यस कथामा यथार्थवादी रीतिको प्रयोग गरिएको छ । सहरी समाजमा इमानदारिता, मानवता, धर्म, कर्तव्य, सहृदयता, अनुशासन, कला, संस्कृति, मूल्य-मान्यता र परम्पराको लोप भइरहेको छ भन्ने सारवस्तुलाई रूपकात्मक अर्थको माध्यमबाट व्यक्त गरिएको छ । सहरी युवायुवतीको चरित्रलाई मिक्की र माउसको अभिनयसँग आरोपित गरिएको यो कथामा युवायुवतीको प्रेम मिक्की र माउसको खेलजस्तो छ भन्ने कुरालाई व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गरिएको छ । प्रथम पुरुष परिधीय दृष्टिबिन्दुको प्रयोग गरिएको यो कथा रैखिक ढाँचामा लेखिएको छ । अभिव्यक्तिलाई सरल तरिकाले प्रस्तुत गरिएको हुनाले यस कथाको रूपविन्यास संवृत रहेको छ ।

## ४.३.१० निष्कर्ष

जगतमर्दन थापाद्वारा लिखित र अन्नपूर्ण प्रेसद्वारा वि.सं. २०२१ सालमा प्रकाशित **पलाँशको फूल** कथासङ्ग्रहमा लामा-छोटा गरी जम्मा ६ वटा कथाहरू सङ्कलित छन् । सामाजिक यथार्थवादी र मनोवैज्ञानिक यथार्थवादी कथाहरू समावेश गरिएको यस सङ्ग्रहका सम्पूर्ण कथाहरू सहरी परिवेशमा आधारित छन् । सहरी समाजको यथार्थलाई प्रस्तुत गर्दै त्यही समाजमा जन्मी हुर्की गरेका युवायुवतीको जीवनशैली र

उनीहरूको मानसिक धरातलको अन्तरकुन्तरमा पसेर आन्तरिक जगतलाई बाहिर ल्याई खुलस्त पार्ने काम गरेका छन् । यस कृतिमा कथाकारले आफू बाँचेको समाज र त्यस समाजमा घटित यथार्थ घटनाका साथै जीवन भोगाइका क्रममा स्वयम् कथाकारले बटुलेका अनुभवलाई जस्ताको तस्तै उतारिएको छ । विशेष गरी काठमाडौँ सहरका मानिसको रहनसहन, बानीव्यावहार, चालचलन र जीवनशैलीमाथि प्रकाश पारिएको छ । जगतमर्दन थापा यथार्थवादी कथाकार भए पनि ग्रामीण समाज र परिवेशमा पुग्न नसकी सहरी समाजको सेरोफेरोमा नै रमेका छन् । यस सङ्ग्रहमा सङ्कलित **अभिलाषा** बाहेकका अन्य सम्पूर्ण कथाका प्रमुख पात्रहरू आधुनिक भौतिक सुविधासम्पन्न, शिक्षित र सहरी परिवेशमा बाँचेका भए पनि उनीहरूमा सचेतताको अभाव, यौनचाहनाको तीव्र आवेग, मानसिक कुण्ठा र अतृप्तिको प्रबलताका कारण जीवनलाई सही मार्गमा हिँडाउन असमर्थ देखिन्छन् ।

सहरी जीवन **निराशा**की आशाको जस्तो मात्र छैन, **पलाँशको फूल** कथाका पवन र कुसुमको जस्तो पनि छ । **मृगतृष्णा**की गङ्गाको जस्तो मात्र पनि होइन, **परित्याग** कथाका विमल र निर्मलाका साथै **मिक्की माउसको अभिनय**का मिक्की र माउसको जस्तो पनि छ भन्ने विचारलाई कथाकारले नजिकबाट नियालेर प्रस्तुत गरेका छन् । परित्याग कथामा एकले अर्कालाई परित्याग गर्नु मात्र जीवन होइन, मिक्की र माउसको अभिनयका मिक्की र माउसले केटा र केटीको दिल सङ्कलन गर्दै हिँड्नु पनि जीवन हो । हट्टाकट्टा, हृष्टपुष्ट, बलियो र मिजासिलो केटासँग विवाह गरेर आफ्नो यौनचाहना पूर्ति गर्न खोज्ने गङ्गाको जीवन पनि जीवन नै हो र आफ्नो कार्यव्यस्तताले पतिको यौनचाहनालाई बेवास्ता गरी पतिलाई नै परित्याग गर्न पुगेकी निर्मलाको जीवन पनि जीवन हो । यसरी यस सङ्ग्रहका ६ वटै कथाले समग्र सहरी मानव जीवनको प्रतिनिधित्व गरेका छन् । सहरी सामाजिक परिवेश र व्यक्ति मनोविज्ञानलाई आफ्नो रुचिक्षेत्र बनाएका यो सङ्ग्रहका सबै कथाको रीतिक्षेत्र यथार्थवाद रहेको छ । यस सङ्ग्रहका प्रायःजसो सबै कथामा तृतीय पुरुष बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग गरिएको छ भने सबै कथामा अङ्ग्रेजी मिश्रित भाषाको प्रयोग प्रचुर मात्रामा गरिएको छ । यो सङ्ग्रहमा रहेका अधिकांश प्रमुख पात्रहरू मानसिक रोगले ग्रस्त छन् ।

सहरी समाजमा जीवन भोगाइका अनेक क्रमहरूलाई यस सङ्ग्रहका कथाले देखाए तापनि मुख्य गरेर **अभिलाषा**बाहेक अन्य सबै कथामा नारी मनोविज्ञानलाई महत्त्वका साथ हेरिएको छ । खराब चरित्रका मानिसले पारिवारिक वातावरण नै खराब बनाउँदे लैजान्छन् र त्यसमा स्वच्छन्दता र असचेतताले पनि त्यत्तिकै बल प्रदान गरिरहेका हुन्छन् भन्ने

निष्कर्ष यस सङ्ग्रहमा सङ्कलित कथाहरूबाट निकालिएको छ । समग्रमा यस सङ्ग्रहभित्र परेका कथाले सहरी सामाजिक यथार्थ र व्यक्तिमनोविज्ञानबाट विषयवस्तुको चयन गरी त्यही समाजबाट यथार्थ पात्रको सिर्जना र तिनको मानसिक अवस्थाको चिरफार गरेका छन् । सहरी समाजको यथार्थ चित्रलाई प्रस्तुत गर्दै विषयवस्तु, पात्र वा चरित्रको उचित संयोजनले यस कथासङ्ग्रहमा परेका प्रत्येक कथाहरू उत्कृष्ट छन् र रचनाविधानका दृष्टिले ६ वटै कथाहरू सबल छन् ।

## कथाकार जगतमर्दन थापाका कथागत प्रवृत्तिहरू

कथाकार जगतमर्दन थापाका कथागत प्रवृत्तिहरूलाई निम्नानुसार उल्लेख गरिएको छः-

क) सामाजिक एवम् मनोवैज्ञानिक कथाकार ।

ख) सहरी परिवेशको चित्रण ।

ग) सहरी शिक्षित एवम् मानप्रतिष्ठा प्राप्त पात्रको चयन ।

घ) पात्रको बाह्य द्वन्द्वभन्दा आन्तरिक द्वन्द्वको प्रवलता ।

ङ) सहरी विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्दै समाज सुधारको अपेक्षा गर्नु ।

च) पुरुषभन्दा नारीका अवगुणको चित्रण गर्दै नारीमा चेतना जगाउने प्रयास गर्नु ।

छ) प्रायः सबै कथामा तृतीय पुरुष बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग गर्नु ।

ज) रैखिक र वृत्ताकारीय कथानक ढाँचाको प्रयोग गर्नु ।

झ) यथार्थवादी रीतिमा आधारित कथाको रचना गर्नु ।

ञ) पात्रको आन्तरिक जगत्को चित्रणमा विशेष ध्यान दिनु ।

ट) समाज मनोविज्ञानभन्दा व्यक्ति मनोविज्ञानमा विशेष जोड दिनु ।

ठ) बिम्ब तथा प्रतीक प्रयोगमा विशेष ध्यान दिनु ।

ड) पात्रको मानसिक, भौतिक एवम् संवेगात्मक अवस्थाको चित्रणमा विशेष महत्त्व दिनु ।

ढ) आलङ्कारिक भाषाको प्रयोगमा जोड दिनु ।

ण) अङ्ग्रेजी शब्दको अत्यधिक प्रयोग गर्नु ।।

त) प्रायशः संवृत रूपविन्यासको प्रयोगमा जोड दिनु ।

## नेपाली कथाको इतिहासमा जगतमर्दन थापाको स्थान

नेपाली कथा परम्परामा जगतमर्दन थापाले एउटा मात्र कृति प्रकाशित गरे तापनि उनले आफ्नो स्थान सुरक्षित राखेका छन् । नेपाली कथाका क्षेत्रमा **पलाँशको फूल** कथासङ्ग्रहले जगतमर्दन थापालाई एक कुशल सामाजिक र मनोवैज्ञानिक कथाकारको स्थानमा राख्न सफल भयो तर यस कृतिमा सङ्कलित कथाहरू पूर्णतः सामाजिक यथार्थवादी कथाकार गुरुप्रसाद मैनालीको जस्तो सामाजिक कथाहरू मात्र रहेका छैनन् । गुरुप्रसाद मैनाली नेपाली कथा परम्परामा आधुनिक सामाजिक यथार्थवादी कथाकार हुन् । उनका कथामा सामाजिक यथार्थभित्र आदर्शको झल्को पाइन्छ । यसै गरी मनोवैज्ञानिक कथाकारका रूपमा चिनिने विश्वेश्वरप्रसाद कोइरालाको शैली पनि जगतमर्दन थापामां देखिँदैन । कथाकार थापाको

कथालेखन गुरुप्रसाद मैनाली र विश्वेश्वरप्रसाद कोइरालाको जस्तो रहेको छ । यी दुई कथाकारलाई जोड्ने सेतुका रूपमा जगतमर्दन थापा देखापरेका छन् । यी दुई कथाकारको मिश्रण जगतमर्दन थापामा पाइन्छ । सामाजिक यथार्थवादी कथाकारहरू समाजका मानिसको जीवनशैली, रहनसहन, इच्छा, आकांक्षाका साथै त्यस समाजमा घटित घटनालाई जस्ताको तस्तै उतार्ने काम आफ्ना कथामा गर्दछन् भने मनोवैज्ञानिक कथाकारहरू पात्रको अन्तरकुन्तरमा पसेर उनीहरूको आन्तरिक जगतलाई बाहिर प्रकट गर्दछन् । त्यस्तै जगतमर्दन थापा पनि सहरी समाजको यथार्थ चित्रण गरी त्यस समाजका मानिसको जीवनशैलीलाई जस्ताको तस्तै प्रस्तुत गर्न सफल छन् । त्यसैले उनका कथामा व्यक्ति मनोविज्ञान र सहरी समाजको वास्तविक चित्र प्रस्तुत गरिएको छ । नेपाली कथाको इतिहासमा जगतमर्दन थापाले आफ्नो स्थान सामाजिक यथार्थवादी कथाकार र मनोवैज्ञानिक यथार्थवादी कथाकारका रूपमा सुरक्षित राखेका छन् । जगतमर्दन थापाका कथामा सामाजिक यथार्थवाद र मनोवैज्ञानिक यथार्थवादको मिश्रण पाइने हुनाले उनलाई सामाजिक यथार्थवादी कथाकार र मनोवैज्ञानिक यथार्थवादको संगम स्थानमा राखिएको छ ।

## गीतकार जगतमर्दन थापाका विशेषता

देशभक्तिले ओतप्रोत भएका गीतको रचना ।

प्रेमभावपूर्ण गीतको रचना ।

श्रृङ्गारप्रधान गीतको रचना ।

प्रेमका संयोग तथा वियोग भाव जागृत गराउने गीतकार ।

नेपाली प्रकृति, संस्कृति एवम् मानवतावादी दृष्टिकोणलाई प्रस्तुत गर्नु ।

तत्सम, तद्भव, आगन्तुक, झर्रा शब्दका साथै गीतकारद्वारा निर्मित शब्दको प्रयोगमा आधिक्यता ।

लोकलय, झ्याउरे लय, तामाङ्सेलो, आधुनिक झ्याउरे लयको प्रयोगमा जोड ।

अनुप्रासयुक्त भाषाको प्रयोग ।

'दिल' शब्दको प्रयोगमा बहुलता ।

विभिन्न बिम्ब तथा प्रतीकको प्रयोग ।

सरल, सरस, सहज र बोधगम्य भाषाको प्रयोगमा जोड ।

# पाँचौं परिच्छेद

# जगतमर्दन थापाको गीत लेखन र गायनको अध्ययन

नेपाली साहित्याकाशमा जगतमर्दन थापालाई साहित्यकारको स्थानमा राख्न सफल हालसम्म दुईवटा कृति मात्र रहेका छन् । सर्वप्रथम वि.सं. २०२१ सालमा प्रकाशित 'पलाँशको फूल' कथासङ्ग्रहले जगतमर्दन थापालाई एक स्तरीय कथाकारका रूपमा चिनायो भने वि.सं. २०२१ सालमै प्रकाशित अर्को कृति 'दिलको आवाज' गीतसङ्ग्रहले थापालाई गीतकारको स्थानमा समेत राख्न सफल भयो । यी दुई कृतिको प्रकाशनपछि जगतमर्दन थापा सरकारी सेवामा प्रवेश गरेका हुनाले कार्यालयको कार्यव्यस्तताले साहित्यिक फाँटमा समय दिन नसकी लामो समयसम्म साहित्यिक यात्राबाट विश्राम लिए । यसरी लामो समयको साहित्यिक विश्रामपछि वि.सं. २०५८ सालमा जागिरबाट उमेरको हदले अवकाश पाएर पुनः साहित्य र सङ्गीतमा सक्रिय भएका थापाले वि.सं. २०५८ मा आफ्नो पहिलो गीतिएल्वम् **४० वर्षअघि ४० वर्षपछि** विमोचित गराई श्रोतामाझ ल्याएका छन् । त्यसैले यस परिच्छेदमा गीतकार एवम् गायक जगतमर्दन थापाका गीतसङ्ग्रह र गीति एल्वमको अध्ययन विश्लेषण गरिएको छ ।

जगतमर्दन थापाले आफ्नै प्रयासमा एउटा गीतसङ्ग्रह **दिलको आवाज** वि.सं. २०२१ सालमा प्रकाशित गरेका छन् भने वि.सं. २०५८ मा **४० वर्षअघि ४० वर्षपछि** नामक गीतिक्यासेटको विमोचन गरेर आफूलाई गीतकार र गायकका रूपमा चिनाएका छन् । त्यसैले यस अंशमा गीतको सामान्य परिचय दिई उनको गीतसङ्ग्रहको अध्ययन विश्लेषण गरिएको छ ।

## ५.१ गीतको सैद्धान्तिक परिचय

गीत संस्कृत तत्सम शब्द हो । यसको व्युत्पत्ति 'गै' धातुमा 'क्त' प्रत्यय लागेर बनेको छ । नेपाली बृहत् शब्दकोशमा गाउन सकिने लय मिलेको रचना विशेषलाई गीत भनिएको छ । यही गीतलाई हिन्दीमा 'गाना', अङ्ग्रेजीमा 'सङ' वा लिरिक्स, ग्रिसेली भाषामा 'मेलिक' भनिन्छ । यस अर्थमा गीत शब्दले वाद्ययन्त्रसहित वा वाद्ययन्त्रबाहेक एक्लै वा सामूहिक रूपमा पनि गाउन सकिने रचना विशेष हो ।[१] झट्ट हेर्दा गीत र गीतिकविता उस्तै

---

[१] कृष्णहरि बराल, **गीत सिद्धान्त र इतिहास,** काठमाडौँः विद्यार्थी पुस्तक भण्डार (२०६०), पृ. १२ ।

देखिए तापनि लयप्रयोग र सूत्रात्मकताका दृष्टिले गीत बढी सम्पन्न हुन्छ भने यसको आयम पनि तुलनात्मक रूपमा बढी सङ्क्षिप्त हुन्छ । रैखिक ढाँचामा क्रमबद्ध विषयवस्तु अगाडि नबढी एउटै मूल भावको केन्द्रीयतामा घुम्नु गीतको मुख्य विशेषता हो । गीतमा आख्यानको प्रयोग कम भएकाले घटनाको विकास शृङ्खलाबद्ध रूपमा हुन पाउँदैन । आत्मपरकता तथा भावपूर्ण प्रस्तुतिचाहिँ गीत तथा गीति-कवितामा पाइने साझा विशेषता हुन् । [१]

गीत साहित्यक विधाहरूमध्ये सबैभन्दा प्राचीन र जेठो विधा मानिन्छ । लिखित साहित्यको विकास हुनु अघि लोकगीतले प्राथमिकता पाई प्रत्येक मानिसका गला गलामा गुञ्जित भएको पाइन्छ । शिक्षित, अशिक्षित, हिमाल, पहाड, तराई, गाउँ, सहर सबै क्षेत्रका मानिसले मन पराउने र मन जित्न सफल देखिन्छ । मानिसलाई आकर्षित गर्ने एक महत्त्वपूर्ण विधाका रूपमा गीतलाई लिन सकिन्छ । लिखित साहित्यको विकास भएपछि पनि गीतले त्यत्तिकै प्राथमिकता पाइरहेको छ । यसको वास्तविकता के हो भने गीतमा प्रयोग गरिने भाषा सरल, सहज, निजात्मक वा आत्मपरक हुन्छ, जुन अन्य साहित्यक विधामा कम प्रयोग हुन्छ । भावको तीव्र प्रक्षेपका दृष्टिले गीतलाई उछिन्ने अर्को साहित्यिक विधा छैन । बौद्धिकता र दर्शनको प्रयोग गीतमा कम भई भावको एक झट्का वा संवेगको एक झोक्का सहज तरिकाले व्यक्त गरिने भएकाले र मान्छे स्वभावैले सरलता र सहजताको प्रेमी हुनाले गीतले मानिसलाई खिच्ने सामर्थ्य बढी प्राप्त गर्दछ ।[२] गीतमा गेयात्मक तत्त्वको प्रबलता भएकाले शिक्षित अशिक्षित सबैको चेतनामा थोर बहुत प्रभाव पारेकै हुन्छ ।

गीतमा गायन, सङ्गीत र नृत्यजस्ता कलाका कारण भाषिक सीपलाई पनि छिचोलेर मानवीय संवेदनालाई छुँदै सङ्गीत र नृत्यका लागि सबैतिर स्वीकारिन पुग्छ । हरेक उमेरका सबै मानिसको मन बहलाउने र आनन्दानुभूति प्रदान गर्ने एक मात्र साहित्यिक विधा गीत हो भन्नुमा अत्युक्ति नहोला । आत्मपरकता, संक्षिप्तता, गेयात्मकता, आख्यानहीनता, सङ्गीतात्मकता, श्रुतिरम्यता, कर्णप्रियता, सरसता, सहजता, र सरलताजस्ता विशेष गुणले गर्दा गीत लोकप्रिय बन्दै गएको छ । शताब्दीऔँदेखि हालसम्म पनि त्यत्तिकै मात्रामा श्रोताको मन जित्न सफल साहित्यको पद्य विधामा पर्ने श्रव्य विधा हो तापनि गीतसँगै नृत्य र विभिन्न दृश्यको समेत प्रयोग हुने हुनाले हाल आएर गीतलाई श्रव्यदृश्य विधाअन्तर्गत

---

[१] ऐजन, पृ. १३ ।
[२] ऐजन, पृ. १ ।

पनि राखिन्छ । यिनै विभिन्न निजी विशेषताले गर्दा गीतलाई अन्य साहित्यिक विधाभन्दा अलग रूपमा चिनाइएको छ ।

अन्तमा एउटै वक्ताका भाव वा मनस्थिति सरलताका साथ व्यक्त भएको अनुभूतिप्रधान त्यस्तो अआख्यानात्मक तथा अनाटकीय आत्मपरक रचनालाई गीत भनिन्छ, जुन सङ्क्षिप्त हुनाका साथै खास प्रकारको लय तथा सङ्गीत व्यवस्थामा आबद्ध हुन्छ ।

**५.२ गीतका आवश्यक तत्त्वहरू**

गीत भाषाका माध्यमबाट लेखिने र गाउन सकिने एक विशिष्ट भाषिक कला हो । गीत मूलतः गाउनका लागि लेखिने भएकाले यसमा विशिष्ट, सरल, सरस र कोमल भाषाको प्रयोग हुनुपर्दछ । भाव तथा कल्पनाको प्रयोग लयात्मक ढाँचामा गरिने हुनाले यिनीहरूको अभावमा गीतले आफ्नो अस्तित्व कायम गर्न सक्दैन । गीत लेखनका लागि नभई नहुने वा अत्यावश्यक उपकरणलाई गीतका तत्त्व भनिन्छ । यस अर्थमा भाव, लय, सङ्गीत, बिम्ब, तथा प्रतीक, भाषा आदि गीतका अनिवार्य तत्त्व हुन् । यिनीहरूको व्याख्या विश्लेषण निम्नानुसार गरिएको छ ।

**क) भाव**

गीत तथा गीतिकविताका लागि भाव अति आवश्यक तत्त्व हो । कुनै पनि भावको अभावमा गीत तथा कविताको रचना र स्तरीयता प्राप्त गर्न सकिँदैन । पूर्वीय आचार्य भरतले नाटकको सबैभन्दा महत्त्वपूर्ण तत्त्व रसलाई मान्दै भावका बारेमा पनि प्रकाश पारेका छन् । भावहरूको संयोजनबाट रसनिष्पत्ति हुने कुरामा पूर्वीय आचार्यहरू विश्वस्त छन् । वासनाका रूपमा मनमा अवस्थित स्थायी भाव कार्यकारण रूपमा रहेका आलम्बन तथा उद्धीपन विभावद्वारा अविर्भूत हुन्छन् भने कटाक्षादि अनुभावले यसको अनुभव गराउँछन् । यस अर्थमा भावपूर्ण रचना पढ्दा साहित्यमा रहेको साहित्यिक भावले पाठक श्रोता तथा दर्शकको मनमा अवस्थित त्यही प्रकारको भावलाई जागृत गराउँछ र साहिहित्यक रचनाको रसास्वादन गर्दछ । त्यही प्रकारको स्थायी भाव श्रोता, पाठक, दर्शक तथा भावकका मनमा जाग्ने हुनाले उनीहरू आनन्दको अनुभूति गर्दछन् ।

गीतमा भाव मूलतः भाषाका माध्यमबाट प्रकट हुन्छ र यो दुःखात्मक वा सुखात्मक जस्तो भए तापनि हृदयमा अवस्थित यथार्थमूलक वा मानसिक सत्यको अभिव्यक्ति हो । भावले कुनै पनि विषयवस्तुलाई सर्वकालिक, सर्वदेशीय सार्वभौमिक बनाई कविता तथा गीतलाई भावमय बनाउँछ । उदाहरणका लागि संसारमा रचना गरिएका देशभक्तिका

भावनाले ओतप्रोत भएका गीतमा तुलनात्मक रूपले वस्तुगत सत्यभन्दा भिन्न काव्यात्मक सत्यको प्रयोग धेरै हुने गरेको पाइन्छ । भावको प्रयोगबिना गीत घतलाग्दो र हृदयस्पर्शी हुन सक्दैन । यस्तो शक्ति भएकाले नै भावलाई प्राचीन समयदेखि आजसम्म पनि गीत तथा कविताका लागि महत्त्वपूर्ण र आवश्यक मानिएको छ ।[१] व्यक्तिका असीम भावनाको आवेगपूर्ण प्रस्तुतिका साथै कवि तथा गीतकारको मनस्थिति पूर्णतः गीत तथा कवितामा प्रतिबिम्बित हुन्छ । जुन मनोवेगबाट गीतको प्रारम्भ हुन्छ, त्यो समाप्त हुने बित्तिकै गीत पनि समाप्त हुन्छ । यसरी गीतको आवश्यक तत्त्वका रूपमा भावलाई लिनुमा अत्युक्ति नहोला ।

**ख) सङ्गीत**

सङ्गीतको अभावमा गीतको कुनै कल्पना गर्न सकिँदैन किनभने सङ्गीत गीतका लागि आवश्यक पर्ने अनिवार्य तत्त्व हो । गीतको अर्थ तथा भावलाई प्रभावकारी बनाउन र आनन्ददायक ध्वनिको ढाँचा सिर्जना गर्न प्रत्येक गीतकारहरू सङ्गीतको प्रयोग गर्दछन् । सङ्गीतले शब्द प्रयोगको प्रभावलाई उचाइ प्रदान गर्ने र गीतमा भएको भावलाई उजिल्याउने काम गर्दछ । सङ्गीत अभाषिक वा भाषेत्तर हुने भएकाले गीतमा यस तत्त्वको व्याख्या गर्नु तुलनात्मक रूपमा अप्ठ्यारो भए पनि यसको विवेचना असम्भव हुँदैन । विश्लेषणका लागि यसलाई भाषाका माध्यमबाट अभिव्यक्त हुने सङ्गीत र मौखिक तथा वाद्ययन्त्रको प्रयोगबाट अभिव्यक्त हुने सङ्गीत गरी दुई भागमा छुट्याएर हेर्न सकिन्छ ।[२] अथवा यस प्रकारको वर्गीकरणमा पहिलो प्रकारको सङ्गीतलाई शब्दसङ्गीत र दोस्रो प्रकारको सङ्गीतलाई मौखिक तथा वाद्यसङ्गीत भन्न सकिन्छ । शब्दसङ्गीतलाई पनि पङ्क्ति-पङ्क्तिबीच बराबर वा घटीबढी अक्षरहरूको वितरणका आधारमा बाँड्न सकिन्छ, जसका कारण उत्पन्न लय र पङ्क्ति-पङ्क्तिमा भएको पद, पदावली तथा वर्णहरूको आवृत्तिका कारण उत्पन्न ध्वनिसङ्गीत गरी वर्गीकरण गरिएको छ । यसरी गीतमा सङ्गीतको महत्त्व छ भन्ने कुरा प्रष्ट हुन्छ ।

**ख.अ) लय**

बराबरी वा उही समयमा पढ्न र गाउन सकिने गरी पङ्क्ति-पङ्क्तिबीच भाषाका स्वर तथा व्यञ्जन वर्णहरूको समान व्यवस्थापन गरिँदा थप लयको प्रयोग गरिन्छ । यस प्रकारको लय निर्माणमा स्वर तथा व्यञ्जन वर्णहरूको सङ्ख्या, बलाघात तथा सुरले

---

[१] ऐजन, पृ. ३४ ।

[२] ऐजन, पृ. ३५ ।

महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ र यसले नै गीतलाई गेय बनाउँछ । गीतका हरेक पङ्क्ति निश्चित प्रकारको लय व्यवस्थाभित्र बाँधिएर आएका पनि हुन सक्छन् वा यिनमा स्वर तथा व्यञ्जन वर्णको समानुपातिक वितरण भएको हुन सक्दछ । एउटै गीतभित्र दुई वा सोभन्दा बढी लयको प्रयोग गर्न सकिन्छ भने कतिपय गीतमा वर्ण र अक्षरगत समानता नभएको मुक्त लयको प्रयोग पनि गर्न सकिन्छ । एउटै नियमित लय व्यवस्थाका गीतमा लयको निर्माण पङ्क्तिपिच्छे उच्चारणका सन्दर्भमा पूरै समानता हुने वर्णहरूको वितरण गरिएको हुन्छ । यस आधारमा हेर्दा नेपाली गीतमा वर्णमात्रिक, मात्रिक तथा लोकछन्दको प्रयोग गरिएको देखिन्छ । प्रेमका रोमान्टिक भाव भएका गीतहरूका पङ्क्तिमा सामान्यतः थोरै वा छोटो समयमा गाउन मिल्ने प्रकारका कम अक्षरको व्यवस्था हुनु राम्रो मानिन्छ भने विरहका तथा गम्भीर भाव भएका गीतमा लामो समय लाग्ने धेरै अक्षरहरूको व्यवस्था भएको लयलाई उपयुक्त मानिन्छ ।[१]

मिश्रित नियमित लय व्यवस्था भएका गीतमा दुई वा दुईभन्दा बढी प्रकारका लयहरूको मिश्रण गरिएको हुन्छ । सामान्यतः गीतको स्थायी भागमा आउने पङ्क्तिमा एक प्रकारको लय व्यवस्था र अन्तरा भागमा अर्कै प्रकारको लय व्यवस्था हुन्छ । अनियमित वा मुक्त लय व्यवस्थामा आधारित गीतमा चाहिँ पङ्क्ति-पङ्क्तिका बीच वर्ण, मात्रा तथा अक्षरगत समानता नभई भावको प्रवाहअनुसार अक्षरहरू थोरबहुत रूपले वितरित भएको पाइन्छ । पद्य गीतमा भन्दा गद्य गीतमा प्रयुक्त लय ढाँचा निश्चित नभई अनिश्चित हुन्छ । सामान्य र स्तरीय दुवै प्रकारको उच्चारणलाई काव्यात्मक लयले स्वीकार गर्छ भने आवश्यकताअनुसार गीतमा शब्दको उच्चारण स्तरीय किसिमले र बोलीचालीकै भाषामा पनि गर्न सकिन्छ । लयले भनाइलाई पूरै सङ्गीतात्मक त बनाउँछ तर गीतकारले गीतको रचना गर्दा लय मिलाउने नाममा अनावश्यक किसिमले भाषालाई भाँच्नु हुँदैन । सकेसम्म कृत्रिमता नआउने गरी भाषिक नृत्यको खेल गीतकारले खेल्न सक्नुपर्छ र श्रोता तथा पाठकलाई आनन्द प्रदान गर्नुपर्दछ ।

**(ख.आ) ध्वनिसङ्गीत**

ध्वनिसङ्गीतको निर्माणमा अनुप्रास अलङ्कारले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । अनुप्रास शब्दालङ्कारभित्र पर्ने एउटा चर्चित र एकप्रकारको अलङ्कार हो, जसले समान किसिमका ध्वनिको एकपटक वा अनेकपटक हुने आवृत्तिलाई जनाउँछ । गीतमा सङ्गीतको

[१] ऐजन, पृ. ३६ ।

निर्माण लयका साथै एउटै पङ्क्ति वा पङ्क्ति समूहका बीच दोहोरिएर आउने एउटै वा एकै प्रकारको वर्ण, पद वा पदावलीले गर्दछन् । प्रायशः अनुप्रासका कारण सङ्गीत सृष्टि हुन्छ भने एउटै स्वर तथा व्यञ्जन वर्णको आवृत्ति अनि पद वा पदावलीको आवृत्तिका कारण गीतमा सङ्गीतको सिर्जना हुन्छ । गीतमा अनुप्रासले श्रोता तथा पाठकलाई आनन्द प्रदान गर्ने, सम्झन सजिलो पार्ने, गीतको संरचना निर्माणमा सहयोग गर्ने र शब्दलाई भावपूर्ण ढङ्गले व्यवस्थापन गर्ने कार्य गर्दछ । नेपालीमा गीत र गजललाई छुट्याउने एउटा मुख्य आधार नै अनुप्रास हो ।[१] ध्वनिसङ्गीतको निर्माणमा अनुप्रास अलङ्कारले उल्लेखनीय भूमिका खेल्ने हुनाले अध्यानुप्रास, मध्यानुप्रास अन्त्यानुप्रासजस्ता अलङ्कारले गीतलाई रसिलो बनाउँछन् ।

भाषाका माध्यमबाट अभिव्यक्त हुने लय तथा भाषिक ध्वनिसङ्गीतका कारण गीत सङ्गीतात्मक बन्छ भने मौखिक तथा वाद्ययन्त्रसहितको सङ्गीतले शब्दमा रहेको भावलाई प्रभावकारी र सङ्गीतको झङ्कारलाई झनै बढाएर श्रोताको हृदयलाई रसाउने काम गरिदिन्छ । गीतलाई पूर्णताका साथ खुलाउन र श्रव्य कलासँग स्पष्ट सम्बन्ध राख्न मौखिक तथा वाद्ययन्त्रले मद्दत गर्दछ । मौखिक तथा वाद्ययन्त्रमा अझ नृत्य थपिएपछि यसले थप शक्ति प्राप्त गर्दछ भने शब्दलाई नृत्यसँग जोड्ने सेतुको कार्य पनि गीतमा सङ्गीतले नै गर्दछ । त्यसैले गीतमा सङ्गीतको आवश्यकतालाई स्वीकार गरिन्छ ।

**ग) बिम्ब तथा प्रतीक**

सामान्य अर्थमा कुनै वस्तु, कार्य, भाव, विचार तथा संवेगमय मानसिक तस्बिरलाई प्रतिनिधित्व गर्ने भाषिक एकाइलाई विम्ब भनिन्छ । साहित्यमा उपमान बिम्ब रचनाको मुख्य उपकरण हो । प्रत्येक उपमानको आफ्नो बिम्ब हुन्छ र यसले भावनालाई मूर्तता प्रदान गर्दछ । भाषिक ध्वनिको सहयोगले कुनै भनाइलाई सादृश्यात्मक बनाउँछ । बिम्ब अमूर्त वस्तु तथा कुनै वस्तुको मानवीकरण भएर देखापर्छ । भाषिक बिम्बको निर्माणमा शब्दालङ्कार र अर्थालङ्ककारले पनि उत्तिकै महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । ऐन्द्रिकताका आधारमा बिम्बलाई श्रव्यात्मक, दृश्यात्मक, स्पर्शसम्बन्धी, गतिसम्बन्धी, गन्धसम्बन्धी, स्वादसम्बन्धी आदि वर्गमा विभाजन गर्न सकिन्छ । नेपाली भाषामा लिखित गीतहरूमा बिम्ब प्रयोग प्रचुर मात्रामा गरिएको पाइन्छ । गीतमा धेरैजसो बिम्बहरू अर्थालङ्कारभित्र पर्ने उपमा, रूपक, उत्प्रेक्षा, अतिशयोक्ति, दृष्टान्त आदि अलङ्कारका रूपमा आउने गर्दछन् ।[२]

---

[१] ऐजन, पृ. ४० ।

[२] ऐजन, पृ. ४४ ।

बिम्बकै विशिष्ट रूपलाई प्रतीक भनिन्छ किन कि कुनै खास धारणा अभिव्यक्त गर्ने बिम्ब नै प्रतीक हो । प्रतीकले आफ्नो खास अर्थलाई अर्को वस्तुमा आरोपित गरी गीतको पङ्क्ति अनुच्छेद वा पूरै गीतलाई नै ध्वन्यात्मक बनाइदिन्छ । प्रतीकले सोझो वा सिधा अर्थको निषेध गर्दै घुमाउरो अर्थको वरण गर्दछ । अत्यधिक प्रतीकको प्रयोगले गीत जटिल र दुरुह बन्न गई पाठक वा श्रोतलाई रसास्वादन गर्नमा बाधा पार्दछ । प्रतीक प्रयोगबिनाको साहित्य खाली खेस्रा लेखन वा टिपोट मात्र हुने हुनाले साहित्यिक भाषा प्रतीकात्मक हुनु जरुरी छ । प्रतीकलाई पनि परम्परित सार्वजनिक, व्यक्तिगत, विश्वव्यापी, स्थानीय गरी विभिन्न वर्गमा विभाजन गरिएको पाइन्छ । गीतमा समुद्र, वन, उपवन, नदीनाला, फूलपात, वनस्पति आदि विभिन्न स्रोतबाट प्रतीकहरू ल्याउन सकिन्छ भने प्राणीजगत तथा मानव निर्मित वस्तुबाट पनि प्रतीक निर्माण गरिन्छ । त्यस्तै मिथक, लोकसाहित्यक तथा पूर्व सन्दर्भबाट पनि साहित्यमा प्रतीक प्रयोग गरिन्छ । यी विभिन्न स्रोतबाट प्रतीकहरूको छनोट गरी गीतको अर्थ तथा भावलाई ओजस्वी र गहकिलो बनाइन्छ । प्रतीकले गीतको अर्थ विस्तारका लागि अत्यन्त ठूलो भूमिका वहन गर्छ भने थोरै शब्दमा धेरै भन्न सक्ने सामर्थ्य अलङ्कारबाट भन्दा पनि प्रतीकबाट प्राप्त हुन्छ । अर्थका विविध तहहरूलाई उद्घाटित गर्ने हुँदा प्रतीकको यति नै अर्थ हुन्छ भनेर ठोकुवा गर्न कठिनाइ हुन्छ । मनका जटिल कुरालाई अभिव्यक्त गर्नका लागि पनि प्रतीक प्रयोग गरिन्छ ।

**घ) भाषा**

भाषा विचार विनिमयको साधन भएकाले गीतमा गीतकारले भाषाका माध्यमबाट लयात्मक पाराले आफ्नो विचार अभिव्यक्त गर्ने काम गर्दछन् । मनका भावनालाई ओकल्ने एउटा सरल माध्यमका रूपमा गीतलाई लिइने हुनाले गीत भाषाका माध्यमबाट अभिव्यक्त हुने कला विशेष हो । भाषाकै माध्यमद्वारा श्रोता तथा पाठकले गीतको अर्थ बुझी रसास्वादन गर्दछन् । विश्लेषक तथा समालोचकहरूले पनि गीतको व्याख्या तथा विश्लेषण गर्दा भाषाको नै सहायता लिने गर्दछन् । गीत एक साहित्यिक विधा भएकाले यसमा साहित्यिक भाषाको प्रयोग गरिनु जरुरी छ । कथ्य विषयको अभिव्यक्ति गर्न र गीतलाई सङ्गीतात्मक बनाउन भाषाको प्रयोग गरिन्छ, जसमा स्वर तथा व्यञ्जन वर्णहरूको उचित संयोजन र व्यवस्थापन गरिएको हुन्छ । बिम्ब र प्रतीकको सन्दर्भमा होस् या शैलीको प्रयोगलगायत अर्थका तहमा होस् भाषाको महत्त्व गीतका लागि अत्यावश्यक हुन्छ ।[१]

[१] ऐजन, पृ. ५३ ।

गीतमा वर्ण तथा शब्दहरूको काव्यात्मक व्यवस्थापन गरी पङ्क्ति-पङ्क्ति बीच वर्णहरूको समानुपातिक वितरण हुनुपर्ने तथा सङ्गीत सृष्टि गर्ने वर्णहरूको प्रयोग गरिन्छ । भाषालाई गद्य र बोलचालबाट छुट्याउन र भाषिक सौन्दर्य सृष्टि गर्नका लागि विचलनयुक्त भाषाको प्रयोग गरिन्छ, जसले भाषिक अर्थको विस्तारसमेत गर्दछ । त्यसैले भनिन्छ, गीतकारलाई सामान्य भाषाको बन्धनभित्र बाँधिएर बस्नुपर्दैन । ऊ भाषिक प्रयोगमा स्वतन्त्र हुने हुनाले काव्यात्मक अनुमति पत्र प्राप्त व्यक्तिका रूपमा चिनिन्छ । शब्दकोशमा प्रविष्ट शब्दहरूले नपुगेमा गीतकार स्वयम्ले निजी शब्दको निर्माण गर्न पनि गीतमा छुट हुन्छ ।

यसरी गीतको भाषा कृत्रिम नभएर सरल, सहज एव्म स्वतःस्फूर्त हुनुपर्दछ । विभिन्न प्रतीक, विम्ब तथा अलङ्कारको प्रयोग भए तापनि तिनले अर्थगत अन्यौल सिर्जना गर्नु हुँदैन । गीत मूलतः गाइने विधा भएकाले यसमा सुन्दा सुन्दै अर्थिने भाषाको प्रयोग गरिनुपर्दछ । कथ्य तथा बोलचालको भाषालाई पनि गीतमा प्रयोग गर्न कुनै रोकतोक छैन ।

**निष्कर्ष**

गीत लेखनका लागि आवश्यक उपकरणलाई गीतका तत्त्व भनिन्छ । भावले कुनै पनि निरस विषयवस्तुलाई सरस, सर्वकालिक, सार्वभौमिक र सर्वदेशीय बनाएर पाठक वा श्रोतालाई गीतको भावबोधमा सहायता पुऱ्याउने हुनाले भाव गीतका लागि अत्यावश्यक तत्त्व हो । सङ्गीतले शब्द प्रयोगको प्रभावलाई उचाई प्रदान गर्ने र गीतमा भएको भावलाई उजिल्याउने भएकाले गीतमा सङ्गीतको आवश्यकता छ । सङ्गीतलाई भाषाका माध्यमबाट र वाद्ययन्त्रको प्रयोगसहित प्रस्तुत गरिन्छ । गीत साहित्यको गेयात्मक विधा भएकाले यसमा लयको स्थान महत्त्वपूर्ण हुन्छ । बराबर वा उही समयमा पढ्न र गाउन सकिने गरी स्वर तथा व्यञ्जन वर्णको उचित संयोजनबाट लयको निर्माण हुन्छ । लयले गीतलाई सरस, श्रुतिमधुर एवम् कर्णप्रिय बनाउने हुनाले गीतमा लयको महत्त्व छ । बिम्ब अमूर्त वस्तु वा कुनै वस्तुको मानवीकरण भएर देखापर्नुका साथै भावनालाई मूर्तता प्रदान गर्ने र भनाइलाई सादृश्यात्मक बनाउने हुनाले गीतमा बिम्बको प्रयोगलाई स्वीकार गरिन्छ । सिधा वा सोझो अर्थको निषेध गर्दै घुमाउरो अर्थको बोध गराउने हुनाले गीतको रसास्वादनमा थप सहयोग गर्न प्रतीकको प्रयोग गरिन्छ । भाषा विचार विनिमयको एउटा सरल माध्यम भएकाले गीतमा भाषा अनिवार्य रहेको छ । गीतकारले लयात्मक भाषाका माध्यमबाट उसका भावनालाई भावमय बनाई ओकल्ने भएकाले गीतमा भाषाको आवश्यकता छ । तर कल्पना एउटा साहित्य सिद्धान्त भएको हुनाले यसलाई गीतको मात्र तत्त्व मान्न सकिँदैन ।

कल्पनाको प्रयोगबिना साहित्यका जुनसुकै विधा निरस र खोक्रो हुने हुनाले कल्पनालाई गीतको तत्त्व मान्न मिल्दैन ।

## ५.३ 'दिलको आवाज' गीतसङ्ग्रहको विश्लेषण

### ५.३.१. कृतिको परिचय

गीतकार जनगतमर्दन थापाद्वारा लिखित **दिलको आवाज** गीतसङ्ग्रह वि.सं. २०२१ सालमा **अन्नपूर्ण प्रेस**द्वारा प्रकाशित भएको हो । वसन्तकुमार शर्मा 'नेपाल'ले भूमिका लेखेको यस पुस्तकमा जम्मा एक सयवटा गीतहरू बेग्ला-बेग्लै शीर्षकमा सङ्कलित छन् । स्वदेश गान, लोकगीत, आधुनिक गीतका साथै युगल गीत, एकल गीत, तामाङ्सेलो गीत आदिलाई झ्याउरे लयमा एक सयवटा गीतलाई एकसय पृष्ठ नै खर्च गरिएको यस कृतिमा वि.सं २०१४/१५ सालदेखि रचना गरिएका गीतहरू सङ्कलित छन् । यो कृति पूर्व-पश्चिम महेन्द्र राजमार्गको निर्माण गरिरहेका समस्त नेपालीप्रति सप्रेम समर्पित गरिएको कुरा जगतमर्दन थापा स्वयम्ले यसरी व्यक्त गरेका छन्ः-

"दिलको आवाजमा सँगालिएका गीतहरू सुनेर पूर्व-पश्चिम राजमार्गमा दिनभर परिश्रम गरेर थाकेका नेपालीहरूलाई काम गर्ने प्रेरणा देओस् . . .! जोश देओस् . . . !! आत्मसाहस देओस् . . .!!! चेतना देओस् . . .!!!! अनि उनीहरू काम गर्दै लम्कून् . . . ।"[१]

*पूर्वपश्चिम राजमार्ग बन्दै छ ।*
*प्रगतिको ढोका हेर खुल्दैछ ॥*
*नेपालीको पसिना निधारमा ।*
*मोती बनी खस्दैछ धरतीमा ॥*[२]

कठोर परिश्रमले थकित भएका कामदारको पीँडालाई कम गर्ने प्रयासस्वरूप यो गीतसङ्ग्रह तयार भएको विचार जगतमर्दन थापाले व्यक्त गरेका छन् । पूर्व-पश्चिम बन्दै गरेको महेन्द्र-राजमार्गलाई प्रगतिको ढोका खुल्दै गरेको देख्ने गीतकार थापाले तराईको चरम गर्मी याममा खटेर राजमार्ग बनाइरहेका कर्मी ज्यामीको मन बहलाउने खालका स्वदेशी तथा देशप्रेमको भावनालाई मुखरित गराउने गीतहरू यस सङ्ग्रहमा समावेश गरिएका छन् भने धेरैजसो गीतहरू त्यही समयका युवा-युवतीका बीचमा प्रेमभाव जगाउने खालका छन् ।

उनका स्वदेश तथा देशभक्तिको भावनाले ओतप्रोत भएका राष्ट्रिय गीतहरूमा नेपाललाई प्रगतिको उच्च शिखरमा पुऱ्याउने प्रयासस्वरूप एक करोड नेपालीको एउटै

---

[१] जनगतमर्दन थापा, **दिलको आवाज** (गीतसङ्ग्रह), अन्नपूर्ण प्रेस, काठमाडौं (२०२१) ।

[२] ऐजन ।

आवाज रहेको विचार व्यक्त गर्दै सम्पूर्ण नेपाली, हिमाली, गोर्खालीहरूलाई चम्कन र विकासतर्फ लम्कन आग्रह गर्दै कडा मेहनत र पसिना बगाएर विश्वसामु चिनाउन सक्नुपर्छ भन्ने विचार व्यक्त गरेका छन् । युवा र युवतीका बीचमा युगल तथा एकल गीतका माध्यमबाट आधुनिक भ्र्याउरे लयमा राष्ट्रभक्तिको महिमागान गाउँदै चन्द्र, सूर्य, नौलाखे तारा आदि चम्कँदैमा देश झलमल्ल नहुने तर महेन्द्रज्योति तथा राजाको आह्वानलाई शिरोपर गरेमा देशविकास हुने विचार व्यक्त गरेका छन् । राजारानीको महान्वाणीलाई हृदयङ्गम गरी कार्य गरेमा नेपालको इज्जत विश्वभर फैलने कुरामा दुईमत नभएको विचार जगतर्मदन थापाले आफ्ना राष्ट्रिय गीतमा व्यक्त गरेका छन् । थापाका राष्ट्रिय भाव जगाउने गीतले सम्पूर्ण नेपालीलाई नयाँ जोश, जाँगर र उमङ्गका साथ प्रगतिको बाटोमा लाग्न आग्रह गर्दै उन्नतिको बिहानी ल्याउन हौसला प्रदान गरेका छन् । **एउटै आवाज, आत्मविश्वास, प्रगतिको ढोका खुल्दैछ, एउटै हौं जहान** आदि शीर्षकका गीतहरू **दिलको आवाज** गीतसङ्ग्रहमा सङ्ग्रहित विशुद्ध राष्ट्रिय भाव झल्काउने गीतहरू हुन् ।

राष्ट्रिय भाव जगाउने गीतका साथै प्रेम प्रणयमूलक भावका गीतहरू पनि धेरै मात्रामा समाविष्ट छन् । प्रेमका पनि संयोग र वियोग भावलाई समेटेर तयार पारिएका यस कृतिका गीतहरूमा प्रेमका संयोगभन्दा वियोगको मात्रा अत्यधिक रहेको पाइन्छ । संयोग भाव भएका गीतमा मायालु भेट्दा हृदय मस्किने, मायालुलाई हृदयमा भेट्ने, मायालु आँखाले नै प्रेमको परिभाषाको कार्य गर्ने, आँखा-आँखा अल्झिँदा प्रेम बस्ने, मायालुको रूप देखेर चन्द्रमासमेत लठ्ठिने, लुकेर हानेको तीर हृदयमा पिर बन्ने, मायालुको नौलो रीतमा मनको गीत गुञ्जने, सुरु-सुरुको दोधारे बानीमा मनको तार अल्झने, इसाराबाटै मायालुको मौन सहारा खोज्ने विचार व्यक्त गरिएको छ । [१]

मायाका वियोग भाव जगाउने गीतहरूमा मायालुले छोडेर गएका कारण छाती चर्केका, सम्झनाले गर्दा आँखाबाट अविरल आँसु बगेको, अतीतको प्रेमलाई अँगालेर जीवनभरि तड्पेर बाँचिरहने प्रतिज्ञा गरेको, आफू आँसुको सागरमा फुलेको फूलझैं भएको, सम्झना उडेर मायालु गाउँमै पुगेको तथा अब हृदयमा रुवाइ मात्र बाँकी रहेको विचार व्यक्त गरिएको छ ।

जगतमर्दन थापाका प्रेमभाव जगाउने यस कृतिका गीतहरूमा संयोग र वियोगका भावलाई सहज तरिकाले उद्घाटन गरिएको छ । आधुनिक नेपाली युवा-युवतीका बीचको

[१] कृष्णहरि बराल, पूर्ववत्, पृ. १६७/६८

प्रेम भावलाई शाश्वत रूपमा चित्रण गर्दै मिलनपछिको विछोडलाई खुलस्त पारेका छन् । यस सङ्ग्रहमा सङ्कलित प्रेमभाव जगाउने गीतमा केटा र केटीको मिलनका समयमा उत्पन्न हुने खुसी, उमङ्ग र आनन्दलाई प्रस्तुत गरिएको छ भने तिनै केटाकेटीको विछोडबाट उनीहरूको मनमा उत्पन्न हुने पीँडा, निराशा, छटपटी र वेदनालाई जगतमर्दन थापाका गीतले औँल्याएका छन् ।

## ५.३.२. शीर्षक

शीर्षक गीतको मुख्य भाग वा अग्रभाग हो । यसैको सेरोफेरोमा सम्पूर्ण गीतको विषयवस्तु घुमेको हुन्छ । गीतको शीर्षक राख्दा समग्र विषयवस्तुको प्रतिनिधित्व हुने गरी चयन गरिनुपर्छ । गीतभित्र अनेक संरचना हुन्छन् । गीतकारले ती संरचनाबाट प्रतिनिधित्व हुने गरी एउटा युक्तिपूर्ण, सारपूर्ण, औचित्यपूर्ण, प्रतिनिधिमूलक र कलात्मक शीर्षकको छनोट गर्दछन् । शीर्षक गीतको शिर हो, त्यसैले शीर्षक हेर्दै समग्र शरीर भागको प्रतिनिधित्व भई विविध सम्भाव्यता र अनेकार्थकता बोक्न सक्ने प्रतीकात्मक हुनुपर्दछ ।

**दिलको आवाज** गीतसङ्ग्रहले पनि सम्पूर्ण गीतको प्रतिनिधित्व गरेको छ । 'दिल भनेको मन, चित्त, अन्तःस्करण' हो भने आवाज भनेको ध्वनि वा 'स्वर' हो । यस गीतसङ्ग्रहमा सङ्कलित सयवटा गीतहरूमध्ये कुनै पनि गीतको शीर्षक 'दिलको आवाज' रहेको देखिँदैन । सबै गीतहरूको प्रतिनिधित्व हुने गरी गीतकारले यस सङ्ग्रहको नामकरण गरेका छन् । 'दिलको आवाज' शीर्षकको गीत यस सङ्ग्रहमा खोजी गरे पाइँदैन । पूर्व-पश्चिम राजमार्गको निर्माणमा खटेका कर्मठ र परिश्रमी मजदुरका साथै देशभक्तिपूर्ण भावनाले ओतप्रोत भएका नेपालीहरूको मनको आवाजलाई यस सङ्ग्रहका गीतले प्रतिनिधित्व गरेका छन । नेपाली माया र पिरती गास्न चाहने युवा-युवतीको दिलको आवाजलाई पनि यस सङ्ग्रहका गीतले गुञ्जाइरहेका छन् । यसै परिप्रेक्ष्यमा वसन्तकुमार शर्मा 'नेपाल'ले भुमिकामा लेखका छन् 'एकसय तीन केवल "एक सय' को मात्र गलामा रहे पटक्कै केही भएन, एक करोडको कण्ठबाट निस्कने सरल दिलको सजिलो आवाज भए पो त म मेरो प्रिय थापाको सेवा भावना सफल भएको मान्नेछु ।"[१]

**दिलको आवाज** सङ्ग्रहमा सङ्कलित राष्ट्रिय भाव झल्काउने गीतले देशविकासको एउटै आवाजलाई घन्काउनु सम्पूर्ण नेपालीको कर्तव्य हो भन्दै सम्पूर्ण नेपालीको दिलको आवाजलाई प्रतिनिधित्व गरेका छन् भने प्रेमभाव व्यक्त भएका गीतमा प्रेमको

---

[१] वसन्तुकुमार शर्मा 'नेपाल', **'दिलको आवाज' भूमिका खण्डबाट**, पृ. ङ ।

संयोगावस्थामा त्यही दिलले खुसी, उमङ्ग, उत्साह र आशाको आवाज दिलबाटै प्रस्तुत गर्दछ भने वियोगावस्थाका गीतमा निराशा, रोदन, आँसु, पीँडा आदिलाई उही दिलले व्यक्त गर्ने हुनाले यस सङ्ग्रहको शीर्षक सार्थक देखिन्छ । प्रत्येक मानिसको आफ्नै मन अथवा दिल हुन्छ र तिनीहरूले विभिन्न अवस्थामा विभिन्न आवाज निकाल्ने गर्छन् भन्दै यस सङ्ग्रहमा सङ्कलित प्रत्येक गीतका पङ्क्तिमा **'दिल'** शब्दलाई नछुटाई प्रयोग गरिएको छ । यसरी यस सङ्ग्रहको शीर्षकलाई सार्थक बनाउन गीतकार जगतमर्दन थापाले 'दिल' शब्दको प्रयोग अत्यधिक गरेका छन्, जुन अस्वाभाविक बनेको छ ।

## ५.३.३. संरचना

आवरण पृष्ठबाहेक जम्मा १२६ पृष्ठमा संरचित **दिलको आवाज** गीतिसङ्ग्रहमा कम्तीमा ६ हरफदेखि बढीमा दोहोरिएका हरफबाहेक १४ हरफका एकसय गीतहरू समावेश गरिएका छन् । गीतको विषयसूचीका लागि ४ पृष्ठ, **दुई शब्द**, **भूमिका** तथा अन्यका लागि १२ पृष्ठ खर्च गरिएको यो सङ्ग्रह डिमाइ साइजमा छ । प्रत्येक गीतलाई बेग्ला बेग्लै शीर्षक दिई एउटा गीतका लागि केवल एउटा पृष्ठ मात्र ओगटिएको छ । यस सङ्ग्रहका अक्षरका आकारहरू केही मात्रामा ठूला रहेका छन् र बूढाबूढी, केटाकेटी जो कोहीले पनि पढेर गीतको भाव बुझ्न सक्दछन् । यसरी बाह्य संरचनाका दृष्टिले यो कृति सबल नै रहेको छ ।

आन्तरिक संरचनाका दृष्टिले गीतकार जगतमर्दन थापाको यस सङ्ग्रहका सम्पूर्ण गीतहरू अभिधामूलक छन् । यसो हेर्दा गीतका शीर्षकहरू कुनै-कुनै प्रतीकात्मक र व्यञ्जनाधर्मीजस्ता लागे तापनि ती गीतहरूको रसास्वादन र भावबोधमा कठिनाइ देखिँदैन । सामान्य लेखपढ गर्न सक्ने जो कोहीले पनि गीतको अर्थ बुझी गीतमै रमाउन सक्छन् । गीतका प्रत्येक शीर्षक र केन्द्रीय कथ्यबीच अन्तःसङ्गति भएकाले प्रत्येक गीतका शीर्षकहरू सार्थक नै देखिन्छन् । छोटा र लामा दुवै प्रकारका शीर्षकको छनोट गीतमा गरिए तापनि ती आकर्षक र प्रभावकारी रहेका छन् । एउटा सिङ्गो गीतको संरचनालाई वरण गर्दै लेखिएका थापाका यस कृतिमा सङ्कलित गीतहरू लय र भावको समीकरण, अनुप्रासीयता, भावसघनता, सरलता र सहजताजस्ता विशेषताले आन्तरिक संरचना पनि सबल देखिन्छ ।

## ५.३.४. विषयवस्तु

गीत रचनाका लागि चयन गरिएको वस्तु नै गीतको मूल विषयवस्तु हो । यस्तो विषयवस्तु मानवीय स्वभाव, प्रवृत्ति, प्राकृतिक वस्तु, धर्म, विश्व ब्रह्माण्डभित्रका यावतवस्तु, देश, समाज, संस्कारगत संस्कृति, राजनीति, जीवन भोगाइ र जीवनप्रतिको हेर्ने दृष्टिकोणका

अनेक पक्ष विपक्षसँग सम्बद्ध हुने गर्दछ । गीतकार जनुसकै विषयवस्तुको छनोट गर्न स्वतन्त्र हुने हुनाले उसले चयन गरेको विषयवस्तु कलात्मक, उपयुक्त, प्रभावकारी, आकर्षक एवम् जीवन्त हुनुपर्दछ ।

गीतकार जगतमर्दन थापाले **दिलको आवाज** गीतसङ्ग्रहमा सङ्कलित गीतहरूको विषयवस्तु विभिन्न स्रोतबाट चयन गरेका छन् । देशभक्तिको भावनालाई विषयवस्तु बनाएका गीतहरू, प्रेमप्रणयमूलक विषयवस्तुमा आधारित गीतहरू, नेपाली प्रकृतिसम्बन्धी विषयवस्तु, नेपाली समाजका युवायुवतीका प्रेमप्रसङ्गसहितका विषयहरूको उचित संयोजन यस गीतसङ्ग्रहका गीतमा गरिएको छ । जुनसुकै क्षेत्रबाट विषयवस्तुको चयन गरे तापनि ती विषयलाई भावमय बनाएर प्रस्तुत गर्न जगतमर्दन थापा सिपालु देखिन्छन् । यस दिलको आवाज गीतसङ्ग्रहभित्र सङ्कलित गीतहरूको विषयवस्तुलाई विभिन्न कोणबाट हेर्ने प्रयास गरिएको छ -

### ५.३.४.१ देशप्रेम र राष्ट्रियतासम्बन्धी विषयवस्तु

गीतकार जगतमर्दन थापाद्वारा लिखित **दिलको आवाज** गीतसङ्ग्रहमा राष्ट्रिय भावनाले ओतप्रोत भएका गीतहरू पनि समावेश गरिएका छन् । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म र तराईको समथर भू-भागदेखि हिमालका उच्च चुचुरामा बस्ने सम्पूर्ण नेपाललाई एउटै मालामा गाँस्दै सबै नेपालीको एउटै आवाज हुनुपर्छ र त्यो आवाज देशविकासका लागि हुनुपर्छ भन्ने विचार थापाका गीतले व्यक्त गरेका छन् । समग्र देशभक्तिको भावले ओतप्रोत भएका नेपाली जनताको आवाज एउटै हुनुपर्छ, जुन आवाज एउटा विशाल राष्ट्रको निर्माणमा केन्द्रित हुनुपर्छ भन्दै गोर्खाली वीरहरूले नेपाललाई विशाल र सिङ्गो राष्ट्र बनाउन सुरु गरेका तर त्यो सपना बीचैमा अधुरो भएकाले हामी सम्पूर्ण नेपाली त्यो सपना पूरा गर्न कटिबद्ध भएर लाग्नुपर्छ भन्ने विचार यसरी व्यक्त भएको छ -

*गोर्खाको अधुरो सपना साकार बनाई छाड्नेछौं ।*
*उज्यालो देशको विपना विश्वको सामु लेख्नेछौं ॥*[1]

(**एउटै अवाज छ** शीर्षकको गीतबाट)

देशको सच्चा विकासका लागि चन्द्र र सूर्य हाँसेर तथा नौलाखे तारा चम्केर हुँदैन, यदि देशलाई उज्ज्वल र झलमल्ल बनाई चम्काउन महेन्द्र-ज्योतिको आवश्यकता छ भन्दै तत्कालीन राजा महेन्द्रबाट देशविकासका निम्ति गरिएको आशा गीतकार थापाले गीतका माध्यमबाट यसरी व्यक्त गरेका छन् -

---

[1] जगतमर्दन थापा, **दिलको आवाज,** पूर्ववत्, पृ १ ।

***युवती:*** *सूर्जे र जून हाँसेर हुन्न यो देश झल्मल्ल ।*
*महेन्द्र-ज्योति चम्केमा हुन्छ यो राष्ट्र उज्ज्वल ॥*
***युवक:*** *नौलाखे तारा चम्केर हुन्न यो देश झल्मल्ल ।*
*जनता सारा लागेमा हुन्छ यो राष्ट्र उज्ज्वल ।*[1]

(**आत्मविश्वास** शीर्षकको गीतबाट )

यसरी राष्ट्रिय भावना जागृत गराउने उनका गीतमा राजारानीको महान्‌वाणीलाई आत्मसात् गर्नुपर्ने र सारा नेपाली जनता एकजुट भई कडा परिश्रमतर्फ लागेमा देशविकासको सम्भावना रहेको भनाइ थापाका गीतले पुष्टि गर्दछन् ।

गीतकार थापाले तत्कालीन समयमा बन्दै गरेको पूर्व मेचीदेखि पश्चिम महाकाली जोड्ने नेपालको एकमात्र पूर्व-पश्चिम महेन्द्र-राजमार्गको निर्माणलाई प्रगतिको ढोका खुलेको भान गीतकारमा परेको छ भने त्यस राजमार्गमा काम गर्ने कडा परिश्रमी मजदुरहरूको निधारको पसिनालाई मोती ठानी त्यो मोती धरतीमा खसेको विषयलाई यसरी प्रस्तुत गरिएको छ-

*पूर्वपश्चिम राजमार्ग बन्दैछ ।*
*प्रगतिको ढोका हेर खुल्दैछ ॥*
*नेपालीको पसिना निधारमा ।*
*मोती बनी खस्दैछ धरतीमा ॥*[2]

(**प्रगतिको ढोका हेर खुल्दैछ** शीर्षकको गीतबाट)

हामी सम्पूर्ण नेपाली एउटै पथमा हिँड्ने यात्री हौं र हामी सधैं प्रगतिको उच्च शिखरतिर लम्किरहन्छौं भन्दै नयाँ-नयाँ युगमा तथा युगको परिवर्तनसँगै नेपालीको विचार परिवर्तन हुने थापाका गीतले बताएका छन् । इतिहासका पानामा नेपालीलाई वीर, कर्मठ तथा त्यागी भनेर कोर्ने इच्छा गीतकारमा देखिन्छ । एक करोड नेपालीले आफ्नो भविष्यको निर्माण आफैंले गर्नुपर्छ भन्दै यो नेपाल एउटा सबै नेपालीको साझा घर हो र हामी त्यस घरका एउटै जहानसरह हौँ भन्ने देशभक्तिपूर्ण भाव यसरी व्यक्त भएको छ-

*हामी नेपाली नेपालको एउटै हौँ जहान ।*
*आफ्नो यो देश सजाउने छ इच्छा महान ॥* [3]

यसरी थापाद्वारा लिखित देशभक्ति तथा राष्ट्रिय भावनाले सुसज्जित भएका गीतहरूमा **एउटै आवाज छ, आत्मविश्वास, एउटै हौँ जहान, प्रगतिको ढोका हेर खुल्दैछ,**

---

[१] ऐजन, पृ. २ ।
[२] ऐजन , पृ. ७६ ।
[३] ऐजन , पृ. ७६ ।

**परदेशीलाई** आदि शीर्षकका गीतहरू प्रमुख रहेका छन् । यी गीतहरूमा नेपाल र नेपालीको उन्नति र प्रगतिका लागि गर्नुपर्ने काम कर्तव्यका साथै एकजुट भएर देशविकासमा लाग्न आह्वान गरेका छन् । राजा महेन्द्रको प्रशंसा गर्दै उनकै प्रयासबाट देशको प्रगति गर्ने विश्वास थापामा रहेको छ किनभने त्यस समयमा कुनै पनि कृति प्रकाशित गर्नलाई ठूलाबडाको प्रशंसा गर्नुपर्थ्यो । त्यसमा पनि उनीहरूको चित्त बुझ्यो भने प्रकाशनका लागि आदेश आउँथ्यो । यसैअनुसार थापाले राजा महेन्द्रलाई महेन्द्रज्योतिको उपमा दिएका हुनाले यो पुस्तक हेर्ने बित्तिकै प्रकाशित गर्ने आज्ञा पाएको स्वयम् थापा बताउँछन् ।[१]

## ५.३.४.२ प्रेमभावसम्बन्धी विषयवस्तु

आधुनिक युवायुवती तथा ठिटाठिटीहरूले एकअर्कालाई प्राप्त गर्न र न्यानो मायामा बाँधिएर जीवनभर सँगै बाँच्ने र मर्ने वाचालाई विषयवस्तु बनाई जगतमर्दन थापाले **दिलको आवाज** गीतसङ्ग्रहमा धेरै गीतहरू समावेश गरेका छन् । नेपालका डाँडाकाँडा, पहाड, तराई, हिमाल, लेकबेंसी, छाँगा-छहरा र खोलानाला आदिको महिमागान गर्दै वनजङ्गलमा घाँस दाउरा गर्दा, पानी पँधेरो गर्दा वा गोठालो गर्दा बसेको माया पिरतीलाई थापाका गीतले विषयवस्तु बनाएका छन् । प्रेमका संयोग तथा वियोग भावलाई लयात्मक पाराले प्रस्तुत गर्दै प्रेमी-प्रेमिकाका बीचमा मिलन हुँदाको खुसी र उमङ्गलाई देखाइएको छ । त्यसै गरी तिनै प्रेमी प्रेमिकाको विछोडपछि उनीहरूका मनमा उत्पन्न पीँडा, निराशा र बेचैनीलाई पनि थापाका गीतले औँल्याएका छन् ।

प्रेमका संयोग भावलाई उजागर गर्ने प्रयासस्वरूप लेखिएका गीतहरूमा मायालु भेट्दा हृदय मस्किने, मायालुलाई हृदयभित्र भेट्ने , आँखाले नै प्रेमको परिभाषाको कार्य गर्ने, आँखा-आँखा अल्भिदा प्रेम बस्ने मायालुको रूप देख्दा चन्द्रमा नै लठ्ठ पर्ने, लुकेर हानेको मायाको तीर हृदयमा पीर बन्ने, मायालुको नौलो रीतमा हृदयमा गीत गुञ्जने, सुरु-सूरको दोधारे बानीले मनको तार अल्झने, इसाराबाटै मायालुको मौन सहारा खोज्ने विचार व्यक्त गरिएको छ । साँझको समयमा चराचुरुङ्गीहरू पनि आफ्ना जोडीलाई भेट्न हतार हतारमा उडेझैं प्रेमीप्रेमिका एक अर्काको दिलको माझमा भेट हुने आशा यसरी व्यक्त गर्दछन्

*युवती : ती चरा उडे आपसमा भेट्न सुनौलो साँझमा ।*

---

[१] शोधकायकबाट प्राप्त जानकारी अनुसार ।

*युवक : भेटौँला आशा भनेर हामी यो दिलको माझमा ॥*[1]

(**मधुर अमर मिलन** शीर्षकको गीतबाट )

मायाको रीतमा आँखा लठ्ठिने, दिलको मौन भाषा अर्को दिलले बुझ्ने लजाइ-लजाइ एकअर्काको मनभित्र चियाउने, बिहानको समयमा किरण र शीतको प्रणय देखेर फूल पनि लाजले रातो भई लुकेको अनि त्यो फूलमा प्रेमीप्रेमिकाको सुखी चञ्चल जवानी झल्केको विचार व्यक्त गर्दै मायाको भारले थिचेर होला मायालुको नजर झुकेको र मायाको नौलो रीतमा मनको तार गुञ्जेको कुरा यसरी प्रकट गरिएको छ :-

*झुकेछ तिम्रो नजर मायाको बोकी भार ।*
*मायाको नौलो रीतमा गुञ्जियो मनको तार ॥*[2]

लुकी लुकी गरेको इसारामा नै माया पिरती बस्ने र त्यो बसेको पिरतीले हृदयलाई खुसी पारेको उल्लेख गर्दै डाँडाकाँडा पनि उनीहरूको माया देखेर स्वर्ग बन्ने कल्पना गीतकारले गरेका छन् । थाहै नपाइकन दिलभित्र पसेर इसाराकै भरमा दिललाई विस्तारै उघारेको विचार यसरी प्रस्तुत गरिएको छः-

*आज मलाई इसाऱ्यो कल्ले, मेरो दिल सुस्तरी उघारी ।*
*आज मलाई बोलायो कल्ले, मेरो दिल सुस्तरी चहारी ॥*[3]

माया पिरतीको खोजीमा हिँडेका प्रेमीप्रेमिकाले आफ्नो मन मिल्ने जोडी कहीँ पनि नभेटेको तर पारि गाउँमा कोही छ कि भन्ने आशङ्काले मन उडेर गएको मनसाय तामाङ्सेलो भाकामा साहिँला र साहिँली तथा कान्छा र कान्छीजस्ता युगल पात्र सिर्जना गरी एकद्वारा अर्को आकर्षित भएर दिल चोराचोर गरेको विचार पनि जगतमर्दन थापाका संयोग भाव उजागर गर्ने गीतले व्यक्त गरेका छन् । गीतकै माध्यमबाट युवा र युवतीले झ्याउरे लयमा हृदयभित्र अमर मायाको नाम खोप्दै जीवनभरि सग्लो भावना रोप्न यसरी आग्रह गरिएको छः-

*जीवनभित्र सग्लो सधैं भावना रोपन ।*
*हृदयबीच अमर हाम्रो पिरती खोपन ॥*[4]

(**गीत नै आह्वान** शीर्षकको गीतबाट)

गीतकार तथा सङ्गीतकार जगतमर्दन थापा बी.ए र गायिका लिलासिंहको स्वरमा हिन्दूस्थान म्युजिक प्रोडक्स कं.मा रेकर्ड भइसकेको **प्रतीक्षामा** . . . शीर्षकको झ्याउरे

---

१ दिलको आवाज, पृ ४ ।

२ कृष्णहरि बराल, पूर्ववत्, पृ. १६७ ।

३ दिलको आवाज, पृ. १५ ।

४ दिलको आवाज, पृ. १५ ।

लयमा रचित गीतमा एउटा प्रेमी प्रेमिकाको प्रतीक्षामा आशाको दियो बालेर मायाको बाटो हेरिरहेको र चौतारीमा पर्खिरहेको छ । यसमा प्रेमीले प्रेमिकालाई कोइलीको स्वरमा गीत गाउँदै आएझैं लागेको मनोभाव यसरी व्यक्त भएको छ -

*आशाको दियो बालेर गोरेटो म हेरुँला ।*
*आउँछौ कि तिमी भनेर चौतारीमा पर्खुँला ॥*[१]

यसै गरी **मृगनयनको निशानामा भावुक दिल, मधुर अमर मिलन, सौन्दर्यकी मूर्ति, मैले गीत गाएछु . . .?, प्यारको उद्‌गार , दिल गाउँछ, अल्लारे बैंश, प्रीतको गीत, गीत नै आह्वान, संग्लो मायाको वचन, मेरो आँखामा, तिम्रो आगमन, तिमी . .? मधुर सपना, तिमी मेरो जीवन हौ, उडेको मन, तिम्रो मधुर मुस्कानमा, किरण र शीतको प्रणय आह्वान, नछोड नजरको घुएँत्रो** आदि शीर्षकका गीतहरू जगतमर्दन थापाद्वारा लिखित दिलको आवाज भित्र सङ्कलित प्रेमका संयोग भाव व्यक्त गर्ने गीतहरू हुन् ।

यस गीतसङ्ग्रहमा प्रेमलाई विषयवस्तु बनाई त्यसबाट सिर्जित वियोग भावलाई उजागर गर्ने गीतहरू पनि समावेश गरिएका छन् । प्रेमीले प्रेमिकालाई धोका दिएपछि अथवा प्रेमिकाले प्रेमीलाई परित्याग गरेपछि उनीहरूका मनमा उत्पन्न वियोगको पीँडालाई थापाका गीतले उद्‌घाटन गरेका छन् । बैगुनी मायाले छाडेर गएपछि छाती चर्केको, हृदय नै टुहुरो भएको, परेलीबाट मायाको मूल्यको रूपमा आँसु बगेको, हृदय टुक्रा-टुक्रा भएको, बैगुनी मायाले अर्काको दिललाई खेलौंना ठानी धोका दिएको, आँसुको माला नयनमा गाँसी रोइरहेको, दिनरात त्यही मायाको सम्झनाले सताई दिनमा भोक न रातमा निद्रा परेको विचार व्यक्त गरिएको छ । जीवनभर त्यही प्रीतिलाई साँचेर मर्ने वाचा गर्दै शीतको बिन्दु र व्यथाको सिन्धु बनेर झर्ने प्रतिज्ञा यसरी गरिएको छः-

*शीतको बिन्दु व्यथाको सिन्धु बनेर झरुँला ।*
*सम्झना तिम्रो सग्लो प्रीत लिएर मरुँला ।* [२]

(**आँसुको थोपा बनेछ तारा** शीर्षकको गीतबाट)

वियोगको छटपटीलाई सहन नसकी यो संसारको सृष्टिलाई नै भूल ठान्ने गीतकारले आफ्नो जन्मलाई पनि त्यही सृष्टिको एउटा भूलका रूपमा लिएका छन् । आफूलाई आँसुको तालमा फुलेको एउटा फूल र कहिल्यै नसुक्ने आँसुको एक मूलसँग तुलना गर्दै मान्छेको जन्म हुनु नै संसार सृष्टिको भूल हुनु हो भन्ने निष्कर्ष थापाका वियोग भाव जगाउने गीतले

---

१ दिलको आवाज, पृ. १५ ।
२ दिलको आवाज, ऐजन, पृ. ४ ।

निकालेका छन् । निष्ठुरी मायाको सम्झनाले सताउँदा न दिनमा भोक लाग्ने न रातमा निद्रा लाग्ने खालि त्यसकै वेदनाले हृदय ओइलाएझैं हुने र दिल छिया-छिया भई टुक्रिने यथार्थ रहस्यको उद्घाटन उनका यी गीतले गरेका छन् । बैगुनी मायालाई बेलैमा पहिचान गरेर आफ्नो पीर व्यथा नभन्नु नै उचित ठान्ने गीतकारले मायाको फूल बगरमा होइन छातीमा फुल्ने, त्याग र बलिदानको भावना भएमा बाँच्ने नत्र मर्ने, मनको व्यथा भित्री दिलले मात्र बुझ्न सक्ने र आँसुको मोल ढुङ्गाले बुझ्न नसक्ने विचार यसरी व्यक्त गरेका छन् -

*दिलको व्यथा फूलले सुन्छ, काँडाले सुन्दैन ।*
*आँसुले मोल दिलले बुझ्छ, ढुङ्गाले बुझ्दैन ॥*[१]

(**नभन मनको वेदना** शीर्षकको गीतबाट)

अँध्यारो रातमा अधुरो गीत गाउँदै तारहरूका बीचमा हराएको प्रीत खोजिरहेको उल्लेख गर्दै आकाश र हावालाई सम्बोधन गरेर आकाशलाई मनको संसार सल्लेको हेर्न अनि हावालाई सम्झना नआउने ठाउँमा उडाएर लैजान आग्रह गरेका छन् । सयौँपटक धोका खाएर यस संसारबाट दिक्क भएका गीतकार आफूलाई तार छिनेको साज, गीत लुटिएको प्रीत, साथी छुटेको यात्री, दिल टुटेको जीवन, सहाराबिनाको मन्दिरसँग दाँज्न पछि परेका छैनन् । समुद्रको पानीलाई बादलको आँसुसँग तुलना गर्दै 'बादल किन रोयो ?' भनी सोध्ने थापा त्यही बादलले दुःख तथा विरहीको कथा भन्ने कुरामा विश्वस्त छन् । वर्षाको पानीलाई पिरतीको उपहारस्वरूप ग्रहण गर्नैपर्ने, हृदयमा पिर-व्यथा बोकेर हाँस्न नसक्ने विचार गीतका माध्यमबाट व्यक्त गर्ने थापा केवल बितेका दिनलाई कोइलीले सम्झाई दिएर पुरानो घाउ बल्झेको मनसाय व्यक्त गर्दछन् । वियोगको सुस्केरा हृदयदेखि बाफ बनी निस्केको र त्यो माया पिरती खालि मृगतृष्णा मात्र भएको विचार व्यक्त गर्दै आफूलाई औंसीको रातमा चम्कने व्यथित तारा सम्झने गीतकारले यौवन निराश भएको र संसारै अन्धकारमय भएको विचार व्यक्त गरेका छन् ।

'आँसुको थोपा बनेछ तारा' 'पथको गायक गाउँदै जाऊ' 'छटपटाएको ए आँसु' 'प्रीतको रीत' 'प्यारको उपहार', 'सृष्टिको भूल', 'सम्झनामा ओइलाएको दिल', 'नभन मनको वेदना', 'अधुरो गीत' 'दिलको कथा', 'दुःख पग्ली बन्छ आँसु' 'दुःखी आवाज', 'बितेको त्यो दिन', 'नौलो मायाको रीत', 'प्यार होइन अभिनय', 'विरही मुरली', 'अधुरो गीत', 'कसले बुझ्छ आँसुको मोल' 'दिलको दर्द', 'बादलको आँसु' आदि शीर्षकका गीतहरू प्रेमका वियोगभावले ओतप्रोत भएका गीतहरू हुन् ।

---

[१] ऐजन, पृ. २२ ।

यसरी जगतमर्दन थापाले आफ्ना गीतमा प्रेमप्रणयमूलक विषयवस्तुको चयन गर्दै प्रेमी प्रेमिकाको मिलनका समयमा उत्पन्न खुसी, उमङ्ग र हर्षलाई चित्रण गर्न संयोग भावका गीतहरू सफल छन् भने उनीहरूकै विछोडका समयमा उत्पन्न निराशा वेदना र छटपटीलाई देखाउन वियोग भावका गीतहरू बढी सफल छन् । यी दुवै भावलाई उचित संयोजन गरी मिलनका समयमा श्रोता तथा पाठकलाई त्यही प्रकारको आनन्द दिने र विछोडका बेला उनीहरूको हृदय रुवाउने गीतहरू थापाले लेखेका छन् । त्यसैले उनका संयोगभन्दा वियोग भावका गीतहरू श्रोताको मन जित्न अझ बढी सफल छन् ।

## ५.३.४.३ प्रकृतिसम्बन्धी विषयवस्तु

गीतकार जगतमर्दन थापाले मूलतः **दिलको आवाज** गीतसङ्ग्रहमा देशभक्ति वा राष्ट्रियता झल्काउने र प्रेमप्रणयमूलक विषयवस्तुलाई आत्मसात् गरेका छन् तापनि ठाउँ-ठाउँमा नेपाली प्रकृतिलाई विषयवस्तु बनाई त्यसको सौन्दर्य वर्णन यथार्थ रूपमा गर्न पछि परेका छैनन् । कतिपय गीतहरूमा नेपाली प्रकृतिलाई जस्ताको तस्तै दृश्यात्मक शैलीमा वर्णन गरेका छन् । नेपालका डाँडाकाँडा, पाखापखेरा, वनजङ्गल, खोलानाला, लेकबेंसी, हिमाल, पहाड, तराई, लालीगुराँस, गुलाब आदिको प्रसङ्ग ठाउँ-ठाउँमा ल्याई आफ्ना गीतको विषयवस्तुलाई रोचक बनाउने काम गीतकारले गरेका छन् । औंसीको रात, जुनेली रात, विभिन्न चराचचुरुङ्गीको प्रसङ्ग कोइलीको विरही स्वर, घमाइलो दिन, बादल रोएको आदिलाई प्रसङ्गानुसार चित्रण गर्दै झ्याउरे लयमा नेपालको प्राकृतिक दृश्य देखेर हृदय लठ्ठ भएको र नेपाल एउटा स्वर्ग नै पो हो कि भनेर संसारका मानिस झुक्किएको विचार यसरी व्यक्त भएको छ :-

*प्रकृति-दृश्य देखेर यहाँ हृदय लठ्ठिन्छ ।*
*स्वर्ग नै हो कि ! भनेर सधैं मानिस झुक्किन्छ ॥*[१]

(**आत्मविश्वास** शीर्षकको गीतबाट)

**'सौन्दर्यकी मूर्ति'** शीर्षकको गीतमा एउटी नायिकालाई प्रकृतिसँग तुलना गर्दै उसको रूप देखेर चन्द्रमा लठ्ठ परेको, केशलाई बादल सम्झेर हावा झुक्किएको, आँखालाई विजुली सम्झेर हृदय झस्किएको तथा गालामा गुराँसको फूल फूलको, आवाज सुनेर चरीले गाउन बिर्सेको, हिँडेको देखेर बगेको खोला पनि झस्केको र रूप हेर्नकै लागि आकाश पनि झुकेको कल्पना गीतकारले गर्दै एउटी यौवना नारीलाई प्रकृतिसँग एकाकार गर्दै प्रकृतिको वर्णन र

१ ऐजन, पृ. २ ।

नारीको वर्णन समान रूपमा गरेका छन् । एउटी नारीको सौन्दर्य वर्णनमा सम्पूर्ण प्राकृतिक वस्तुहरू समावेश गरिएको यस गीतको एउटा पङ्क्ति तल उद्धृत गरिएको छ :-

*मोहनी रूप देखेर तिम्रो, चन्द्रमा लड्डिन्छ ।*
*फैलेको केश बादलसम्झी पवन झुक्किन्छ ॥*
*नयन तिम्रो बिजुली सम्झी हृदय झस्कन्छ ।*
*छरेर हाँसो ओठको बीच सितारा चम्कन्छ ॥*[1]

(**सौन्दर्यकी मूर्ति** शीर्षकको गीतबाट)

**शरदको जूनझैं माया** शीर्षकको गीतमा सग्लो दिलको पिरती शरदको जूनजस्तै चोखो भएको, पखेरा, पँधेरा, चौतारी आदिमा मायालाई पाउन धाएको प्रसङ्गले पनि प्रकृतिको चित्रण स्वतः केही मात्रामा गरिएको छ ।

'ढकमक्क फुलेको' शीर्षकको गीतमा डाँडाकाँडामा गुराँस ढकमक्क फुलेको, पहाडको हरियो पाखामा गोठालाले गाई चराएको, बटुवाले शीतल छायामा भारी बिसाएको, पीपले छायामा दाउरेले दाउरा चिरेको प्राकृतिक दृश्यलाई वर्णनात्मक शैलीमा झ्याउरे लयका साथ प्रस्तुत गरिएको छ ।

'डाँडाकाडा लाग्यो घमाइलो' शीर्षकको गीत विशुद्ध प्रकृतिलाई विषयवस्तु बनाई आधुनिक झ्याउरे लयमा लेखिएको गीत हो । यसमा गीतकारले डाँडाकाँडा चारैतिर घमाइलो भएको, गुराँस ढकमक्क भई फुलेको र उत्तरमा हिमाल खुलेको, पहाडका झरना झरझर गर्दै झरेको र खोला नागबेली आकारमा कलकल बगेको, मानिसको मन प्रकृतिको बस्तीमा मात्र रमाउन सक्ने विचारलाई दृश्यात्मक शैलीमा वर्णन गरिएको छ । यसको एउटा उदाहरणका रूपमा तलको पङ्क्तिलाई हेर्न सकिन्छ :

*पहाडबाट झरना हेर ! झरझर झरेको ।*

*नागबेली खोला सुन ! कलकल बगेको ॥*

*डाँडाकाँडा गुराँस फूल ढकमक्क फुलेको ।*

*उत्तरमा हिमाल हेर ! झलमल्ल खुलेको ॥*[2]

**यही सच्चा दिल पाइन्छ** शीर्षकको गीतमा नेपाली प्रकृति तथा यही माटोमा साँचो र चोखो माया पाइन्छ भन्ने गीतकारले झ्याउरे लयमा प्रकृति दृश्यको वर्णन गरेका छन् । यी आँखाले चारैतिर हेर्दा प्रकृति हाँसिरहेकी, दिनभरिको थकाइ भेट्ने चौतारीको प्रसङ्ग,

---

[1] ऐजन, पृ. २ ।

[2] ऐजन, पृ. ६५ ।

धरतीको तिर्खा शान्त पार्नलाई छहराले खोलाको रूप लिएको चर्चा र मायाको कथा बोकेर पहराचाहिँ मौन भएर बसेको प्रसङ्गलाई यसरी उल्लेख गरिएको छ -

*धर्तीको तिर्खा मेट्न खोला भै बग्छ छहरा ।*
*मायाको कथा बोकेर मौन भै बस्छ पहरा ।*[१]

**पहाडी श्रृङ्गार** शीर्षकको गीतमा मायालुको मोहनी रूपलाई पहाडी सिंगारका रूपमा लिँदै चौतारीमा बसेर अधुरो गीत गाएको र त्यो गीत सुनेर वसन्त ऋतु आउन सक्ने कल्पना गरिएको छ । बिहानीपख हिमालमा घाम लागेको, गुराँस ढकमक्क पहाडै ढाकेर फुलेको, हरिलो पहाडी पाखामा गोठालाले गाई चराएको विषयलाई वर्णनात्मक शैलीमा दृश्यात्मक पाराले गाइएको छ ।

यसरी जगतमर्दन थापाले **दिलको आवाज** गीतसङ्ग्रहभित्र सङ्कलित गीतहरू नेपाली प्रकृतिलाई विषयवस्तु बनाएर पनि प्रशस्त लेखेका छन् । प्रकृतिको प्रत्यक्ष वर्णनका क्रममा होस् या अप्रत्यक्ष रूपमा होस् कुनै पनि गीतकार तथा कविको ध्यान पुगेकै हुन्छ । प्रकृतिलाई कहिले उपमानका रूपमा त कहिले उपमेयका रूपमा आरोपित गरी त्यसलाई मानवीय प्रकृतिसँग तुलना गर्ने प्रवृत्ति धेरै साहित्यकारमा पाइन्छ । त्यस विशेषताबाट जगतमर्दन थापा पनि विमुख हुन सकेका छैनन् । प्रकृतिलाई प्रायशः उद्दीपन विभावका रूपमा लिँदै प्राकृतिक वातावरण र दृश्यलाई मानिसको प्रकृतिसँग दाँज्दै मानिसको मन खुसी हुँदा प्रकृति पनि खुसी हुने तर मानिस दुःखी, उदासी र निराश हुँदा प्रकृति नै रोएको देख्ने प्रवृत्ति कवि तथा गीतकारमा पाइन्छ ।

## ५.३.४.४ शृङ्गारिकता

पूर्वीय काव्यचिन्तन परम्परामा श्रृङ्गार रसलाई राजाको रूपमा स्वीकार गरेको पाइन्छ । नेपाली साहित्यिक यात्राको माध्यमिक काललाई नै श्रृङ्गार कालका रूपमा लिइन्छ । एक अर्काको माया प्रेमलाई विषयवस्तु बनाएर लेखिएका गीतहरू श्रृङ्गारिकतामा आधारित गीतहरू हुन् । जगतमर्दन थापाद्वारा लिखित **दिलको आवाज** गीतसङ्ग्रहमा सङ्कलित अधिकांश गीतहरू श्रृङ्गारिकतामा आधारित छन् तर उनका गीतमा श्लीष्ट श्रृङ्गारको प्रयोग पाइन्छ । श्रृङ्गारका संयोग र वियोगसम्बन्धी भावले ओतप्रोत भएका गतिहरू यस कृतिमा समावेश गरिएका छन् । उनका संयोग भाव जनाउने गीतमा आँखा-

[१] ऐजन, पृ. ६५ ।

आँखा जुधेपछि माया बस्ने, हृदय मस्किने, एक दिलको मौन भाषा अर्को दिलले बुझ्ने विचार व्यक्त गरिएको छ, जस्तै :

*गुराँसको फूल शर्मायो ! गालाको लाली देखेर ।*
*हाँस्यो तिम्रो ओठ त्यो ! यो मन मेरो चोरेर ॥* [१]

(**मनको सग्लो वचन** शीर्षकको गीतबाट)

श्रृङ्गारिकताकै वियोग पक्षलाई चित्रण गर्ने क्रममा जगतमर्दन थापाले मायालुलाई भेट्ने प्रतीक्षामा बसेका प्रेमीप्रेमिका आफ्नो मायालु नआएपछि उनीहरूका मनमा उत्पन्न शङ्का-उपशङ्का, निराशा, चिन्ता तथा तनावलाई जस्ताको तस्तै प्रस्तुत गरेका छन् । माया प्रेमका झुट्टा आश्वासन दिएर सँगै बाँच्ने मर्ने वाचा गरेका तर जीवनको आधा बाटोमा अलपत्र पारेर हिँडेका निष्ठुर प्रवृत्ति भएका युवायुवतीको चित्रण यसरी गरिएको छ -

*प्रेमको दिल बाली हँसाई खेल्यौ ।*
*निष्ठुरी किन ! दिल सल्काई भाग्यौ ॥* [२]

(**छटपटाएको ए आँसु** शीर्षकको गीतबाट)

### ५.३.५. मानवतावाद

मानिसलाई मानिसले मानवका रूपमा हेर्नुलाई मानवतावाद भनिन्छ । मानिसको उन्नति र प्रगतिलाई ध्यानमा राखी त्यसैलाई विषयवस्तु बनाएर लेखिएका गीतहरू मानवतावादी गीतहरू हुन् । जगतमर्दन थापाले आफ्नो **दिलको आवाज** गीतसङ्ग्रहमा सङ्कलन गरेका गीतमा मानवतावादको प्रयोग ठाउँ-ठाउँमा गरेका छन् । उनका विचारमा सच्चा प्यार नै मानवता हो किनभने मानिस भएर मानिसलाई घृणा र तिरस्कारका आँखाले होइन एक आपसको प्रेम र सद्भावका आँखाले हेर्नुपर्छ भन्ने मान्यता छ । मानव भएर मानवलाई सच्चा माया गर्न सक्नु वा सहयोगको भावना जागृत गराउन सक्नु नै उसको नैतिक जिम्मेवारी हो भन्दै मानिसलाई माया गर्न सिक्नु, विश्वभरि मानवताको ज्योति बाल्नसमेत उनका गीतले आग्रह गरेका छन् । चस्केको तथा दुःखिरहेको मनलाई खेलौनौ नठानी हामीले प्राप्त गरेको दुई दिने जिन्दगी मानवकै सेवा गर्नलाई हो र त्यही मानवता नै हाम्रो जीवनको महान् लक्ष्य हो भन्दै आफ्नो समग्र जीवन मानवजगतको हितमा खर्च गर्न गीतकार आफ्ना गीतका माध्यमबाट यसरी आग्रह गर्दछन्-

*मानिसले मानिसलाई माया गर्न सिक ।*
*जगत्मा मानवताको बत्ती बाल्न सिक ॥*

---

१ दिलको आवाज, पृ. ३० ।

२ ऐजन, पृ. ११ ।

*दुई दिनको जिन्दगी मानिसको सेवा हो ।*
*मानवता नै हाम्रो यो जीवनको लक्ष्य हो ॥*[१]

(**सच्चा प्यार नै मानवता हो** शीर्षकको गीतबाट)

यसरी जगतमर्दन थापाका गीतमा मानवतावाद नै मानव जीवनको अभिन्न अङ्ग हो र यसैलाई सबै मानव समुदायले आत्मसात् गरेमा मानिसको उन्नति र प्रगति हुने विचार व्यक्त गरेका छन् ।

## ५.३.६. सङ्गीतात्मकता

**दिलको आवाज** गीतसङ्ग्रहभित्र सङ्कलित सम्पूर्ण गीतहरू सङ्गीतबद्ध रहेका छन् । आफ्ना चोखा भावनालाई तत्कालै हृदयमा मथेर काव्यिक अमृतको रसपान गराउन सक्ने जगतमर्दन थापाका धेरैजसो गीतहरू साङ्गीतिक गुणले युक्त छन् । सङ्गीत नै गीतका लागि अत्यावश्यक तत्त्व भएकाले गीतमा सङ्गीत भर्नु अनिवार्य हुन्छ । सङ्गीतले गीतलाई श्रुतिमधुर, कर्णप्रिय, सरस र मुखाग्रसमेत बनाउँछ र श्रोतालाई आकर्षित गर्दछ । आफ्नो गायन क्षेत्रको सुरुमै कलकत्ता तथा मुम्बईमा गएर गीत रेकर्ड गराउन सफल थापाका गीतहरू सङ्गीतात्मकताका दृष्टिले सबल छन् । ती गीतहरूमध्ये सङ्गीतकार प्रेमदास प्रकाशले वि.सं. २०१९ सालमा सङ्गीतबद्ध गरेको थापाद्वारा लिखित गीतका पङ्क्तिलाई यहाँ उद्धृत गरिएको छः-

*माया लुकाई लुक्दैन, घुसघुसे बानीमा ।*
*आखिर त्यो झल्किहाल्छ, आँखाको नानीमा ॥*[२]

यसै साल महेन्द्रसङ्गीत निकेतनले सङ्गीतबद्ध गरेको अर्को गीत यसप्रकार छ :-

*कोइलीले सम्झाइदियो बितेको त्यो दिन ।*
*सधैं साथी तिम्रो याद आउँछ यो किन ॥*[३]

माथि उद्धृत गरिएका गीतका पङ्क्तिहरू २०२१ सालमा आएर **दिलको आवाज** गीतसङ्ग्रहभित्र सङ्कलित छन् । शब्दसङ्गीत र वाद्यसङ्गीतका दृष्टिले **दिलको आवाज** सङ्ग्रहका गीतहरू प्रायशः सबै सङ्गीतबद्ध रहेका छन्, जसले सजिलैसँग श्रोताको मन जितेका पनि छन् ।

---

[१] ऐजन, पृ. ७० ।

[२] ऐजन ।

[३] ऐजन ।

## ५.३.७ लयविधान

बराबरी वा उही समयमा पढ्न वा गाउन सकिने गरी पङ्क्ति-पङ्क्तिबीच भाषाका स्वर तथा व्यञ्जन वर्णहरूको सही व्यवस्थापन गरिँदा लय प्रकट हुन्छ भने यसमा स्वर तथा व्यञ्जन वर्णहरूको सङ्ख्या, बलाघात तथा सुरले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ र यसले गर्दा नै गीतलाई गेय बनाउँछ ।[1] अझ गीतका लागि लय अत्यावश्यक भएकाले प्रारम्भदेखि अहिलेसम्म गीतको मूल्याङ्कन र विश्लेषणको एउटा आधार लयलाई पनि मानिन्छ । गीत गाउनका लागि रचना गरिने हुनाले लयात्मकता सिर्जना गर्नु आवश्यक देखिन्छ । लयले गीतलाई श्रुतिमधुर, सरस र कण्ठस्थ बनाई त्यसको भावबोधमा सहायता पुऱ्याउँछ । लयले पूरै भनाइलाई सङ्गीतात्मक बनाउँछ र अनावश्यक तरिकाले भाषाको ढाँचालाई भाँच्न दिँदैन अनि भाषिक कृत्रिमताबाट जोगाउँछ । सर्वसाधारणका लागि कुनै सन्देश दिने हो भने लोकले रुचाएको लोकलयलाई प्रयोगमा ल्याउनु उपयुक्त मानिन्छ ।

**दिलको आवाज** गीतसङ्ग्रहमा सङ्कलित अधिकांश गीतहरू लयबद्ध रहेका छन् । जगतमर्दन थापाले यस सङ्ग्रहमा सङ्कलित गीतहरू धेरैजसो १६ अक्षरे झ्याउरे लयमा लेखेका छन् । नेपाली वनजङ्गल, पाखा-पखेरामा गुञ्जने खालका गीतहरू यसमा समावेश गरिएका छन् । शिक्षित अशिक्षित जसले पनि बुझ्न र गाउन सक्ने झ्याउरे लयमा नै राष्ट्रिय र प्रेमभावपूर्ण गीतहरू लेखेका छन् । नेपाली जनमानस र जनजिब्रोले सजिलै पचाउन सक्ने लय नै झ्याउरे लय हो । उनले लेखेका प्रत्येक गीतका पङ्क्तिमा लयको संयोजन उचित तरिकाले गरेका छन् । कतिपय गीतका पङ्क्तिहरू पढ्दा लयका सम्बन्धमा लक्ष्मीप्रसाद देवकोटाले लेखेको **मुनामदन** खण्डकाव्यको स्मरण आउँछ भने कहीं **सृजामाता** खण्डकाव्य पढेको भान हुन्छ । यसै गरी हाम्रा राष्ट्रकवि माधवप्रसाद घिमिरे नेपाली झ्याउरे लयका प्रयोक्ता नै देखिन्छन् र जगतमर्दन थापाका गीतले पनि माधवप्रसाद घिमिरेका गीतलाई पछ्याएझैं लाग्दछ । यस **दिलको आवाज** गीतसङ्ग्रहमा प्रयोग गरिएको १६ अक्षरे झ्याउरे लयलाई यहाँ प्रस्तुत गरिएको छ -

*प्रकृति दृश्य देखेर यहाँ हृदय लट्ठिन्छ ।*
*स्वर्ग नै हो कि ! भनेर सधैं मानिस झुक्किन्छ ॥* [2]

---

[1] कृष्णहरि बराल, पूर्ववत्, पृ. ३५ ।

[2] दिलको आवाज, पूर्ववत्, पृ. २ ।

यसै गरी थापाले लामा भ्याउरे, मझौला भ्याउरे र छोटा किसिमका भ्याउरे लयको प्रयोग गरेका छन् । कतिपय गीतहरूमा तामाङ्सेलो भाकामा भ्याउरे लयलाई अँगाली यसरी प्रस्तुत गरेका छन् -

*कान्छा : हिँडन जाऊ ए कान्छी ?*
*मायाको गाँठो लौ बाँधी ॥*
*कान्छी : नफकाऊ कान्छा ? यसरी ।*
*चाहिँदैन तिम्रो पिरती ॥* [१]

जगतमर्दन थापाले एउटै गीतका पङ्क्ति दुई जना पात्रलाई गाउन लगाएर लय सिर्जना गरेका छन् भने कतिपय ठाउँमा शब्दहरूलाई समास गरेर लय सिर्जना गरेका छन् । यसरी जगतमर्दन थापाले यस सङ्ग्रहमा लोकलयमा आधारित भ्यारे लयलाई बढी प्राथमिकता दिएका छन् र सुरिलो भाकामा आफ्ना गीतहरू गुञ्जाएका छन् । स्वतःस्फूर्त रूपमा जो कोहीले गाउन सक्ने र आफ्नो दिलको आवाजलाई बाहिर प्रकट गर्न सक्ने लय नै भ्याउरे भएकाले जगतमर्दन थापले यस लयलाई प्रयोगमा ल्याएका हुन् र आफ्नो सरल दिलको सरल आवाज प्रस्तुत गरेका छन् ।

### ५.३.८ भावविधान

**दिलको आवाज** गीतसङ्ग्रहमा सङ्कलित केही गीतहरू देशप्रेमको भावले ओतप्रोत भएका छन् भने अधिकांश गीतहरू मायाप्रेमका भाव अथवा प्रेमप्रणयमूलक भावले ओतप्रोत भएका छन् । देश प्रेमलाई विषयवस्तु बनाएर लेखिएका गीतमा वीरताको भाव व्यक्त भएको पाइन्छ भने मायाप्रेमलाई विषयवस्तु बनाएर लेखिएका गीतमा प्रेमका संयोग र वियोग भावलाई समावेश गरिएको छ । कतिपय गीतमा मानवतावादी चेतना व्यक्त गरिएको छ । वीर भाव व्यक्त भएका गीतमा सम्पूर्ण नेपाली, हिमाली तथा गोर्खालीलाई चम्कन र लम्कन आग्रह गरिएको छ भने कुनै गीतमा सम्पूर्ण नेपालीलाई एउटै जहानका रूपमा लिइएको छ । सम्पूर्ण नेपालीलाई तारा जस्तै प्रकाश छरी चम्कन र उन्नतिचोटितिर ताकेर लम्कन अनुरोध गरिएको छ ; जस्तै :

*गोर्खाको अधुरो सपना साकार बनाई छाड्नेछौं ।*
*उज्यालो देशको विपना विश्वको सामु लेख्नेछौँ ॥*

(दिलको आवाज पृ. १)

प्रेमप्रणयमूलक विषयवस्तुमा आधारित गीतमा प्रेमका संयोग र वियोग भावलाई उजागर गर्ने गीतहरू समावेश भएका छन् । प्रेमको संयोग भाव पाठक तथा श्रोताका

---

१ ऐजन ।

हृदयमा जागृत गराउने गीतमा मायालु भेट्दा हृदय मस्किने, आँखाको इसारामा माया बस्ने, मोहनी रूप देखेर चन्द्रमा लट्ठ पर्ने, उनीहरूको प्रेम देखेर हिमालचुलीसमेत हाँस्ने विचार व्यक्त भएका छन् भने वियोग भाव जागृत गराउने गीतमा मिलनपछिको विछोडबाट उत्पन्न पीँडा, छटपटी, निराशा, आक्रोशका साथै हीनताबोधको भाव पाठक तथा श्रोता मनमा उजागर गर्न सफल छन् । प्रेमको वियोग भावलाई उजागर गर्ने गीतको दुई पङ्क्ति तल दिइएको छः-

*शीतको बिन्दु, व्यथाको सिन्धु, बनेर झरुँला ।*
*सम्झना तिम्रो सग्लो प्रीत लिएर मरुँला ॥*

प्रेमको संयोग भावलाई जागृत गराउने एउटा गीतको उदाहरण यस प्रकार रहेको छः-

*पूर्णेको रातमा मोहनी लागी सुसेल्छ पवन ।*
*पहिलो भेटमा किन हो कुन्नि लट्ठिन्छ नयन ॥*
(दिलको आवाज पृष्ठ ५)

## ५.३.९ बिम्ब तथा प्रतीक

बिम्ब भनेको कुनै पनि वस्तुको मस्तिष्कमा पर्ने छाया हो । गीतमा यस्तो छाया बसाउने माध्यम भाषा हो । शब्दका माध्यमबाट श्रोता तथा पाठकमा मस्तिष्कमा कुनै स्थिति, स्थान, घटना वा पात्रको यथार्थसदृश छाया पारिदिने पद्धतिलाई बिम्बविधान भनिन्छ । बिम्बले अमूर्ततालाई मूर्तता दिन अमूर्तकै प्रयोग गर्दछ ।[1] बिम्बकै सहाराबाट पात्रको मनस्थिति व्यक्त हुने हुँदा वस्तुगतबाट मानस रूपमा पुग्ने कलात्मक पुलको काम पनि बिम्बले नै गर्दछ । साहित्यमा उपमान बिम्ब रचनाको मूल उपकरण हुन्छ । प्रत्येक उपमानको आफ्नो बिम्ब हुन्छ र यसले भावनालाई मूर्तता प्रदान गर्दछ ।

गीतकार जगतमर्दन थापाले **दिलको आवाज** गीतसङ्ग्रहभित्र ठाउँ-ठाउँमा बिम्बको प्रयोग गरेका छन् । विभिन्न प्रसङ्गमा सूर्य, चन्द्रमा, तारागण, कोइलीको बोली, गुराँसको फूल, हिमाल, पहाड ढुङ्गा माटो, बादल, बिजुली , खोलानाला, आकाश, डाँडाकाँडा, इन्द्रेणी, खोलाको बगर, खरानी, चौतारी, वसन्तबेला, पथिक, विमान, गोरेटो, मुरली, जूनकीरी, उजाड वाग, कर्कले पात, ढुङ्गो छाती, औंसीको रात, मिरमिरे प्रभात आदिको प्रयोग गरी श्रोता तथा पाठकको मन मस्तिष्कमा गहिरो प्रभाव छाड्न सफल जगतमर्दन थापाका गीतमा नेपाली प्रकृति, संस्कृति, परम्पराबाट बिम्बको सिर्जना भएको पाइन्छ । भाषा र

[1] कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, काठमाडौँः साझा प्रकाशन (दो.सं.), २०५८, पृ. ४५ ।

भावलाई त्यत्तिकै सबल रूपमा प्रष्ट्याउन यस सङ्ग्रहमा प्रयुक्त बिम्बले सहयोग गरेका छन् र भाषालाई उजिल्याएका छन् । एउटा उदाहरणका रूपमा तलको गीत पङ्क्तिलाई लिन सकिन्छः-

*डाँडाकाँडा गुराँस फूल, ढकमक्क फुलेको ।*
*उत्तरमा हिमाल हेर ! झलमल्ल खुलेको ॥*
*पहाडबाट झरना हेर ! झरझर झरेको ।*
*नागबेली खोला सुन ! कल कल बगेको ॥*[1]

(**डाँडाकाँडा लाग्यो घमाइलो** शीर्षकको गीतबाट)

कुनै पनि मूर्त वस्तुको प्रयोगद्वारा अमूर्त गुण वा भावको उल्लेख गर्न सकिन्छ । यसरी प्रयोग गरिने वस्तु वा घटना जसले सोझो अर्थ नबुझाएर त्यसभन्दा निकै परको अर्थ बुझाउँछ भने त्यस्तो वस्तु वा घटनालाई प्रतीक भनिन्छ । प्रतीकले एकातिर अमूर्त र अव्यक्त भागलाई भिन्न ढाँचाले मूर्तता र अभिव्यक्ति दिने काम गर्दछ भने अर्कातिर धेरै शब्दलाई खर्च गरेर भन्नुपर्ने कुरालाई थोरै शब्दमा मीठासँग भन्दछ ।[2] प्रतीकको प्रयोग उचित रूपमा गर्न सकिएमा भाषा कलात्मक र उत्कृष्ट बन्दछ । पाठकको सामान्य चेतन स्थितिलाई माथि उठाएर विशिष्ट अवस्थामा पुऱ्याइदिन्छ । प्रतीकले आफ्नो वास्तविक अर्थलाई अर्को वस्तुमा आरोपित गरी गीतको कुनै पङ्क्ति, अनुच्छेद वा पूरै गीतलाई नै ध्वन्यात्मक बनाइदिन्छ । गीतमा समुद्र, वन, उपवन, फूलपात प्राणीजगत आदिबाट प्रतीकलाई लिइएको हुन्छ ।

**दिलको आवाज** गीतसङ्ग्रहका गीतमा थापाले प्रतीकको प्रयोग कमै मात्रामा गरेका छन् । यस सङ्ग्रहमा सङ्कलित गीतका शीर्षकहरू पनि अभिधात्मक नै रहेकाले प्रतीकको कम प्रयोग छ भन्न सकिन्छ । भाषालाई सरल, सहज र स्वभाविक रूपमा हृदयको उद्गार ठान्ने थापाले प्रतीकले भाषालाई जटिल, दुरुह र बौद्धिक बनाउने ठानी उनी त्यसप्रति सजग देखिन्छन् तापनि उनका गीतमा स्वाभाविक रूपले प्रतीकहरूले चियाउने अवसर भने पाएका छन् । गीतमा कहीं प्रसङ्गवश **भवँरा** को प्रयोग गरेका छन् भने कहीँ **महेन्द्र-ज्योति**को प्रयोग गरेका छन् । भवँराले कामक्रीडाप्रति आशक्त व्यक्तिलाई जनाउँछ भने महेन्द्रज्योतिले तत्कालीन राजा महेन्द्रलाई चम्किलो ज्योतिका रूपमा लिँदै उनीबाट देशविकास हुन सक्ने सम्भावना देखाइएको छ । यसै गरी खोलाको बगर उब्जाउहीन जमिनको प्रतीकको रूपमा

---

[1] दिलको आवाज, पूर्ववत्, पृ. ६५ ।

[2] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ४३ ।

आएको छ । औंसीको रात दुःख, वेदना र निराशाको प्रतीक हो भने जुनेली रात सुख, शान्ति र सुन्दरताको प्रतीक हो । फूल कोमलताको प्रतीक हो भने काँडा र ढुङ्गा कठोरताका प्रतीक हुन् । आँसुको तालमा फुलेको फूलले दुःखै दुःखका बीचमा हुर्केको सुन्दर वस्तुलाई जनाएको छ । प्रतीकको एउटा राम्रो उदाहरणका रूपमा तलको गीत यहाँ उद्धृत गरिएको छ -

*दिलको व्यथा फूलले सुन्छ, काँडाले सुन्दैन ।*
*आँसुको मोल दिलले बुझ्छ, ढुङ्गाले बुझ्दैन ॥*[१]

## ५.३.१० भाषाशैली

भाषाविचार विनिमयको एउटा सरल माध्यम हो भने शैली विचारलाई प्रस्तुत गर्ने तरिका हो । गीत पनि साहित्यका अन्य विधाजस्तै एक साहित्यिक विधा भएकाले यसमा प्रयोग गरिने भाषा काव्यात्मक, रागात्मक, आलङ्कारिक एवम् कलात्मक हुनु जरुरी छ । गीतको सम्बन्ध कवितासँग नजिक भएकाले गीतको भाषा काव्यात्मक हुनु अनिवार्य देखिन्छ । गीत पद्य विधा भएकाले यसलाई पद्यात्मक शैलीमा प्रस्तुत गरिन्छ, साथै स्वर तथा व्यञ्जन वर्णको उचित संयोजन गरी समानुपातिक लयात्मक भाषाको प्रयोग गीतमा गरिन्छ । अझ भन्नुपर्दा गीतमा अनुप्रासको भूमिका महत्त्वपूर्ण देखिन्छ, जसले आदि, मध्य तथा अन्त्यमा गीतलाई लयात्मक बनाउन सहयोग गर्दछ । यसैगरी गीतमा सरल, सहज एवम् सार्वभौम साथै बोधगम्य भाषाको प्रयोग गर्नुपर्दछ । गीतले शिक्षित, अशिक्षित एवम के गाउँ के सहर सबै क्षेत्रका पाठक तथा श्रोतामा उत्तिकै प्रभाव जमाउन सक्ने हुनुपर्दछ ।

गीतकार जगतमर्दन थापाद्वारा लिखित **दिलको आवाज** गीतसङ्ग्रहमा सरल, सहज, सरस एवम् बोधगम्य भाषाको प्रयोग गरिएको छ । हिमाल, पहाड, तराई एवम् गाउँ, सहर सबै क्षेत्रका मानिसले सहज रूपमा प्रयोग गर्ने भाषा यस कृतिका गीतमा प्रयोग गरिएको छ । तत्सम, तद्भव, आगन्तुक एवम् झर्रा शब्दका साथै गीतकार स्वयम्द्वारा निर्मित शब्दहरूको प्रयोग पनि सशक्त रूपमा देखिन्छ । प्रभात, उषा, नयन, पथ, आकाश, स्वर्ग, रजनी, विरहजस्ता तत्सम शब्द, दिल, नजर, इसारा, सराबीजस्ता आगन्तुक शब्दका साथै झल्याँस्स, झरझर, बहार, झलमल्ल, रिमरिम आदिजस्ता अनुकरणात्मक र द्वित्वद्वारा निर्मित शब्दको प्रयोग पनि उचित मात्रामा गरेका छन् । ठाउँ-ठाउँमा विस्मायदिबोधक चिह्नहरूको प्रयोग गरी श्रोता तथा पाठकलाई त्यही अनुसारको भाव व्यक्त गर्ने भाषाको प्रयोग पाइन्छ । जगतमर्दन थापाले आफ्नै पाराले शब्दहरूको निर्माण पनि गरेका छन्:-

[१] पूर्ववत्, पृ. २२ ।

प्रगतिचोटि, एसिया-शान, महेन्द्रज्योति, उन्नतिचोटी, बादल बगेको, आँसुको जपना, इशाऱ्यो, शर्मायोआदिको प्रयोग उनका गीतमा खट्कँदो छ । ठाउँ-ठाउँमा प्रश्नवाचक चिह्न, पूर्णविराम, अल्पविराम तथा विस्मयादिबोधक चिह्नले भाषालाई लयात्मक बनाएको छ । यस सङ्ग्रहमा सङ्कलित सयवटा गीतहरूमध्ये प्रायःजसो सबै गीतमा **दिल** शब्दको प्रयोग अत्यधिक रहेको देखिन्छ । भाषामा अनुप्रास अलङ्कारका साथै उपमा अलङ्कारको प्रयोग पनि केही मात्रामा देखिन्छ तापनि भाषा अलङ्कारिक र कलात्मक बन्न सकेको छैन । अनुप्रास र लय मिलाउने नाममा भाषालाई अनियमित तरिकाले भाँचकुच गरेको पाइन्छ ।

समग्रमा भन्नुपर्दा जगतमर्दन थापाको **दिलको आवाज** गीत सङ्ग्रहमा प्रयोग गरिएको भाषा त्यति परिष्कृत, परिमार्जित र उन्नत किसिमको भएको पाइँदैन । यो उनको प्रथम गीतसङ्ग्रह भएको हुनाले भाषामा निख्खरता आउन सकेको छैन । त्यसैले यो कृति शैल्पिक चमत्कारका दृष्टिले कमजोर देखिन्छ ।

## ५.४ '४० वर्षअघि ४० वर्षपछि' गीतिएल्वमको अध्ययन

### ५.४.१ परिचय

लामो समयको विश्रामपछि जगतमर्दन थापा साहित्य र सङ्गीत क्षेत्रमा पुनः सक्रिय भएको कुरालाई **४० वर्षअघि ४० वर्षपछि** नामक गीतिएल्वमले पुष्टि गरेको छ । वि.सं २०५८ सालमा सरकारी जागिरे जीवनबाट अवकाश पाएपछि पारिवारिक सहयोग र साथीभाइको आग्रहका साथै आफ्नो फुर्सदको समय सदुपयोगका लागि थापा पुनः साहित्य र सङ्गीतप्रति आकृष्ट भएका हुन्, जसको परिणामस्वरूप **४० वर्षअघि ४० वर्षपछि** नामक गीतिक्यासेट श्रोतामाझ आउन सफल भयो । गीतकार सङ्गीतकार तथा गायक जगतमर्दन थापाको पहिलो गीतिएल्वम **४० वर्ष अघि र ४० वर्षपछि** को विमोचन बुधबार सङ्गीतप्रवीण नरराज ढकालले गर्नुभयो । यादव खरेलको सभापतित्वमा सम्पन्न उक्त विमोचन कार्यक्रममा नरराज ढकालले विगत ६० वर्षदेखि शास्त्रीय सङ्गीतलाई परचक्रीको व्यवहार गरेको गुनासो पोख्नु भएको थियो ।[1] वि.सं २०५८ कार्तिक १ गते बुधबार होटल सांग्रिला लाजिम्पाटमा गीतकार थापाका सुपुत्र मोहितमर्दन थापाद्वारा आयोजित कार्यक्रममा यो गीति एल्वम विमोचित भएको हो । ४० वर्षको सुषुप्तावस्थापछि आफ्ना गलाका तन्तुलाई सक्रिय बनाउन पुगेका थापाका यस एल्वममा चारवटा गीत चालीस वर्षअघि पटक-पटक **हिज मास्टर्स भ्वाइस**मा कलकत्ता र मुम्बईमा रेकर्ड भइसकेका र चारवटा गीत बिलकुल नयाँ

[1] राजधानी दैनिक, वर्ष १, अङ्क १३७, पृ. ११ २०५८ कार्तिक २ विहीबार ।

छन् । म्युजिक नेपालद्वारा प्रस्तुत यो एल्वममा समयले आफ्नो स्वरमा कस्तो परिवर्तन ल्याएको छ, श्रोताले थाहा पाऊन् भन्नका लागि नै आफूले दुवै छिमलका गीतहरू एकै एल्वममा समावेश गरेको थापा बताउँछन् ।[१] चालीस वर्षअघि **हिज मास्टर्स भ्वाइस** कलकत्ता र मुम्बइमा दुईपटक गरी रेकर्ड गराएका चारवटा गीतलाई श्रोताले अझ पनि मन पराइदिएका हुनाले ती गीतलाई पुनः यो गीति एल्वममा समावेश गरेको थापा बताउँछन् । **माया लुकाई लुक्दैन, कोइलीले सम्झाइदियो, मायालु नैनको इसारा, कुहिरोसँग डाँडाकाँडा** शीर्षकका चारवटा गीतलाई आफ्नै स्वर सङ्गीत र लेखनमा आबद्ध गरेका छन् भने २०५८ सालपछिका **आज मलाई इशाऱ्यो कल्ले,** (युगल गीत) **मेरी भावनाकी रानी, हिडन जाऊँ ए कान्छी** (युगल गीत) र **बादलको आँसु** गरी चारवटा गीतहरू बिलकुलै नयाँ हुन् । यी गीतहरूको लेखन, गायन एवम सङ्गीत स्वयम् जगतमर्दन थापाको रहेको छ, जसमा लोचन भट्टराई र शर्मिला बर्देवाले साथ दिएका छन् ।

**४० वर्षअघि ४० वर्षपछि** गीति एल्वमको विमोचनपछि जगतमर्दन थापाको चर्चा प्रायःजसो सबै पत्रपत्रिकाले गरेका थिए र साङ्गीतिक क्षेत्रमा उनको सनसनी मच्चिएको थियो । यही गीति क्यासेटले जगतमर्दन थापालाई गीतकार, गायक एवम सङ्गीतकारका रूपमा चिनाउन अझ सफल भयो । लोकलयमा आधारित यस एल्वमका सम्पूर्ण गीतहरू प्रेम भावले युक्त भएका छन् । प्रेमका संयोग र वियोग दुवै भावलाई एकै ठाउँमा संयोजन गर्न सफल यस एल्वमका गीतहरू उत्कृष्ट नै देखिन्छन् । साइड 'ए' मा ४० वर्षपछिका गीतहरू र साइड 'बी' मा ४० वर्षअघिका गीतहरू समावेश गरिएका छन् । यी गीतहरूमा माया लुकाई नलुक्ने, सपनीमा मायाको झझल्को आइरहने, बितेका दिनलाई कोइलीले बारम्बार सम्झाइदिने, पारि गाउँकी कान्छीलाई गायकको दिलले खोज्ने, भावनाकी रानीलाई सपनीमा आउन आग्रह व्यक्त भएका छन् । यसरी यस एल्वमका सम्पूर्ण गीतहरू सङ्गीतबद्ध पनि रहेका छन् । नेपाली माया पिरतीको गीत गाउन सफल यस सङ्ग्रहका सम्पूर्ण गीतमा नेपाली प्रकृतिको सादृश्यता पाइन्छ । गीति तत्त्वका आधारमा यस सङ्ग्रहको विश्लेषण निम्नानुसार गरिएको छ ।

## ५.४.२ शीर्षक

जगतमर्दन थापाद्वारा स्वर, सङ्गीत र लेखनमा आबद्ध रहेको अनि म्युजिक नेपालद्वारा प्रस्तुत गरी श्रोतामाझ आएको गीति एल्वम **४०वर्ष अघि ४० वर्षपछि** हो । यस एल्वममा

---

[१] नेपाल समाचार पत्र, वर्ष ३, अङ्क ३१८ पृ. १० २०५८ मंसिर १५ गते ।

४० वर्षअघि जगतमर्दन थापाले कलकत्ता र मुम्बईका **हिज मास्टर्स भ्वाइसमा** रेकर्ड गराएका चारवटा गीत र वि.सं. २०५८ सालपछि स्वर र सङ्गीतबद्ध रहेका चारवटा गीत गरी जम्मा आठवटा गीतहरू समावेश गरेका छन् । चालीस वर्षअघिका ४ वटा गीत र पछिका ४ वटा गीत भएकाले यस एल्वमको शीर्षक सार्थक देखिन्छ । ४० वर्षअघिको आफ्नो स्वर र ४० वर्ष पछिको आफ्नो स्वरमा के कति अन्तर आयो भनी बुझ्नका लागि यो एल्वम तयार पारिएको थापा बताउँछन् । यस एल्वमको शीर्षक र विषयवस्तुबीच सामञ्जस्य हुन सकेको छैन । किन भने यस एल्वमको नाम **४० वर्ष अघि ४० वर्षपछि** राखिएको छ तर यस एल्वममा समावेश गरिएका गीतहरू माया प्रीतिमा आधारित रहेका छन् । ४० वर्षअघि र ४० वर्षपछिको माया प्रेममा फरक भएको विचार ती गीतले व्यक्त गर्न सकेका छैनन् । केवल ४० वर्षको सुषुप्ततापछि गायन क्षेत्रमा फर्किएका थापाले वि.सं. २०२१ म प्रकाशित **दिलको आवाज** गीतसङ्ग्रहमा सङ्कलित गीतलाई नै नयाँ गीत भनेर प्रस्तुत गरेका छन् । स्वर तथा सङ्गीतमा नयाँपन भए पनि लेखनका हिसाबले यी चालीस वर्षपछिका गीतहरू बिलकुलै नयाँ भने छैनन् । चालीस वर्ष अघि र चालीस वर्षपछिका गीतको विषयवस्तु पनि समान नै देखिन्छ किनभने यी दुवै प्रकारका गीतमा प्रेमभावपूर्ण अभिव्यक्तिको प्रयोग गरिएको छ । पाठकले यी चालीस वर्षपछिका गीतको पठन वि.सं. २०२१ सालतिरै गरिसकेका भए पनि ती गीतलाई सङ्गीतबद्ध गरी मधुर लयका साथ गाइने काम वि.सं. २०५८ सालमा मात्र भयो ।

यसरी वि.सं. २०५८ मा श्रोतामाझ आएको जगतमर्दन थापाको पहिलो गीति एल्वम **४० वर्षअघि ४०वर्षपछि** मा चालीस वर्षैअघि रेकर्ड भएका चारवटा गीत र ४० वर्षपछि रेकर्ड भएका चारवटा गीतहरू सङ्कलित भएका हुनाले यस एल्वमको शीर्षक सार्थक र उपयुक्त रहेको छ । गीत लेखनका हिसाबले समान समयावधिका भए पनि यी गीतहरू गायन र रेकर्डिङ्गका हिसाबले चालीस वर्षअघि र चालीस वर्षपछिको अन्तर देखिन्छ । त्यस्तै गीति एल्वमको शीर्षक अभिधात्मक पनि रहेको छ ।

### ५.४.३ विषयवस्तु

'४० वर्ष अघि र ४० वर्षपछि' गीति एल्वममा जम्मा आठवटा गीतहरू समावेश भएका छन् । ती आठवटै गीतमा प्रेमप्रणयमूलक विषयवस्तुको प्रयोग गरिएको छ । नेपाली युवायुवतीले वन, पाखा, डाँडाकाँडा, लेकबेंसी, उकाली-ओराली, पानीपँधेरो, गोठाला-

खेतालामा गाउने लोकलयलाई आधार बनाई नेपाली पाराको माया पिरतीलाई विषयवस्तु बनाइएका गीतहरू यस एल्वममा रहेका छन् । प्रेमका संयोग र वियोग भाव व्यक्त गर्ने गीतहरू समावेश भए पनि यस एल्वमा वियोग भावका गीतहरू बढी सशक्त र सबैको मन छुने खालका छन् । **आज मलाई इसाऱ्यो कल्ले**, **हिँडन जाऔँ ए कान्छी**, **कुहिरोसँग डाँडाकाँडा**, **मेरी भावनाकी रानी**, **मायालु नैनको इसारा** बोलका गीतहरू मायाको संयोग भावले ओतप्रोत भएका गतिहरू हुन् । यी गीतमा नेपाली युवायुवतीले प्रेमको पाशामा बाँधिनका लागि एकअर्कालाई आग्रह गरेका छन् । मायालु भेट्दा हृदय लठ्ठिने, मायालुलाई हृदयभित्र भेट्ने, इसाराले नै प्रेमको परिभाषा व्यक्त गर्ने, आँखा-आँखा जुध्दा प्रेम बस्ने, सुरुको दोधारे बानीमा मनको तार अल्भने, भावनाकी रानीलाई समाजदेखि नडराई आउन आग्रह गर्नुका साथै भोलि जे जस्तो भए पनि आज माया गाँस्नैपर्छ भन्ने विचार व्यक्त भएका छन् । नेपाली केटाकेटीको चोखो माया देखेर हिमालचुली हाँसेको कल्पना गर्दै गीतकारले आफैलाई भुलेर एक दिलले अर्को दिललाई प्यार गर्न सक्ने विचार मायाको संयोग भाव व्यक्त गर्ने गीतमा गाएका छन् । गीतकार तथा गायक जगतमर्दन थापा कहिले एकल गीतका माध्यमबाट त कहिले युगल गीतका माध्यमबाट आधुनिक र लोकलयको प्रयोग गर्दै माया पिरतीको महिमागान गर्न पुग्छन् । केटा र केटीको मिलनपछिको उमङ्ग, खुसी, हर्षोल्लास र उनीहरू भित्रको स्फूर्तिलाई सरलताका साथ प्रस्तुत गर्दै नेपाली प्रकृति, नेपाली संस्कृति, नेपालीपन, लालीगुराँस, लेकबेंसी डाँडाकाँडा र पानी पँधेराको गुणगान गीतकारले गाएका छन् । गायक कहिले दिल उघारी कसले इसाऱ्यो भन्न पुग्छन् त कहिले कान्छीलाई मायाको गाँठो बाँधेर हिँड्न आग्रह गर्दछन् । त्यस्तै कहिले भावनाकी रानीलाई सम्भन पुग्दछन् त कहिले पारि गाउँकी कान्छीलाई जीवन बग्ने खोलाजस्तै हो भन्दै माया गाँस्न अनुरोध गर्दछन् । यसरी यस एल्वममा समावेश भएका पाँचवटा गीतले प्रेमको संयोग भावलाई विषयवस्तु बनाएर सरलताका साथ प्रस्तुत गरेका छन् ।

प्रेमका वियोग भावलाई विषयवस्तु बनाएका गीतहरूमा **कोइलीले सम्भाइदियो**,**माया लुकाइ लुक्दैन** र **बादलको आँसु** बोलका गीत मुख्य देखिन्छन् । यी गीतहरूमा मिलनपछिको वियोग वा विछोडलाई भावमय बनाई प्रस्तुत गरिएको छ । कोइलीको कुहू कुहूको मधुर स्वरले आफ्नो पहिलेको प्रेमलाई सम्भाइदिएको, त्यो गीत सुनेर गायकको दिलमा विरह र व्यथा छाएको विचार व्यक्त गर्दै विगतको माया आँसु बनेर खसेको कुरालाई सरसताका साथ प्रस्तुत गरेका छन् । माया घुसघुसे बानीमा नलुक्ने , विपनीमा व्यथाझैं ठानी भाग्ने

तर सपनीमा आएर सताउने, चन्द्रमाझैं चकोर ठानी छल्ने, विगतको मायालाई सम्झेर बादलको आँसु कर्कले पातमा झरेसरह गायकको आँखाबाट आँसु खस्ने, हृदयभित्र बसेको आशा निराशामा परिणत भएको, पानी परेपछि सुकेको दुबो हरियो भएको तर व्यथाको भारले गर्दा सुकेको हृदय सुकी नै रहेको विचार यसरी व्यक्त भएको छ ।

*सुकेको दुबो हरियो भयो बादलको आँसुले ।*
*सुकेको हृदय सुकि नै गयो व्यथाको भारीले ॥* [१]

जगतमर्दन थापाले आफ्ना यी गीतमा प्रेमको वियोगावस्था र त्यसले उत्पन्न गरेको निराशा, छटपटी, पीँडा, व्यथा तथा वेदनालाई लोकलयको प्रयोगबाट सबैले बुझ्ने गरी प्रस्तुत गरेका छन् ।

विषयवस्तुको चयनका दृष्टिले यस एल्वममा समावेश भएका गीतहरू बढी मात्रामा प्रेमप्रणयमूलक नै रहेका छन् । प्रसङ्गवश प्रकृतिको उपयोग गरे पनि ती केवल माया पिरतीलाई नै उद्धृत गर्ने खालका छन् । यसरी यस एल्वममा भएका गीतहरूको मुख्य विषयवस्तु भनेको प्रेमका संयोग र वियोग भावलाई उजागर गर्नु नै हो भन्ने पुष्टि हुन्छ ।

## ५.४.४ सङ्गीतात्मकता

**'४० वर्ष अघि र ४० वर्षपछि'** गीतिएल्वममा समावेश भएका सम्पूर्ण गीतहरू गायकद्वारा गाइएका र सङ्गीतकारद्वारा सङ्गीतबद्ध छन् । गीतमा शब्दसङ्गीतको निर्माण अनुप्रास अलङ्कारले गरेको हुन्छ भने वाद्ययन्त्रसहितको सङ्गीतले शब्दमा रहेको भावलाई प्रभावकारी बनाई श्रोताको हृदयलाई रसाउने काम गर्दछ । शब्दसङ्गीत र वाद्ययन्त्रसहितको सङ्गीतले गीतलाई भावमय बनाई श्रोतालाई आनन्दित बनाउने काम यस एल्वमका सम्पूर्ण गीतहरूले गरेका छन् । संयोग भाव जगाउने गीतमा त्यही प्रकारको शब्द र वाद्ययन्त्रको प्रयोग गरी श्रोतामा खुसी, उमङ्ग र हर्षोल्लासको वातावरण सिर्जना गर्दै गीतको रसास्वादनमा जोड दिएका छन् भने वियोग भाव उजागर गर्ने गीतहरूमा विषयवस्तु सुहाँउदा शब्द र वाद्यको प्रयोग गरी श्रोतालाई दुःखी, खिन्न र हृदयविदारक बनाउनका साथै वेदना, छटपटी र पीँडाको स्थितिमा पुऱ्याउन सफल देखिन्छन् । सङ्गीतको प्रयोगले गीत सुनूँ सुनूँ र पढूँ पढूँ लाग्ने भई श्रोता तथा पाठकको मन सजिलै जित्न सफल भएका छन् । अनुप्रासको प्रयोग, वर्णहरूको र पङ्क्तिहरूको एकपटक वा अनेक पटकको आवृत्ति, विभिन्न वाद्ययन्त्रको प्रयोगले यस एल्वममा समावेश भएका गीतहरू सङ्गीतात्मक छन् । गीतकार,

[१] **४० वर्षअघि ४० वर्षपछि**, गीतिएल्वमबाट, पृ. ५८ ।

गायक एवम् सङ्गीतकारसमेत स्वयम् जगतमर्दन थापा भएकाले शब्दसङ्गीत, ध्वनिसङ्गीत तथा वाद्यसङ्गीतको उचित संयोजन गरिएको छ । ४० वर्षअघिका गीतहरू वि.सं. २०१९ तिरै कलकत्ता र मुम्बईमा रेकर्ड भएकाले यी गीतलाई सङ्गीतबद्ध गर्ने काम सङ्गीतकार प्रेमदास प्रकाश र महेन्द्र सङ्गीत निकेतनले गरेका थिए भने वि.सं. २०५८ मा आएर यी गीतमा सङ्गीत भर्ने काम स्वयम् जगतमर्दन थापाले गरेका छन्,जसका उदाहरण यस प्रकार छन्:-

*कोइलीले सम्झाइदियो बितेको त्यो दिन ।*
*सधैं साथी तिम्रो याद आउँछ यो किन ॥*[१]
*माया लुकाई लुक्दैन घुसघुसे बानीमा ।*
*आखिर त्यो झल्की हाल्छ आँखाको नानीमा ॥*[२]

४० वर्षपछिका गीतहरूलाई २०५८ सालमा स्वयम् थापाले सङ्गीतबद्ध गर्नुका साथै ४० वर्षअघिका दुईवटा गीतमा समेत उनले नै सङ्गीत भर्ने काम गरेका छन् । उदाहरणका लागि तलका गीतपङ्क्तिलाई लिन सकिन्छ:-

*बादलको आँसु कर्कले पातमा जसरी बग्दछ ।*
*मधुर तिम्रो सम्झना सारा आँसु भै झर्दछ ॥*[३]
*बगी जाने खोलासरि मानिसको चोला ।*
*माया नगाँसी भएन भोली जसो होला ।* [४]

गीतको अर्थ तथा भावलाई प्रभावकारी बनाउन र आनन्दायक ध्वनिको सिर्जना गर्न प्रत्येक गीतकारले सङ्गीतको प्रयोग गर्दछन् । सङ्गीतले शब्द प्रयोगको प्रभावलाई उचाइ प्रदान गर्ने र गीतको भावलाई चम्काउने काम गर्दछ । यसैअनुरूप जनगमर्दन थापाले आफ्ना गीतमा अनुप्रास, उपमा अलङ्कारको प्रयोग, वर्ण, पद, पदावदली तथा वाक्यांशको आवृत्तिका साथै बाँसुरी, मादल, गितार, हार्मोनियमजस्ता वाद्ययन्त्रको प्रयोगले गीतलाई भावमय बनाई श्रुतिमधुर, कर्णप्रिय, मुखाग्र र सरसताका साथ पाठक तथा श्रोताको मन जित्न सफल भएकाले यस एल्वमका सबै गीतहरू सङ्गीतबद्ध छन् ।

## ५.४.५ लयविधान

[१] ऐजन ।
[२] ऐजन ।
[३] ऐजन ।
[४] ऐजन ।

गीत एउटा गेयात्मक विधा भएकाले लयको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । स्वर तथा व्यञ्जन वर्णहरूको उचित व्यवस्थापनले लयको सिर्जना हुन्छ । लयले गीतलाई गेय बनाउँछ । गीत गाउनका लागि रचना गरिने हुनाले लयात्मकता हुनु अनिवार्य देखिन्छ । लयले भनाइलाई सङ्गीतात्मक बनाउँछ र भाषालाई अनावश्यक तरिकाले भाँच्नबाट जोगाउँछ । लयले गीतलाई श्रुतिमधुर, सरस र आनन्ददायक बनाई श्रोता तथा पाठकलाई आकर्षित गर्दछ र लयले गीतको भावबोधमा सहायता पुऱ्याउँछ ।

**४० वर्ष अघिका ४० वर्षपछि** नामक गीतिएल्वममा गायक जगतमर्दन थापाले नेपाली लोकलयलाई प्रयोगमा ल्याएका छन् । सर्वसाधारणका लागि कुनै सन्देश, भाव वा विचार प्रकट गर्नु छ भने लोकले रुचाएको लय लोकलयलाई प्रयोगमा ल्याउनु उपयुक्त देखिन्छ । यसैअनुरूप जगतमर्दन थापाले प्रेमका संयोग र वियोग भावलाई लोकलयमार्फत् श्रोतासामु ल्याएका छन्, ४० वर्षअघि ४० वर्षपछि गीति एल्वममा । यस एल्वममा सङ्कलित र गाइएका आठवटै गीतहरू लयात्मक रहेका छन् । **हिँडन जाऊँ ए कान्छी** बोलको युगल गीतमा तामाङ्सेलो लय प्रयोग गरिएको छ, जसमा आठ अक्षरको पहिलो पङ्क्ति र दोस्रो पङ्क्तिमा पनि आठै अक्षरको प्रयोग गरी लय सिर्जना भएको छ जस्तै :

*हिँडन जाऊँ ए कान्छी ।*
*मायाको गाँठो लौ बाँधी ।* [1]

**कुहिरोसँग डाँडाकाँडा** बोलको गीतमा १४ अक्षरे झ्याउरे लयको प्रयोग गरिएको छ भने **बादलको आँसु** बोलको गीतमा १६ अक्षरे झ्याउरे लयको प्रयोग गरिएको छ । जस्तै :

*बादलको आँसु कर्कले पातमा जसरी बग्दछ ।*
*मधुर तिम्रो सम्झना सारा आँसु भै झर्दछ ॥* [2]

**आज मलाई इशाऱ्यो कल्ले** बोलको गीतमा केटा र केटीले गाएका सुरुका पङ्क्ति २० अक्षरे लयव्यवस्थामा बाँधिएका छन् भने अन्य पङ्क्तिहरू १४ अक्षरे झ्याउरे लयमा बाँधिएका छन् । यस गीतमा अनियमित लय व्यवस्थाको प्रयोग गरिएको छ । **माया लुकाई लुक्दैन** बोलको गीतमा १४ अक्षरे आधुनिक झ्याउरे लयको प्रयोग गरिएको छ । **कोइलीले सम्झाइदियो** बोलको गीतमा १५ अक्षरे झ्याउरे लयको प्रयोग गरिएको छ, जस्तै :

*कोइलीले सम्झाइदियो बितेको त्यो दिन ।*
*सधैं साथी तिम्रो याद आउँछ यो किन ॥*[3]

---

१ ऐजन ।

२ ऐजन ।

३ ऐजन ।

यस एल्वममा प्रेममा रोमान्टिक भाव भएका गीतका पङ्क्तिमा थोरै वा छोटो समयमा गाउन मिल्ने कम अक्षरको प्रयोगबाट लय सिर्जना गरिएको छ भने विरह तथा वियोग भाव भएका गीतमा लामो समय लाग्ने धेरै अक्षरको व्यवस्था भएको लयलाई गायकले आधार बनाएका छन् । यस एल्वममा थापाले भ्याउरे लयलाई बढी मन पराई प्रयोगमा ल्याएका छन् ।

**५.४.६. भावविधान**

भावले कुनै पनि विषयवस्तुलाई सार्वकालिक, सार्वभौमिक, सार्वदेशीय बनाई गीतलाई नै भावमय बनाउने हुनाले गीतमा भावको प्रयोग गरिन्छ । भावको प्रयोगबिना गीत घतलाग्दो र मर्मस्पर्शी बन्न नसक्ने हुनाले प्राचीन समयदेखि आजसम्म पनि गीतका लागि भावलाई आवश्यक अङ्गका रूपमा स्वीकारिँदै आएको पाइन्छ । यस **४० वर्ष अघि ४० वर्षपछि** नामका गीतिएल्वममा जगतमर्दन थापाले प्रेमभावले ओतप्रोत भएका गीतहरू समावेश गरेका छन् । नेपाली प्रकृतिको माया पिरतीलाई आधार बनाई त्यही प्रेमलाई सबै नेपालीका सामु भावमय बनाएर प्रस्तुत गरिएको यस गीतिएल्वममा प्रेमका संयोग र वियोग भावले ओतप्रोत भएका गीतहरू रहेका छन् । यस एल्वममा केटा र केटीका बीच बसेको माया प्रीति र त्यसले उनीहरूका मानमा उत्पन्न खुसी, हर्षोल्लास र कौतूहललाई भावमय बनाई श्रोतामाझ प्रस्तुत गर्ने काम, सँगै बाँच्ने र मर्ने वाचासहित नेपाली प्रकृतिलाई उद्दीपन विभावका रूपमा प्रस्तुत गर्दै प्रेमको रसपान गराउन सफल गीतहरूमा **हिँडन जाऊँ ए कान्छी**, **कुहिरोसँग डाँडाकाँडा**, **आज मलाई इशाऱ्यो कल्ले**, **मेरी भावनाकी रानी** बोलका गीतहरू मुख्य छन् । प्रेमको संयोग भावले ओतप्रोत भएको गीत पङ्क्तिलाई तल दिइएको छः-

*गुराँस फूल शर्मायो ! गालाको लाली देखेर ।*
*हाँस्यो तिम्रो त्यो ओठ ! यो मन मेरो चोरेर ॥*[1]
*कस्को सुख छाएको छ मनको वरिपरि ।*
*कहाँ पुग्यो दिल उडी आकाशलाई तरी ।*
*आज हाम्रो मिलन भयो नेपालको मुहार सिँगारी ।*[2]

युवायुवतीको मिलनपछि भएको विछोडलाई भावमय बनाई प्रस्तुत गरिएका गीतहरूमा **बादलको आँसु**, **कोइलीले सम्झाइदियो**, **माया लुकाई लुक्दैन** बोलका गीतहरू प्रमुख रहेका छन् । यी गीतहरूमा मायापछिको विछोडजन्य स्थिति र त्यसले केटाकेटीका

---
१ ऐजन ।
२ ऐजन ।

मनमा उत्पन्न निराशा, पीँडा, छटपटी, आवेग, संवेग, दुःख तथा कल्पनाको तीव्र भावावेगलाई श्रोतासामु पुऱ्याउने काम गायकले गरेका छन् । प्रेमको वियोग भावले ओतप्रोत भएका गीतका पङ्क्तिहरू यसप्रकार छन्-

*हाम्रो माया परेलीको आँसु बनी तर्किन्छ ।*
*तिमीलाई सम्झेर त्यसै छाती चर्किन्छ ॥*[1]
*बादलको आँसु हावाले पुछ्यो रोएको देखेर ।*
*दिलको व्यथा गएन कल्पी आँसुले धोएर ॥*[2]

**४० वर्ष अघि ४० वर्षपछि** नामक गीतिएल्वममा गायकले प्रेमका संयोग र वियोगभाव श्रोताका मनमा जागृत गराई आफ्ना गीतलाई भावमय बनाउने प्रयास गरेका छन्, जसमा उनी सफल पनि भएका छन् । यसरी यस एल्वममा प्रेमभावले ओतप्रोत भएका गीतहरू सङ्कलित छन् ।

## ५.४.७. बिम्ब तथा प्रतीकविधान

कुनै पनि वस्तुको चित्रण गरी भाषाका माध्यमबाट मानव मस्तिष्कमा पर्ने मानसिक तस्विरलाई बिम्ब भनिन्छ । गीतमा बिम्ब रचनाको मुख्य साधन भनेको उपमान हो र प्रत्येक उपमानको आफ्नो विम्ब हुन्छ र यसले भावनालाई मूर्तता प्रदान गर्दछ । जनगमर्दन थापाद्वारा श्रोतामाझ ल्याइएको **४० वर्षअघि ४० वर्षपछि** नामक गीतिएल्वममा बिम्ब तथा प्रतीकको प्रयोग कम मात्रामा गरिएको छ । यस एल्वममा बादल, बगैंचा, खोलाको बगर, हिमाल, गुराँसको फूल, डाँडाकाँडा, छहरा, कुहिरो, कर्कलाको पात, घायल चरा, व्यधा, विमान, चखेवाजस्ता बिम्बको प्रयोग गरी श्रोताको मन मस्तिष्कमा गहिरो प्रभाव जमाउन सफल जगतमर्दन थापाका गीतमा नेपाली प्रकृति, नेपाली संस्कृति र परम्परालाई स्रोत बनाई बिम्बको निर्माण गरिएको छ । प्रतीकले कुनै वस्तु वा घटनाको सोझो अर्थ नबुझाएर त्यसभन्दा निकै परको वस्तु वा घटनाको अर्थलाई बुझाउँछ । प्रतीकले अव्यक्त र अमूर्त कुरालाई व्यक्त गर्दै मूर्तता प्रदान गर्दछ । धेरै शब्दलाई खर्च गरेर भन्नुपर्ने कुरालाई थोरे शब्दमा व्यक्त गर्न प्रतीकको प्रयोग गरिन्छ । **४० वर्ष अघि ४० वर्ष पछि** नामक गीतिएल्वममा प्रतीकको प्रयोग निकै कम मात्रामा गरिएको छ । प्रतीकको अत्यधिक प्रयोगले गीतको रसास्वादनमा बाधा पुग्ने मनसायले गीतकारले कम प्रतीकको प्रयोग गरेका छन् । भाषालाई सरल, सहज र सरस बनाउने ध्येयले लोकलयको प्रयोग गरी सरल हृदयको सरल

---

[1] ऐजन ।
[2] ऐजन ।

आवाजलाई यस एल्वममा व्यक्त गरिएको छ । तर पनि यस एल्वममा समावेश गरिएका गीतमा यदाकदा प्रतीकहरूले चियाउने काम गरेकै छन् । जस्तै, **फूल** कोमलताको प्रतीक हो भने **काँडा** कठोरताको प्रतीक हो । **चन्द्रमा** सुन्दरताको प्रतीक हो भने **भवँरा** कामुक पुरुषको प्रतीक हो । त्यस्तै **हिमालको चुली** उच्चताको प्रतीक हो ।

यसरी जगतमर्दन थापाले **४० वर्षअसिघ ४० वर्षपछि** नामक गीति एल्वममा कम बिम्ब तथा प्रतीकको प्रयोग गरेका छन् । भावलाई सरलताका साथ श्रोतामाझ पुऱ्याउन र सबै श्रोतालाई गीतको भावबोधमा जटिलता उत्पन्न हुन नदिई जनजिब्रोका शब्दलाई आफ्ना गीतमा समावेश गरेका छन् । शिक्षित, अशिक्षित, हिमाल, पहाड, तराई, के गाउँ, के सहर सबै क्षेत्रका श्रोतालाई ध्यानमा राखेर **४० वर्षअघि ४० वर्षपछि** गीतिएल्वम श्रोतामाझ आएको देखिन्छ ।

## ५.४.८ भाषाशैली

गीत भाषाका माध्यमबाट लयात्मक तरिकाले व्यक्त हुने एउटा गेयात्मक साहित्यिक विधा हो । गीतकारले भाषालाई साथ लिएर आफ्नो भाव, विचार वा दृष्टिकोणलाई श्रोता तथा पाठकसामु प्रस्तुत गर्दछन् । गीतको भाषा सरल, सहज, स्वाभाविक लयात्मक, सङ्गीतात्मक र श्रुतिमधुर हुनु अत्यावश्यक मानिन्छ । गीत साहित्यको पद्य विधाअन्तर्गत् पर्ने श्रव्यविधा हो तापनि हाल आएर गीतलाई श्रव्य/दृश्य विधाका रूपमा हेर्ने गरिएको पाइन्छ । त्यसैले गीतको शैली पद्यात्मक हुन्छ । स्वर तथा व्यञ्जन वर्णको उचित संयोजन गरी समानुपातिक लयात्मक भाषिक व्यवस्था गीतमा गरिएको हुन्छ । आदि, मध्य र अन्त्यमा अनुप्रासको प्रयोगले गीतलाई लयात्मक बनाउँछ ।

जगतमर्दन थापाले श्रोतामाझ ल्याएको **४० वर्षअघि ४० वर्षपछि** नामक गीति एल्वममा सरल, सहज, स्वाभाविक एवम् पद्यात्मक भाषाको प्रयोग गरिएको छ । अन्त्यानुप्रासको राम्रो व्यवस्था गरिएको यस एल्वमका गीतमा अलङ्कारको प्रयोग पनि ठाउँ-ठाउँमा गरिएको छ । अनुप्रास अलङ्कार र उपमा अलङ्कारको प्रयोगले भाषालाई आलङ्कारिक बनाउन खोजे पनि भाषा त्यति आलङ्कारिक भने छैन । गीतका चारवटै पङ्क्तिमा अन्त्यानुप्रास यसरी मिलाइएको छ :-

*चरी गाउँछे वन वन स्वर्गको त्यो गीत ।*
*त्यो गीतमा सधैं बोल्छ स्वच्छ हाम्रो प्रीत ॥*
*मनको दुःख बुझ्ने सधैं बन्छ हाम्रो मीत*

*चोखो प्रेमको सधैं हुन्छ संसार जीत ॥*[1]

माथि दिइएका तीन पङ्क्तिमा **सधैं** शब्दको प्रयोग नछुटाई गरिएको छ भने गीत, प्रीत, मीत, जीत, जस्ता पूर्णानुप्रासको प्रयोग गरिएको छ । यस एल्वममा उपमा अलङ्कारको प्रयोग पनि गरिएको छ- जस्तैः- बैगुनी त्यो चाँदभैँ चकोर ठानी छल्छ्यौ, विपनीमा चरीभैँ व्यधा ठानी भाग्छयौ, बगी जाने **खोलासरी** मानिसको चोला, छहराको **पानीसरी** हृदयको माया आदि । आशा-निराशा, आँसु-हाँसोजस्ता विपरीतार्थक शब्दको प्रयोगका साथै इशाऱ्यो, शर्मायो, घबराउँदछ जस्ता गीतकारद्वारा निर्मित निजी शब्दको प्रयोग पनि यस एल्वममा गरिएको छ । यस एल्वमका प्रत्येक गीतमा **दिल** शब्दको प्रयोग अत्यधिक गरिएको छ, जुन गीतमा खट्कँदो छ । ठाउँ-ठाउँमा प्रश्नवाचक चिह्न, पूर्णविराम, अल्पविराम, विस्मयादिबोधक आदि चिह्नको प्रयोगले भाषालाई लयात्मक बनाएका छन् । दिल, इसारा, नजरजस्ता आगन्तुक शब्द स्वर्ग, आकाश, विरहजस्ता तत्सम शब्द, यसरी उसरी, जसरी जस्ता **अरी** प्रत्यय लागेका शब्द बैगुनी, घुसघुसे, कर्कले, खुनी आदिजस्ता विशेषण शब्दको प्रयोगले भाषालाई स्वाभाविक बनाउने काम गरेका छन् । कल्ले, त्यल्ले उल्ले, पिरतीजस्ता कथ्य भाषाको प्रयोग पनि ठाउँ-ठाउँमा भेटिन्छ ।

यस एल्वममा पद्यात्मक शैली र काव्यात्मक भाषाको प्रयोग गरिनुका साथै कहीँ-कहीँ आलङ्कारिक शब्दको प्रयोग पनि गरिएको छ । तत्सम, तद्भव र आगन्तुक शब्दको उचित संयोजन गरी भाषालाई सरल, स्वाभाविक, सहज र बोधगम्य बनाएका छन् । तर भाषा परिष्कृत, परिमार्जित र स्तरीय हुन भने सकेको छैन । ठाउँ-ठाउँमा जबर्जस्ती अनुप्रास मिलाउने काम भएको छ । त्यसैले भाषा कृत्रिम वा बनावटी बनेको देखिन्छ । त्यसैले यस एल्वममा स्वतःस्फूर्त भाषा प्रयोगको अभाव रहेको छ ।

## ५.४.९ निष्कर्ष

चालीस वर्षको विश्रामपछि पुनः साहित्य र सङ्गीतप्रति आकृष्ट भएका जगतमर्दन थापा **४० वर्षअघि ४० वर्षपछि** नामक गीति एल्वम विमोचन गरी श्रोतामाझ आएका छन् । यस एल्वममा समावेश गरिएका सम्पूर्ण गीत २०२०/२१ सालभन्दा अगाडि नै रचना भइसकेका हुन् । त्यसबेलाको समाज र त्यस समाजका मानिसको स्तर, योग्यता र क्षमताका साथै उनीहरूको रुचि, इच्छा र चाहनाअनुसार रचना भएका यी गीतलाई हाल आएर बिलकुलै नयाँ भनिएको छ । गायन र सङ्गीतका हिसाबले ती चारवटा गीत नयाँ भए पनि

[1] ऐजन ।

रचना वा लेखनका हिसाबले यी बिलकुलै नयाँ भने होइनन् । त्यस समयको जनभावनाअनुरूप रचना भएका गीतहरू हाल त्यति स्तरीय हुन सकेका छैनन् । **आज मलाई इसाऱ्यो कल्ले** बोलको गीत **दिलको आवाज** गीतसङ्ग्रहमा **दिल गाउँछ** शीर्षकमा वि.सं. २०२१ मै प्रकाशित भएको पाइन्छ भने **मेरी भावनाकी रानी** बोलको गीत पनि दिलको आवाज गीत सङ्ग्रहमा त्यही शीर्षकमा प्रकाशित भएको देखिन्छ । त्यस्तै **हिँडन जाऊँ ए कान्छी** बोलको गीत **मायाको सग्लो वचन** शीर्षकमा दिलको आवाज गीतसङ्ग्रहमा सङ्कलित छ भने **बादलको आँसु** बोलको गीत यही शीर्षकमा वि.सं. २०२१ सालतिरै **दिलको आवाज** मा समावेश भएको देखिन्छ । यी गीतहरू वि.सं. २०५८ सालमा आएर ४० वर्षपछिका गीत भनी सङ्गीत र स्वर दिने काम भए पनि रचनाका हिसाबले यी गीत नयाँ भने अवश्य होइनन् । सङ्गीत र स्वरका दृष्टिले नयाँ भए पनि विषयवस्तु, भावविधान, लयविधान, भाषाशैलीका दृष्टिले यी गीतहरू ४० वर्षअघिकै हुन् ।

४० वर्षअघिका चारवटा गीतहरू माया लुकाई लुक्दैन बोलको गीत वि.सं. २०१९ सालतिरै रेकर्ड भए पनि यो गीत २०२१ सालमा दिलको आवाज गीतसङ्ग्रहमा **नौलो मायाको रीत** शीर्षकमा प्रकाशित भएको छ भने **कोइलीले सम्झाइदियो** बोलको गीत **बितेको त्यो दिन** शीर्षकमा प्रकाशित भएको देखिन्छ । कुहिरोसँग डाँडाकाँडा बोलको गीत पनि दिलको आवाज गीतसङ्ग्रहभित्र मनको चाहना शीर्षकमा प्रकाशित छ भने मायालु नैनको इसारा केवल ४० वर्षअघि ४० वर्षपछि गीति एल्वममा मात्र सीमित छ । यसरी २०५८ सालमा आएर जगतमर्दन थापाको पहिलो एल्वमका रूपमा आए पनि चालीस वर्षपछिका गीतहरू स्वर र सङ्गीतका दृष्टिले नयाँ भए तापनि विषयवस्तु, भावविधान, बिम्ब तथा प्रतीक विधान, लयविधान आदिका दृष्टिले नयाँ होइनन् ।

## ५.४.१० गीतकार जगतमर्दन थापाका विशेषता

१. देशभक्तिले ओतप्रोत भएका गीतको रचना ।
२. प्रेमभावपूर्ण गीतको रचना ।
३. श्रृङ्गारप्रधान गीतको रचना ।
४. प्रेमका संयोग तथा वियोग भाव जागृत गराउने गीतकार ।
५. नेपाली प्रकृति, संस्कृति एवम् मानवतावादी दृष्टिकोणलाई प्रस्तुत गर्नु ।
६. तत्सम, तद्भव, आगन्तुक, झर्रा शब्दका साथै गीतकारद्वारा निर्मित शब्दको प्रयोगमा आधिक्यता ।
७. लोकलय, झ्याउरे लय, तामाङ्सेलो, आधुनिक झ्याउरे लयको प्रयोगमा जोड ।

८. अनुप्रासयुक्त भाषाको प्रयोग ।

९. 'दिल' शब्दको प्रयोगमा बहुलता ।

१०. विभिन्न बिम्ब तथा प्रतीकको प्रयोग ।

११. सरल, सरस, सहज र बोधगम्य भाषाको प्रयोगमा जोड ।

# छैटौँ परिच्छेद

# उपसंहार अर्थात् निष्कर्ष

## ६.१ सारांश

जगतमर्दन थापाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षकको प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोधपरिचय उल्लेख गरिएको छ । शोधपरिचयअन्तर्गत विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य र शोधकार्यको सीमाङ्कन शोधविधि र शोधपत्रको रूपरेखाजस्ता उपशीर्षकहरू रहेका छन् । त्यस्तै दोस्रो परिच्छेदमा जगतमर्दन थापाको जीवनी मूल शीर्षक रहेको छ । यस मूल शीर्षकभित्र पुर्ख्यौली र पारिवारिक पृष्ठभूमि, जन्म र जन्मस्थान, बालयकाल र शिक्षादीक्षा दाम्पत्य जीवन र पारिवारिक स्थिति, आर्थिक स्थिति र आजीविका बसोबास र दिनचर्या, जागिरे जीवनको थालनी, मातापिता र पत्नीको देहावसान, भ्रमण, अभिरुचि, तालिम तथा प्रशिक्षण, सम्मान, पुरस्कार तथा पदक, जीवनका अविस्मरणीय क्षणहरू, लेखन प्रेरणा र आरम्भ, साहित्यिक क्षेत्रमा प्रवेश, प्रकाशित पुस्तकाकार कृतिहरू र जीवनदर्शनजस्ता उपशीर्षकहरू रहेका छन् । त्यस्तै तेस्रो परिच्छेदमा जगतमर्दन थापाको व्यक्तित्व मूल शीर्षक रहेको छ । यस मूल शीर्षकभित्र शारीरिक स्वभाव, बनौट र अभिरुचि, साहित्यिक व्यक्तित्वमा कथाकार व्यक्तित्व, गीतकार व्यक्तित्व, एकाङ्कीकार व्यक्तित्व, कवि तथा बालसाहित्यकार व्यक्तित्व रहेका छन् भने साहित्यइतर व्यक्तित्वमा प्रशासनिक व्यक्तित्व, गायक व्यक्तित्व, सङ्गीतकार व्यक्तित्व, वाद्यवादक व्यक्तित्व, अभिनेता व्यक्तित्व, बहुभाषी व्यक्तित्व र जीवनी, व्यक्तित्व र साहित्य लेखनका बीच अन्तःसम्बन्धजस्ता उपशीर्षक रहेका छन् । चौंथो परिच्छेदमा जगतमर्दन थापाको कथाकारिताको अध्ययन मूल शीर्षक रहेको छ भने त्यस मूल शीर्षकअन्तर्गत **पलाँसको फूल** कथासङ्ग्रहको विश्लेषण गरिएको छ । पाँचौ परिच्छेदमा जगतमर्दन थापाको गीतलेखन र गायनको अध्ययन मूल शीर्षकअन्तर्गत **दिलको आवाज** गीतसङ्ग्रह र **४० वर्षअघि ४० वर्षपछि** गीति एल्वमको विश्लेषण गरिएको छ ।

यसरी शोध सारांशमा निष्कर्षभन्दा अघिका सम्पूर्ण शीर्षक तथा उपशीर्षकको उल्लेख गरिएको छ ।

## ६.२ निष्कर्ष

सगरमाथा अञ्चल, सप्तरी जिल्लाको बयरवा गा.वि.स.को बरमझिया भन्ने गाउँमा वि.सं. १९९३ माघ २० गते पिता नरमर्दन थापा र माता भोजकुमारी थापाको पहिलो पुत्रका रूपमा जगतमर्दन थापाको जन्म भएको हो । यिनै जगतमर्दन थापा गीतकार तथा कथाकार भएर परिचित हुन पुगे । यिनको न्वारनको नाम नै जगतमर्दन थापा भएकोले हालसम्म यही नामले चर्चित छन् । सप्तरीमा जन्मिएका जगतमर्दन थापाको पुर्ख्यौली थलो र स्थायी घर काठमाडौँमा रहेको थियो । बाबुको जागिर सरुवा सप्तरीमा भएकाले यिनको जन्म सप्तरीमा भएको पुष्टि हुन्छ । पिताको जागिर वि.सं. २००८ मा काठमाडौं पुनः सरुवा भएको हुनाले यिनी पिताका साथमा काठमाडौं आई आजसम्म लाजिम्पाटस्थित रानीबारीमा स्थायी रूपले आफ्नै निजी निवासमा बस्दै आएका छन् ।

पिता नरमर्दन थापा पहिले सिभिल इन्जिजिनयर र पछि महासेनानी भएकाले आफ्नो जेष्ठ पुत्र जगतमर्दन थापालई शिक्षित बनाउने ध्येयले राजविराजको पद्मोदय मा.वि. मा औपचारिक शिक्षाका लागि भर्ना गरिदिए । जगतमर्दन थापाको बाल्यावस्थाको अधिकांश समय सप्तरीमै बितेको देखिन्छ । वि.सं. २००८ मा काठमाडौं आई जुद्दोदय हाइस्कुलमा भर्ना भए र त्यही स्कुलबाट वि.सं. २०११ सालमा एस्.एल्.सी. परीक्षा उत्तीर्ण गरे । पढाइलाई निरन्तरता दिने क्रममा त्रि-चन्द्र कलेजबाट प्रवीणता प्रमाण-पत्र तह २०१३ सालमा र स्नातक तह वि.सं. २०१५ सालमा उत्तीर्ण गरेका थापा त्यस समयमा त्रिभुवन विश्वविद्यालयको स्थापना नभएकाले एक वर्षे बी.एड्.तर्फ आकर्षित भए । वि.सं. २०२० देखि कर्मचारी सञ्चयकोशमा जागिरे हुन पुगेका थापाले आफ्नो अध्ययनलाई निरन्तरता दिई वि.सं २०२५ मा त्रि.वि.बाट अर्थशास्त्र विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरे भने २०३१ सालमा कानुन विषयतर्फ बी.एल्. उत्तीर्ण गरी आफ्नो औपचारिक वा विद्यालयीय शिक्षा पूरा गरे ।

वि.सं. २०२३ जेठ महिनामा काठमाडौं, लाजिम्पाट निवासी महासेनानी अमरबहादुर के.सी.की छोरी शान्तिदेवी के.सी. सँग २९ वर्षको उमेरमा जगतमर्दन थापाको शुभविवाह सम्पन्न भयो । सरल स्वभावकी शान्तिदेवीका गर्भबाट कालान्तरमा तीन छोरी र एक छोरा जगतमर्दन थापालाई उपहारस्वरूप प्रदान गरी वि.सं. २०६३ साल पौष १७ गते यस संसारबाट विदा भइन् । सबै साथीभाइ, इष्टभित्रहरू अङ्ग्रेजी नववर्षको शुभकामना आदान-

प्रदान गरिरहेका बेला आफ्नो परिवार शोकाकुल अवस्थामा रहेको बताउने थापा हाल आफ्ना एकमात्र प्रियपुत्र मोहितमर्दन थापा र बुहारी दीपा थापासँग बसिरहेका छन् ।

मध्यम वर्गीय परिवारमा जन्मी हुर्की गरेका थापाका बाबु सिभिल इन्जिनियर भए पनि ९ भाइ छोरा र ५ बहिनी छोरीको जन्मले आर्थिक स्थिति दयनीय बन्दै गएपछि त्यसलाई सुदृढ तुल्याउने आंशिक जिम्मेवारी जगतमर्दन थापाको काँधमा आइपऱ्यो । त्यसपछि उनी लोकसेवा लडेर कर्मचारी सञ्चयकोशमा जागिरे हुन पुगे । आफ्नो आर्थिक स्थिति र आजीविकालाई सुदृढ बनाउने ध्येयले ३३ वर्षसम्म कार्य गरी हाल निवृत्तिभरणयुक्त जीवन बिताइरहेका छन् । जीवनको पूर्वार्द्धमा साहित्य र सङ्गीतमा विशेष रुचि लिई आफ्नो दिनचर्या बिताइरहेका थापा मध्य भागको सम्पूर्ण जीवन प्रशासनिक क्षेत्रमा बिताउन पुगे । जीवनको उत्तरार्द्धमा सरकारी सेवाबाट अवकाश भई पुनः साहित्य र सङ्गीतमा आकृष्ट भएर आफ्नो दिनचर्या बिताइरहेका छन् । बिहानै उठेर हातमुख धोई अलिकति नास्ता च्यापेर पौष/माघको जाडामा पनि विगत ५ वर्षदेखि सङ्गीतप्रवीण नरराज ढकालका छोरा प्रभुराज ढकालसँग शास्त्रीय सङ्गीत सिक्दै थापा हालसम्म आफ्नो दिनचर्या बिताइरहेका छन् ।

वि.सं. २०२० सालमा कर्मचारी सञ्चयकोशमा जागिरे भई आफ्नो जागिरे जीवनको थालनी गरेका थापा त्यसपछि प्रशासनिक क्षेत्रका विभिन्न ओहोदामा रहेर कार्य गरे । ३३ वर्षे लामो जागिरे जीवनपछि हाल उमेरको हदले अवकाशीय जीवन बिताइरहेका छन् । आफ्ना मातापिता र पत्नीलाई गुमाउन पुगेका थापाले स्वदेशका विभिन्न ठाउँका साथै विदेश भ्रमणसमेत गरेका छन् । विभिन्न सङ्घ-संस्थाबाट तालिम प्राप्त गरी योग्य जनशक्तिका रूपमा सफल हुन पुगेका थापाले प्रशासनिक क्षेत्रमा कार्य गरेबापत प्रशस्त सम्मान तथा पुरस्कार प्राप्त गरेका छन् ।

व्यक्तित्व निर्माणमा कुनै पनि मानिसको जीवन भोगाइका क्रममा आउने विभिन्न घटना, जीवनका चाप-प्रतिचाप, घात-प्रतिघात, आरोह-अवरोह, क्रिया-प्रतिक्रिया, मोड-प्रतिमोड र उसले सँगालेका अनुभवका साथै उसको शिक्षादीक्षा, पारिवारिक, धार्मिक विश्वास, उसको इच्छा, आकांक्षा, सिङ्गो जीवनप्रतिको उसको निजी दृष्टिकोणले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । जगतमर्दन थापा नेपाली साहित्यजगतका एक सर्जक व्यक्तित्व हुन् । उनी मूलतः साहित्यकार हुन् तापनि साहित्यइतर क्षेत्रमा पनि उनको संलग्नता रहेको पाइन्छ । उनको व्यक्तित्वलाई साहित्यिक र साहित्यइतर गरी दुई भागमा वर्गीकरण गरेर हेर्न सकिन्छ ।

बाल्यकालदेखि नै सरल स्वभाव, तीक्ष्ण बुद्धि, तार्किक, जिज्ञासु र शान्त स्वभावका जगतमर्दन थापामा हालसम्म पनि यिनै स्वभाव यथावत् रहेका छन् । गहिरिएर हेर्दा भित्रभित्रै गम्भीर चिन्तन मनन गरिरहेजस्तो उनको मुखाकृतिले देखाउँछ तर उनी सानादेखि ठूला मानिस सबैसँग समान व्यावहार गर्दछन् । चाकरी, चाप्लुसी र घुसखोरीलाई पटक्कै मन नपराउने थापामा सरल, सहयोगी, नम्र, मिजासिलो, भावुक, स्वाबलम्बी, कर्तव्यपरायण र आदर्श विचारजस्ता गुणहरू रहेका छन् । पाँच फुट तीन इन्च अग्ला, मोटो तर होचो कद, मझौला किसिमको टाउको, गहुँगोरो वर्ण, फुलेको केश, तेजिला आँखा र हँसिलो मुखाकृतिजस्ता शारीरिक बनावट उनमा पाइन्छ । कुनै पनि विषयमा बोल्दा गम्भीर, होसियारी, शिष्ट, तार्किक र मिठासपूर्ण ढङ्गले बोल्नु उनको निजी विशेषता हो । साहित्यइतर व्यक्तित्वमा प्रमुख स्थानमा प्रशासनिक व्यक्तित्व रहेको पाइन्छ । आफ्नो जीवनको ३३ वर्षसम्म जागिरलाई आत्मसात् गरेका थापाले गायक, सङ्गीतकार, वाद्यबादक, अभिनेता तथा बहुभाषी व्यक्तित्वलाई समेत अँगालेका छन् । ३३ वर्षसम्म जागिरमा लीन हुन पुगेका थापा ४० वर्षसम्म साहित्यिक क्षेत्रबाट लोप हुन पुगे ।

नेपाली साहित्यमा बहुमुखी प्रतिभाका धनी जगतमर्दन थापाले कविता, कथा, गीत, एकाङ्की, गीतिकथा आदिको रचना गरी आफ्नो साहित्यिक व्यक्तित्व निर्माण गरेका छन् । सर्बप्रथम आफूलाई कथाकार व्यक्तित्वका रूपमा चिनाउन सफल थापा त्यसपछि गीतकारका रूपमा चिनाउन पुगे । आजभन्दा करिब ४५ वर्षअघि नै आफूलाई सफल कथाकार र गीतकारका रूपमा चिनाउन सफल थापा ४० वर्षको मौनतापछि पुनः साहित्यिक र साङ्गीतिक क्षेत्रमा साधनारत रहेका छन् र आफ्नो साहित्यिक व्यक्तित्वलाई निरन्तरता दिइरहेका छन् ।

कथाकार, गीतकार एवम् गायकका रूपमा आजभन्दा करिब साढे चारदशकअघि नै चर्चाको शिखरमा पुगेका थापाले वि.सं. २०१३ सालमा प्रथमपटक रेडियो नेपालबाट कविता वाचन गरी आफ्नो सार्वजनिक साहित्यिक यात्रा सुरु गरेका हुन, जसको शीर्षक हालसम्म पनि थाहा हुन सकेको छैन । कविताका माध्यमबाट सार्वजनिक हुन पुगेका जगतमर्दन थापाले रेडियो नेपालबाट छात्र कार्यक्रम, नारी कार्यक्रममा लगातार आफ्ना रचना प्रसारण गरेको पाइन्छ र ती रचना पनि हाल उपलब्ध छैनन् । वि.सं. २०१४ सालदेखि गीत लेख्दै आएका थापाले वि.सं. २०१९ सालमा कलकत्ताको **हिज मास्टर्स भ्वाइस** मा **माया लुकाई लुक्दैन** बोलको गीत पहिलोपटक रेकर्ड गराएका थिए । साहित्य सिर्जनातर्फ कथा,

गीत, एकाङ्की, गीतिकथा, कविता आदि क्षेत्रमा कलम चलाए पनि उनलाई साहित्यकारका रूपमा स्थापित गराउन उर्वर एवम् प्रभावशाली क्षेत्र भने कथा र गीत नै रहेका छन् ।

जगतमर्दन थापाको पहिलो प्रकाशित कृति **पलाँशको फूल** (२०२१) कथासङ्ग्रह हो । जम्मा ६ वटा कथाहरूको सङ्ग्रहका रूपमा देखापरेको यस कृतिमा सामाजिक यथार्थवादी र मनोवैज्ञानिक कथाहरू रहेका छन् । सहरी समाजमा घटित घटनाहरू र व्यक्ति मनमा उत्पन्न आवेग, संवेग, मनोवेग तथा यौनचाहनालाई यस कथासङ्ग्रहले विषयवस्तु बनाएको छ । सहरी परिवेशमा जन्मी हुर्की गरेका पाश्चात्य सभ्यता र संस्कृतिको नक्कल गर्ने र आफूलाई आधुनिक ठान्ने युवायुवतीको सस्तो प्रेम, विछोड तथा परित्यागलाई जस्ताको तस्तै उतार्ने काम यस सङ्ग्रहमा भएको छ । माया गर्न जानेको अभिनय गर्न सक्ने तर त्यसको उपभोग गर्न नसक्ने युवायुवतीले आफ्नो जीवन कसरी बर्बाद गरिरहेका हुन्छन् भन्ने तथ्यलाई यस कृतिले खुलस्त पारेको छ । आधुनिक भौतिक सुखसुविधा सम्पन्न सहरी समाजमा भौतिक तथा शारीरिक प्रेम मात्र विद्यमान छ तर हार्दिक तथा आत्मिक प्रेमको अभाव रहेको छ भन्ने विचार यस सङ्ग्रहका कथाले व्यक्त गरेका छन् । पलाँशको फूल हेर्दा सुन्दर र मनमोहक भए पनि त्यसको वासना नभएझैं सहरी समाजका युवायुवतीको जीवन हेर्दा सुखद र सम्पन्नजस्तो देखिए तापनि भित्रभित्रै धमिरा लागेर खोक्रो भएको हुन्छ । उनीहरूमा अतृप्तिको मात्रा प्रबल भएकाले चेतनशक्तिको ह्रास र अचेतनशक्तिको बृद्धि भई ज्ञान मर्दै गएको देखाइएको छ । यस सङ्ग्रहका प्रत्येक कथाको रुचिक्षेत्र सामाजिक यथार्थवाद र मनोवैज्ञानिक यथार्थवाद रहेका छन् भने रीतिक्षेत्र यथार्थवादी ढाँचा र ढर्रामा सीमित छन् । प्रत्येक कथाका पात्रहरू सहरी समाजबाट जस्ताका तस्तै टिपिएका छन् भने सबै कथाको परिवेश काठमाडौं सहर रहेको छ । कुनै कथाको कथानक ढाँचा रैखिक रहेको छ भने कुनै कथाको कथानक ढाँचा वृत्ताकारीय रहेको छ । कुनै कथाले पनि सारवस्तुलाई विचार-वाक्यका रूपमा प्रस्तुत नगरी समग्र कथाबाट नै यिनीहरूको सारवस्तु ग्रहण गर्नुपर्ने हुन्छ । यस सङ्ग्रहमा सङ्गृहीत प्रायः सबै कथामा तृतीय पुरुष बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग गरिएको छ । बाह्य द्वन्द्वभन्दा आन्तरिक द्वन्द्वको प्रबलता रहेका कथाहरू समावेश भएको यस कृतिमा पात्रको असचेतताका कारण जीवन पलायनमुखी भएको देखाइएको छ । जीवन **निराशा** कथाकी प्रमुख पात्र आशाको जस्तो मात्र छैन, **पलाँशको फूल** कथाका कुसुम र पवनको जस्तो पनि छ । यस्तै **मृगतृष्णा** की गङ्गाको जस्तो मात्र पनि होइन **परित्याग**का

विमल र निर्मलाको जस्तो पनि छ । **अभिलाषा** को मानेको जीवन मात्र जीवन होइन **मिक्की माउसको अभिनय** कथाका मिक्की र माउसको जीवन पनि सहरी जीवन हो भन्ने विचार यस कृतिका कथाले व्यक्त गरेका छन् । सहरी समाजमा बढ्दै गएको विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्दै समाज सुधारको अपेक्षा कथाकारले सरल, सरस र सम्प्रेष्य भाषामा गरेका छन् । वर्णनात्मक, विवरणात्मक, संवादात्मक एवम् पूर्वदीप्ति शैलीको प्रयोग गरिएको यस सङ्ग्रहका सबै कथामा अङ्ग्रेजी शब्दको प्रयोग अत्यधिक भएको छ, जसका कारण सामान्य पाठकका लागि कथा दुरुह बन्न गएका छन् । ठाउँ- ठाउँमा आलङ्कारिक भाषाको प्रयोग पाइन्छ भने ठाउँ-ठाउँमा अनुकरणात्मक र निपातजस्ता शब्दको प्रयोगले भाषामा स्वाभाविकता ल्याउने काम गरेका छन् । समग्रमा यस कथासङ्ग्रहमा सङ्कलित कथाहरूको विषयवस्तु, सारवस्तु, पात्रको उचित संयोजन, पात्रको स्तरअनुसारको संवाद प्रयोग, दृष्टिबिन्दु, कथानक ढाँचा आदिको उचित संयोजन गरिएकाले रचनाविधानका आधारमा यस सङ्ग्रहका सबै कथाहरू सबल छन् र सबै नेपाली पाठकको मनमा प्रभाव जमाउन सफल पनि छन् । सहरी जीवन यन्त्रवत् सञ्चालित छ, यहाँ अरूको त के कुरा पतिले पत्नीको र पत्नीले पतिको मनोभावना बुझ्ने फुर्सदसमेत छैन भन्ने विचार व्यक्त गर्दै अभिलाषा बाहेकका अन्य पाँचवटै कथामा नारी समस्यालाई देखाइएको छ र नारीलाई सचेत हुन सन्देश पनि दिइएको छ ।

जगतमर्दन थापाको दोस्रो कृतिका रूपमा प्रकाशित **दिलको आवाज** (२०२१) गीतसङ्ग्रह हो । हालसम्म एक मात्र गीतसङ्ग्रहको रूपमा रहेको दिलको आवाजभित्र जगतमर्दन थापाले सयवटा गीतहरू समावेश गरेका छन् । यो कृति पूर्व-पश्चिम राजमार्ग निर्माणका क्रममा योगदान दिइरहेका र कडा परिश्रम गरिरहेका समस्त नेपालीप्रति समर्पित गरिएको छ । यस कृतिमा सङ्कलित गीतहरू सुनेर पूर्वपश्चिम राजमार्गमा दिनभर काम गरेर थाकेका नेपालीलाई काम गर्ने प्रेरणा र हौसला प्रदान गर्ने विश्वास गीतकारले गरेका छन् । यस कृतिमा गीतकारले गीतकै माध्यमबाट पूर्वपश्चिम खुल्दै गरेको राजमार्गलाई प्रगतिको ढोका खुलेको विचार व्यक्त गरी राजा महेन्द्रलाई ज्योतिका रूपमा चिनाउन पुगेका छन् । राजा महेन्द्रबाट देश विकास हुन सक्ने सम्भावना प्रस्तुत गर्दै राजारानीको आज्ञाअनुसार कार्य गर्न सम्पूर्ण नेपाली-लाई आग्रह गरेका छन् ।

यस कृतिमा देशप्रेमको भावले ओतप्रोत भएका गीतका साथै माया प्रेमका भावले सुसज्जित भएका गीतहरू पनि सङ्कलित छन् । देशभक्तिपूर्ण भावलाई विषयवस्तु बनाई लेखिएका गीतमा नेपाललाई प्रगतिको उच्च शिखरमा पुऱ्याउने प्रयासस्वरूप एक करोड नेपालीको एउटै आवाज हुनुपर्ने विचार व्यक्त गरेका छन् । सम्पूर्ण नेपाली, हिमाली तथा गोर्खालीलाई चम्कन र विकासतर्फ लम्कन आग्रह गर्दै कडा परिश्रम र पसिना बगाएर नेपाललाई विश्वसामु चिनाउन अनुरोध गरेका छन् । गीतकार थापाले युगल तथा एकल गीतका माध्यमबाट झ्याउरे लयमा राष्ट्रभक्तिको महिमागान गाउँदै चन्द्र, सूर्य र नौलाखे तारा चम्कँदैमा देश झलमल्ल नहुने तर जनता सबै एकजुट भएर लागेमा देश विकास हुने सङ्केत दिएका छन् । प्रेमप्रणयमूलक विषयवस्तुमा आधारित गीतमा प्रेमका संयोग र वियोगावस्थालाई झल्काउने खालका गीत समावेश छन् । प्रेमका संयोग भाव व्यक्त गर्ने गीतमा मायालु भेट्ता हृदय मस्किने, आँखा-आँखा अल्झिँदा प्रेम बस्ने, मायालुको रूप देखेर चन्द्रमा लठ्ठिने, लुकेर हानेको तीर हृदयमा पिर बन्ने, मायालुको नौलो रीतमा हृदयको गीत गुञ्जने विचार व्यक्त गरिएको छ भने वियोग भाव जगाउने गीतमा मायालुले छोडेर गएपछि छाती चर्केको, आफू आँसुको सागरमा फुलेको फूलझैं भएको, अब हृदयमा रुवाइ मात्र बाँकी रहेको उल्लेख गरिएको छ । नेपालका डाँडाकाँडा, खोलानाला, पानीपँधेरो, खेताला गोठालामा बसेको माया पिरतीको महिमागान गर्दै नेपाली प्रकृति, नेपालीपन, नेपाली संस्कृति आदि झल्काउने गीतहरू स्तरीय छन् । प्रेमका संयोग भावभन्दा वियोग भाव उजागर गर्ने गीतहरू बढी सफल छन् । नेपाली प्रकृतिलाई उद्दीपन विभावका रूपमा लिँदै प्रकृति खिन्न हुँदा मानिसको मन पनि खिन्न हुने र प्रकृति खुसी हुँदा मानव मन पनि खुसी हुने कुरा गीतका माध्यमबाट व्यक्त गरेका छन् । कतिपय गीतमा मानवतावादी चेतना पाइन्छ भने कतिपय गीतमा प्रकृतिको सुन्दर र यथार्थ वर्णन गरिएको छ । गीतलाई देश प्रेम र माया प्रेमको भावले रङ्गाएर पाठक वा श्रोतासामु भाव सञ्चार गर्ने काम गीतकारले गरेका छन् । नेपाली लोकले रुचाएको लय लोकलयलाई आधार मानी सबैको मन छुन सक्ने झ्याउरे लयको प्रयोग अधिकांश गीतहरूमा गरिएको छ । झ्याउरे लयमा लेखिएका गीतमा अक्षरको समान वितरण भएको पाइँदैन । कुनै गीतका पङ्क्तिमा १४ अक्षर छन् भने कुनै पङ्क्तिमा २० अक्षरसम्म विस्तार भएका छन् । यस कृतिमा सङ्कलित गीतहरू सङ्गीतबद्ध रहेका छन् । कतिपय गीतहरू वि.सं. २०१९ सालतिरै सङ्गीतबद्ध थिए भने कतिपय गीतहरू २०५८ सालमा आएर सङ्गीतबद्ध भएका छन् र कतिपय

गीतहरू सङ्गीतबद्ध हुने सम्भावना अझ कायम छन् । ध्वनिसङ्गीत सबै गीतले प्राप्त गरेका छन् भने वाद्ययन्त्रसहितको सङ्गीत कम गीतले मात्र पाएका छन् । आफ्नो अभिव्यक्तिलाई सरल, सहज र स्वाभाविक तरिकाले व्यक्त गर्न चाहने गीतकार थापाले ठाउँ-ठाउँमा बिम्ब तथा प्रतीकको प्रयोग पनि गरेका छन् । तर ती बिम्ब र प्रतीकले भावबोधमा कुनै कठिनाइ सिर्जना गरेका छैनन् । गीतको मुख्य विशेषता लयात्मक भएकाले यस कृतिका प्रत्येक गीत लय व्यवस्थामा बाँधिएका छन् । गीतमा अनुप्रास र उपमा अलङ्कारको प्रयोग निकै मात्रामा गरिएको छ । अनुप्रासले गीतलाई लयात्मक बनाएका छन् । सबै गीतमा अन्त्यानुप्रास मिलाइएको छ भने कुनै गीतमा अन्त्यानुप्रास, मध्यानुप्रास र आध्यानुप्राससमेत मिलाइएको छ । गीतका पङ्क्तिको वितरणमा समानता नपाइने यस कृतिका गीत-पङ्क्तिहरू कुनै गीतमा ६ हरफसम्म पुगेका छन् भने कुनै गीतका एक पङ्क्तिलाई नै केटा र केटीले आधा-आधा गरेर गाउने गरेको देखिन्छ । यो कृति पूर्व-पश्चिम राजमार्गमा कार्यरत कठोर परिश्रम गर्ने मजदुरप्रति समर्पित भएकाले उनीहरूले बुझ्ने सरल, सरस र स्वाभाविक भाषाको प्रयोग गरिएको छ । साहित्य सरल र सरसका साथै बोधगम्य हुनुपर्छ भन्ने मान्यता राख्ने गीतकार थापाले के गाउँ, के सहर, के शिक्षित, के अशिक्षित, हिमाल, पहाड, तराई, युवा, बृद्धा सबैको मन छुन सक्ने भाषाको प्रयोग यस कृतिमा गरेका छन् । तत्सम, तद्भव, आगन्तुक तथा झर्रा शब्दका साथै गीतकारद्वारा निर्मित शब्दको प्रयोग पनि यदाकदा गरिएको छ । त्यसैले यस कृतिमा समावेश गरिएका गीतमा सबैले बुझ्ने सरल, सरस र अनुप्रासयुक्त भाषाको प्रयोग गरिएको छ ।

चालीस वर्षको लामो कालखण्डपछि जगतमर्दन थापाको पहिलो गीति एल्वम **४० वर्षअघि ४० वर्षपछि** (२०५८) म्युजिक नेपालद्वारा श्रोतामाझ ल्याइएको हो । यस एल्वममा जगतमर्दन थापाले आफूलाई गीतकार, गायक एवम् सङ्गीतकारको स्थानमा एकैचोटि उभ्याएका छन् । जम्मा आठवटा गीतलाई स्वर, सङ्गीत र गायन गरिएको यस एल्वममा गायक जगतमर्दन थापा र उनलाई साथ दिने गायिकाद्वय लोचन भट्टराई र शर्मिला बर्देवा रहेका छन् । यस एल्वमका ६ वटा गीतमा स्वयम् जगतमर्दन थापाको सङ्गीत रहेको छ भने अन्य दुईवटा गीतमा प्रेमदास प्रकाश र महेन्द्र सङ्गीत निकेतनले सङ्गीत भर्ने काम गरेका छन् । ४० वर्षअघि सङ्गीतबद्ध भएका चारवटा गीत र ४० वर्षपछि सङ्गीतबद्ध भएका चारवटा गीतको सङ्कलन गरिएको यस एल्वमका आठवटै गीतहरू २०२१ सालमा दिलको

आवाज गीतसङ्ग्रहमा प्रकाशित भइसकेका छन् । प्रेमसम्बन्धी विषयवस्तुमा आधारित यी आठवटै गीत प्रेमभावले ओतप्रोत भएका छन् । यी आटवटै गीतमा नेपाली मायाको झल्को पाइन्छ । प्रेमका संयोग र वियोग भावले सुसज्जित भएका यी गीतले श्रोताको हृदयमा पनि सोही भाव जगाउने काम गरेका छन् । रचनाका दृष्टिले यी आठवटै गीतहरू एउटै युग र समयका भए पनि रेकर्डिङ्का हिसाबले चारवटा गीत चालीस वर्षअघिका र चारवटा गीत चालीस वर्षपछिका छन् । गीतको लेखन, विषयवस्तुको चयन, शब्दसङ्गीतको प्रयोग र भाषा प्रयोगका दृष्टिले यी आठवटै गीतमा समानता पाइन्छ भने रेकर्डिङ, स्वर र वाद्ययन्त्रसहितको सङ्गीतका दृष्टिले चालीस वर्षअघि चालीस वर्षपछिका गीतमा भिन्नता पाइन्छ । यस एल्वमको विषयवस्तु प्रेमप्रणयमूलक रहेको छ । यस एल्वममा समावेश आठवटै गीतले नेपाली युवायुवतीको मिलन र विछोडलाई व्यक्त गरेका छन् । माया लुकाएर नलुक्ने, त्यो जसरी भए पनि हृदयमा देखापरिहाल्ने, केटाकेटीको मिलनबाट उत्पन्न खुसी, उमङ्ग र हर्षोल्लासलाई एक प्रकारका गीतले व्यक्त गरेका छन् भने मिलनपछिको विछोडावस्थामा उत्पन्न निराशा, आक्रोश, छटपटी, वेदना र पीँडाका साथै हीनताबोधलाई अर्को प्रकारका गीतले व्यक्त गरेका छन् । प्रेमका संयोग र वियोग भाव श्रोताका मनमा जागृत गराउन सफल यस एल्वमका संयोगभन्दा वियोग भाव व्यक्त भएका गीत बढी शक्तिशाली रहेका छन् । संरचनाका दृष्टिले कतिपय गीत लामा र कतिपय गीत छोटा रहेका छन् । प्रायः झ्याउरे लयको प्रयोग गरिएकाले सबै गीतहरू गेयात्मक छन् । सबै गीतमा अन्त्यानुप्रासको उचित संयोजन गरिएको छ भने सङ्गीतात्मकताका दृष्टिले यी आठवटै गीतहरू सङ्गीतबद्ध रहेका छन् । ठाउँ-ठाउँमा बिम्ब, प्रतीक र अलङ्कारको उचित प्रयोग गरिए तापनि सबै गीतहरू बोधगम्य रहेका छन् । सरल, सहज र स्वाभाविक भाषाको प्रयोग गरिएको यस एल्वममा २०२१ सालतिरका श्रोता तथा पाठकको स्तरलाई ध्यानमा राखी सोहीबमोजिमको भाषा प्रयोग गरिएको छ । विषयवस्तु, लयविधान, भावविधान, सङ्गीतात्मकता, बिम्ब तथा प्रतीकको प्रयोग, गेयात्मकता र भाषा प्रयोगका दृष्टिले यस एल्वममा सङ्कलित गीतहरू सबल रहेका छन् ।

साहित्य सरल, सरस, स्वाभाविक र बोधगम्य हुनुपर्छ भन्ने मान्यता राख्ने जगतमर्दन थापाका रचना तथा साहित्यिक कृति सहज र सरल छन् । साहित्य सर्वसाधारणका लागि उपयोगी पनि हुनुपर्छ र यसले समाजसुधारको अपेक्षा राख्नुपर्छ भन्ने धारणाअनुरूप उनका रचनाहरूमा दुरुहता र क्लिष्टता आउन नदिन सरल र सुबोध गद्य र पद्य भाषाशैलीको

प्रयोग गरिएको छ । सरल भाषा प्रयोगका कारण उनका रचनाहरू मार्मिक, हृदयस्पर्शी र समाजसुधारक छन् । उनले आफ्ना सिर्जनामा आफूले प्रत्यक्ष रूपले देखेका, भोगेका, सुनेका तथा अनुभव गरेका कुरालाई यथार्थपरक ढङ्गले प्रस्तुत गर्दै मान्छेका मनका अन्तरकुन्तरलाई खोतलखातल पार्ने काम इमानदारीपूर्वक गरेका छन् । काठमाडौं सहरी समाजको चित्र यथार्थपरक ढङ्गले उतार्ने थापा एक सामाजिक तथा मनोवैज्ञानिक कथाकार हुन् । नेपाली साहित्यका कविता, एकाङ्की, गीतिकथा, बालकथा, कथा र गीतका क्षेत्रमा थापाले पुऱ्याएको योगदान उल्लेखनीय रहेको छ । तीमध्ये कथा र गीतका क्षेत्रमा उनको योगदान अविस्मरणीय रहेको देखिन्छ ।

नेपाली साहित्याकाशमा उदाएका साहित्यकारहरूमध्ये एक साहित्यकार जगतमर्दन थापा पनि हुन् । विद्यार्थी कालदेखि नै साहित्य र सङ्गीतप्रति विशेष रुचि लिने थापाले वि.सं. २०२१ सालतिरै आफूलाई एक सफल कथाकार र गीतकारका रूपमा चिनाइसकेका थिए तर आर्थिक अभावले साहित्य र सङ्गीतमा लाग्न अवरोध भएकाले साहित्य र सङ्गीतलाई त्यागेर उनी जब सरकारी सेवातिर लागे तब उनको साहित्यिक र साङ्गीतिक यात्रा बीचैमा टुट्न गई साहित्यिक व्यक्तित्व ओझेलमा पर्दै गयो । प्रशासनिक कार्यव्यस्तताले गर्दा साहित्य र सङ्गीतलाई निरन्तरता दिन नसकेका कारण उनी साहित्यिक क्षेत्रबाट अलप हुन पुगे । वि.सं. २०२१ सालमै दुईवटा कृति प्रकाशित गरे तापनि उनका कृतिका बारेमा समालोचक तथा पत्रकारहरू मौन देखिन्छन् । तर ३३ वर्ष सरकारी जागिरबाट अवकाश प्राप्त भएपछि जब उनी साहित्य र सङ्गीतप्रति आकृष्ट हुन्छन् र ४० वर्षअघि ४० वर्षपछि नामक गीति एल्वम विमोचित गराई श्रोतामाझ ल्याउँछन् तब उनी चर्चा गर्न लायक हुन्छन् । हाल ७२ वर्षको उमेरमा पनि साहित्य र सङ्गीतप्रति साधनारत देखिएका थापा अझ केही कृति र एल्वम प्रकाशित गरी नेपाली साहित्यको सेवामा समर्पित हुने कुरामा विश्वस्त छन् । नेपाली साहित्यका कथा र गीतका क्षेत्रमा उनले पुऱ्याएको योगदान अविस्मरणीय देखिन्छ । आफ्नो जीवनको बयोबृद्ध अवस्थामा पुग्दासमेत अझै साहित्य साधनामा तल्लीन थापाले त्यस समयमा नेपाली साहित्यकार र साहित्यिक कृतिहरूको अभाव पूर्ति मात्र गरेनन्, आफ्ना रचनामार्फत सामाजिक मूल्य-मान्यताको सम्प्रेषण गरी आजको प्रतिस्पर्धात्मक साहित्यिक युगमा पनि आफूलाई उच्च दर्जाको गहकिलो स्थानमा राख्न सफल छन् । विभिन्न रचनाबाट प्राप्त नीति, जीवनदर्शन, बालशिक्षा, नारीशिक्षा, आदर्श, मनोरञ्जन आदिजस्ता विषयलाई सौन्दर्य तत्त्वले रङ्गाएर पाठकसामु पुऱ्याउने जगतमर्दन थापाका कृतिभित्र निहीत

उद्देश्यले गुणात्मक योगदानलाई माथि उठाएका छन् । साहित्यका विविध विधामा कलम चलाई त्यसमा सफलतासमेत प्राप्त गरेर उच्च तहका साहित्यिक कृतिहरू पस्कने थापाका कृतिहरू सङ्ख्यात्मकभन्दा गुणात्मक दृष्टिले मूल्यवान् छन् । राष्ट्र, राष्ट्रियता र नेपाली जनताप्रति कट्टर हिमायती, नेपाली साहित्य सेवामा मन, वचन र कर्मले सदैव लागिरहने साधक थापाबाट नेपाली पाठक तथा श्रोताले अझ मूल्यवान कृतिको अपेक्षा गर्न सकिन्छ र उनलाई नेपाली पाठक तथा श्रोताले कहिल्यै भुल्ने छैनन् ।

अन्तमा परिशिष्ट भागअन्तर्गत साहित्यकार जगतमर्दन थापासँग लिइएको अन्तर्वार्ता समावेश गरिएको छ ।

**६.३ भावी अध्ययनका लागि सुझावहरू**

१. **पलाँशको फूल** कथासङ्ग्रहको कृतिपरक अध्ययन ।

२. **दिलको आवाज** गीतसङ्ग्रहको कृतिपरक अध्ययन ।

## सन्दर्भग्रन्थसूची

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल, **नेपाली कथा र उपन्यास,** काठमाडौं : एम्.के.पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स, २०५८ ।

थापा, जगतमर्दन, **पलाँशको फूल** कथासङ्ग्रह, काठमाडौँ : अन्नपूर्ण प्रेस, २०२१ ।

______________ , **दिलको आवाज**, गीतसङ्ग्रह, काठमाडौँ : अन्नपूर्ण प्रेस, २०२१ ।

______________ , **४० वषअघि ४० वर्षपछि,** गीतिक्यासेट, काठमाडौँ : म्युजिक नेपाल, २०५८ ।

बराल, कृष्णहरि र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** ललितपुर:साझा प्रकाशन, २०५६ ।

बराल, कृष्णहरि, **गीतसिद्धान्तः र इतिहास,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६० ।

भट्टराई, घटराज, **नेपाली लेखककोश,** काठमाडौँ : देवकोटा प्रतिष्ठान, २०५६ ।

श्रेष्ठ, दयाराम, **नेपाली कथा भाग-४,** ललितपुर : साझा प्रकाशन, (दो.सं.) २०६० ।

सुवेदी, राजेन्द्र, **स्नातकोत्तर नेपाली कथा**, ललितपुर : साझा प्रकाशन, २०५१ ।

**___________, नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, ललितपुर : साझा प्रकाशन, २०६४ ।

## पत्रपत्रिकासूची

दिवश/ दीपेन्द्र, "उमेरले छेकेन मनलाई", **स्पेसटाइम दैनिक** (वर्ष २, अङ्क ३५४, २०५९ कार्तिक ११),पृ.५ ।

पाण्डेय, दयाराम, "पुनः जुमुराउँदैछन् जगतमर्दन थापा", **स्पेसटाइम दैनिक**, (वर्ष १, अङ्क ९०, २०५७ माघ १७),पृ. थाहा नभएको ।

यात्री, कृष्ण शाह, "कलाको नसा दह्रो", **हिमाल**,(२०५८ पौष १-१५) ।

राई, अशोक प्यासी, **"**रसिलो बूढेसकाल", **अन्नपूर्ण पोष्ट**, (वर्ष ६, अङ्क ३३०, २०६४ चैत १६),पृ.७ ।

रौनियार, दीपक, **"**जीवनको पूर्वार्द्धमा पनि विद्यार्थी उत्तरार्द्धमा पनि विद्यार्थी**", नेपाल समाचारपत्र** (वर्ष ६, अङ्क ३१८, २०५८ मङ्सिर १५),पृ.१० ।

लम्साल, धुव्र, "सङ्गीत सिकेर सकिँदैन", **राजधानी दैनिक**, (वर्ष २, अङ्क १३८, २०५९ कार्तिक ८),पृ.८ ।

क्षत्री, डब्बु, "बहुमुखी प्रतिभाका धनी जगतमर्दन थापा", **राजधानी दैनिक** (वर्ष १, अङ्क ८३, २०५८ भदौ ९),पृ.२ ।

"गीतहरूको स्तर घट्दै गइरहेको छ", **गोरखापत्र**, (वर्ष १०१, अङ्क ११३, २०५८ भदौ ११),पृ.१२ ।

"थापा पुनः सक्रिय", **गोरखापत्र**, (वर्ष १०१, अङ्क १६५, २०५८ कार्तिक २),पृ.१२ ।

"जगतमर्दन थापाको गीति एल्बम विमोचित", **राजधानी** दैनिक (वर्ष १, अङ्क १३७, २०५८ कार्तिक २), पृ.११ ।

"शुभकामना", **कान्तिपुर दैनिक** (वर्ष ९, अङ्क २६६, २०५८ कार्तिक २९),पृ.१६ ।

# परिशिष्ट
## शोधनायकसँग अन्तर्वार्ता

**१. जगतमर्दन थापाज्यू यहाँको पैतृक थलो कहाँ हो ?**
नक्साल, काठमाडौं । त्यसपछि पकनाजोल, काठमाडौं र त्यसभन्दा पछि पानीपोखरी काठमाडौं, हाल का.म.न.पा.वार्ड नं. ३ रानीबारी, काठमाडौं ।

**२. यहाको जन्म र जन्ममिति (साल, महिना, गते, बार, तिथि, प्रहरसहित) र यहाँको जन्मस्थान (अञ्चल, जिल्ला, गा.वि.स. वडा नं. र नगरपालिकासहित) कहाँ हो ?**
सगरमाथा अञ्चल, सप्तरी जिल्ला, बयरवा गा.वि.स., बरमझिया भन्ने गाउँमा वि.सं. १९९३ माघ २० गते मेरो जन्म भएको हो । तर नागरिकता र शैक्षिक योग्यतामा अफिसियल सन् १ जुलाई १९३८ लेखिएको छ ।

**३. यहाँको न्वारानको नाम के हो ?**
मेरो न्वारानको नाम जगतमर्दन थापा क्षत्री हो ।

**४. यहाँको बाल्यकाल कसरी बित्यो ?**
मेरो बाल्यकालको नौ वर्षसम्म बरमझिया तराई (मधेश) को दुर्गम र त्यसबेलाको औलोले प्रभावित गाउँ बरमझियामा बित्यो । त्यसपछि सुगम राजविराज (सप्तरी) मा १४ वर्षको उमेरसम्म बित्यो । अनि १५ वर्षदेखि १६ वर्षसम्म पकनाजोल, काठमाडौंमा, त्यसपछि पानीपोखरी, काठमाडौंमा बित्यो ।

**५. तपाईले औपचारिक शिक्षा कहाँ-कहाँ र कतिसम्म प्राप्त गर्नुभयो ?**
मेरो औपचारिक शिक्षाको प्रारम्भिकतर्फ बरमझियामा, त्यसपछि राजविराजको प्राइमरी स्कुल र पद्मोदय हाइस्कुलमा कक्षा ७ सम्म, त्यसपछि काठमाडौंको जुद्धोदय हाइस्कुल, क्षेत्रपाटीमा कक्षा ७ देखि वि.सं. २०११ सालमा एस्.एल्.सी. उत्तीर्ण भएपछि त्रिचन्द्र कलेज काठमाडौंमा अध्ययन गरी पटना विश्वविद्यालय, भारतबाट २०१३ सालमा आई.ए. र २०१५ सालमा बी.ए. उत्तीर्ण गरें । त्यसपछि त्रि.वि.को स्थापना नभएकाले कलेज अफ एजुकेसनमा बी.एड्. सम्म अध्ययन गरें तर बी.एड्. को अध्ययन बीचैमा छोडी एम्.ए. अर्थशास्त्र विषयमा अध्ययन गर्न थालें । त्रिभुवन विश्वविद्यालयको स्थापना भएपछि त्यही विश्वविद्यालयबाट अर्थशास्त्र विषयमा एम्.ए. र पछि बी.एल् उत्तीर्ण गरें ।

**६. पठनपाठनका अवधिमा तपाईले के बन्ने विचार गर्नुभएको थियो ?**
मेरा पिताजी सिभिल इन्जिनियर भएकाले मैले पनि सिभिल इन्जिनियर बन्ने इच्छा गरेका थिएँ तर एस्.एल्.सी.मा राम्रो डिभिजन नआएकाले विज्ञान पढ्ने मौका पाइँन र आर्टस् पढ्न पऱ्यो ।

**७. तपाईका कति जना दाजुभाइ र दिदीबहिनी हुनुहुन्थ्यो र हाल कति जना हुनुहुन्छ ?**
मेरा पिताजीका नौ भाइ छोरा र पाँच बहिनी छोरी थिए । हाल हामी नौ भाइ, एक दिदी र दुई बहिनीहरू छौं ।

**८. तपाईको विवाह कति वर्षको उमेरमा कोसँग भयो ? विवाहको समयमा यहाँले कति पढ्नुभएको थियो ?**
मेरो शुभविवाह शान्तिदेवी केसीसँग वि.सं.२०२३ सालमा भयो । त्यसबेला मैले बी.ए.पास गरेको थिएँ ।

**९. तपाईंले आफ्ना जीवनमा पत्नीबाट प्राप्त सहयोग र अन्य कुनै योगदान छ कि ?**
मेरी स्वर्गीय पत्नी शान्तिदेवी थापाबाट गृहस्थी सञ्चालनमा महत्त्वपूर्ण सहयोग प्राप्त गरेको थिएँ । साथै एम्.ए. र बी.एल्. सम्मको शैक्षिक योग्यता बढाउन पनि बराबर प्रेरणा र सहयोग प्राप्त गरेको थिएँ । मेरो सङ्गीतमा अग्रसर गराउन पनि उनको ठूलो योगदान छ ।

**१०. यहाँका कति जना छोराछोरी छन् र अहिले उनीहरू के-के गर्दैछन् ?**

मेरा तीन छोरीहरू र एक छोरा रहेका छन् । तीन छोरीहरूमध्ये जेठी छोरी कविता थापा (शाह) आफ्नै ट्राभल एण्ड टुर कार्यालयमा कार्यरत छिन् भने माहिली छोरी सङ्गीता थापा (जी.सी.) फास्ट फुडमा काम गर्थिन, हाल गृहिणी छन् भने कान्छी छोरी पुष्पाञ्जली थापा (विष्ट) एलाइन्स इन्सुरेन्स कं.मा काम गर्छिन् । त्यस्तै छोरा मोहितमर्दन थापा काठमाडौँको मुन ड्रप्स् मेवपावरमा कार्यरत छन् ।

**११. हाल तपाईं कतिजना परिवारसँग बसोवास गर्दैहुनुहुन्छ ? त्यो परिवारमा को-को छन् ?**

हाल म आफ्नो परिवारसँग मात्र बसोवास गर्दैछु ।

**१२. तपाईंका सबभन्दा सुख र दुःखका क्षणहरू उल्लेख गर्नुहोस् ।**

मेरो सुख र दुःखलाई हेर्ने दृष्टिकोण अलि भिन्न छ । जीवन सुख दुःखको सङ्गम हो । दुःखसुखको भुमरीमा जीवन घुमिरहेको हुन्छ । त्यसर्थ कुनै बेला परीक्षामा पास हुँदा सुखको अनुभूति हुन्छ भने कुनै बेला छोराछोरीको जन्म हुँदा । जुनबेला अभावको पूर्ति हुन्छ, त्यसबेला सुखको अनुभव हुन्छ । त्यसकारण सुखको उचाइ समयले नाप्ने प्रक्रिया हो । तर दुःखको अलि बेग्लै परिभाषा छ । दुःख पनि त्यही परिधिभित्र घुम्छ तर जब आफ्नो परमसम्बन्धी मित्र वा महापुरुष यस विश्वबाट र आफूबाट कहिले नर्फकने गरी अन्तिम विदा लिन्छ । त्यसबेला अत्यन्त वियोगान्तिक दुःख हुन्छ ।

**१३ यहाँको आर्थिक अवस्था कस्तो छ ?**

म मध्यम वर्गीय परिवारमा जन्मेको र अहिले पनि सङ्घर्षशील मध्यम परिवारमा छु । त्यसकारण मेरो आर्थिक अवस्था मध्यम नै रहेको छ ।

**१४. तपाईं कति उमेरदेखि साहित्यलेखनमा लाग्नुभयो ?**

म बालककाल अर्थात् स्कुलमा अध्ययन गर्दादेखि साहित्य लेखनमा लागेको हुँ र हालसम्म पनि यसलाई निरन्तरता दिइरहेको छु ।

**१५. तपाईंलाई कुन कुन कुराले साहित्यिक क्षेत्रमा लाग्न प्रेरित गरे ?**

मलाई सप्तरीमा मेरा साहित्यकार गुरुहरू यदुवंशलाल, (सप्तरी, राजविराज) को प्रेरणा र पछि जुद्धोदय हाइस्कुलको साहित्यिक गोष्ठी, त्यसभन्दा पनि पछि विश्व-बन्धु पुस्तकालय, महाराजगञ्ज, काठमाडौँको साप्ताहिक साहित्य गोष्ठीबाट प्रेरणा प्राप्त भयो ।

**१६. यहाँ सामान्यतयाः कुन समयमा लेखरचना लेख्नुहुन्छ ?**

म राति जब वातावरण सुनसान हुन्छ, त्यस समयमा बढी कलम चलाउन मन पराउँछु ।

**१७. यहाँको प्रथम प्रकाशित लेख रचना कुन हो ? र यो कहिले प्रकाशित भयो ?**

मेरो प्रथम रचना त्यसबेलाको साहित्य पत्रिकामा प्रकाशित भएको थियो तर कुन पत्रिकामा हो याद छैन ।

**१८. यहाँले साहित्यका कुन-कुन विधामा कलम चलाउनुभएको छ ?**

मैले साहित्यमा बढी कथा लेखेको छु र त्यसपछि गीतमा बढी कलम चलेको छ र कविता लेखनमा अलि अलि कलम चलेको छ ।

**१९. यहाँका अहिलेसम्म प्रकाशित साहित्यिक कृतिहरू के कति छन् र ती कति सालमा प्रकाशित भएका हुन् ?**

वि.सं. २०२१ सालमा 'पलाँशको फूल' (कथासङ्ग्रह) र पछि वि.सं. २०२१ सालमा 'दिलको आवाज' (गीतसङ्ग्रह) प्रकाशित भयो । हाल कथाहरू लेखिरहेको छु । प्रकाशित हुन बाँकी छ । गीतहरू लेखी आफ्नो स्वरमा रेकर्ड भइरहेको छ ।

**२०. तपाईंका अप्रकाशित कृति र लेखरचना पनि छन् कि ?**

छन् । आर्थिक अवस्था जुटेपछि भविष्यमा पुनः कथासङ्ग्रह प्रकाशित हुनेछ भन्ने आशा गरेको छु ।

**२१. नेपाली साहित्यकारहरूमध्ये यहाँ को-कोबाट बढी प्रभावित हुनुहुन्छ ?**

नेपाली साहित्यकारहरूमध्ये बढी मनपर्ने महाकवि लक्ष्मीप्रसाद देवकोटा, नाटककार बालकृष्ण सम, कविशिरोमणि लेखनाथ पौड्याल, सिद्धिचरण श्रेष्ठ, कवि तथा गीतकार माधवप्रसाद घिमिरे, भैरव अर्याल, भूपी शेरचन आदि छन् ।

**२२. यहाँले पढेको सबभन्दा पहिलो साहित्यिक कृति कुन हो ?**

खास सम्भना त छैन, मलाई जहाँसम्म लाग्छ महाकवि लक्ष्मीप्रसाद देवकोटाज्यूको **मुनामदन** पहिलो  हो । त्यो पनि एक ठाउँमा पढेको सुनेर मन परेकोले पछि आफैंले किनेर पढें । पछि बी.ए. पास गरेपछि हिन्दी, अङ्ग्रेजी र नेपाली साहित्यका कृतिहरू खुब पढें ।

**२३. यहाँ कुन साहित्यिक वादबाट बढी प्रभावित हुनुहुन्छ ?**

म जीवनको वास्तविकतातर्फ विशेष आकर्षित छु । साथै राष्ट्रप्रतिको प्रेम र नेपालीपन, नेपाली संस्कृति, नेपाली रहनसहन, नेपाली जनजीवनको सुखदुःख र नेपाली प्रकृतिको सौन्दर्यप्रति विशेष मोहित छु ।

**२४. फुर्सद र विदाको समय यहाँ कसरी बिताउनुहुन्छ ?**

म फुर्सदको समय पत्रपत्रिका पढ्ने, टेलिभिजन हेर्ने र परिवारसँग बसेर कुराकानी गरी दिन बिताउँछु । परिवारका सदस्यहरूसँग कहिले-कहिले विभिन्न प्राकृतिक रमणीय वातावरणमा घुम्न मन पराउँछु ।

**२५. तपाईं साहित्यलाई कसरी परिभाषित गर्नुहुन्छ ?**

म साहित्यलाई जीवनको वास्तविक ऐनाको रूपमा हेर्छु ।

**२६. यहाँ साहित्यमा समाजको कस्तो पक्ष र व्यक्तिको चरित्रलाई चित्रण गर्न चाहनुहुन्छ ?**

म साहित्यमा समाजको वास्तविक पक्ष, रुढिवाद र कट्टरवादको विरोधको गर्न चाहन्छु । सुधारवाद, अध्यात्मवाद र आर्दशताको चित्रण गर्ने, नैतिकता र चरित्रवान्को पक्षमा वकालत गर्ने, समानताको पक्षमा उभिने, राष्ट्रवादलाई बढी प्राथमिकता दिनेजस्ता मान्यतालाई म साहित्यिक कृतिमा देखाउन चाहन्छु । समाजको अन्धकार पक्षलाई हटाउन व्यङ्ग्य गरी सुधारवादतर्फ समाजलाई डोऱ्याउने प्रयत्न गर्दछु ।

**२७. नेपाली साहित्यको सेवा गरेवापत यहाँले के कस्ता सम्मान, पुरस्कार र पदक प्राप्त गर्नुभएको छ ?**

नेपाली साहित्यको सेवा गर्ने मेरो कर्तव्य र सोख हो । मैले साहित्य सम्मेलनमा भाग लिँदा प्रशंसा-पत्र प्राप्त गरेको छु । तर सम्मान तथा पुरस्कार र पदकको निम्ति म त्यसतर्फ अग्रसर भएको होइन । तर भविष्यमा पुरस्कार प्राप्त भएमा सन्तोषको अनुभूति नै हुनेछ । हालसम्म यस प्रकारको पुरस्कार प्राप्त गरेको छैन ।

**२८. तपाईंको जीवनदर्शन र साहित्यिक अवधारणाबारे बताइदिनुहुन्छ कि ?**

म जीवनलाई चरित्रवान र नैतिकवान भई आदर्श पति, आदर्श पिता र आदर्श नागरिक भई गृहस्थ जीवन सञ्चालन गर्ने वास्तविक दर्शनको रूपमा हेर्छु ।

**२९. तपाईंले आफ्नो कार्यक्षेत्रको चयन कसरी गर्नुभयो ?**

मेरो आफ्नो कार्यक्षेत्रको चयन परिस्थितिले गऱ्यो । पहिले म पिताजीभैं सिभिल इन्जिनियर बन्न चाहन्थें तर एस्.एल्.सी. परीक्षामा राम्रो अङ्क नआएकाले कलातर्फ धकेलिन पुगें । त्यसपछि साहित्यकार, सङ्गीतकार र गायक बन्ने इच्छा हुँदाहुदै परिस्थितिले कर्मचारी बन्न पुगें ।

**३०. यहाँले कति अध्ययन गरेपछि र जीवनको कुन उमेरदेखि सरकारी वा गैरसरकारी सेवा प्रारम्भ गर्नुभयो ?**

म बी.ए. पास भएको पाँच वर्षपछि कर्मचारी सञ्चयकोशमा जागिरे भएँ । त्यसपछि २०२५ सालमा लोकसेवा आयोगमा परीक्षा दिई सफल भई २०२७ सालमा शाखा अधिकृतमा स्थायीतर्फ नियुक्ति लिएँ र हाल उमेरको हदले उपसचिव पदबाट रिटायर्ड भई स्वतन्त्र जीवन बिताइरहेको छु ।

**३१. सरकारी सेवामा लागेपछि यहाँले के कस्तो अनुभव गर्नुभयो ?**

सरकारी सेवामा लागेपछि काम, कर्तव्य र अनुशासनको बोध हुन्छ । कर्मचारीतन्त्रमा कर्तव्य र शक्ति दुवै नियम कानुनबाट प्राप्त हुने भएकाले ऐन, नियम र जिम्मेवारीप्रति सजग भई संस्थाको उद्देश्य प्राप्तिको निम्ति जनभावनाको कदर गर्दै राष्ट्रप्रति बफादार भई जनताको सेवामा समर्पित हुनुपर्दोरहेछ । त्यसबेला कल्पनाभन्दा वास्तविकताको बढ्ता महत्त्व हुन्छ । लापरबाहीबाट टाढा बस्नु पर्ने र होसियारीलाई अँगाली अगाडि बढ्नुपर्ने रहेछ ।

**३२. साहित्य र सरकारी जागिरे जीवनमा के कस्तो अन्तःसम्बन्ध रहेको छ ?**

साहित्य र सरकारी जागिरे जीवनमा आकाश जमिनको अन्तर रहे पनि यसलाई मित्रभैं अँगालेर साथ साथ हिड्न सकिन्छ । साहित्य जीवनको ऐना हो भने जागिर जीवनलाई बचाउने र प्रगतितिर लम्काउने यथार्थता हो । फुर्सदको बेलामा साहित्य सेवा गर्ने र जागिर राष्ट्र, समाज र परिवारको सेवा र प्रगति गर्ने माध्यम हो ।

**३३. यहाँले वि.सं. २०२१ सालदेखि लामो समयसम्म साहित्यलाई निरन्तरता दिन नसक्नुका प्रमुख कारणहरू के-के हुन् ?**

मैले साहित्य र सङ्गीतलाई निरन्तरता दिन नसक्नु जागिरबाट समय एकदम कम पाउने कारणले हो । साहित्य र सङ्गीत एउटा मानव जीवनको सौख मात्र होइन, एउटा तपस्या पनि हो । यसको निम्ति अध्ययन, मेहनत र लगनशीलताको पनि आवश्यकता पर्छ । यो उद्देश्य प्राप्तिको निम्ति प्रचुर मात्रामा समयको आवश्यकता पर्दछ । म जागिरमा कस्तो अल्मलिन पुगें भने यस्तो अवस्थामा थोरै समय प्राप्त हुन्थ्यो । त्यति थोरै समयमा साहित्य र सङ्गीतको साधना हुन मुस्किल थियो । त्यसैले निरन्तरता बीचमा टुट्यो ।

**३४. दुईवटा कृतिको प्रकाशनपछि साहित्यिक क्षेत्रबाट अलप हुनाको कारण के हो ?**

म साहित्यको क्षेत्रबाट अलप भएको छैन । रिटायर्ड जीवनपछि पुनः साहित्यलेखनमा फर्केको छु । साहित्य रचनाको पुनः सुरुवात भएको छ ।

**३५. आफूले गरेका कुन कुन कार्यबाट बढी सन्तुष्टी वा असन्तुष्टी प्राप्त गर्नुभएको छ ?**

म जागिरे जीवनबाट सफलतापूर्वक उमेरको हदले आरोह अवरोह हुदै हाल रिटायर्ड भएकोमा बढी सन्तुष्ट छु । तर साहित्य र सङ्गीत क्षेत्रमा लगनशील र मेहनतको बाबजुत पनि त्यति सफलता प्राप्त गर्न नसकेकोमा असन्तुष्ट छु तापनि मेरो कर्तव्य निरन्तर मेहनतपूर्वक अघि बढ्नु हो । सफलता र असफलतातर्फ ध्यान दिएको छैन ।

**३६. यहाँको सबभन्दा ठूलो सोख के छ ?**

मेरो सबभन्दा ठूलो सोख गीत गाउनु हो र साहित्य लेख्नु हो । त्यसपछि केटाकटीहरूको बालक्रीडा हेर्ने र उनीहरूसँग बसेर कुराकानी गर्ने, परिवारसँग बाहिर घुम्न जाने र पुस्तक अध्ययन गर्नुका साथै अन्य गायकहरूको गीत सुन्ने रहेको छ ।

**३७. यहाँका समकालीन साहित्यकार, गीतकार तथा गायक एवम् सङ्गीतकारहरू को-को हुन् ?**

मेरा त्यसबेलाका समकालीन साहित्यकार साथीहरूमा मैले थाहा पाएसम्म भूपि शेरचन, पारिजात, भैरव अर्याल, मोहनहिमांशु थापा, कृष्णभक्त श्रेष्ठ, नीरविक्रम प्यासी, रत्न शमशेर थापा, जनार्दन सम, दौलतविक्रम विष्ट, पोषण पाण्डे आदि हुन् । गायकहरूमा बच्चु कैलाश, जनार्दन सम, सी.पी. लोहनी, चन्दादेवी, बटुककृष्ण ज्वाला, तारादेवी, गङ्गादेवी, प्रेमध्वज प्रधान, नारायण गोपाल, भक्तराज आचार्य, गोपाल योञ्जन, अरुणा लामा, फत्तेमान सिंह आदि रहेका छन् ।

**३८.तपाईं एक कुशल गीतकार, सङ्गीतकार एवम् गायक भएकाले गीतसङ्गीतलाई कसरी परिभाषित गर्नुहुन्छ ?**

म गीत सङ्गीतलाई जीवनको दुःखसुखको बेला गाउने साधनको रूपमा मात्र लिन चाहन्न । यो मानव जीवनको हृदयको उद्‌गार हो । मानव जीवनको, राष्ट्रको, समाजको, भौगोलिक,सांस्कृतिक र प्राकृतिक वर्णन आदिको मधुर स्वरमा गुञ्जने र चित्रण गर्ने माध्यम हो । गीतसङ्गीत हृदयको बह पोख्ने कला हो । यसमा मानव जीवन जीवन्त छ ।

**३९. यहाँ पुरानो गीतकार एवम् गायक हुनाले पहिले र अहिलेको गीतसङ्गीतमा के-कस्तो अन्तर पाउनुभएको छ ?**

पहिलेको र अहिलेको साङ्गीतिक गतिविधिमा आकाश जमिनको अन्तर पाएको छु । पहिलेको सङ्गीतमा नेपालीपनको सुर र तालमा विशेष ध्यान दिइन्थ्यो र धेरै गीतहरू मधुर स्वरमा गाइन्थ्यो । हालका गीतहरू सुर र तालमा गाउनुभन्दा फरक शैलीमा गाएको सुन्दछु । खास गरेर नेपाली गीतसङ्गीतमा शास्त्रीय मात्र होइन, पाश्चात्य सङ्गीतको नक्कल गरेको वा पाश्चात्य सङ्गीतको हावी भएको देख्दछु । सङ्गीतमा शास्त्रीय सङ्गीतको सामान्य ज्ञान हुनु आवश्वक छ किनकि शास्त्रीय सङ्गीत सङ्गीतको व्याकरण हो । शास्त्रीय सङ्गीतले सुर र तालको वास्तविक ज्ञान मात्र हुँदैन, मधुर तरिकाले सजिलोसँग गाउन पनि सकिन्छ । तर आफ्नो कला, संस्कृतिलाई बिर्सेर पाश्चात्य सङ्गीतको नक्कल गर्नु राम्रो होइन । यो आजकल नेपाली गीतहरूमा प्रशस्त पाइन्छ ।

**४०. तपाईंको पितृमातृ वंशमा कुनै साहित्यकार र राजनीतिज्ञहरू थिए कि ?**

जहाँसम्म मलाई थाहा छ मेरो मातृ तथा पितृ वंशमा कुनै साहित्यकार र राजनीतिज्ञहरू थिएनन् । उनीहरू सरकारी जागिरमा कार्यरत थिए ।

**४१. तपाईं कुन धर्ममा विश्वास गर्नुहुन्छ र तपाईंलाई मन पर्ने देवता कुन हुन् ?**

संसारलाई चिनाउने बुद्धि हो भने आत्मालाई शुद्धीकरण गर्ने धर्म हो । त्यसर्थ कुनै पनि धर्मको यो नै प्रमुख उद्देश्य भएकाले म सबै धर्ममा विश्वास गर्दछु । धर्मको नाममा गलत प्रयोग हुनु हुँदैन । धर्म संसार र मानव जातिको हितको निम्ति प्रयोग हुनुपर्छ । म हिन्दू भएकाले हिन्दू पक्षधर हुँ । ईश्वर एक छन् तर विभिन्न रूपमा छन् । म पशुपतिनाथलाई बढी मन पराउँछु ।

**४२. यहाँले कुन कुन देशको भ्रमण गर्नुभएको छ ? त्यस भ्रमणको कुनै अविस्मरणीय घटना छ कि ?**

मैले भारत, चीन, दक्षिण कोरिया, हङ्कङ्ग, थाइल्याण्डको बैंककसम्म भ्रमण गरेको छु । यी देशहरूले हाम्रो देशभन्दा धेरै प्रगति गरेका छन् । मैले यी देशमा खासगरी जनवादी गणतन्त्र चीन र दक्षिण कोरियाको भ्रमण गर्दा त्यहाँका जनताहरूलाई अनुशासित, जागरुक र राष्ट्रप्रेमी नागरिकका रूपमा चिन्ने मौका पाएँ । चीन भ्रमणका क्रममा ग्रेटवाल घुम्दा धेरै रमाइलो लाग्यो । भारत भ्रमणचाहिँ राम्रो लाग्यो । हाम्रो रहनसहन र बोलीचालीसँग भारतका जनताको रहनसहन र बोलीचाली मिल्ने हुनाले राम्रो लाग्यो ।

**४३. जीवनको अविस्मरणीय क्षण बताइदिनुहुन्छ कि ?**

जीवनका धेरै अविस्मरणीय क्षणहरू छन् तर एउटा कहिले नबिर्सने क्षण यस्तो छ, सन् १९६१ मा कलकत्ताबाट गीत रेकर्डिङ् गरेर फर्कँदा रेल्वे टिकट किनेपछि बेखर्ची भई दुई दिनसम्म भोकै परेर गौरमा रहेकी दिज्युको घरमा बल्लतल्ल पुगी खाना खाएको घटना जीवनमै अविस्मरणीय रहेको छ ।

**४४. यहाँलाई मनपर्ने साहित्यकार, गीतकार एवम् गायक र बाजाहरू कुन-कुन हुन् ?**

मलाई मनपर्ने साहित्यकारमा महाकवि लक्ष्मीप्रसाद देवकोटा, कविशिरोमणि लेखनाथ पौड्याल, नाटककार बालकृष्ण सम, माधवप्रसाद घिमिरे, मोहनहिमांशु थापा, भैरव अर्याल, विलियम शेक्सपियर, वर्डस्वर्थ, सेली, बाइरन, मोपाँसा, इम्लीजोला, रवीन्द्रनाथ ठाकुर आदि, त्यस्तै गीतकारहरूमा माधवप्रसाद

घिमिरे, हरिभक्त कटुवाल, कालीप्रसाद रिजाल, रत्नशम्शेर थापा, गणेश रसिक, गोपाल योञ्जन आदि, गायकमा अम्बर गुरुङ्ले गाएको **नौलाखे तारा उदायो**, खेम गुरुङ्ले गाएको **वारि जमुना पारि जमुना**, माधवप्रसाद घिमिरेले लेखेको **गाउँछ गीत नेपाली** आदि रहेका छन् । बाजाहरूमा सारङ्गी, मादल, तबला, हार्मोनियम, गितार, बाँसुरी, भ्वाइलिन र शास्त्रीय सङ्गीतको विद्यार्थी भएकाले तानपुरा आदि ।

**४५. तपाईंलाई मनपर्ने खाना, फूल, खेल, रङ्, वेशभुषा कुन-कुन हुन ?**

मलाई मनपर्ने खाना दाल, भात, गुन्द्रुक, मस्यौरा, ताजा तामा, सागपात, आलु आदि । फूलमा गुलाब, खेलमा फुटबल, लङ् टेनिस, रङ्मा निलो, वेशभूषामा नेपाली दौरा सुरुवाल, कुर्ता सुरुवाल र सामान्य सुट रहेका छन् ।

**४६. तपाईलाई मनपर्ने जिल्ला, हिमाल, जात, धर्म, नेता र अभिनेताहरू को-को हुन् ?**

मलाई मनपर्ने जिल्लामा नेपालका सबै जिल्ला, हिमालमा सगरमाथा र माछापुच्छ्रे, जातमा नेपालमा बसोबास गर्ने सबै जातजाति, धर्ममा सबै तर म हिन्दू भएकाले हिन्दूधर्मप्रति समर्पित छु । नेतामा वी.पी. कोइराला र मनमोहन अधिकारी, अभिनेतामा अभिनय हेरी राम्रो अभिनय गर्ने जो कोहीलाई पनि मन पराउँछु ।

**४७. यहाँका कतिवटा गीति एल्वम श्रोतामाझ आएका छन् र कतिवटा आउने तयारीमा छन् ?**

सन् १९६१ मा दुई गीत कलकत्ताको **हिज मास्टर्स भ्वाइस** मा र सन् १९६६ मा दुई गीत डिस्क रेकर्डमा श्रोतामाझ आएको थियो । त्यसपछि आजभन्दा करिब ६ वर्षअघि **४० वर्षअघि ४० वर्षपछि** नामक गीति एल्वम सङ्गीतप्रेमी श्रोतामाझ आएको छ । अर्को गीति एल्वमको निम्ति गीतहरू मेरो आवाजमा रेकर्डिङ् भइरहेका छन् । निकट भविष्यमा अर्को एल्वम श्रोतामाझ आउँदैछ ।

**४८. अन्तमा नेपाली भाषाका साहित्यप्रेमी एवम् स्रष्टाहरूलाई के सल्लाह वा सुझाव दिन चाहनुहुन्छ ?**

सल्लाहभन्दा पनि म आफ्नो अनुभव व्यक्त गर्न चाहन्छु । सर्वप्रथम सिर्जना प्रयासबाट मात्र हुँदोरहेनछ र यसमा अध्ययनको पनि आवश्यकता पर्दोरहेछ । म यौवन अवस्थामा विभिन्न साहित्यकारहरूले खासगरी नेपाली, अङ्ग्रेजी, हिन्दी, बङ्गाली, रुसी र उर्दू भाषामा लेखिएका र अङ्ग्रेजी वा नेपाली भाषामा अनुवाद गरिएका पुस्तकहरू दिनको पाँच घण्टाजति पढ्थें र त्यसबाट धेरै कुराको ज्ञान हुन्थ्यो पनि । त्यसैबाट प्रेरित भई आफ्ना मौलिक रचना लेख्न सकिन्थ्यो । तर त्यो पनि जागिरे भएपछि समय दिन नसकेर पछि मबाट टाढा भयो । फलस्वरूप मबाट लेखनक्षमता लुप्त भएर गयो । त्यसकारण अध्ययन र लेखन दुवैलाई एकसाथ लैजान अत्यन्त जरुरी छ ।